# विश्व व्यापार सङ्गठन र नेपाल

नेपाल सरकार

वाणिज्य तथा आपूर्ति मन्त्रालय

योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा

२०६९

# विश्व व्यापार सङ्गठन र नेपाल

प्रथम संस्करण : २०६२

दोस्रो संस्करण : २०६३

तेस्रो संस्करण : २०६४

पुनः प्रकाशन : २०६५

चौथो संस्करण : २०६६

पाँचौं संस्करण : २०६९ (पूर्ण परिमार्जित र अद्यावधिक)

© सर्वाधिकार : नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सुरक्षित ।

प्रकाशक :

नेपाल सरकार,

वाणिज्य तथा आपूर्ति मन्त्रालय

योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा

सिंहदरबार, काठमाण्डौ, नेपाल,

फोन : नं. ४२११४३१, ४२११६१६, ४२११४६०

# मन्तव्य

राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग आबद्ध गरी मुलुकको वस्तु तथा सेवा व्यापारलाई थप प्रतिस्पर्धी बनाउँदै खुला अन्तर्राष्ट्रिय व्यापार प्रणालीबाट अधिकतम आर्थिक लाभ लिने उद्देश्यले नेपाल सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य बनेको हो । नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीबाट आर्थिक विकास र गरिबी निवारणमा सकारात्मक योगदान पुग्ने अपेक्षाका साथ नेपाल विश्व व्यापार सङ्गठनमा आबद्ध भएको आठ वर्ष पूरा भइसकेको छ । सङ्गठनको सदस्यतापछि भौगोलिक तथा आर्थिक दुवै दृष्टिले सानो राष्ट्र नेपालको पनि अन्य राष्ट्रकै सरह अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा थुप्रै अधिकारहरू सुनिश्चित भएका छन् भने सङ्गठनको सदस्यको हैसियतमा केही दायित्वहरू समेत सिर्जना हुनपुगेका छन् ।

सदस्यता प्राप्तिपछिका वर्षहरूमा सङ्गठनमा गरिएका प्रतिबद्धताबमोजिम मुलुकको अर्थ-वाणिज्य क्षेत्रसँग सम्बद्ध नीति तथा कानूनहरूलाई बहुपक्षीय व्यापार प्रणालीका आधारभूत सिद्धान्त अनुकूल हुने गरी परिमार्जन तथा संशोधन गर्ने दायित्वलाई क्रमशः पूरा गर्दै लगिएको छ । प्रक्रियागत सरलीकरण, संस्थागत क्षमता अभिवृद्धि र व्यापार पूर्वाधारहरूको विकासजस्ता क्रियाकलापहरूलाई पनि क्रमशः अगाडि बढाउँदै स्वतन्त्र र स्वच्छ रूपमा व्यापार सञ्चालन हुने वातावरणको निर्माणतर्फ पनि विशेष जोड दिइँदै आइएको छ । यसै आर्थिक वर्षभित्र विश्व व्यापार सङ्गठनको सदस्यको हैसियतमा गर्नुपर्ने व्यापार नीति समीक्षाको कार्य पनि सफलतासाथ सम्पन्न गरिएको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालयले विश्व व्यापार सङ्गठनमा आबद्ध भएपछि सङ्गठन र यससित सम्बद्ध महत्त्वपूर्ण पक्षहरूमा सर्वसाधारण सबैमा सत्यतथ्य जानकारी सम्प्रेषण गर्ने उद्देश्यले यस्तो पुस्तिका प्रकाशन गर्दै आएको छ । यो पुस्तिका यस क्रममा नयाँ संस्करण हो ।

विगतको संस्करणको तुलनामा यस पुस्तिकामा बहुपक्षीय व्यापार प्रणालीका महत्त्वपूर्ण र अति कम विकसित राष्ट्रका सन्दर्भमा उपयोगी देखिएका धेरै विषयहरूलाई समेटी विस्तारित रूपमा यो पुस्तिका प्रकाशन गरिएको छ । यस पुस्तिकाले बहुपक्षीय व्यापार प्रणालीका मुख्य पक्षहरूमा प्रकाश पार्नुका साथै नेपालले विश्व व्यापार सङ्गठनको सदस्य बन्ने क्रममा गरेको तयारीदेखि हालसम्मको अवधिमा निर्वाह गरेको भूमिकाको सम्बन्धमा पनि संक्षिप्तमा जानकारी दिने प्रयास गरेको छ। यो पुस्तिका विश्व व्यापार सङ्गठन र यससम्बद्ध विभिन्न पक्षमा जानकारी लिन चाहने पाठकहरूका लागि उपयोगी अध्ययन सामग्री हुने अपेक्षा लिइएको छ ।

अन्त्यमा, यस्तो उपयोगी पुस्तिकाको लेखन, सम्पादन र प्रकाशनमा संलग्न हुनुहुने मन्त्रालयका सबै कर्मचारी साथीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

२०६९ असार

(लालमणि जोशी)
सचिव
वाणिज्य तथा आपूर्ति मन्त्रालय

# प्राक्कथन

विश्वव्यापीकरण र आर्थिक उदारीकरणबाट सिर्जित अवसरहरूलाई राष्ट्रको आर्थिक समुन्नतिका निम्ति उपयोग गर्ने उद्देश्यले नेपालले आठ वर्ष पहिले विश्व व्यापार सङ्गठनको सदस्यता लिएको थियो । सङ्गठनको सदस्यतासँगै मुलुकको वैदेशिक व्यापारका क्षेत्रमा अवसर तथा चुनौती दुवै सिर्जना भएका छन्। सङ्गठनमा आबद्ध भएको कारण नेपाललाई एकातिर अन्तर्राष्ट्रिय बजारमा सहज पहुँच र प्राविधिक सहयोगलगायतका सुविधा प्राप्त हुनपुगेका छन् भने अर्कातर्फ स्वदेशी वस्तु तथा सेवालाई अन्तर्राष्ट्रिय बजारमा थप प्रतिस्पर्धी र गुणात्मक बनाउनुपर्ने चुनौतीसमेत सिर्जना हुन पुगेको छ। यसका साथै सङ्गठनको सदस्यताबाट उचित लाभ लिन विभिन्न नीतिगत तथा संस्थागत सुधारका उपक्रमहरूलाई पनि समयबद्ध रूपमा अगाडि बढाउनुपर्ने दायित्व थप हुन आएको छ ।

नेपालले विश्व व्यापार सङ्गठनमा गरेका प्रतिबद्धताहरूलाई राष्ट्रिय हितलाई मध्यनजर गरी क्रमशः कार्यान्वयनमा उतार्दै लगेको छ । यस क्रममा मुलुकका व्यापारसम्बद्ध नीति, कानून तथा प्रक्रियाहरूलाई बहुपक्षीय व्यापार प्रणालीअनुकूल हुने गरी सुधारका प्रयासहरूलाई सघनतासाथ अगाडि बढाइएको छ । भन्सार तथा गैर भन्सारजन्य दुवै प्रकृतिका अवरोधहरूलाई क्रमशः न्यून बनाउँदै स्वतन्त्र व्यापारको प्रवर्द्धनमार्फत आर्थिक विकासलाई द्रुततर र समावेशी बनाउन नेपाल प्रयत्नशील छ । विश्व व्यापार सङ्गठनको अति कम विकसित सदस्य राष्ट्रको नाताले बहुपक्षीय व्यापार प्रणालीलाई साना राष्ट्रको हितमा अधिकतम उपयोग गर्ने दिशामा नेपालले आफ्ना प्रयासहरूलाई केन्द्रित गर्दै आएको छ ।

मन्त्रालयले विश्व व्यापार सङ्गठनको सदस्य बनिसकेपछि यस सम्बन्धमा भए गरेका कार्यहरूलाई समेटी सर्वसाधारणको जानकारीका लागि विगतदेखि नै पुस्तिका प्रकाशन गर्दै आएकोमा यो वर्ष पाँचौं संस्करण प्रकाशन गरिएको छ । यस संस्करणमा विगत संस्करणको तुलनामा थप नयाँ सामग्रीहरू समावेश

गरिएका छन् । यस पुस्तिकामा विश्व व्यापार सङ्गठनका विभिन्न पक्षहरू, नेपालले सङ्गठनको सदस्यता लिन गरेका कार्यहरूदेखि हालसम्म प्रतिबद्धता पूरा गर्ने सन्दर्भमा सम्पादन गरेका कार्यहरू, विश्व व्यापार सङ्गठनमा नेपालजस्ता अति कम विकसित राष्ट्रको व्यापार सरोकारका विषयहरू र हाल सम्झौता वार्ताका क्रममा रहेको दोहा विकास एजेन्डा लगायतका समसामयिक र महत्त्वपूर्ण विषयहरू समेटिएका छन् । यो पुस्तिका विश्व व्यापार सङ्गठनको बारेमा अध्ययन, अनुसन्धान गर्न चाहने प्राज्ञिक समुदाय, अनुसन्धानकर्मी, कर्मचारी र विद्यार्थीवर्गदेखि साधारण जानकारी लिन चाहनेसम्म सबैका लागि उपयोगी र पठनीय हुने विश्वास लिएका छौं ।

प्रस्तुत पुस्तिका तयार गर्न प्रेरणा र मार्गनिर्देश दिनुहुने मन्त्रालयका आदरणीय सचिवज्यूप्रति आभार व्यक्त गर्दै पुस्तिका तयारी र प्रकाशन गर्न अथक परिश्रम गर्नुहुने योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखाका सबै सहकर्मी कर्मचारी साथीहरूमा धन्यवाद व्यक्त गर्न चाहन्छु। पुस्तिकालाई निरन्तर अद्यावधिक र परिमार्जन गर्दै जाने मन्त्रालयको सोच रहेको सन्दर्भमा यस संस्करणमा कुनै त्रुटिहरू रहन पुगेको भए औंल्याई आगामी संस्करणमा सुधार गर्ने मौका प्रदान गरिदिनुहुन सम्बन्धित सबैमा विनम्र अनुरोध गर्दछु ।

२०६९ असार

(तोयनारायण ज्ञवाली)
सह-सचिव
योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा
वाणिज्य तथा आपूर्ति मन्त्रालय

# विषय-क्रम


| क्र.सं. | विषय | पृष्ठ संख्या |
|---|---|---|
| | **परिच्छेद-१<br>विश्व व्यापार सङ्गठन : ऐतिहासिक पृष्ठभूमि, विकासक्रम, प्रमुख कार्य तथा सिद्धान्तहरू** | |
| १.१ | ऐतिहासिक पृष्ठभूमि | १ |
| १.२ | ब्रिटनउड्स सम्मेलन र ग्याट | २ |
| १.३ | उरुग्वे चरणको वार्ता र विश्व व्यापार सङ्गठनको स्थापना | ५ |
| १.४ | विश्व व्यापार सङ्गठनको परिचय, उद्देश्य तथा कार्यहरू | ७ |
| १.४.१ | परिचय | ७ |
| १.४.२ | संरचना तथा निर्णय प्रक्रिया | ८ |
| १.४.३ | सचिवालय | १० |
| १.४.४ | विश्व व्यापार सङ्गठनका उद्देश्यहरू | ११ |
| १.४.५ | विश्व व्यापार सङ्गठनका कार्यहरू | १२ |
| १.४.६ | विश्व व्यापार सङ्गठनको कार्यक्षेत्र र प्रमुख सम्झौताहरू | १२ |
| १.४.७ | ग्याट र विश्व व्यापार सङ्गठनबीचको भिन्नता | १३ |
| १.४.८ | विश्व व्यापार सङ्गठनका सिद्धान्तहरू | १५ |
| १.४.९ | सदस्यता प्राप्तिको प्रक्रिया र सदस्यताको प्रकार | १९ |
| १.५ | विवाद समाधान प्रणाली | २० |
| १.६ | व्यापार नीति पुनरावलोकन | २२ |
| १.७ | मन्त्रिस्तरीय सम्मेलनहरू | २४ |
| | **परिच्छेद-२<br>विश्व व्यापार सङ्गठनअन्तर्गतका प्रमुख सम्झौताहरू** | |
| २.१ | वस्तु व्यापार अन्तर्गतका प्रमुख सम्झौताहरू | २९ |
| २.२ | सेवा व्यापारसम्बन्धी सम्झौता | ४० |
| २.३ | व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता | ४४ |
| २.३.१ | व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार | ४४ |
| २.३.२ | बौद्धिक सम्पत्तिको वर्गीकरण र संरक्षण अवधि | ४५ |
| २.३.३ | व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताका मुख्य विशेषता र फाइदाहरू | ४६ |

| परिच्छेद-३<br>**विश्व व्यापार सङ्गठनमा नेपालको आबद्धता** | | |
|---|---|---|
| ३.१ | तत्कालीन ग्याटमा सदस्यताको लागि पहल | ४७ |
| ३.२ | विश्व व्यापार सङ्गठनमा सदस्यताको लागि आवेदन र सम्मिलन | ४७ |
| ३.३ | सङ्गठनको सदस्य बन्नुपूर्व गरिएका नीतिगत तथा संस्थागत सुधारका प्रयासहरू | ५० |
| ३.४ | नेपाललाई विश्व व्यापार सङ्गठनको सदस्यताको आवश्यकता | ५१ |
| ३.५ | विश्व व्यापार सङ्गठनको सदस्य बन्नु पछाडिका उद्देश्यहरू | ५३ |
| ३.६ | सङ्गठनको सदस्यताबाट नेपाललाई प्राप्त हुनसक्ने सुविधा, फाइदा तथा अवसरहरू | ५३ |
| ३.७ | सङ्गठनको सदस्यताबाट सिर्जित चुनौतीहरू | ५५ |
| **परिच्छेद-४**<br>**नेपालले विश्व व्यापार सङ्गठनमा गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति** | | |
| ४.१ | कार्यदलको प्रतिवेदन र नेपालका प्रतिबद्धताहरू | ५७ |
| ४.२ | वस्तु व्यापारको क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति | ५८ |
| ४.३ | सेवा व्यापारको क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति | ६२ |
| ४.४ | व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति | ७० |
| ४.५ | सङ्गठनमा व्यक्त गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनबाट विभिन्न क्षेत्रमा पर्नसक्ने प्रभावको विश्लेषण | ७१ |
| **परिच्छेद-५**<br>**विश्व व्यापार सङ्गठनको सदस्यतापश्चात् नेपालले सम्पन्न गरेका प्रमुख कार्यहरू** | | |
| ५.१ | नीतिगत/कानूनी सुधारहरू | ७९ |
| ५.२ | संस्थागत क्षमता अभिवृद्धि | ८१ |
| ५.३ | पूर्वाधार विकास तथा सुदृढीकरण | ८४ |
| ५.४ | प्राविधिक सहयोग परिचालन | ८५ |
| ५.५ | जनचेतना वृद्धि एवं अनुभव आदान-प्रदान | ८७ |
| ५.६ | विश्व व्यापार सङ्गठन र सो अन्तर्गतका मञ्चहरूमा नेपालको सहभागिता | ८७ |

| | | |
|---|---|---|
| **परिच्छेद-६<br>विश्व व्यापार सङ्गठन र अति कम विकसित राष्ट्रहरू** | | |
| ६.१ | अति कम विकसित राष्ट्रहरूको विकासका लागि अन्तर्राष्ट्रिय पहलहरू | ९२ |
| ६.२ | विश्व व्यापार सङ्गठनमा कम विकसित राष्ट्रहरूको व्यापारसम्बद्ध प्रमुख मुद्दा तथा सरोकारका विषयहरू | ९३ |
| ६.३ | विश्व व्यापार सङ्गठन अन्तर्गत विकासोन्मुख तथा अति कम विकसित सदस्य राष्ट्रहरूलाई उपलब्ध छूट, सहुलियत तथा सुविधाहरू | १०३ |
| ६.३.१ | विश्व व्यापार सङ्गठनको सम्झौताहरूमा रहेका विकासशील राष्ट्रको पक्षका प्रावधानहरू | १०४ |
| ६.३.२ | विश्व व्यापार सङ्गठनको सचिवालयबाट उपलब्ध हुने प्राविधिक सहायताहरू | १०७ |
| ६.३.३ | व्यापार र विकाससम्बन्धी समिति (Trade and Development Committee) | १०७ |
| ६.४ | अति कम विकसित राष्ट्रहरूको क्षमता वृद्धिका लागि सङ्गठन अन्तर्गत गरिएका व्यवस्थाहरूको संक्षिप्त विवरण | १०८ |
| ६.४.१ | विस्तारित एकीकृत संरचना (Enhanced Integrated Framework) | १०८ |
| ६.४.२ | व्यापारको लागि सहयोग (Aid for Trade) | १११ |
| ६.५ | सङ्गठनमा आबद्ध अति कम विकसित राष्ट्रहरूको भविष्यको कार्यदिशा | ११३ |
| **परिच्छेद-७<br>विश्व व्यापार सङ्गठनमा छलफल र सम्झौताका चरणमा रहेका केही नयाँ तथा अन्तर-सम्बद्ध विषयहरू** | | |
| ७.१ | दोहा विकास एजेण्डा | ११६ |
| ७.२ | व्यापार सहजीकरण | १२८ |
| ७.३ | व्यापार र वातावरण | १३० |
| ७.४ | क्षेत्रीय व्यापार सम्झौता | १३२ |
| **परिच्छेद-८<br>विविध** | | |
| ८.१ | नेपालले बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन आगामी दिनमा चाल्नुपर्ने कदमहरू | १३५ |
| ८.२ | उपसंहार | १४१ |
| | अनुसूचीहरू | १४७-१५३ |

# परिच्छेद-१

# विश्व व्यापार सङ्गठन : ऐतिहासिक पृष्ठभूमि, विकासक्रम, प्रमुख कार्य तथा सिद्धान्तहरू

## १.१ ऐतिहासिक पृष्ठभूमि :

अन्तर्राष्ट्रिय व्यापारको इतिहास राज्यको उत्पत्ति जत्तिकै पुरानो भए पनि आधुनिक, स्वतन्त्र र उदार व्यापारको इतिहास भने त्यति पुरानो छैन । आधुनिक र तुलनात्मक रूपमा स्वतन्त्र अन्तर्राष्ट्रिय व्यापारको अवधारणा १९ औँ शताब्दीको मध्यतिर आएर यूरोपबाट प्रारम्भ भएको हो । औद्योगिक क्रान्तिको जननी देश बेलायतले सन् १८५३ र सन् १८६० मा वस्तु व्यापारलाई प्रत्यक्ष रूपमा प्रभावित गर्ने कर प्रणालीमा सुधार गरी विदेशी व्यापारमा लगाइएको संरक्षणात्मक उपायहरूलाई हटाई पहिलोपल्ट स्वतन्त्र व्यापारको अवधारणालाई कार्यान्वयनमा ल्यायो । यसमा एडम स्मिथ (सन् १७२३-१७९०), डेभिड रिकार्डो (सन् १७७२-१८२२), जोन स्टुअर्ट मिल (सन् १८०६-१८७३) जस्ता त्यसबेलाका स्वतन्त्र व्यापार र अहस्तक्षेप नीति (Laissez Faire Policy) का प्रवर्तक तथा उदार आर्थिक नीतिका पक्षधर अर्थशास्त्रीहरूको विचारको ठूलो भूमिका थियो । यूरोपमा सोह्रौँ शताब्दीको शुरुदेखि अठारौँ शताब्दीको मध्यसम्म (सन् १५००-१७५०) चलेको वाणिज्यवादी (Mercantilist) आर्थिक विचारधाराले मुलुकको आर्थिक कल्याण र समृद्धिको लागि अन्तर्राष्ट्रिय व्यापारलाई उच्च महत्त्व दिएको भए पनि सो विचारधारा स्वतन्त्रभन्दा संरक्षणात्मक व्यापारप्रणालीको पक्षमा थियो । यो आर्थिक विचारधाराले सोह्रौँ शताब्दीको प्रारम्भदेखि अठारौँ शताब्दीको मध्यसम्म यूरोपका बेलायत, फ्रान्स, जर्मनी, अष्ट्रिया लगायतका थुप्रै युरोपेली देशका सरकारलाई संरक्षणात्मक व्यवस्था अङ्गीकार गर्दै वैदेशिक व्यापार अघि बढाउन उत्प्रेरित गरेको थियो ।

वाणिज्यवादी विचाधाराको अवलम्बनले शुरुमा युरोपेली देशहरूलाई एशिया, अफ्रिका र दक्षिण अमेरिकासम्म आफ्नो उपनिवेश विस्तार गर्न र आर्थिक साम्राज्य फैलाउन मद्दत पुगेको भए पनि कालान्तरमा यूरोपभित्रै विभिन्न देशहरूबीचमा विभिन्न अवरोध र संरक्षणात्मक उपायहरूको कारण व्यापार गर्न कठिन हुँदै गयो । यसैबेला स्वतन्त्र अर्थतन्त्रका पक्षधर अर्थशास्त्रीहरूको विचारले वाणिज्यवादी विचारधारालाई चुनौती दिन थाले । फलतः खुकुलो र स्वतन्त्र व्यापार नीतिहरूको अवलम्बनबाट अर्थतन्त्रलाई गति दिन यूरोपमा बेलायतजस्ता देशले संरक्षणात्मक व्यवस्थामा क्रमशः सुधार गर्दै जान थाले ।

परिणामस्वरूप उन्नाइसौँ शताब्दीको मध्यदेखि पहिलो विश्वयुद्ध (सन् १९१४-१८) शुरु हुनुपूर्व विश्व व्यापार प्रणाली तुलनात्मक रूपमा अत्यन्त उदार रहनपुग्यो। तर यो क्रम धेरै समयसम्म रहन पाएन । पहिलो विश्वयुद्धको समाप्तिसँगै राष्ट्रहरूले विस्तारै वैदेशिक व्यापारमा पुनः अङ्कुशहरू लगाउँदै जान थालेको र सन् १९३० को दशकमा विश्व अर्थतन्त्रमा खासगरी यूरोप र अमेरिकामा छाएको महामन्दी (Great Economic Depression) पछि आन्तरिक अर्थतन्त्रलाई मन्दीबाट मुक्त तुल्याउन वैदेशिक व्यापारमा विभिन्न खालका अवरोधहरू सिर्जना गर्ने कामले गति लियो । यस लगत्तै घटेको दोस्रो विश्व युद्धको घटनाले विश्व अर्थतन्त्रलाई ध्वस्त प्रायः मात्र बनाएन पुनःसंरक्षणात्मक व्यापारप्रणाली लागू गर्नेतर्फ यूरोप र अमेरिकालाई बाध्य बनायो । यसरी दोस्रो विश्वयुद्ध (१९३८-१९४४) को समाप्तिसम्म आइपुग्दा वैदेशिक व्यापारमा अनेक प्रकारका अवरोधहरूको उपस्थितिका कारण यसमा सुधार अपेक्षित हुन आएको थियो ।

**१.२ ब्रिटनउड्स सम्मेलन र ग्याट :** सन् १९३० को आर्थिक मन्दी र दोस्रो विश्वयुद्धपछि ध्वस्त प्रायः भएको विश्व अर्थतन्त्रलाई पुनर्जीवन दिन, अन्तर्राष्ट्रिय व्यापारमा रहेका विभिन्न अवरोध र संरक्षणात्मक प्रबन्धहरूलाई न्यूनीकरण गर्दै उदार र अवरोधरहित व्यापार प्रणालीको स्थापनामार्फत आर्थिक वृद्धिलाई गति दिने र मौद्रिक स्थिरता कायम राख्ने लगायतका उद्देश्य प्राप्तिका लागि अमेरिकाको न्यू ह्याम्पसायरस्थित ब्रिटनउड्स (Bretton woods) भन्ने स्थानमा सन् १९४४ को जुलाई महिनाको पहिलो सातामा एक अन्तर्राष्ट्रिय सम्मेलन आयोजना भयो । सो सम्मेलनमा विश्वका ४५ राष्ट्रका उच्च प्रतिनिधिहरूको सहभागिता थियो । सम्मेलनमा उपस्थित प्रतिनिधिहरूले व्यापक छलफल पश्चात् विश्व अर्थतन्त्रको पुनरुत्थान, मौद्रिक स्थिरता र अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनका लागि देहायका तीनवटा अन्तर्राष्ट्रिय संस्थाहरू स्थापना गर्ने निर्णय गरे ।

- पुनर्निर्माण तथा विकासका लागि अन्तर्राष्ट्रिय बैङ्क (International Bank for Reconstruction and Development: IBRD)
- अन्तर्राष्ट्रिय मुद्रा कोष (International Monetary Fund: IMF)
- अन्तर्राष्ट्रिय व्यापार सङ्गठन (International Trade Organization: ITO)

यी तीन संस्थाहरूमध्ये विश्व बैङ्क (IBRD) र अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF) सन् १९४५ को डिसेम्बरमा स्थापना भयो, तर अन्तर्राष्ट्रिय व्यापार सङ्गठन (ITO) स्थापना गर्ने विषयचाहिँ संयुक्तराज्य अमेरिकालगायतका राष्ट्रहरूको सहमति हुन नसक्दा ओझेलमा पऱ्यो ।

यता ब्रिटेनउड्स सम्मेलनले निर्णय गरेबमोजिम ITO स्थापना हुन नसकेपछि अन्तर्राष्ट्रिय व्यापारलाई तीव्रताका साथ उदारीकरण गर्न र प्रचलित संरक्षणात्मक व्यापार प्रणालीमा सुधार ल्याउनका लागि प्रमुख आर्थिक शक्तिका रूपमा रहेका देशहरूबाट पहल शुरु भयो । यस क्रममा सन् १९४५ को डिसेम्बरमा १५ राष्ट्रहरूको समूहले मिलेर एक आपसमा व्यापारिक कारोबार हुने वस्तुहरूको भन्सार दरहरू घटाउने तथा सीमाङ्कन गर्ने उद्देश्यले वार्ता प्रारम्भ गरे । पहिलो चरणको वार्तामा व्यापारका नियमहरू तय गर्ने र झण्डै ४५,००० वस्तुको भन्सार महसुलमा कटौती गर्ने निर्णय भयो । झण्डै १० अर्ब डलर बराबर मूल्यको व्यापारिक कारोबारलाई समेटेको यसले तत्कालीन विश्व व्यापारको पाँच भागको एक भाग ओगटेको थियो । यस क्रममा समूहको सदस्य संख्यामा वृद्धि भई २३ पुग्यो । वार्तामा संलग्न ती २३ सदस्य राष्ट्रहरूले ITO स्थापना नभएसम्मका लागि बहुपक्षीय व्यापार प्रणालीलाई तदर्थ रूपमा कार्यान्वयनमा ल्याउने उद्देश्यले ३० अक्टोबर १९४७ मा भन्सार र व्यापारसम्बन्धी सामान्य सम्झौता (General Agreement on Tariffs and Trade: GATT) मा हस्ताक्षर गरे । सो सम्झौता १ जनवरी, १९४८ देखि संविदाकारी राष्ट्रहरू (GATT Contracting Parties) बीचमा कार्यान्वयनमा आयो । यसका भन्सार सहुलियतसम्बन्धी प्रावधानहरूचाहिँ ३० जुन, १९४८ बाट कार्यान्वयनमा आए ।

ग्याट सम्झौतामा हस्ताक्षर भएको झण्डै एक महिनापछि ITO स्थापना गर्ने सम्बन्धमा क्यूबाको हवानामा सन् १९४७ को नोभेम्बरमा आयोजना भएको व्यापार तथा रोजगारसम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलनका अवसरमा बडापत्र (Charter) को मस्यौदा तयार गरियो जुन निकै महत्त्वाकांक्षी थियो । यसले विश्व व्यापारका नियमहरूलाई मात्र नसमेटेर रोजगारी, अन्तर्राष्ट्रिय लगानी र सेवा व्यापार प्रवर्द्धन गर्ने तथा नियन्त्रणात्मक व्यापार अभ्यासलाई न्यून गर्ने लगायतका विषयलाई पनि समेटेको थियो । त्यतिबेला ITO लाई संयुक्त राष्ट्रसंघको एउटा विशिष्टीकृत एजेन्सीको रूपमा स्थापना गर्ने सोच लिइएको थियो । अन्ततः हवाना सम्मेलनबाट अन्तर्राष्ट्रिय व्यापार सङ्गठन (ITO) को स्थापनाको लागि बडापत्र पनि जारी गरियो । तर सम्मेलनमा सहभागी ५० राष्ट्रहरूमध्ये केही राष्ट्रको व्यवस्थापिका खासगरी अमेरिकी संसदबाट सो बडापत्र अनुमोदन हुन नसक्दा सङ्गठन स्थापना गर्ने कार्यले तत्काल मूर्त रूप लिनसकेन । त्यसपछि हवाना सम्मेलनमा भाग लिने ५० राष्ट्रमध्ये २३ राष्ट्रहरूले ग्याट सम्झौतालाई अस्थायी रूपमा कार्यान्वयनमा ल्याए । यसरी १ जनवरी, सन् १९४८ देखि लिएर १ जनवरी, सन् १९९५ मा विश्व व्यापार सङ्गठन (World Trade Organization: WTO) को स्थापना नहुँदासम्मको झण्डै ४७ वर्षको अवधिका लागि ग्याटले बहुपक्षीय व्यापार प्रणालीलाई सञ्चालन र नियमन गर्ने संयन्त्रका रूपमा कार्य गरेको थियो ।

ग्याट (GATT) मूलतः वस्तु व्यापारलाई सहज बनाउन सघाउ पुऱ्याउने उद्देश्यले गरिएको यौटा अन्तर्राष्ट्रिय सम्झौता थियो जसको मुख्य उद्देश्य संविदाकारी राष्ट्रहरूबीच वस्तु व्यापारका सन्दर्भमा लाग्दै आएको भन्सार अवरोधहरूलाई क्रमशः न्यून गर्दै अन्तर्राष्ट्रिय व्यापारलाई संरक्षणवादी प्रणालीबाट उदारीकरणतर्फ डोऱ्याउनु र सहज बनाउनु थियो। ग्याटमा संविदाकारी पक्षहरूलाई उच्च आयातका कारण उत्पन्न हुनसक्ने नकारात्मक प्रभावलाई न्यून गर्न केही गैरभन्सार उपायको अवलम्बन गर्न सकिने व्यवस्था पनि थियो । झण्डै पाँच दशकसम्म कार्यान्वयनमा रहँदा ग्याटका आधारभूत कानूनी प्रणालीहरू उही नै रहे भने यसले चरणबद्ध रूपमा सम्पन्न विभिन्न व्यापार सम्झौता मार्फत बहुपक्षीय व्यापार प्रणालीका नियम तथा शर्तहरूलाई थप खुकुलो र विस्तृत बनाउने तथा समयानुकूल परिष्कार गर्ने कार्य पनि गर्दै आयो । यस क्रममा सन् १९४७ देखि सन् १९९४ सम्म ग्याटका विभिन्न आठ चरणका सम्झौता वार्ता सम्पन्न भए । यिनमा शुरुका पाँच चरणसम्मका वार्ताहरू मुख्यतः वस्तुको भन्सार घटाउने कुरासित सम्बद्ध थिए भने छैटौँ केनेडी चरणपछिका तीन चरणका सम्झौता वार्ताहरूले भन्सारका अतिरिक्त गैरभन्सारजन्य उपायहरूलाई पनि समेट्ने कार्य गरेका थिए । पछिल्ला चरणका वार्ताहरूमा एन्टी-डम्पिङ, विकासशील र अल्पविकसित राष्ट्रहरूका लागि विभिन्न छूट तथा विशेष सहुलियतहरू उपलब्ध गराउनेसम्बन्धी प्रावधानहरू जस्तै Generalized System of Preference (GSP), Enabling Clause आदि लाई पनि ग्याट अन्तर्गत समावेश गर्ने पहल भएका थिए । खासगरी सन् १९६० को दशकमा आएर ग्याटमा 'व्यापार र विकास' शीर्षकमा केही प्रावधान समेटिए भने धेरै विकासशील राष्ट्रहरूले ग्याटको सदस्यता पनि लिए । सन् १९७० मा आएर ग्याटमा अनेक पक्षीय सम्झौता (Plurilateral Agreements) (स्वैच्छिक रूपमा मान्ने सदस्यहरूका हकमा मात्र लागू हुने) पनि थपियो । साथै, भन्सार महसुल दरलाई थप घटाउने कार्य पनि पछिल्ला चरणमा आएर तीव्र भयो । आठौँ चरण (१९८६-१९९३) को वार्ता सम्म आइपुग्दा ग्याटको सदस्य संख्या १२३ पुग्यो भने भन्सारका अतिरिक्त गैर भन्सारजन्य प्रावधानहरूलाई समेत समावेश गरी यसले विस्तृत सम्झौताको रूप लिनपुग्यो । सदस्य राष्ट्रहरूबीचमा वस्तुको भन्सार महसुल दरलाई क्रमशः घटाई अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न, सदस्य राष्ट्रहरूको आर्थिक विकासलाई तीव्र बनाउन र व्यापार उदारीकरणलाई गति दिन ग्याटले उल्लेखनीय भूमिका निर्वाह गरेको थियो । ग्याटका विभिन्न चरणका वार्ता आयोजना भएको वर्ष, वार्ताले समेटेका विषयवस्तु र सहभागी सदस्यहरूको संख्या तल तालिकामा प्रस्तुत गरिएको छ ।

**ग्याटका विभिन्न चरणका वार्ताहरू**

| वर्ष | ठाउँ र देश | वार्ताको मुख्य विषय वस्तु | सहभागी मुलुकहरू |
|---|---|---|---|
| १९४७ | जेनेभा, स्विटजरल्याण्ड | भन्सार महसुल घटाउने | २३ |
| १९४९ | एनेसी, फ्रान्स | भन्सार महसुल घटाउने | १३ |
| १९५१ | टोर्के, संयुक्त अधिराज्य | भन्सार महसुल घटाउने | ३८ |
| १९५६ | जेनेभा, स्विटजरल्याण्ड | भन्सार भन्सार महसुल घटाउने | २६ |
| १९६०-६१ | जेनेभा, (डिलोन राउण्ड) | भन्सार महसुल घटाउने | २६ |
| १९६४-६७ | जेनेभा (केनेडी राउण्ड) | भन्सार महसुल घटाउने र एन्टी डम्पिङसम्बन्धी व्यवस्था | ६२ |
| १९७३-१९७९ | जेनेभा (टोकियो राउण्ड) | भन्सार, गैर भन्सारसम्बन्धी व्यवस्था र फ्रेमवर्क सम्झौता | १०२ |
| १९८६-१९९४ | जेनेभा (उरूग्वे राउण्ड) | भन्सार, गैर भन्सारजन्य नियमहरू, सेवा क्षेत्र, बौद्धिक सम्पत्ति अधिकार, विवाद समाधान, वस्त्र, कृषि र विश्व व्यापार सङ्गठनको स्थापना | १२३ |

## १.३ उरुग्वे चरणको वार्ता र विश्व व्यापार सङ्गठनको स्थापना

ग्याटको आठौं चरणको वार्ता विश्व व्यापार सङ्गठनको इतिहासमा अत्यन्त महत्त्वको रहेको छ । यसै चरणको अन्त्यमा विश्व व्यापार सङ्गठनको स्थापना गर्ने ऐतिहासिक निर्णय भएको थियो । यो वार्ता सन् १९८६ को सेप्टेम्बरमा उरुग्वेको “पुन्टा डे स्टेट” भन्ने स्थानबाट शुरु भएर विभिन्न आठ ठाउँमा गरी अन्त्यमा सन् १९९३ को डिसेम्बरमा जेनेभामा आएर टुङ्गिएको थियो । त्यस बेलासम्मको अन्तर्राष्ट्रिय व्यापारको इतिहासमा सबैभन्दा लामो चरणको वार्ताको रूपमा चिनिएको यो वार्ता सम्पन्न हुन करिब साढे सात वर्ष जति लागेको थियो भने यसमा १२३ सदस्य संलग्न थिए । यस बीचमा यो वार्ता पुन्टा डे स्टेट, मन्ट्रियल, जेनेभा, ब्रसेल्स, पुनः जेनेभा, वासिङ्गटन डि.सि., टोकियो र अन्त्यमा पुनः जेनेभामा गरी आठ ठाउँमा आयोजना भई बहुपक्षीय व्यापार प्रणालीका विभिन्न विषयमा सहमति र समझदारी कायम गरिएको थियो । अन्ततः उरुग्वे चरणको वार्ताका क्रममा सहमति भएका विषयहरूलाई एकीकृत सम्झौता (Single Undertaking) को रूपमा विकास गरी बहुपक्षीय व्यापार प्रणालीको एकीकृत अन्तिम कानून (Final Act) का रूपमा तयार गरियो । यस

क्रममा वस्तु व्यापारका अतिरिक्त सेवा व्यापार र बौद्धिक सम्पत्तिको अधिकारको व्यापारलाई पनि बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत एउटै छाताभित्र सञ्चालन गर्ने गरी सहमति भयो । यस अतिरिक्त व्यापारसम्बद्ध विवादलाई निरूपण गर्न बहुपक्षीय व्यापारप्रणाली अन्तर्गत प्रभावकारी विवाद समाधान संयन्त्रको व्यवस्था गर्ने कुरामा पनि सहमति कायम भयो । कृषि एवं वस्त्र तथा तयारी पोशाकको व्यापारलाई पुनः ग्याटको परिधिभित्र ल्याइयो । बहुपक्षीय व्यापार प्रणालीको प्रवर्द्धन र नियमन गर्न तथा बहुपक्षीय व्यापार प्रणालीलाई समयानुकूल परिमार्जन गरी गरिब तथा विकासशील राष्ट्रहरूलाई पनि बहुपक्षीय व्यापारको मूल प्रवाहमा समाहित गर्ने उद्देश्यका लागि विश्व व्यापार सङ्गठन (World Trade Organization) नामक एक अन्तर्राष्ट्रिय संस्था स्थापना गर्ने पनि सहमति भयो । यसको परिणतिस्वरूप बहुपक्षीय व्यापार प्रणालीलाई नियमन गर्ने अन्तिम कानूनी दस्तावेज (Final Act) अंग्रेजी, फ्रेञ्च र स्पेनिस भाषामा तयार गरी १५ अप्रिल, १९९४ मा मोरक्कोको माराकेश भन्ने स्थानमा १२३ मुलुक तथा युरोपेली समुदाय १ गरी जम्मा १२४ सदस्यहरूबाट पारित गरियो । अन्तिम कानूनी दस्तावेजले विश्व व्यापार सङ्गठन (WTO) स्थापना गर्ने सम्बन्धी माराकेश सम्झौता (Marrakesh Agreement Establishing the World Trade Organization) र यसका मुख्य चारवटा अनुसूचीहरूलाई समेटेको छ । माराकेश सम्झौतामा १६ वटा धाराहरू (Article) रहेकोमा धारा १ ले विश्व व्यापार सङ्गठनको स्थापना सम्बन्धी कुरालाई उल्लेख गरेको छ । सम्झौताको अनुसूची १ भित्र ३ वटा उपअनुसूची छन् । यी तीनवटा उपअनुसूचीहरू क्रमशः वस्तु व्यापार, सेवा व्यापार र बौद्धिक सम्पत्तिको व्यापारसम्बन्धी बहुपक्षीय सम्झौतासित सम्बद्ध छन् । अनुसूची २ मा व्यापारसम्बन्धी विवाद निरूपणसम्बन्धी संयन्त्र र कार्यविधि (Dispute Settlement Mechanism & Procedures) बारे उल्लेख भएको छ भने अनुसूची ३ मा व्यापार नीति पुनरावलोकन संयन्त्र (Trade Policy Review Mechanism) सम्बन्धी विषय उल्लेख भएको छ । अनुसूची ४ मा अनेकपक्षीय (Plurilateral) व्यापार सम्झौताका विषय समाविष्ट छन् । यो सम्झौता सबै सदस्यका लागि लागू नभएर स्वैच्छिक रूपमा यसको पालना गर्न इच्छुक सदस्यहरूबीच मात्र लागू हुन्छ । यस अन्तर्गत शुरुमा नागरिक उड्डयनको व्यापारसम्बन्धी सम्झौता, सरकारी खरिदसम्बन्धी सम्झौता, अन्तर्राष्ट्रिय दुग्धसम्बन्धी सम्झौता र अन्तर्राष्ट्रिय गोमांससम्बन्धी सम्झौता गरी चारवटा सम्झौता रहेकोमा सन् १९९७ मा पछिल्ला २ वटा सम्झौता खारेज भई हाल दुईवटा सम्झौता मात्र बाँकी रहेका छन् । विश्व व्यापार सङ्गठनअन्तर्गत अन्तर्राष्ट्रिय व्यापारिक गतिविधि सञ्चालनका लागि २९ वटा सम्झौताहरू र ५० भन्दा बढी मन्त्रिस्तरीय घोषणा, निर्णय तथा समझदारी रहेका छन् । यसप्रकार सन् १९४४ मा परिकल्पना गरिएको अन्तर्राष्ट्रिय व्यापार सङ्गठन (ITO) ले ५० वर्षपछि विश्व व्यापार सङ्गठन (WTO) को रूपमा मूर्त रूप लिन सफल भयो ।

उरुग्वे चरणको वार्तामा धेरैजसो विषयमा समझदारी र सम्झौता कायम भए पनि व्यापार सम्झौता वार्ताको क्रम टुङ्गिएको छैन । त्यसमाथि व्यापार एक गतिशील क्षेत्र भएको र समयको परिवर्तनसँगै विश्व अर्थतन्त्रमा देखापर्ने विभिन्न परिस्थितिको सन्दर्भमा एकपटक सहमति भइसकेको विषय केही वर्षपछि पुनः संशोधन वा पुनरावलोकनको विषय बन्नसक्ने हुँदा व्यापारसम्बद्ध सम्झौताहरू पनि गतिशील प्रकृतिका हुन्छन् । त्यसैले बहुपक्षीय व्यापारलाई थप उदार, प्रतिस्पर्धी र व्यवधानरहित बनाउने सन्दर्भमा विश्व व्यापार सङ्गठन अन्तर्गत अहिले पनि विभिन्न विषयमा वार्ता र सम्झौताको क्रम चलिरहेको छ । खासगरी उरुग्वे चरणको वार्तामा सहमति गर्न बाँकी विषयलाई पछिल्ला चरणका वार्तामा समावेश गर्दै जाने सहमतिअनुसार अहिले पनि सम्झौताका उपक्रम चलिरहेका छन् । यस क्रममा सन् १९९७ मा उरुग्वे चरणको वार्तामा सहमति हुन बाँकी रहेको दूरसञ्चार सेवालाई थप उदार बनाउने सम्बन्धमा ६९ सदस्यहरूले सम्झौता गरेका छन् । सोही वर्ष ४० सदस्यहरूले सूचना प्रविधिजन्य उत्पादनमा भन्सारमुक्त व्यापार गर्ने सम्बन्धी सम्झौता गरेका छन् । यसैगरी ७० सदस्यहरूले ९५% भन्दा बढी क्षेत्रलाई समेट्ने गरी वित्तीय सेवाको कारोबार सम्बन्धी सम्झौता सम्पन्न गरेका छन् । जस अन्तर्गत बैङ्किङ्ग, बीमा, धितोपत्र र वित्तीय सूचनाजस्ता सेवा व्यापारका महत्त्वपूर्ण क्षेत्र समावेश भएका छन् । बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत सन् २००० मा कृषि र सेवा व्यापारका क्षेत्रमा नयाँ वार्ताहरू शुरु गरिए । यी विषयहरूलाई अहिले दोहा विकास एजेन्डा (Doha Development Agenda: DDA) अन्तर्गत समावेश गरिएको छ । सन् २००१ को नोभेम्बरमा कतारको राजधानी दोहामा सम्पन्न विश्व व्यापार सङ्गठनको चौथो मन्त्रिस्तरीय सम्मेलनले उरुग्वे चरणको वार्तामा टुङ्गिन नसकेका विषय तथा विश्व व्यापार प्रणालीमा विकासशील र कम विकसित सदस्यहरूको हिस्सालाई बढाउन तथा कमजोर मुलुकहरूको व्यापार क्षमतालाई उकास्न विभिन्न विषयमा छलफल अघि बढाउने निर्णय गरेअनुसार हाल यस अन्तर्गत विभिन्न विषयमा सदस्यहरूबीच छलफल, परामर्श चलिरहेको छ । यद्यपि वार्ता अझै निष्कर्षमा पुग्न सकेको छैन ।

## १.४ विश्व व्यापार सङ्गठनको परिचय, उद्देश्य तथा कार्यहरू

### १.४.१ परिचय

विश्व व्यापार सङ्गठनको स्थापना १ जनवरी, १९९५ मा भएको हो । यस सङ्गठनको स्थापनासँगै तत्कालीन ग्याट स्वतः विस्थापित हुन पुग्यो भने ग्याट अन्तर्गतका सम्झौताहरू समसामयिक संशोधन र परिमार्जनका साथ यसै सङ्गठन अन्तर्गत लागू हुने गरी व्यवस्था मिलाइएको छ । ग्याटको उत्तराधिकारी संस्थाको रूपमा रहेको विश्व व्यापार सङ्गठनका आधारभूत सिद्धान्त, नियम तथा निर्णयप्रक्रिया लगायतका अधिकांश विषयहरू तत्कालीन ग्याटकै प्रावधानअनुरूप

रहेका छन् । तर कार्यक्षेत्र, विवाद समाधान प्रणाली आदिको सन्दर्भमा विश्व व्यापार सङ्गठन ग्याटभन्दा धेरै प्रगतिशील र व्यापक छ । सबैभन्दा महत्त्वपूर्ण फरक ग्याटले वस्तु व्यापारलाई मात्र समेटेको थियो भने विश्व व्यापार सङ्गठनले वस्तु व्यापारका अतिरिक्त सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारलाई समेत आफ्नो कार्यक्षेत्रभित्र समेटेको छ ।

विश्व व्यापार सङ्गठन नियममा आधारित, सदस्यहरूको साझा प्रयासबाट सञ्चालित बहुपक्षीय व्यापार प्रणालीलाई नियमन गर्ने एक मात्र अन्तर्राष्ट्रिय संस्था हो । यसले सदस्यहरूबीच सङ्गठनअन्तर्गत भएका अन्तर्राष्ट्रिय सम्झौता, समझदारी र निर्णयहरूलाई कार्यान्वयन गर्न सघाउ पुऱ्याउँदछ । यसको मुख्य उद्देश्य सदस्य मुलुकहरूबीच हुने व्यापारलाई सम्भव भएसम्म सहज, पूर्वानुमानीय र स्वतन्त्र ढङ्गले सञ्चालन गर्न सुनिश्चितता प्रदान गर्नु हो । विश्व व्यापार सङ्गठनअन्तर्गतका सम्झौता तथा नियमहरू सबै सदस्यका निम्ति कानूनी रूपमा बाध्यात्मक हुन्छन् । तर सङ्गठन आफैँले नीति, नियम बनाउने नभई यसले सदस्य राष्ट्रहरूबीच वार्ता भई अनुमोदित सम्झौता तथा नियमहरूलाई कार्यान्वयनमा ल्याउने कार्य गर्दछ । साथै, स्वीकृत सम्झौता विपरीत कुनै सदस्यले आचरण गरेमा त्यसबाट मर्का पर्ने सदस्यले उजूरी गरेको खण्डमा त्यस्तो विवादको छिनोफानो गरिदिने कार्य पनि सङ्गठनको क्षेत्राधिकारभित्र पर्दछ ।

### १.४.२ संरचना तथा निर्णय प्रक्रिया

#### (क) विश्व व्यापार सङ्गठनको संरचना

विश्व व्यापार सङ्गठनको संरचनालाई चार तहमा बाँडेर हेर्न सकिन्छ । यिनमा सबैभन्दा माथि पहिलो तहमा मन्त्रिस्तरीय सम्मेलन रहेको छ, जसको बैठक सामान्यतः प्रत्येक दुई वर्षमा एकपटक बस्छ । यो सङ्गठनको नीति निर्माण गर्ने सबैभन्दा उच्च निकाय हो । मन्त्रिस्तरीय सम्मेलनले सङ्गठन अन्तर्गतका कुनै पनि बहुपक्षीय व्यापार सम्झौताका सम्बन्धमा निर्णय लिनसक्छ । मन्त्रिस्तरीय सम्मेलनको अन्तरालमा सङ्गठनको दैनिक कार्यसञ्चालनका लागि साधारण परिषद् (General Council) को गठन गरिएको छ । यो दोस्रो तहको संरचना हो । यसले दैनिक कार्यसञ्चालनका अतिरिक्त मन्त्रिस्तरीय सम्मेलनले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने कार्य पनि गर्दछ । परिषद्मा सदस्य देशका राजदूत वा उच्च सरकारी तहबाट प्रतिनिधित्व हुन्छ र यसको बैठक नियमित रूपमा आयोजना हुन्छ । परिषद्को बैठकमा यी प्रतिनिधिहरूले अभिव्यक्त गरेको धारणालाई सम्बन्धित देशको आधिकारिक भनाइ मानिन्छ । दोस्रो तहमा साधारण परिषद्का अतिरिक्त विवाद समाधान संयन्त्र र व्यापार नीति पुनरावलोकन संयन्त्र रहेका छन् । साधारण परिषद्ले आवश्यकतानुसार विवाद समाधान संयन्त्र वा व्यापार नीति विश्लेषण संयन्त्रको रूपमा पनि कार्य गर्दछ । तर यस्ता संयन्त्रको

बैठक बस्दा सम्बन्धित विषयका विशेषज्ञ र कानूनविद्हरूलाई समेत समावेश गर्ने चलन छ । यी तीनवटै निकायले मन्त्रिस्तरीय सम्मेलनलाई आफूले गरेका कामको बारेमा अवगत गराउनुपर्ने प्रावधान छ । साधारण परिषद् अन्तर्गत बहुपक्षीय व्यापारका तीनवटै क्षेत्रलाई समेट्ने गरी तीनवटा छुट्टाछुट्टै परिषद् रहेका छन् । ती हुन्- वस्तु व्यापार परिषद्, सेवा व्यापार परिषद् र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी परिषद् । यिनलाई सङ्गठनको तेस्रो तहको संरचनाको रूपमा लिन सकिन्छ । यी परिषद्ले आ-आफ्नो कार्यक्षेत्रभित्रका विषयमा कार्य गरी साधारण परिषद्लाई जानकारी गराउँछन् । यी तीनवटै परिषद्का सहयोगी विभिन्न विशिष्टीकृत अङ्गहरू पनि छन् । यिनलाई चौथो तहको संरचनाको रूपमा हेर्न सकिन्छ । यिनमा वस्तु व्यापार परिषद् अन्तर्गत विभिन्न ११ वटा समितिहरू र एउटा कार्यदल गरी विभिन्न १२ सहयोगी अङ्गहरू छन् । जसमा कृषि क्षेत्रदेखि लिएर एन्टी-डम्पिङ्ग तथा सेफगार्ड्स विषयमा काम गर्नेहरू छन् । यसैगरी सेवा व्यापार परिषद् अन्तर्गत वित्तीय सेवा व्यापारका क्षेत्रमा गरिएका विशेष प्रतिबद्धताहरू हेर्ने समिति र आन्तरिक नियमन र सेवा व्यापारसम्बन्धी नियमहरूका क्षेत्रमा काम गर्ने दुईवटा कार्यदल गरी तीनवटा सहयोगी अङ्गहरू छन् । दोस्रो साधारण परिषद् तहमा विवाद समाधान संयन्त्रका पनि दुईवटा तह छन्- विवाद समाधान समिति (Panel) र पुनरावेदन निकाय (Appellate Body) । प्यानल तथा पुनरावेदन निकाय सङ्गठनको व्यापारसम्बन्धी विवाद निरूपण गर्ने महत्त्वपूर्ण निकाय हो जसमा स्वतन्त्र विशेषज्ञहरू संलग्न हुन्छन् । सदस्यहरूबीच उत्पन्न व्यापारसम्बद्ध विवादका विषयमा दोस्रो तह- पुनरावेदन निकायको निर्णय अन्तिम हुन्छ र यसले गरेका निर्णयहरू कार्यान्वयन गर्न सम्बन्धित पक्ष बाध्यकारी हुन्छन् ।

साधारण परिषद्लाई सहयोग पुऱ्याउन विभिन्न ५ वटा समितिहरू, यत्तिकै संख्यामा कार्य समूहहरू र एउटा कार्यदल पनि रहेका छन् । तर यी सबै समान रूपमा सक्रिय छैनन् । यिनमा सम्मिलनसम्बन्धी कार्यदल अत्यन्त महत्त्वपूर्ण मानिन्छ । कुनै पनि नयाँ सदस्य सङ्गठनमा आबद्ध हुने क्रममा यस कार्यदलले सदस्य देशको समग्र वाणिज्य क्षेत्रको विश्लेषण गरी सदस्यता दिन सकिने, नसकिने कुराको सिफारिश साधारण परिषद्लाई गर्दछ । कार्यदलकै प्रतिवेदनअनुसार सदस्यता प्रक्रिया, शर्त लगायतका कुरा निर्धारित हुन्छन् । पछिल्ला वर्षहरूमा दोहा विकास एजेन्डालाई लक्षित गरी व्यापार सम्झौता समिति (Trade Negotiation Committee : TNC) पनि गठन भएको छ । यो समितिले आफूलाई तोकिएको विषयमा छलफल गर्न विशेष सत्रहरू सञ्चालन गर्दै आएको छ । यस अतिरिक्त अनेकपक्षीय सम्झौता (Plurilateral Agreements) अन्तर्गत समाविष्ट विषयहरूमा कार्य गर्न यससम्बन्धी छुट्टाछुट्टै २ वटा समितिहरू पनि रहेका छन् । सङ्गठनको विस्तृत संरचना (Organogram) अनुसूची-१ मा प्रस्तुत गरिएको छ ।

### (ख) निर्णय प्रक्रिया

विश्व व्यापार सङ्गठन र यस अन्तर्गतका सबै परिषद्, समितिहरूको बैठकमा सामान्यतः सबै सदस्यहरूको सर्वसम्मति (Consensus) बाट निर्णय लिने पद्धति छ । यद्यपि कुनै मुद्दामा सबै सदस्यहरूबीच सहमति हुन नसकेमा बहुमतको निर्णय मान्न सकिने प्रावधान पनि छ । तर यो प्रक्रिया विरलै मात्र अभ्यासमा छ । सङ्गठनमा ठूला, साना, विकसित, अविकसित सदस्यहरूबीच कुनै भेदभाव नगरी एक सदस्य बराबर एक मतको अधिकार छ । तत्कालीन ग्याटकै निर्णय प्रक्रियालाई अनुसरण गर्दै विश्व व्यापार सङ्गठनमा नकारात्मक सहमति (Negative Consensus) को मान्यतालाई आत्मसात गरिएको छ । यस अनुसार बैठकमा उपस्थित भई कुनै सदस्यले औपचारिक रूपमा कुनै प्रस्तावको विपक्षमा मत राखेको अवस्थामा बाहेक अन्य अवस्थामा प्रस्तावित निर्णयउपर सहमति भएको मानिन्छ । विश्व व्यापार सङ्गठनका सम्झौताले सर्वसम्मतिले निर्णयमा पुग्न नसकेको अवस्थामा मन्त्रिस्तरीय सम्मेलनका तीन चौथाइ सदस्यहरूको बहुमतबाट बहुपक्षीय व्यापारको कुनै विषयमा वा सङ्गठनको कुनै सम्झौताको सम्बन्धमा निर्णय लिन वा कुनै सदस्यले पूरा गर्नुपर्ने दायित्वबाट उन्मुक्ति दिनसक्ने व्यवस्था गरेको छ । विश्व व्यापार सङ्गठनअन्तर्गतका विवाद समाधान समिति (प्यानल), पुनरावेदन निकाय, वस्त्र अनुगमन समिति र अनेकपक्षीय (Plurilateral) सम्झौता अन्तर्गतका समितिहरूको बैठकमा बाहेक अन्य सबै परिषद्, समिति तथा कार्यदलको बैठकमा भाग लिन पाउने अधिकार प्रत्येक सदस्यलाई छ ।

### १.४.३ सचिवालय

विश्व व्यापार सङ्गठनको प्रधान कार्यालय (सचिवालय) स्विटजरल्याण्डको जेनेभामा रहेको छ । सचिवालयको प्रमुखको रूपमा महानिर्देशक रहने व्यवस्था छ । महानिर्देशकको नियुक्ति मन्त्रिस्तरीय सम्मेलनले गर्दछ । हाल महानिर्देशकको पदमा फ्रान्सका पास्कल लामी (Pascal Lamy) रहनुभएको छ । सङ्गठनको सचिवालयमा कर्मचारी, व्यापार विशेषज्ञ, वकिल, अर्थशास्त्री, तथ्याङ्कशास्त्री तथा सूचनाप्रविधि विशेषज्ञ आदि गरी हाल करिब ६४० जना कार्यरत छन् । सचिवालयको बजेट सन् २०११ मा १९ करोड ६० लाख स्विस फ्याङ्क रहेको थियो भने सन् २०१२ को लागि पनि यति नै बजेट व्यवस्था गरिएको छ । सदस्यहरूको विश्व व्यापारमा रहेको हिस्साअनुसार तय भएको वार्षिक सदस्यता शुल्क प्रत्येक सदस्यले बुझाउनुपर्ने हुन्छ । नेपालजस्ता अति कम विकसित मुलुकलाई चाहिँ सदस्यता शुल्कमा आधा छूट दिइएको छ । यसै अनुसार नेपालले सन् २०१२ मा सङ्गठनको सदस्यता शुल्कबापत करिब ३१,००० स्विस फ्रैङ्क बुझाएको छ । विश्व व्यापार सङ्गठनमा अंग्रेजी, फ्रेञ्च र स्पेनिस तीन भाषालाई आधिकारिक भाषाको मान्यता प्राप्त छ । सङ्गठनमा प्रस्तुत गरिने तथा निर्णय भएका कुनै पनि विषयलाई एकैसाथ यी तीन भाषामा रूपान्तरित गरिन्छ र तीनवटै भाषाका दस्तावेजलाई आधिकारिक मानिन्छ ।

सचिवालयका मुख्य कार्यहरूमा सङ्गठन अन्तर्गतका विभिन्न परिषद्, समितिहरू, विभिन्न कार्यदल तथा समितिहरूलाई सम्झौता वार्ता गर्न तथा भएका सहमति र समझदारीलाई कार्यान्वयन गर्न प्रशासनिक र प्राविधिक (विशेषज्ञ सेवा) सहयोग उपलब्ध गराउनु, विकासशील र अल्प विकसित सदस्य मुलुकलाई व्यापार क्षमता विकासका लागि विभिन्न सहयोग उपलब्ध गराउनु, सदस्य राष्ट्रहरूको व्यापार नीति तथा व्यापार तथ्याङ्क विश्लेषण गरी प्रकाशन गर्नु, सदस्यहरूबीच उत्पन्न हुने व्यापारसम्बन्धी विवादलाई समाधान गर्न सहयोग प्रदान गर्नु र सङ्गठनमा सम्मिलन हुन चाहने नयाँ सदस्यहरूलाई प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउनु आदि हुन् । विश्व व्यापार सङ्गठन र बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षमा सञ्चार माध्यमहरू तथा सर्वसाधारणलाई अवगत गराउन विभिन्न माध्यमबाट सूचना तथा जानकारी प्रवाह गर्नु पनि सचिवालयको एउटा प्रमुख कार्यको रूपमा रहेको छ ।

### १.४.४ विश्व व्यापार सङ्गठनका उद्देश्यहरू

विश्व व्यापार सङ्गठन स्थापना गर्ने सम्बन्धी माराकेश सम्झौता, १९९४ को प्रस्तावनामा उल्लेख भएअनुसार विश्व व्यापार सङ्गठन स्थापनाका उद्देश्यहरू देहायबमोजिम रहेका छन्-

१. विकासोन्मुख र कम विकसित मुलुकहरूको आर्थिक विकासमा सहयोग पुऱ्याई अन्तर्राष्ट्रिय व्यापारमा सहभागी बनाउने ।
२. भन्सार महसुललगायत व्यापारका अन्य अवरोधहरूलाई क्रमशः घटाउँदै लगी विकासशील मुलुकहरूको विश्व व्यापारमा सहभागिताको निश्चिततालाई बढाउने ।
३. व्यापार उदारीकरणलाई अझ व्यापक गर्दै लैजाने ।
४. बहुपक्षीय व्यापार प्रणालीको स्थापना तथा दिगो विकासको अवधारणालाई सार्थक बनाउने ।
५. बहुपक्षीय व्यापार प्रणालीका आधारभूत सिद्धान्तहरूलाई संरक्षण एवं विकास गर्ने ।
६. व्यापार अभिवृद्धि मार्फत विकसित, विकासोन्मुख तथा अति कम विकसित देशका जनताको जीवनस्तर उठाउने ।
७. सदस्यहरूबीच व्यापार विस्तार गरी पूर्ण रोजगारी हासिल गर्ने र उच्च तथा स्थिर गतिले आम्दानीको परिमाणमा वृद्धि गर्ने ।
८. विश्वका स्रोत-साधनको विवेकपूर्ण एवं समुचित प्रयोग गरी वातावरणको संरक्षण तथा दिगो विकासमा सहयोग पुऱ्याउने ।

### १.४.५ विश्व व्यापार सङ्गठनका कार्यहरू

माराकेश सम्झौता, १९९४ को धारा ३ मा उल्लेख भएअनुसार विश्व व्यापार सङ्गठनका कार्यहरू देहायबमोजिम छन्-

१. विश्व व्यापार सङ्गठनको कानूनी दस्तावेज (Legal Text) अनुसार सम्पन्न भइसकेका बहुपक्षीय, अनेकपक्षीय व्यापार सम्झौताहरू तथा भविष्यमा सम्पन्न हुने व्यापार सम्झौताहरूको कार्यान्वयन, प्रशासन र सञ्चालन गर्ने ।

२. सदस्य मुलुकहरूबीच द्विपक्षीय तथा बहुपक्षीय व्यापार सम्झौता वार्ताका लागि साझा मञ्चको रूपमा कार्य गर्ने ।

३. सदस्यहरूबीच उत्पन्न भएका व्यापारसम्बन्धी विवादलाई समाधान गर्ने ।

४. सदस्य राष्ट्रहरूले अङ्गीकार गरेका व्यापार नीतिहरूलाई आवधिक रूपमा समीक्षा गर्ने ।

५. विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोषलगायतका अन्तर्राष्ट्रिय आर्थिक नीति निर्माणमा संलग्न निकायसँग समन्वय र सहकार्य गरी सदस्य मुलुकहरूको आर्थिक समुन्नतिका लागि कार्य गर्ने ।

### १.४.६ विश्व व्यापार सङ्गठनको कार्यक्षेत्र र प्रमुख सम्झौताहरू :

विश्व व्यापार सङ्गठनको कार्यक्षेत्रभित्र देहायका तीनवटा प्रमुख विषय समेटिएका छन्-

- वस्तु व्यापार (Trade in Goods)
- सेवा व्यापार (Trade in Services)
- व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार (Trade Related Aspects of Intellectual Property Rights)

यी तीनवटै प्रमुख विषयलाई सञ्चालन गर्ने छुट्टाछुट्टै सम्झौताहरू छन् । यिनमा वस्तु व्यापार : भन्सार महसुल तथा व्यापारसम्बन्धी साधारण सम्झौता (General Agreement on Tariffs and Trade: GATT) अन्तर्गत, सेवा व्यापार : सेवा व्यापारसम्बन्धी साधारण सम्झौताअन्तर्गत (General Agreement on Trade in Services: GATS) र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको व्यापार : व्यापारसँग सम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता (General Agreement on Trade Related Aspects of Intellectual Property Rights: TRIPS) अन्तर्गत सञ्चालित हुन्छन् । विश्व व्यापार सङ्गठनअन्तर्गत बहुपक्षीय व्यापार प्रणालीको सञ्चालनका लागि विभिन्न शीर्षकमा २९ वटा सम्झौताहरू तथा ५० भन्दा बढी मन्त्रिस्तरीय घोषणा, निर्णय तथा समझदारीहरू रहेका छन् ।

### १.४.७ ग्याट र विश्व व्यापार सङ्गठनबीचको भिन्नता

विश्व व्यापार सङ्गठन ग्याटको उत्तराधिकारी संस्था हो । सङ्गठनले ग्याटका धेरैजसो आधारभूत सिद्धान्तहरूलाई अहिले पनि यथावत् रूपमा आत्मसात गरेको छ । तर पनि ग्याट र विश्व व्यापार सङ्गठनबीच धेरै कुरामा भिन्नता पाइन्छ । ग्याटको तुलनामा विश्व व्यापार सङ्गठन कानूनी रूपमा बलियो, बढी कार्य क्षेत्र ओगटेको र प्रभावशाली संस्थाको रूपमा रहेको छ । यी दुईबीच रहेका प्रमुख भिन्नतालाई तल तालिकामा प्रस्तुत गरिएको छ-

**ग्याट र विश्व व्यापार सङ्गठनबीचको भिन्नता**

| | GATT | WTO |
|---|---|---|
| **प्रकृति** | अस्थायी र तदर्थ सम्झौता, कमजोर कानूनी आधारशिला । | सम्झौताहरू स्थायी प्रकृतिका, सदस्य राष्ट्रहरूबाट अनुमोदित सन्धि/सम्झौताबाट स्थापित स्थायी सङ्गठन, बलियो कानूनी आधारशिला । |
| **कार्यक्षेत्र र प्राथमिकता** | वस्तु व्यापारको नियमन, व्यापार अभिवृद्धिको लागि मुख्यतः भन्सार महसुल कटौतीमा जोड । साँघुरो कार्यक्षेत्र | वस्तुका अलावा सेवा तथा बौद्धिक सम्पत्तिको अधिकारको व्यापारको नियमन, भन्सार र गैर भन्सार दुवै थरीका व्यापार अवरोधहरूको निराकरणमा जोड । फराकिलो कार्यक्षेत्र । |
| **कार्यान्वयन संयन्त्र** | सम्झौतालाई लागू गर्न आवश्यक पर्ने स्थायी रूपको कानूनी संरचना नभएको । | सम्झौतालाई व्यवस्थित रूपमा लागू गर्न स्थायी रूपको कानूनी सङ्गठन भएको । |
| **सम्झौता पालनाको प्रकृति** | सम्झौताका प्रावधानहरू स्वैच्छिक र छनौटपूर्ण तरिकाले लागू गर्न सकिने, संविदाकारी पक्षका लागि सबै प्रावधानहरू बाध्यात्मक रूपमा लागू नहुने । | सम्झौता र निर्णयहरू सबै सदस्यका निम्ति बाध्यात्मक र बन्धनकारी भएको । निर्धारित समयभित्र प्रतिबद्धताहरू पूरा गर्नुपर्ने । सबै सम्झौताहरू समग्र र समान रूपमा लागू हुने । |

| | | |
|---|---|---|
| **विवाद समाधान प्रणाली** | विवाद समाधान प्रणाली विलम्ब हुने किसिमको र विवाद समाधानका निर्णय पक्ष राष्ट्रहरूले मान्नै पर्ने बाध्यात्मक व्यवस्था नभएको । निर्णयको अवज्ञा गर्ने पक्षलाई क्षतिपूर्ति तिराउन सक्ने प्रावधान नभएको । | विवाद समाधान प्रणाली द्रुततर, दुई तहको सुनुवाइ प्रणाली (Panel & Appellate Body) रहेको । भएको निर्णय मान्नै पर्ने र निर्णयको अवज्ञा गर्ने पक्षलाई क्षतिपूर्ति तिराउन सक्ने प्रावधान रहेको । |
| **सम्झौता/ प्रतिबद्धता कार्यान्वयनको अनुगमन** | ग्याटका बैठक वस्तुव्यापारसँग सम्बद्ध समस्याहरूबारे छलफल गरी समाधान पहिल्याउन संविदाकारी पक्षहरूको भेट्ने मञ्चका रूपमा सीमित । समयबद्ध तरिकाले सदस्य राष्ट्रहरूको व्यापार नीति पुनरावलोकनको कार्य हुने नगरेको । | प्रतिबद्धताहरू निश्चित समयभित्र कार्यान्वयन भए नभएको नियमित तवरले अनुगमन हुने । निर्धारित समयमा व्यापार नीति तथा प्रतिबद्धताहरूको समीक्षा/ पुनरावलोकनको कार्य हुने । |
| **विकासशील र कम विकसित सदस्यहरूको मुद्दा र सरोकारका विषय** | विकासशील र कम विकसित सदस्यहरूको मुद्दा र सरोकारका विषयलाई विशेष प्राथमिकता नदिइएको । सबै सदस्यहरूलाई समान व्यवहार । | विकासशील र कम विकसित सदस्यहरूको मुद्दा र सरोकारका विषयलाई उचित स्थान दिइएको । कमजोर सदस्यहरूका लागि प्रतिबद्धता पूरा गर्न थप समय र केही प्रतिबद्धताहरू लागू गर्न छूट जस्तै- निश्चित समयसम्म निर्यातमा अनुदान दिन पाइने । विशेष र भिन्न व्यवहार, सहुलियतपूर्ण बजार पहुँच सुविधा, क्षमता विकास जस्ता प्रावधान । |

### १.४.८ विश्व व्यापार सङ्गठनका सिद्धान्तहरू

विश्व व्यापार सङ्गठन नियममा आधारित बहुपक्षीय व्यापार प्रणाली (Rules-based Multilateral Trading System) लाई व्यवस्थित गर्ने अन्तर्राष्ट्रिय सङ्गठन हो । सङ्गठनले सदस्य राष्ट्रहरूबाट अनुमोदित सम्झौता, समझदारी र निर्णयहरूबमोजिम अन्तर्राष्ट्रिय व्यापार सञ्चालनका लागि आधार र मार्गनिर्देश प्रदान गर्दछ । यी सम्झौताहरूकै आधारमा अन्तर्राष्ट्रिय व्यापारलाई अघि बढाउने कार्य सङ्गठनले गर्दै आएको छ । यी सम्झौताहरू तुलनात्मक रूपमा विस्तृत, जटिल र अनेकार्थी समेत छन् । तर पनि यी सबै सम्झौता र दस्तावेजहरूमा केही खास सिद्धान्तहरू समान रूपमा अवलम्बन भएका छन् । यी सिद्धान्तहरू बहुपक्षीय व्यापारप्रणालीका आधारशिलाहरू हुन् । बहुपक्षीय व्यापार प्रणालीका यिनै आधारभूत सिद्धान्तहरूलाई विश्व व्यापार सङ्गठनको सिद्धान्तको रूपमा लिने गरिएको छ । जुन यस प्रकार छन्-

(१) **भेदभावरहित व्यवहार (Non-discrimination Treatment) :** सदस्यहरूबीच विना कुनै भेदभाव, स्वच्छ, निष्पक्ष र नियमसङ्गत तरिकाले व्यापार सञ्चालन हुनुपर्ने कुरामा यो सिद्धान्तले जोड दिन्छ । यस अन्तर्गत दुईवटा व्यवस्था आउँछन् ।

(क) **अति सौविध्यपूर्ण राष्ट्रको व्यवहार (Most Favoured Nation: MFN Treatment) :** प्रत्येक सदस्य राष्ट्रले आर्थिक तथा व्यापारिक क्रियाकलापमा एउटा राष्ट्रलाई जे जस्तो सुविधा प्रदान गर्छ अन्य सदस्य राष्ट्रहरूलाई पनि त्यसमा कुनै कमी नहुने गरी सोही समानको सुविधा प्रदान गर्नुपर्दछ । सङ्गठनको कुनै सदस्य राष्ट्रले एउटा सदस्य राष्ट्रको उत्पादनलाई जे जस्तो सहुलियत, छूट वा सुविधा प्रदान गर्छ, बाँकी अन्य सबै सदस्य राष्ट्रको समान प्रकृतिको उत्पादनलाई पनि सोही किसिमको सुविधा उपलब्ध गराउनुपर्दछ भन्ने यस सिद्धान्तको मुख्य मान्यता हो । यदि एउटा सदस्यको उत्पादनलाई विशेष सुविधा प्रदान गरिन्छ भने अन्य सदस्यको उत्पादनमा पनि तत्काल र विनाशर्त सोभन्दा कम नहुने गरी सुविधा उपलब्ध गराउनु पर्ने कुरामा यसले जोड दिन्छ । यो सिद्धान्तले सङ्गठनका सबै सदस्यहरूलाई एउटा क्लबको सदस्यका रूपमा लिई सदस्यहरूबीच असमान व्यवहार गर्न नपाइने कुरामा जोड दिन्छ । तर यसका केही अपवादहरू पनि छन् । यो ग्याटकै पालादेखिको बहुपक्षीय व्यापार प्रणालीमा अवलम्बन गरिएको आधारभूत सिद्धान्त हो । GATT को धारा १, ग्याट्सको धारा २ र ट्रिप्सको धारा ४ ले MFN प्रावधानबारे उल्लेख गरेका छन् । यसको उद्देश्य सदस्य राष्ट्रका समान प्रकृतिका वस्तु/सेवालाई उपलब्ध हुनसक्ने सम्मको समान बजार पहुँच सुविधा दिनु हो । सामान्यतः कुनै वस्तु/सेवा समान प्रकृतिको हो होइन भनी निर्धारण गर्न देहायको चारवटा कुरालाई आधार लिनुपर्ने गरी व्याख्या गरिएको पाइन्छ ।

- वस्तुको भौतिक गुण/विशेषताहरू
- उपभोक्ताको स्वाद र आदत
- वस्तुको अन्तिम उपयोग
- वस्तुको भन्सार वर्गीकरण

(ख) **राष्ट्रिय व्यवहार (National Treatment) :** कुनै पनि विदेशी उत्पादनले राष्ट्रिय भन्सार बिन्दुमा पूरा गर्नुपर्ने भन्सारसम्बन्धी शर्तहरू पार गरेर स्वदेशी बजारमा प्रवेश गरिसकेपछि त्यसलाई स्वदेशी वस्तुसरह नै व्यवहार गर्नुपर्ने कुरामा यस सिद्धान्तले जोड दिन्छ । यसले कुनै पनि सदस्यलाई स्वदेशी उत्पादन र आयातित उत्पादनबीच भेदभावपूर्ण व्यवहार गर्न प्रतिबन्धित गर्छ । स्वदेशी उत्पादनलाई संरक्षण प्रदान गर्ने हेतुले समान प्रकृतिका विदेशबाट आयात हुने वस्तुमा भन्सार महसुलबाहेक थप कर, शुल्क वा शर्त वा अन्य यस्तै कुनै व्यवस्था लगाउन नपाउने यस सिद्धान्तको मर्म हो । समान प्रकृतिका विदेशबाट आयातित वस्तुमा उस्तै प्रकृतिका घरेलु उत्पादनहरूमा लगाइने शर्त तथा शुल्कभन्दा बढी शर्त तथा शुल्क तोक्न नपाइने यस सिद्धान्तको आशय हो । ग्याटको धारा ३, ग्याट्सको धारा १७ र ट्रिप्सको धारा ३ मा राष्ट्रिय व्यवहारको बारेमा उल्लेख छन् ।

(२) **स्वतन्त्र व्यापार (Free Trade)** : सदस्यहरूबीच विना कुनै रोकटोक वस्तु तथा सेवाको स्वतन्त्र व्यापार सञ्चालन हुनुपर्दछ भन्ने कुरामा यस सिद्धान्तले जोड दिन्छ । व्यापार सञ्चालनमा अवरोध सिर्जना हुने गरी वा व्यापारिक कारोवारमा विचलन (Distortion) उत्पन्न हुने गरी सदस्यहरूले एक पक्षीय रूपमा भन्सार वा गैर भन्सारजन्य कुनै शर्त, बन्देज लगाउन तथा अनावश्यक रूपमा कुनै मापदण्ड निर्धारण वा लागू गर्न हुँदैन भन्ने यस सिद्धान्तको मर्म हो । आयात-निर्यात हुने वस्तुमा विना कारण बन्देज लगाउन नपाइने, निर्धारित भन्सार दरभन्दा माथि गएर भन्सार महसुल लगाउन नपाइने, स्वदेशी उत्पादनलाई भन्सार शुल्कको माध्यमबाट मात्र संरक्षण दिन सकिने, अन्य महसुल तथा शुल्क हटाउनुपर्ने, निश्चित सीमा र नियमभित्र रही सदस्य राष्ट्रले आफ्नो बजार सबैका निमित्त खुला राखी बजार पहुँचको अवसर प्रदान गर्नुपर्ने जस्ता कुरा यस अन्तर्गत आउँछन् । तर यसको अर्थ कुनै सदस्यले अर्को सदस्यको जस्तोसुकै उत्पादनलाई भित्रन दिनुपर्दछ भन्ने होइन । यदि आयात हुन लागेको वस्तु मानव, पशु तथा वनस्पति स्वास्थ्यको दृष्टिले हानिकारक छ वा जोखिमपूर्ण छ भने त्यस्तो स्थितिमा रोग फैलन नदिन वा स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउनबाट जोगाउन त्यस्तो वस्तुको आयातमा

प्रतिबन्ध लगाउन सक्ने अधिकार सङ्गठन अन्तर्गतका सम्झौताहरूले दिएका छन् । त्यस्तै राष्ट्रिय सुरक्षामा आँच पुग्ने अवस्थामा पनि वस्तु तथा सेवाको व्यापारमा रोक लगाउने अधिकार सदस्यलाई दिइएको छ । यसैले निरपेक्षरूपमा स्वतन्त्र भन्दा पनि स्वच्छ व्यापारको प्रवर्द्धनमा विश्व व्यापार सङ्गठनको जोड रहेको छ ।

(३) **पूर्वानुमानीयता एवं पारदर्शिता (Predictability and Transparency):** व्यापार प्रवर्द्धनका लागि यससम्बन्धी नीति, नियम, कार्यविधि आदिमा पूर्वानुमानीयता, सुनिश्चितता र सुस्पष्टता कायम हुनु आवश्यक हुन्छ । नीति, नियम र कार्यविधिमा पारदर्शिता भयो भने त्यहाँ व्यापारिक कारोवार बढी हुन्छ, लगानी वृद्धि हुन्छ, रोजगारी सिर्जना हुन्छ तथा उपभोक्ताले प्रतिस्पर्धाबाट लाभ उठाउन सक्ने हुन्छन् । त्यसै भएर विश्व व्यापार सङ्गठनको एउटा सिद्धान्त सदस्यहरूको व्यापारसम्बद्ध नीति नियम, प्रक्रिया आदिमा सुनिश्चितता र पारदर्शिता कायम हुनुपर्दछ भन्ने पनि हो । यसअनुसार विश्व व्यापार सङ्गठनमा आबद्ध हुन चाहने सदस्यले आबद्ध हुँदाको अवस्थामा वस्तु व्यापारमा के कति हदसम्म भन्सार महसुल लगाइने हो, त्यसको सीमाङ्कन (Tariff Binidng) गर्नुपर्दछ । साथै, आयात निर्यातमा अन्य के कस्ता शर्त तथा शुल्कहरू निर्धारण गरिएका छन्, आयात हुने सामानमा प्याकेजिङ्ग र लेवलिङ्गको के कस्तो मापदण्ड तोकिएको छ लगायतका विषयमा सदस्य बन्दा ताका नै स्पष्ट गर्नुपर्दछ । साथै, सेवा व्यापार क्षेत्र अन्तर्गत कुन कुन सेवा, कुन कुन उपसेवा क्षेत्र खुला गरिने छ, कुन सेवा/उपसेवा क्षेत्रमा के कतिहदसम्म विदेशी लगानी खुला राखिनेछ, अन्य शर्त तथा बन्देज के के हुनेछन्, प्रतिबद्धताको विशेष कार्यसूची (Schedule of Specific Commitments) नै सचिवालयमा पेश गर्नुपर्दछ । यस अतिरिक्त कुनै सदस्यले तीनवटा व्यापारका क्षेत्रहरूमध्ये कुनै एकलाई वा एकभन्दा बढीलाई प्रभावित गर्ने कुनै नयाँ नीति, ऐन, कार्यविधि कार्यान्वयनमा ल्याउँदा वा भइरहेको नीति, नियम, व्यवस्थामा कुनै परिवर्तन गर्दा सङ्गठनको सम्बन्धित सम्झौता विपरीत हुने गरी गर्न नपाइने, यसबारेमा सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने तथा विश्व व्यापार सङ्गठनको सम्बन्धित परिषद् वा समितिलाई समयमै जानकारी (Notifications) गराउनुपर्ने बाध्यात्मक व्यवस्था छ । यसले सदस्यहरूलाई एक अर्काको व्यापार नीति तथा कार्यविधि र प्रतिबद्धताबारे समयमै जानकारी भई त्यही अनुसार कुनै सदस्यसित के कसरी व्यापार गर्ने भन्ने बारेमा जानकारी प्रवाह हुन्छ । पारदर्शितालाई संस्थागत गर्ने उद्देश्यले विश्व व्यापार सङ्गठनका सम्झौताहरूले विभिन्न व्यवस्था गरेका छन् । तिनमा सदस्यहरूले अवलम्बन गरेको व्यापार नीतिको आवधिक रूपमा गरिने समीक्षा एउटा महत्त्वपूर्ण

व्यवस्था हो भने अर्को सेवा व्यापार, व्यापारसम्बद्ध प्राविधिक अवरोधहरू र मानव तथा वनस्पति स्वास्थ्यसम्बन्धी विषयमा राष्ट्रिय सूचना केन्द्रहरू (National Inquiry Points) स्थापना गरी कुनै सदस्यले यस विषयमा कुनै सूचना पाउन माग गरेको खण्डमा विना कुनै हिचकिचाहट सम्बन्धित पक्षलाई सूचना उपलब्ध गराउनुपर्ने बाध्यात्मक व्यवस्था अर्को महत्त्वपूर्ण विषय हो ।

४. **विकासशील र अल्प विकसित सदस्यका लागि विशेष र पृथक् व्यवहार (Special & Differential Treatment for Developing and Least Developed Countries)**: विकासशील र अल्पविकसित सदस्यहरूका लागि विभिन्न सहुलियतपूर्ण व्यवस्था गरिनुपर्ने सङ्गठनको अर्को महत्त्वपूर्ण सिद्धान्त हो । विश्व व्यापार सङ्गठनमा झण्डै तीनचौथाइ सदस्यहरू विकासशील र अल्पविकसित समूहबाट छन् । तिनमा अल्प विकसित सदस्य देशहरूको संख्या ३३ रहेको छ । त्यस्तै संक्रमण अर्थतन्त्रबाट गुज्रिरहेका सदस्यहरूको संख्या पनि उल्लेखनीय छ । न्यून आर्थिक सामाजिक पूर्वाधार तथा संरचनात्मक कमजोरीका कारण विकासशील र त्यसमा पनि अल्प विकसित सदस्यहरू विश्व व्यापार सङ्गठनका कठोर नीति नियम र प्रतिबद्धताहरू तत्कालै पालना गर्नसक्ने स्थितिमा छैनन् भने उनीहरूको अहिले विश्व व्यापारमा हिस्सा पनि नगण्य छ । अतः त्यस्ता कमजोर सदस्यहरूलाई विश्व व्यापार प्रणालीमा उचित रूपमा आबद्ध गराउँदै उनीहरूको क्षमता विस्तारको लागि विभिन्न सहुलियत तथा आर्थिक प्राविधिक सहयोगको व्यवस्था सङ्गठन अन्तर्गत गरिएको छ । सम्झौता कार्यान्वयनका लागि अतिरिक्त समयको उपलब्धता, कतिपय सम्झौताहरूको पालनामा लचकता र विशेष छूट, व्यापारसम्बद्ध प्राविधिक सहायता (Trade Related Technical Assistance: TRTA), व्यापारको लागि सहयोग (Aid for Trade: AfT), Enhanced Integrated Framework (EIF), कमजोर सदस्यहरूको हितमा विश्व व्यापार सङ्गठन अन्तर्गत गरिएका केही महत्त्वपूर्ण व्यवस्थाहरू हुन् । यसै सिद्धान्तबाट निर्देशित भई हालका वर्षमा कतिपय विकसित तथा विकासशील सदस्यले अल्पविकसित देशका उत्पादनलाई कर तथा कोटा मुक्त बजार पहुँच (Duty Free Quota Free Market Access: DFQF) सुविधा प्रदान गर्ने नीति अख्तियार गरेका छन् । चालू दोहा विकास एजेन्डामा सहमति भएपछि विकासशील र अल्पविकसित सदस्यले थप सहुलियत तथा सुविधा पाउने सम्भावना छ ।

### १.४.९ सदस्यता प्राप्तिको प्रक्रिया र सदस्यताको प्रकार

विश्व व्यापार सङ्गठनमा कुनै पनि स्वतन्त्र मुलुक वा पृथक् भन्सार क्षेत्र (Separate Customs Territory) जो स्वतन्त्र र स्वायत्तरूपमा आफ्नो भूभागभित्र भन्सार महसुल लगायतका व्यापारसम्बद्ध नीति, नियम, शुल्क, मापदण्ड आदि लागू गर्न सक्छन्, सदस्य बन्नसक्ने प्रावधान छ । सङ्गठनमा दुई किसिमका सदस्य रहेका छन् । तत्कालीन ग्याटकै पालादेखि सदस्य रहँदै आएका र उरुग्वे चरणको वार्तामा समेत संलग्न रही विश्व व्यापार सङ्गठन स्थापना हुँदाको बखतमा स्थापनाकालीन सदस्यका रूपमा रहेका सदस्यहरूलाई पहिलो प्रकारको सदस्य (Original Member) को रूपमा चिनिन्छ । यस अन्तर्गत अधिकांश ग्याटका संविदाकारी सदस्यहरू लगायतका मुलुक छन् । दोस्रो प्रकृतिका सदस्य भनेको विश्व व्यापार सङ्गठनको स्थापना भएपछि सम्मिलन (Accession) को प्रक्रियाबाट सङ्गठनमा आबद्ध भएका सदस्यहरू हुन् । विश्व व्यापार सङ्गठन स्थापना गर्ने माराकेश सम्झौताको धारा १२ ले यससम्बन्धमा व्यवस्था गरेको छ । विश्व व्यापार सङ्गठन स्थापना हुँदा यसमा विभिन्न देश तथा स्वतन्त्र भन्सार क्षेत्र गरी कुल १२४ सदस्य रहेकोमा हाल यसमा वृद्धि भई सदस्यको संख्या १५५ पुगेको छ (१० मे, २०१२ सम्म) । यिनीहरूले विश्व व्यापारको करिब ९५ प्रतिशत हिस्सा ओगट्दछन् । झण्डै ३० वटा जति मुलुकहरू सम्मिलनको चरणमा रहेका छन् र यिनलाई हाल पर्यवेक्षकको हैसियत प्राप्त छ ।

कुनै पनि राष्ट्र वा स्वतन्त्र भन्सार क्षेत्रले सङ्गठनमा सदस्यता प्राप्तिको लागि औपचारिक निवेदन दिएपछि पर्यवेक्षकको हैसियत प्राप्त हुन्छ । पर्यवेक्षक भएको ५ वर्षभित्र सम्मिलन (Accession) को प्रक्रिया अघि बढाउनुपर्ने हुन्छ । यस क्रममा सदस्यताको लागि आवेदन गर्ने देशले आफ्नो मुलुकको व्यापारसम्बद्ध नीति, नियम, कार्यविधि, संस्थागत व्यवस्थालगायतका पक्षमा विस्तृत प्रतिवेदन (Memorandum of Foreign Trade Regime) विश्व व्यापार सङ्गठनको सचिवालयमा प्रस्तुत गर्नुपर्दछ । यसरी प्रस्तुत गरिएको प्रतिवेदन उपर विस्तृत अध्ययन तथा छानबिन गर्न सचिवालयबाट इच्छुक सदस्य राष्ट्रका प्रतिनिधि सम्मिलित एक कार्यदल (Working Party) गठन गरिन्छ । कार्यदलले सम्बन्धित देशसित छलफल परामर्श गरी सदस्यताको लागि शर्त तथा प्रतिबद्धताका विषयहरू तय गर्छ । यस क्रममा आवेदक राष्ट्रले आफूसँग व्यापारिक सरोकार र चासो राख्ने विभिन्न मुलुकसित विभिन्न चरणमा आवश्यकतानुसार दुईपक्षीय तथा बहुपक्षीय छलफल र परामर्श गरी सम्बन्धित देशको सरोकारका विषयलाई सम्बोधन गर्नुपर्ने हुन्छ । यसै बेला सदस्यता प्राप्तिको प्रक्रियामा रहेको मुलुकले अन्य सदस्यहरूलाई वस्तु तथा सेवा व्यापारको सन्दर्भमा दिनसक्ने सुविधाको प्रस्ताव (Offer) प्रस्तुत गर्ने कार्य गरिन्छ । तत्पश्चात् सोही प्रस्तावमा केन्द्रित भएर कुन वस्तुमा के कति भन्सार महसुल लगाउने, आयात निर्यात व्यापारमा के कस्ता कार्यविधि

अवलम्बन गर्ने, सेवा व्यापारमा के कस्ता शर्त तोक्ने, बौद्धिक सम्पत्तिको अधिकारको व्यापारका क्षेत्रमा के कस्ता नीति तय गर्ने लगायतका विषयमा आवेदक राष्ट्र र व्यापारिक साझेदार मुलुकहरूबीच छलफल, लेनदेन तथा सम्झौता हुन्छ । अन्तिम चरणमा सदस्यताका लागि आवेदन गर्ने राष्ट्रले भन्सार महसुल दर कटौती, बजार पहुँचजस्ता विषयमा द्विपक्षीय तथा बहुपक्षीय वार्तामा उठेका विषयहरूलाई पनि सम्बोधन हुने गरी वस्तु व्यापारको सन्दर्भमा अन्तिम रूपमा Schedule of Tariff Concessions र सेवा व्यापारको सन्दर्भमा Schedule of Specific Commitment पेश गर्नुपर्ने हुन्छ । यसरी विभिन्न चरणको वार्ता तथा छलफलपछि र व्यापारलाई प्रभावित गर्ने नीति नियममा सुधारको प्रतिबद्धता जाहेर गरेपछि कार्यदलले साधारण परिषद् (General Council) लाई सम्पूर्ण सत्यतथ्य विवरणसहित आफ्नो प्रतिवेदन पेश गर्छ । पेश भएको प्रतिवेदनको अध्ययनपछि साधारण परिषद् वा मन्त्रिस्तरीय सम्मेलनले सदस्यताका सम्बन्धमा अन्तिम निर्णय गर्छ । कुनै पनि नयाँ सदस्यलाई सदस्यता दिने विषय सङ्गठनका दुई तिहाई सदस्यबाट अनुमोदन हुन आवश्यक हुन्छ । यसरी सङ्गठनले दुई तिहाइ बहुमतबाट सदस्यता दिने निर्णय गरेपछि सोको जानकारी आवेदक राष्ट्रमा पठाइन्छ र आवेदक देशको व्यवस्थापिकाले सम्मिलनसम्बन्धी प्रोटोकललाई अनुमोदन गरी सोको जानकारी सङ्गठनमा पठाएको सामान्यतः ३० दिनपछि सम्मिलनको औपचारिकता पूरा भएको मानिन्छ । सदस्यता लिन इच्छुक राष्ट्रको आर्थिक विकास र व्यापारको अवस्था, प्रतिबद्धता पूरा गर्ने तत्परता र वार्ताको परिणामको आधारमा सदस्यता लिने प्रक्रिया लामो, छोटो हुनसक्छ । हालसम्मको अभ्यास हेर्दा न्यूनतम पाँच वर्षचाहिँ लागेकै देखिन्छ । सन् २००१ को दोहा मन्त्रिस्तरीय सम्मेलनपछि कम विकसित र विकासोन्मुख राष्ट्रको सम्मिलन प्रक्रियालाई केही सजिलो र शीघ्र बनाउन त्यस्ता देशहरूमाथि धेरै प्रतिबद्धताहरू नथोपर्ने समझदारी बनेको छ । यद्यपि यसको अक्षरशः कार्यान्वयनचाहिँ हुन बाँकी नै छ । साथै, सदस्य बन्न चाहने अल्पविकसित राष्ट्रलाई सदस्यता प्राप्तिको चरणमा सङ्गठनको सचिवालयबाट विभिन्न प्राविधिक सहयोग उपलब्ध हुने व्यवस्था छ ।

सङ्गठनमा आबद्ध भइसकेको कुनै पनि सदस्यले आफूले चाहेमा सदस्यता फिर्ता लिनसक्छ । यसको लागि सङ्गठनको सचिवालयमा लिखित सूचना दिएको ६ महिनापछि सदस्यता फिर्ता हुनसक्ने व्यवस्था माराकेश सम्झौताको धारा १५ ले गरेको छ । तर सङ्गठनको सत्र वर्षको इतिहासमा अहिलेसम्म कसैले सदस्यता फिर्ता लिएको घटना घटेको छैन ।

### १.५ विवाद समाधान प्रणाली

विश्व व्यापार सङ्गठनको एउटा महत्त्वपूर्ण विशेषता भनेको यस भित्रको प्रभावकारी विवाद समाधान प्रणाली हो । तत्कालीन ग्याट प्रणाली अन्तर्गतको विवाद समाधान प्रणाली अपेक्षाकृत

चुस्त, शीघ्र र प्रभावकारी हुन नसकेको कुराबाट पाठ सिक्दै उरुग्वे चरणको वार्तामा सदस्य राष्ट्रहरूबीच उत्पन्न व्यापारसम्बन्धी विवादलाई प्रभावकारी तवरले सल्ट्याउन यस प्रकारको संयन्त्र स्थापना गर्ने निर्णय भएको थियो । विश्व व्यापार सङ्गठनको विवाद निराकरण प्रणाली निकै चुस्त र प्रभावकारी मानिन्छ । हालसम्मका कुनै पनि अन्तर्राष्ट्रिय सङ्गठनमा व्यवस्था नभएको यस किसिमको विवाद निराकरण प्रणाली अन्तर्राष्ट्रियस्तरमै नवीन प्रयोग हो ।

विश्व व्यापार सङ्गठनमा सदस्य राष्ट्रहरूबीचको विवाद समाधान गर्न दुई तहको संयन्त्रको व्यवस्था गरिएको छ । प्यानल (Panel) र पुनरावेदन निकाय (Appellate Body) । प्यानेलमा ३ जना र पुनरावेदन निकायमा ७ जना सदस्यहरू हुन्छन् भने आवश्यकतानुसार विशेषज्ञहरूलाई आमन्त्रण गर्नसक्ने व्यवस्था छ । विवाद समाधानको प्रक्रिया सामान्यत: तीन चरणमा सम्पन्न हुन्छ । पहिलो चरणमा विवादित विषयमा सदस्यदेशहरूबीच आपसी छलफल, सहमति वा महानिर्देशकको प्रयासबाट समाधान खोज्ने प्रयास हुन्छ । यो सम्भव नभएमा दोस्रो चरणमा मुद्दा दायर भएको ६० दिनभित्र विवादमा तानिएका दुई सदस्यबीच आपसी सहमतिको लागि प्रयास हुन्छ । यसबाट समाधान हुन नसकेमा पीडित सदस्यको मागबमोजिम ४५ दिनभित्र विवाद समाधानका लागि इजलास (प्यानल) गठन हुन्छ । आरोपित पक्षले शुरुमा एक पटकका लागि प्यानल गठन गर्न रोक्का गर्नसक्छ तर दोस्रो पटकका लागि रोक्नसक्दैन । त्यसपछि प्यानलले ६ महिनाभित्र विवादित विषयको सत्यतथ्य निरूपण गरी आफ्नो प्रतिवेदन बुझाउँछ । प्रतिवेदन बुझाएको तीन हप्ताभित्र सम्बन्धित पक्षबाट पुनरावेदन नभएको खण्डमा प्रतिवेदनमा ठहर गरिएको कुरालाई विशेषज्ञ समितिले लागू गर्छ । तेस्रो चरणमा प्यानेलको प्रतिवेदनउपर तोकिएको म्यादभित्र पुनरावेदन परेकोमा त्यसरी पुनरावेदन परेको ६० दिनदेखि ९० दिनभित्र पुनरावेदन निकायले निर्णय गर्छ । त्यसैको आधारमा विवाद समाधान समितिले निर्णय दिन्छ । यसरी दिएको निर्णय अन्तिम हुन्छ र यस्तो निर्णय कार्यान्वयन गर्नु सम्बन्धित पक्षको दायित्व हुन्छ । पुनरावेदन निकायले निर्णय गरेको मितिले १५ महिनासम्म पनि निर्णय कार्यान्वयन नभएमा जित्ने पक्षले हार्ने पक्षको वस्तुको आयातमा थप भन्सार महसुल लगाएर वा प्रतिबन्ध वा परिमाणात्मक बन्देज लगाएर निर्णय कार्यान्वयनको लागि दबाब सिर्जना गर्नसक्छ । विवादसमाधान प्रणालीको कार्यविधि लगायतका विवाद निरूपणसम्बन्धी विषयमा माराकेश सम्झौताको अनुसूची-२ मा विस्तृत व्यवस्था समेटिएको छ । विश्व व्यापार सङ्गठनको दश वर्षको इतिहासमा ३०० भन्दा बढी व्यापारसम्बन्धी मुद्दा निरूपणका लागि विभिन्न सदस्यहरूले विवाद समाधान संयन्त्रमा ल्याउनुले पनि सङ्गठनको विवाद समाधान प्रणालीको प्रभावकारिता र सक्रियतालाई उजागर गर्दछ ।

## १.६ व्यापार नीति पुनरावलोकन

व्यापार नीति पुनरावलोकन विश्व व्यापार सङ्गठनले अङ्गीकार गरेको यौटा महत्त्वपूर्ण व्यवस्था हो । सङ्गठनका सदस्य राष्ट्रहरूको व्यापार नीति तथा अभ्यास (Trade Policies and Practices) को आवधिक रूपमा समीक्षा तथा पुनरावलोकन गरी तिनबाट द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय व्यापार सञ्चालनमा परेको प्रभावलाई आकलन, विश्लेषण गर्ने पद्धतिलाई सामान्यतः व्यापार नीति समीक्षा (TPR) भनिन्छ । यस्तो समीक्षा गर्नका लागि विश्व व्यापार सङ्गठनभित्र यौटा संयन्त्र (Trade Policy Review Mechanism: TPRM) को व्यवस्था रहेको छ। अहिले व्यापार नीति पुनरावलोकन संयन्त्र विश्व व्यापार सङ्गठनको यौटा अभिन्न अङ्ग (Integral Part) को रूपमा रहेको छ। विश्व व्यापार सङ्गठनको स्थापना गर्ने सम्बन्धी माराकेश सम्झौता, १९९४ को अनुसूची-३ ले यससम्बन्धी प्रावधानलाई समेटेको छ ।

व्यापार नीति समीक्षा (TPR) को मुख्य उद्देश्य सदस्य राष्ट्रहरूलाई बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत गरिएका नीतिगत प्रतिबद्धताहरू, यससम्बन्धी राष्ट्रिय कानूनी तथा नीति नियमहरूसम्बन्धी व्यवस्थालाई पारदर्शी बनाउन र अन्य प्रतिबद्धतालाई पालना तथा अवलम्बन गर्न सहयोग पुऱ्याउनु हो । यसले सदस्य राष्ट्रहरूको व्यापार नीति र अभ्यासलाई सदस्यहरूबीच बढी पारदर्शी र बोधगम्य मात्र बनाउन सहयोग पुऱ्याउँदैन बरु बहुपक्षीय व्यापार प्रणालीको कार्यान्वयनमा तिनको प्रभावको पनि अध्ययन गर्न सहयोग पुऱ्याउँछ । यो सदस्य राष्ट्रहरूले अवलम्बन गरेको व्यापार नीति तथा अभ्यासको एकमुष्ट परीक्षण र मूल्याङ्कन गर्ने पद्धति हो । यो समीक्षा कुनै सदस्य राष्ट्रलाई कुनै Specific Obligation पूरा गर्न बाध्य पार्ने वा नयाँ प्रतिबद्धताहरूलाई थोपर्ने भन्दा उक्त राष्ट्रको व्यापार प्रणालीलाई आगामी दिनमा थप उदार, पारदर्शी र नियममा आधारित बनाउन गरिनुपर्ने सुधारतर्फ उन्मुख हुन्छ । यो सदस्य राष्ट्रहरूलाई आफूले अवलम्बन गरेका नीतिहरूको समय-समयमा आत्मसमीक्षा (Self Examination/Self Introspection) गर्न सिद्धान्ततः उत्प्रेरित गर्ने विश्व व्यापार सङ्गठनभित्रको एउटा प्रावधान हो ।

सदस्य राष्ट्रका व्यापार नीतिहरूको समीक्षा र पुनरावलोकन गर्नुपर्ने समय र आवृत्ति विश्व व्यापारमा ती राष्ट्रहरूको अंश/हिस्सा के कति छ, त्यस आधारमा निर्धारण गरिन्छ । त्यस आधारमा सदस्यहरूलाई ३ वटा समूहमा वर्गीकरण गरिएको छ । पहिलो समूहमा विश्व व्यापारमा ठूला हिस्सा ओगटेका देशहरू जस्तै- युरोपियन युनियन, अमेरिका, जापान, चीन, क्यानाडा आदि आउँछन् । यिनीहरूले प्रत्येक दुई वर्षमा व्यापार नीति समीक्षा गर्नुपर्ने व्यवस्था छ। दोस्रो समूहमा पहिलो समूहमा नपर्ने १६ वटा सदस्यहरू जस्तै हङ्कङ्ग, सिंगापुर, स्विट्जरल्याण्ड, मलेशिया आदि आउँछन् । यिनीहरूले प्रत्येक चार वर्षमा व्यापार नीति

समीक्षा गर्नुपर्ने व्यवस्था छ। तेस्रो वर्गमा न्यून आय समूहका अल्प विकसित र संक्रमणकालीन अर्थतन्त्रबाट गुज्रिरहेका नेपाल लगायतका पूर्वी युरोप, दक्षिण एशिया तथा अफ्रिकी महादेशका सदस्यहरू पर्दछन् । यिनीहरूलाई प्रत्येक ६-६ वर्षको अन्तरालमा व्यापार नीति समीक्षा गर्नुपर्ने गरी केही समयको छूट दिइएको छ। यसमा पनि अल्प विकसित राष्ट्रहरूले चाहेमा आ-आफ्नो क्षमता र आवश्यकतानुसार केही समय थप माग गर्न सक्छन् ।

व्यापार नीति समीक्षाको लागि विश्व व्यापार सङ्गठन सचिवालयले Trade Policy Review Body (TPRB) गठन गर्दछ। सदस्यहरूको व्यापार नीतिहरूको समीक्षा गर्ने कार्य विभिन्न चरणमा गरेर सम्पन्न हुन्छ। यस क्रममा दुईवटा प्रतिवेदन तयार गरिन्छन्। एउटा सचिवालयबाट र अर्को सम्बन्धित देशको सरकारको तर्फबाट । सचिवालयले सम्बन्धित सदस्यको समष्टिगत आर्थिक तथा संरचनात्मक नीतिहरूलाई अध्ययन विश्लेषण गरी प्रतिवेदन (Report) तयार गर्दछ । सदस्य देशले तयार गर्ने प्रतिवेदनमा अवलम्बन गरिएका व्यापार नीतिका प्रमुख उद्देश्यहरू, आगामी कार्यदिशा, वर्तमान प्रवृत्ति र व्यापारका सम्बन्धमा अन्तर्राष्ट्रिय बजारमा भोग्नुपरेका समस्याजस्ता विषयलाई समेट्ने गरिन्छ। यो प्रतिवेदन सामान्यतः १० देखि ३० पृष्ठको हुनुपर्दछ। यसरी सचिवालय तथा सदस्य देश दुवैबाट तयार भएको प्रतिवेदन विश्व व्यापार सङ्गठन अन्तर्गत व्यापार नीति समीक्षा संयन्त्रको बैठकमा सदस्य राष्ट्रको मन्त्री वा उच्च प्रतिनिधिले पेश गर्ने पद्धति छ । यस्तो प्रतिवेदनमा सदस्य राष्ट्रहरूबाट उठाइएको जिज्ञासाको समाधान सम्बन्धित देशका प्रतिनिधिहरूले गर्नुपर्दछ । समीक्षा बैठकमा अन्य सदस्यले दिएका उपयुक्त सुझाव तथा प्रतिवेदनमा सुधार गर्न औंल्याइएका विषयहरूको कार्यान्वयन सम्बन्धित सदस्य राष्ट्रले गर्नुपर्दछ र यसको अनुगमन मूल्याङ्कन सचिवालयको Trade Policy Review Body (TPRB) ले गर्दछ। प्रत्येक सदस्यले नियमित रूपमा व्यापार नीति तथा अभ्यासका बारेमा भए गरेका मुख्य सुधार तथा परिवर्तनबारे TPRB लाई नियमित रूपमा जानकारी (Reporting) गराउनुपर्ने व्यवस्था छ। समीक्षा तथा पुनरावलोकन देहायका चरणहरू पूरा गरेर सम्पन्न गरिन्छ :

- सूचना सङ्कलन र तुलना
- सदस्य देशको राजधानीको भ्रमण
- प्रतिवेदनको अन्तिम तयारी
- समीक्षा बैठकको आयोजना र छलफल
- प्रतिवेदन प्रकाशन र वितरण

नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिएपछि पहिलोपल्ट सन् २०१२ को मार्चमा व्यापार नीति पुनरावलोकन कार्य सम्पन्न गरेको थियो ।

### १.७ मन्त्रिस्तरीय सम्मेलनहरू

मन्त्रिस्तरीय सम्मेलन विश्व व्यापार सङ्गठनको सबैभन्दा उच्चस्तरीय संयन्त्र हो । यसको बैठक सामान्यतः प्रत्येक दुई वर्षमा बस्नुपर्ने व्यवस्था छ। बहुपक्षीय व्यापारप्रणाली अन्तर्गतका सम्झौताहरूको साधारण परिषद्मार्फत कार्यान्वयनको प्रत्याभूति गर्ने, आवश्यक विषयमा निर्णय गर्ने, कुनै सम्झौता वा समझदारीलाई स्पष्ट गर्न आवश्यक परेमा त्यसलाई स्पष्ट व्याख्या गर्ने, व्यापारका नयाँ सम्झौताहरू अनुमोदन गर्ने, नयाँ सदस्यलाई सङ्गठनमा प्रवेश दिने लगायतका महत्त्वपूर्ण विषयमा निर्णय लिने जस्ता काम मन्त्रिस्तरीय सम्मेलनले गर्दछ। मन्त्रिस्तरीय सम्मेलनले बहुपक्षीय व्यापार प्रणालीअन्तर्गतका कुनै पनि सम्झौताका सम्बन्धमा आवश्यक निर्णय गर्ने तथा कुनै सदस्य राष्ट्रले निर्वाह गर्नुपर्ने दायित्वलाई छूट (Waiver) दिनसक्ने सम्मको हैसियत राख्दछ । विश्व व्यापार सङ्गठनको स्थापना भएपछि हालसम्म विभिन्न स्थानमा गरी आठवटा मन्त्रिस्तरीय सम्मेलन सम्पन्न भएका छन् । मन्त्रिस्तरीय सम्मेलनले गरेका निर्णयहरूको दूरगामी र विश्वव्यापी प्रभाव सिर्जना हुने हुँदा अन्तर्राष्ट्रिय आर्थिक जगत्मा मन्त्रिस्तरीय बैठकलाई निकै महत्त्वका साथ हेर्ने गरिन्छ। हालसम्म सम्पन्न मन्त्रिस्तरीय बैठकको संक्षिप्त चर्चा तल गरिएको छ।

**१.७.१ पहिलो मन्त्रिस्तरीय सम्मेलन** विश्व व्यापार सङ्गठनको पहिलो मन्त्रिस्तरीय सम्मेलन ९-१३ डिसेम्बर, १९९६ मा सिङ्गापुरमा सम्पन्न भयो । सम्मेलनको अन्त्यमा सदस्य देशका मन्त्रीहरूले 'सिङ्गापुर घोषणापत्र' लाई पारित गर्दै अन्तर्राष्ट्रिय व्यापार सञ्चालनमा विश्व व्यापार सङ्गठनका सम्झौता र नियमहरूलाई पालना गर्ने प्रतिबद्धता जाहेर गरेका थिए । सम्मेलनले चारवटा महत्त्वपूर्ण विषयमा विस्तृत वार्ता शुरु गर्ने निर्णय पनि गरेको थियो । सिङ्गापुर मुद्दाहरू (Singapore Issues) का रूपमा परिचित यी विषयहरू हुन्- व्यापार र लगानी, व्यापार र प्रतिस्पर्धा नीति, व्यापार सहजीकरण र सार्वजनिक खरिदमा पारदर्शिता । सम्मेलनले सङ्गठनमा आबद्ध अल्प विकसित सदस्यहरूको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसित एकीकृत हुन सघाउ पुऱ्याउने उद्देश्यले विभिन्न दातृनिकायको सहयोगमा विस्तृत र एकीकृत कार्ययोजना सञ्चालन गर्ने निर्णय पनि गरेको थियो। तदनुसार सन् १९९७ देखि अल्पविकसित सदस्यहरूलाई सहयोग गर्ने उद्देश्यले विभिन्न ६ वटा अन्तरसरकारी निकायहरूको तत्परतामा Integrated Framework (IF) कार्यक्रम कार्यान्वनमा आयो । सिङ्गापुर सम्मेलनमा भाग लिने कतिपय राष्ट्रले सूचना प्रविधि उत्पादनको व्यापारसम्बन्धी विषयमा अनेकपक्षीय सम्झौतालाई कार्यान्वयन गर्ने घोषणा पनि गरे ।

**१.७.२ दोस्रो मन्त्रिस्तरीय सम्मेलन** विश्व व्यापार सङ्गठनको दोस्रो मन्त्रिस्तरीय सम्मेलन १८-२० मे, १९९८ मा जेनेभामा सम्पन्न भयो। सम्मेलनको अन्त्यमा सदस्य देशका मन्त्रीहरूले

'जेनेभा घोषणापत्र' लाई पारित गर्दै नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीको महत्त्व र सान्दर्भिकतालाई पुनः पुष्टि गर्ने काम गरे । सो सम्मेलनमा ग्याट सम्झौता कार्यान्वयनमा आएको पचास वर्ष पूरा भएको उपलक्ष्यमा ग्याटको ५० औँ वर्षगाँठ मनाउने कार्य पनि भयो । सिङ्गापुर घोषणाप्रति प्रतिबद्धता जाहेर गर्दै सिङ्गापुर मुद्दालाई चाँडै टुङ्गो लगाउने निर्णय पनि भयो । सम्मेलनमा विश्व इलेक्ट्रोनिक व्यापारसम्बन्धी घोषणापत्र जारी गर्दै इलेक्ट्रोनिक कारोवारमा भन्सार नलगाउने साविकको अभ्यासलाई निरन्तरता दिने निर्णय पनि गरियो ।

**१.७.३ तेस्रो मन्त्रिस्तरीय सम्मेलन** विश्व व्यापार सङ्गठनको तेस्रो मन्त्रिस्तरीय सम्मेलन ३० नोभेम्बर-३ डिसेम्बर, १९९९ मा अमेरिकाको सियाटलमा आयोजना गरिएको थियो । विभिन्न सदस्यहरू र अन्तर्राष्ट्रिय नागरिक समाजको व्यापक विरोध र प्रस्तावित कार्यसूचीमाथि ऐकमत्य कायम हुन नसक्दा सियाटल मन्त्रिस्तरीय सम्मेलन कुनै औपचारिक निर्णय र घोषणा नै नगरी समाप्त भयो । विश्व व्यापार सङ्गठनको इतिहासमा यो सम्मेलनलाई असफल बैठकका रूपमा समेत लिइन्छ ।

**१.७.४ चौथो मन्त्रिस्तरीय सम्मेलन** विश्व व्यापार सङ्गठनको चौथौ मन्त्रिस्तरीय सम्मेलन ९-१४ नोभेम्बर, २००१ मा कतारको राजधानी दोहामा सम्पन्न भयो । सङ्गठनको इतिहासमै महत्त्वपूर्ण बैठकका रूपमा रहेको यस सम्मेलनले अल्प विकसित राष्ट्रहरू विश्व अर्थतन्त्रमा सशक्त रूपमा आबद्ध हुन नसकिरहेको पृष्ठभूमिमा विश्वका गरिब जनता र मुलुकलाई विश्व व्यापारको मूल प्रवाहमा नल्याई विश्वको शान्ति, सुरक्षा र आर्थिक समुन्नति सुनिश्चित गर्न कठिन पर्ने कुरालाई हृदयङ्गम गरी दोहा विकास एजेन्डा (Doha Development Agenda: DDA) मा छलफल अघि बढाउने निर्णय गऱ्यो । विश्व व्यापार सङ्गठन स्थापना भएपछि बहुपक्षीय व्यापारका विभिन्न पक्षमा नयाँ चरणको पहिलो विस्तृत सम्झौता वार्ता शुरु गर्ने उद्घोष पनि यसै सम्मेलनले गऱ्यो । जसमा कृषिदेखि लिएर सेवा व्यापार सम्झौतामा व्यापक सुधार गर्ने र सङ्गठनमा आबद्ध विकासशील तथा अल्प विकसित देशहरूलाई विशेष सहुलियत तथा छूटहरू प्रदान गर्ने सम्मका विषयहरू समाविष्ट छन् । दोहा विकास एजेन्डा अन्तर्गत मुख्यतः २१ वटा विषयहरू छलफलको सूचीमा छन् । सम्मेलनले व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता र सार्वजनिक स्वास्थ्यसम्बन्धी मन्त्रिस्तरीय घोषणालाई पारित गऱ्यो । जसले गर्दा सदस्य देशका सरकारहरूलाई आम नागरिकहरूको स्वास्थ्य सुविधा निर्बाध उपभोग गर्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्ने सन्दर्भमा सार्वजनिक स्वास्थ्यसित सम्बन्धित विषयमा आपत्कालीन अवस्थामा सस्तो मूल्यमा जुनसुकै मुलुकबाट औषधीहरू आयात गर्न सकिने 'Parallel Import' र आपत्कालीन अवस्थामा कुनै पेटेन्ट धारक औषधी उत्पादक कम्पनीको स्वीकृति नलिई पनि आफ्नो मुलुकभित्र

सो औषधीको उत्पादन गर्न कुनै कम्पनीलाई छूट दिनसक्ने 'Compulsory Licensing' जस्ता उपायहरू अवलम्बन गर्न ट्रिप्स सम्झौताले नरोक्ने कुराको सुनिश्चितता हुन पुग्यो । सम्मेलनले सङ्गठनको विभिन्न सम्झौता र अनुसूचीमा रहेका प्रावधानहरूको कार्यान्वयनमा सदस्यहरूले भोग्नुपरेका कठिनाइहरूलाई हटाउने सम्बन्धमा पनि महत्त्वपूर्ण निर्णय गरेको थियो । सम्मेलनले युरोपेली युनियन र अफ्रिका, क्यारेबियन र प्रशान्त क्षेत्रका सदस्यहरूबीच भएको साझेदारी सम्झौता (EU-ACP Partnership Agreement) लाई निरन्तरता दिने गरी सम्झौता पालनामा छूट दिने निर्णयलाई समेत पारित गर्‍यो । जसले गर्दा युरोपेली संघका सदस्यहरूले ती देशको उत्पादनलाई डिसेम्बर ३१, २००७ सम्म सौविध्यपूर्ण बजार पहुँच सुविधा दिने व्यवस्था कायम रह्यो । सम्मेलनले महत्त्वका साथ अघि उठाएको दोहा विकास एजेन्डा, त्यसपछिका मन्त्रिस्तरीय सम्मेलन लगायतका बैठकहरूमा ठूलो बहसको विषय बन्दै आएका छन् । कतिपय विषयमा सहमति भए पनि केही महत्त्वपूर्ण र पेचिला प्रश्नमा विकसित, विकासशील र अल्प विकसित सदस्यहरूबीच सहमति हुन नसक्दा २००५ को जनवरी १ भित्र टुंग्याई सक्ने भनिएको दोहा विकास एजेन्डा अझै पारित हुन सकेको छैन । एक दशकभन्दा बढी अवधि विश्वस्तरमा छलफलमा रहेको यो एजेन्डा विश्व व्यापारकै इतिहासमा सबैभन्दा लामो सम्झौता वार्ताका रूपमा रहेको छ ।

**१.७.५ पाँचौ मन्त्रिस्तरीय सम्मेलन :** विश्व व्यापार सङ्गठनको पाँचौ मन्त्रिस्तरीय सम्मेलन १०-१४ सेप्टेम्बर, २००३ मा मेक्सिकोको क्यानकुनमा सम्पन्न भयो । नेपाल र कम्बोडियालाई सङ्गठनको सदस्यता दिने निर्णय यसै सम्मेलनबाट भएको थियो । यस सम्मेलनको मुख्य उद्देश्य दोहा विकास एजेन्डामा भएको प्रगतिको समीक्षा गर्ने थियो । सम्मेलनको अन्त्यमा सदस्य देशहरूले दोहा विकास एजेन्डालाई समयमै टुंग्याउने विषयमा प्रतिबद्धता जाहेर गर्दै एक वक्तव्य जारी गरेका थिए । तर सो एजेन्डाअन्तर्गत रहेका केही पेचिला विषय खासगरी कृषि सम्झौतामा के कसरी अघि बढ्ने भन्ने विषयमा सदस्यहरूबीच एक मत हुन नसक्दा यो सम्मेलनबाट कुनै ठोस निर्णय हुन सकेन । साथै, सदस्यहरू सिङ्गापुर मुद्दाका सम्बन्धमा पनि कुनै निर्णयमा पुग्न सकेनन् ।

**१.७.६ छैटौं मन्त्रिस्तरीय सम्मेलन :** विश्व व्यापार सङ्गठनको छैटौं मन्त्रिस्तरीय सम्मेलन १३-१८ डिसेम्बर, २००५ मा चीनको हङ्कङ्गमा सम्पन्न भयो । यस सम्मेलनको मुख्य उद्देश्य सन् २००१ मा शुरु गरिएको दोहा विकास एजेन्डालाई चाँडै पारित गर्ने सम्बन्धमा सदस्यहरूले उठाएका प्रश्न र राखेका सरोकारका विषयहरूलाई सुल्ट्याउनु थियो । यस सम्मेलनको अन्त्यमा मन्त्रिस्तरीय घोषणा जारी गरिएको थियो जसले १ अगष्ट, सन् २००४ को साधारण परिषद्को निर्णय (जुलाई प्याकेज) लाई अनुमोदन गर्‍यो । उक्त घोषणापत्रमा

कृषि क्षेत्र, गैर कृषि क्षेत्र, सेवा क्षेत्र, बौद्धिक सम्पत्ति, वातावरण, व्यापार सहजीकरण, अति कम विकसित सदस्यहरूको लागि विशेष तथा फरक व्यवहारलगायत २० वटाभन्दा बढी विविध विषयहरू समेटिएका थिए । सम्मेलनले क्यानकुन सम्मेलनमा निर्णय हुन नसकेको सिङ्गापुर मुद्दाहरूमध्ये व्यापार सहजीकरण एउटा मुद्दालाई मात्र सम्झौतामा समावेश गरी बाँकी मुद्दाहरूलाई सम्झौताको सूचीबाट हटाई नयाँ चरणबाट सम्झौता वार्ता शुरु गर्ने गरी अघि बढ्ने पनि निधो गऱ्यो । हङ्कङ्ग सम्मेलनले सन् २००६ भित्रै दोहा विकास एजेन्डालाई सम्पन्न गर्ने कुरा पनि तय गऱ्यो ।

सम्मेलनमा विकसित राष्ट्रहरूले कृषिजन्य वस्तुको निर्यातमा दिँदै आएको अनुदानलाई सन् २०१३ सम्म पूर्णतया हटाउनुपर्ने र कपासमा दिँदै आएको निर्यात अनुदानचाहिँ सन् २००६ सम्ममा हटाई सक्नुपर्ने निर्णय पनि भयो । अल्प विकसित राष्ट्रको कपासलाई विकसित देशमा भन्सार तथा परिमाणात्मक बन्देज मुक्त बजार पहुँच सुविधा दिने, सबै ३२ वटै अल्प विकसित राष्ट्रको कृषि तथा गैर कृषिजन्य वस्तुहरूमा कम्तीमा ट्यारिफ लाइनको ९७ प्रतिशत वस्तुलाई विकसित देशहरूको बजारमा भन्सार तथा कोटारहित बजार पहुँचको सुविधा (Duty Free Quota Free Market Access: DFQF ) दिने, अति कम विकसित सदस्य राष्ट्रहरूमा उत्पादित वस्तुहरूको निर्यातको लागि सरलीकृत र पारदर्शी उत्पत्तिको नियम लागू गर्ने लगायतका निर्णय भएको थियो । सम्मेलनले अति कम विकसित सदस्यहरूले बौद्धिक सम्पत्ति अधिकारको सम्झौता पूर्णरूपले कार्यान्वयनमा ल्याउनुपर्ने अवधि सन् २०१३ को जुन महिनाको अन्त्यसम्म थप गर्ने निर्णयलाई पनि अनुमोदन गऱ्यो । अति कम विकसित सदस्य राष्ट्रको व्यापार क्षमता विकासका लागि कार्यान्वयनमा रहेको Integrated Framework (IF) लाई पनि थप स्रोत जुटाई Enhanced Integrated Framework (EIF) का रूपमा पुनः संरचना गरी सशक्त तुल्याउने र यसबाट अति कम विकसित सदस्य देशको संस्थागत क्षमता सुदृढीकरण, निर्यात विस्तार र निजी क्षेत्रको विकासमा सहयोग पुऱ्याउन अझ प्रभावकारी कार्यक्रमहरू कार्यान्वयनमा उतार्ने निर्णय पनि सम्मेलनले गऱ्यो । यसका साथै अति कम विकसित सदस्यहरूको व्यापार पूर्वाधार तथा क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउन व्यापारको लागि सहयोग (Aid for Trade) लाई कार्यान्वयनमा ल्याउने निर्णय पनि छैटौँ मन्त्रिस्तरीय सम्मेलनबाट भयो ।

**१.७.७ सातौँ मन्त्रिस्तरीय सम्मेलन :** विश्व व्यापार सङ्गठनको सातौँ मन्त्रिस्तरीय सम्मेलन ३० नोभेम्बर-२ डिसेम्बर, २००९ मा जेनेभामा सम्पन्न भयो । यस सम्मेलनसम्म आइपुग्दा पनि दोहा राउण्डको सम्झौता नटुङ्गिसकेकोले यस सम्मेलनमा कुनै महत्त्वपूर्ण विषयमा निर्णय हुने अपेक्षा थिएन । फलतः यस सम्मेलनमा मुख्यतः दोहा राउण्डलाई चाँडै सम्पन्न गर्ने

बारेमा छलफल केन्द्रित भएको थियो । साथै, विश्व व्यापार सङ्गठनभित्रका विभिन्न पक्षहरू जस्तै विवाद समाधान संयन्त्र, सम्मिलन प्रक्रिया, व्यापारको लागि विकास र व्यापारसम्बद्ध प्राविधिक सहायता आदिलाई के कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा छलफल भएको थियो । सम्मेलनका दौरान व्यापारसम्बद्ध विभिन्न विषयमा कार्यसत्रहरू (वर्किङ्ग सेसन) चलेका थिए ।

**१.७.८ आठौँ मन्त्रिस्तरीय सम्मेलन :** विश्व व्यापार सङ्गठनको आठौँ मन्त्रिस्तरीय सम्मेलन १५-१७ डिसेम्बर, २०११ मा जेनेभामा सम्पन्न भयो । सो सम्मेलनमा बहुपक्षीय व्यापार प्रणालीको महत्त्व र विश्व व्यापार सङ्गठन, व्यापार र विकास तथा दोहा विकास एजेन्डा गरी तीनवटा विषयमा वर्किङ्ग सेसन चलेका थिए । सम्मेलनले रसिया, समोआ, भानुआटु र मोन्टेनिग्रोलाई सङ्गठनको सदस्यता प्रदान गर्ने कुरालाई अनुमोदन गरेको थियो । सम्मेलनमा कम विकसित देशका सेवा व्यापार क्षेत्रका सेवा प्रदायकहरूलाई सौविध्यपूर्ण व्यवहार गर्न आगामी १५ वर्षसम्म छूट दिने विषयमा सहमति भएको थियो । सम्मेलनमा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताका विभिन्न पक्षहरू, विद्युतीय व्यापार, खाद्य सुरक्षा, सार्वजनिक खरिद सम्झौता र व्यापार अनुगमन लगायतका विषयहरूमा समेत छलफल भएको थियो । यस सम्मेलनले दोहा विकास एजेण्डालगायत विश्व व्यापार सङ्गठनमा विचाराधीन अन्य थुप्रै मुद्दाहरू (Issues) का बारेमा कुनै महत्त्वपूर्ण निर्णय लिन सकेन । अति कम विकसित राष्ट्र (LDCs) को सदस्यता प्राप्ति प्रक्रियामा सरलीकरण गर्ने लगायतका सामान्य विषयमा निर्णय लिन चाहिँ सम्मेलन सफल रह्यो ।

विश्व व्यापार सङ्गठनको नवौँ मन्त्रिस्तरीय सम्मेलन इण्डोनेशियाको बालीमा सन् २०१३ को डिसेम्बरको पहिलो हप्तामा आयोजना हुने भएको छ ।

# परिच्छेद-२

# विश्व व्यापार सङ्गठन अन्तर्गतका प्रमुख सम्झौताहरू

विश्व व्यापार सङ्गठन अन्तर्गतका प्रमुख सम्झौताहरूलाई मुख्य रूपमा तीन भागमा वर्गीकरण गर्न सकिन्छ :-

(क) वस्तु व्यापार अन्तर्गतका प्रमुख सम्झौताहरू
(ख) सेवा व्यापारसम्बन्धी सम्झौताहरू
(ग) व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता

## २.१ वस्तु व्यापार अन्तर्गतका प्रमुख सम्झौताहरू

विश्व व्यापार सङ्गठनअन्तर्गत वस्तु व्यापारको नियमन भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौता, १९९४ (General Agreement on Tariffs and Trade : GATT, 1994) अन्तर्गत हुने गरेको छ । यद्यपि वस्तु व्यापारलाई अन्तर्राष्ट्रिय स्तरमा नियमन गर्न सन् १९४८ देखि नै ग्याट-१९४७ कार्यान्वयनमा रहेको थियो । ग्याटको आठौं चरणको वार्तापछि ग्याट-१९४७ मा आवश्यक परिशोधन, संशोधन र हेरफेरसहित ग्याट-१९९४ जारी गरिएको हो । अहिले ग्याट-१९९४ अन्तर्गत मुख्यतः चारवटा दस्तावेज समाविष्ट छन्- ग्याट-१९४७ का प्रावधानहरू, विश्व व्यापार सङ्गठन स्थापना हुनुपूर्व ग्याट-१९४७ अन्तर्गत कार्यान्वयनमा आएका कानूनी उपायहरूसम्बन्धी प्रावधान, उरुग्वे चरणको वार्तामा अङ्गीकार गरिएका ग्याटका विभिन्न धाराहरूको व्याख्यासम्बन्धी समझदारीहरू र ग्याट-१९९४ सम्बन्धी माराकेश प्रोटोकल । वस्तु व्यापारसम्बन्धी सम्झौताहरूले वस्तु व्यापारक्षेत्रसँग सम्बन्धित विभिन्न विषयलाई समेटेका छन् । यस अन्तर्गत खासगरी भन्सार मूल्याङ्कन, कृषि, मानव, पशु र वनस्पति स्वास्थ्य, व्यापारका प्राविधिक अवरोधहरू, वस्त्र तथा पोशाक, व्यापारसँग सम्बन्धित लगानी उपाय, निकासीपूर्व निरीक्षण, उत्पत्तिका नियमहरू, आयात इजाजतपत्रसम्बन्धी प्रक्रिया, सहुलियत तथा काउन्टरभेलिङ्ग उपायहरू, एन्टिडम्पिङ्ग र अन्य विभिन्न सुरक्षा उपायहरूसम्बन्धी सम्झौता समाविष्ट छन् । वस्तु व्यापारसम्बद्ध केही प्रमुख सम्झौताहरूको संक्षिप्त चर्चा तल गरिएको छ ।

### २.१.१ भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौता ( Customs Valuation Agreement)

यो सम्झौता विश्व व्यापार सङ्गठनको वस्तु व्यापार अन्तर्गतको एउटा महत्त्वपूर्ण सम्झौताको रूपमा रहेको छ । यस सम्झौताअनुसार विश्व व्यापार सङ्गठनका सदस्य राष्ट्रहरूले भन्सार महसुलको माध्यमबाट मात्र राष्ट्रिय उद्योगलाई संरक्षण प्रदान गर्न सक्छन् । यस सम्झौताले

अन्य अनुदान, संरक्षणात्मक उपायहरू र आयातको परिमाणात्मक बन्देजलाई मान्यता दिएको छैन । तर भुक्तानी सन्तुलन र विदेशी मुद्रा सञ्चितिजस्ता विषयमा गम्भीर समस्या उत्पन्न भएमा आर्थिक उपाय तथा परिमाणात्मक बन्देजलगायतका अन्य उपायहरूसमेत अवलम्बन गर्न सकिने व्यवस्था रहेको छ ।

यसलाई कानूनी रूपमा भन्सार महसुल र व्यापारसम्बन्धी सामान्य सम्झौता, १९९४ को दफा ७ को कार्यान्वयन गर्ने सम्झौताको रूपमा लिइन्छ । यो भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौताले भन्सार अधिकृतले भन्सार महसुलको निर्धारण गर्दा आयातकले तिरेको वास्तविक कारोवार मूल्य (Transaction Value) मा मात्र भन्सार लगाउनु पर्दछ भन्ने कुरामा जोड दिन्छ । यस सम्झौताले भन्सार अधिकारीको भन्सार मूल्याङ्कनका लागि प्रयोग गर्ने स्वविवेकीय अधिकारलाई सीमित गरेको छ । साथै, भन्सार मूल्याङ्कनका लागि विभिन्न प्रक्रियाहरूलाई आधार बनाएको छ । यो सम्झौताले भन्सार अधिकृतलाई कुनै आयातकर्ताले प्रस्तुत गरेको बिजक मूल्य चित्त नबुझेमा पर्याप्त आधारसहित पुनर्मूल्याङ्कन गर्ने अधिकार दिएको छ । भन्सार अधिकृतले पुनर्मूल्याङ्कन गर्दा केही निश्चित मूल्याङ्कनका आधारलाई अवलम्बन गर्दै क्रमशः एक पछि अर्को प्रक्रियाहरू लागू गर्नुपर्ने कानूनी बाध्यताको पनि व्यवस्था गरेको छ ।

**भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौताका मुख्य विशेषताहरू :**

- यो GATT Article VII को पूर्ण कार्यान्वयनको सम्झौता हो ।
- यसले भन्सार मूल्याङ्कनमा व्यावसायिक सरलता र समानताको सिद्धान्तलाई प्रश्रय दिएको छ ।
- मूल्याङ्कनका क्रममा भन्सार अधिकृतले आयातकर्तासँग प्रत्येक तहमा सम्पर्कमा रहनुपर्ने व्यवस्था गरेको छ ।
- भन्सार अधिकृतको भन्सार मूल्याङ्कनको स्वविवेकीय अधिकारलाई सीमित गरेको छ ।
- आयातकर्ताको गोपनीयताको अधिकारलाई संरक्षण प्रदान गरेको छ ।
- आयातकर्तालाई भन्सार मूल्याङ्कनमा चित्त नबुझेमा पुनरावेदनको व्यवस्था छ ।

यसक्रममा भन्सार मूल्याङ्कनका लागि तोकिएका आधारहरूमा भन्सार अधिकारीले आयातकर्ताको कारोवार मूल्यलाई मान्यता दिनुपर्ने वा नयाँ मूल्य निर्धारण गर्नुपर्ने हुन्छ । यदि कारोवार मूल्यलाई स्वीकार गर्न नसकिएको अवस्थामा क्रमशः समान वस्तुको कारोवार मूल्य वा उस्तै प्रकृतिको वस्तुको कारोवार मूल्य वा डिडक्टिभ मूल्य (त्यस्तै प्रकृतिको वस्तुको स्थानीय बजारको बिक्री मूल्यमा नाफा, कर, भन्सार तथा अन्य नियमअनुसारको दस्तुरहरूलाई घटाई

बाँकी रहन आउने मूल्य), वा कम्प्युटेड मूल्य (त्यस्तै प्रकृतिको वस्तुको उत्पादनमूल्यमा नाफा, कर, भन्सार तथा अन्य नियमअनुसारको दस्तुरहरूलाई जोडी कायम हुन आउने मूल्य) लाई  भन्सार मूल्याङ्कन निर्धारणको लागि मूल्य कायम गर्न सक्दछ । यदि यो आधारबाट पनि कुनै वस्तुको भन्सार मूल्याङ्कन गर्न नसकिएमा यो सम्झौताले केही निश्चित आधारहरू र प्रक्रियाहरू (फल ब्याक मेथड) अवलम्बन गरी भन्सार अधिकृतलाई सीमित स्वविवेकीय अधिकारको प्रयोग गरी  वस्तुको भन्सार मूल्याङ्कन गर्न सकिने छूट दिएको छ ।

### २.१.२ कृषिसम्बन्धी सम्झौता (Agreement on Agriculture)

कृषिसम्बन्धी सम्झौता उरुग्वे चरणको वार्ताका दौरानमा सम्पन्न भएको थियो । यस सम्झौताले कृषि क्षेत्रमा समसामयिक सुधार गरी स्वच्छ कृषि व्यापारलाई बढावा दिने कुरामा विश्वास राख्दछ । यस उद्देश्यका लागि सम्झौताले केही शर्त एवं सीमाहरूको निर्धारण समेत गरेको छ । कृषिजन्य व्यापारिक वस्तुको भन्सारीकरण र कृषिमा प्रदान गरिने अनुदान एवं सहुलियतलाई नियमसम्मत रूपमा मात्र प्रदान गर्न सकिने प्रावधानहरूका कारणहरूले गर्दा कृषि व्यापारको स्वच्छ विकास हुनसक्दछ भन्ने सम्झौताको मान्यता रहेको छ । यस सम्झौताले कृषिजन्य सबै उत्पादनहरूको भन्सार निर्धारण गर्नुपर्ने तथा आवश्यक मात्रामा कृषि वस्तुको विकासका लागि अनुदान दिन सकिने सरकारको अधिकारलाई समेत कायमै राखेको छ । सम्झौताअनुसार नेपालजस्तो कम विकसित मुलुकलाई यस सम्झौताका कतिपय प्रावधानहरू अवलम्बन गर्नु आवश्यक छैन । सम्झौताले कृषिमा प्रयोग हुने अनुदानलाई सरकारले जुनसुकै बखत पनि प्रदान गर्न सकिने, आवश्यकताअनुसार प्रदान गर्न सकिने र प्रदान गरेको अवस्थामा अन्य मुलुकले कारवाही गर्नसक्ने गरी विभिन्न प्रकारमा वर्गीकरण गरी कृषि अनुदानलाई सन्तुलित रूपले प्रयोग गर्न सदस्य मुलुकहरूलाई निर्देशित गरेको छ ।

### २.१.३ मानव, जनावर र वनस्पति स्वास्थ्य उपायहरूसम्बन्धी सम्झौता (Agreement on Sanitary and Phytosanitary Measures)

कुनै पनि सदस्य राष्ट्रले मुलुकभित्र आयात/निर्यात हुने वस्तुहरूबाट मानव, जनावर र वनस्पति स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने देखिएमा त्यस्तो कुनै पनि वस्तुको आयात वा निर्यातमा यो सम्झौता अन्तर्गतका प्रावधानहरूको माध्यमबाट नियन्त्रण गर्न सक्दछ । यो सम्झौताबमोजिम निम्न आयातको अवस्थालाई मानव, जनावर र वनस्पति स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्ने आयात भनी उल्लेख गरिएको छ र सम्झौताअनुसार प्रभावित सदस्य राष्ट्रले सम्झौताको अधीनमा रही यस्तो आयातलाई प्रतिबन्ध लगाउन समेत सक्दछ :-

क) कुनै पनि वस्तुको आयातबाट बिषादी उत्पन्न भएमा वा कुनै रोग फैलने खतरा भएमा ।

ख) कुनै खाद्यवस्तु विषादी भई यसबाट संक्रमण हुने खतरा भएमा ।
ग) कुनै जनावर, बिरुवा र त्यसबाट बनेका वस्तुको आयातबाट रोगहरू फैलनसक्ने खतरा भएमा ।

यस सम्झौताका प्रावधानहरूअनुसार सामान्यतया अन्तर्राष्ट्रिय प्रचलनमा रहेका मापदण्डका नियमहरूलाई नै वस्तुहरूको गुणस्तर निर्धारण गर्ने कार्यमा प्रयोग गरिनुपर्ने हुन्छ । यो विषयलाई व्यापारका लागि प्राविधिक अवरोधसम्बन्धी सम्झौताले पनि स्वीकार गरेको छ । यसरी हेर्दा SPS र TBT सम्झौताका बीचमा केही हदसम्म समानता देखिन्छ, किनकि दुवै सम्झौताले नियमहरूको र सामानको गुणस्तर (Standard) को मापदण्डमा यथाशक्य एकरूपता कायम हुनुपर्ने विषयमा जोड दिएका छन् । यति हुँदाहुदै पनि SPS र TBT बीच निम्न विषयहरूमा स्पष्ट रूपमा फरक पाइन्छ :–

- TBT अनुसार Product Standard MFN आधारमा तय हुने गर्दछ तर SPS मा यसलाई विभेदीकरण गर्न सकिन्छ ।
- SPS सम्झौताले सदस्य राष्ट्रलाई अन्तर्राष्ट्रिय स्तरभन्दा फरक गरेर समेत मापदण्ड निर्धारण गर्नसक्ने छूट दिन्छ ।
- SPS सम्झौताले सदस्य राष्ट्रहरूलाई क्रमिक रूपमा वा अन्तरिम रूपमा SPS उपाय अवलम्बन गर्ने सुविधा प्रदान गर्दछ ।

### २.१.४ कपडा र वस्त्रसम्बन्धी सम्झौता (Agreement on Textiles and Clothing)

सन् १९६० र १९७० को दशकका बीचमा अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा कोटा प्रणालीले महत्त्वपूर्ण भूमिका ओगटेको थियो । यो अवधिमा मुलुकहरूबीच  द्विपक्षीय स्तरमा कोटा निर्धारण गरी सो को आधारमा खासगरी कपडा र वस्त्रको व्यापार सञ्चालन गर्ने प्रचलन थियो । यस्तो व्यापार बहुरेसा सम्झौता Multi-fibre Arrangement (MFA) अन्तर्गत रहेर गरिन्थ्यो । सन् १९९४ मा आएर यो सम्झौता/व्यवस्था खारेज भयो । यो सम्झौता खारेज हुँदाका अवस्थामा ८ वटा विकसित आयातकर्ता मुलुकहरू र ३१ वटा निर्यातकर्ता विकासशील मुलुकहरू गरी जम्मा ३९ वटा राष्ट्रहरू यस सम्झौताका सदस्यका रूपमा रहेका थिए । यो सम्झौताले कपडा र वस्त्रको अन्तर्राष्ट्रिय व्यापारलाई GATT को कार्यक्षेत्र भन्दा बाहिर राखेको थियो । यस सम्झौताअन्तर्गत मुख्यतया युरोपेली युनियन, नर्वे, फिनल्याण्ड, संयुक्त राज्य अमेरिका, क्यानाडा आदि विकसित मुलुकहरूसँग करीव ९० वटा द्विपक्षीय सम्झौताहरू कार्यान्वयनमा रहेका थिए । यी सम्झौताका धेरैजसो प्रावधानहरू अन्य मुलुकहरूका लागि नियन्त्रणात्मक रूपमा रहेको हुँदा अन्तर्राष्ट्रिय व्यापारमा खासगरी निर्यात प्रवर्द्धनको सन्दर्भमा

यिनलाई बाधक सम्झौताका रूपमा लिइन्थ्यो । त्यसै भएर यी सम्झौताहरूलाई नियमसङ्गत बनाउनुपर्ने विषयमा ग्याटको उरुग्वे चरणको वार्तामा गम्भीर बहस भई सहमति समेत भएको थियो ।

उरुग्वे चरणको वार्ताको परिणतिस्वरूप कपडा र वस्त्रसम्बन्धी सम्झौतालाई विश्व व्यापार सङ्गठनको वस्तु व्यापार सम्बन्धी सम्झौता (GATT) अन्तर्गत समेट्ने कार्य भयो । फलतः १ जनवरी, सन् १९९५ देखि सङ्गठनको वस्तु व्यापार अन्तर्गतको यौटा अभिन्न अङ्गको रूपमा कपडा र वस्त्रसम्बन्धी सम्झौता (Agreement on Textile and Clothing : ATC) रह्यो । यो सम्झौताको मुख्य उद्देश्यहरूमा कपडा र वस्त्रको स्वच्छ अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धि गरी कपडा र वस्त्रमा लागी आएका गैर भन्सार अवरोध अन्त्य गरी बजार पहुँचमा सुधार गर्नु, बौद्धिक सम्पत्तिको संरक्षण गर्दै कपडा र वस्त्रको व्यापारलाई विस्तारित तुल्याउनु आदि थिए । यसरी यो सम्झौता कार्यान्वयनमा आएपश्चात् कुनै पनि मुलुकले कपडा तथा वस्त्रको व्यापारमा कोटा निश्चित गर्ने कार्य गर्न पाउँदैन । यदि यस्तो कोटा निर्धारण गरेको भए सो अवस्थालाई सङ्गठनको सुरक्षासम्बन्धी सम्झौता (Safeguard Agreement) ले पुष्टचाइँ गर्नुपर्दछ । अन्तर्राष्ट्रिय व्यापारको क्षेत्रमा प्रतिस्पर्धी वातावरण सृजना गर्ने क्रममा नियन्त्रित र कोटा प्रणाली बाधक भएको हुनाले यसबाट कपडा र वस्त्रको व्यापारलाई मुक्त राख्दै स्वच्छ र प्रतिस्पर्धात्मक किसिमले व्यापार सञ्चालनको अवस्था सिर्जना गर्ने मुख्य उद्देश्यले ATC सम्झौता कार्यान्वयनमा आएको हो ।

कपडा तथा वस्त्रसम्बन्धी सम्झौताले विश्व व्यापार सङ्गठन सञ्चालनमा आएपछि विभेदीकृत रूपमा कपडा तथा वस्त्रको आयात-निर्यात व्यापार सञ्चालन गर्न सदस्यहरूलाई १० वर्षको संक्रमण कालको छूट प्रदान गरेको थियो । यस अनुसार नेपालले पनि सन् २००४ को अन्त्यसम्म MFA अन्तर्गत उपलब्ध कोटा सुविधा र यसको संक्रमणकालीन समयको उपयोग गरी विश्वका केही बजारमा ठूलो परिमाण र मूल्यमा तयारी पोशाकसम्बन्धी वस्तुहरू (Garments) निर्यात गरेको थियो । तर सन् २००५ को जनवरी १ देखि MFA अन्तर्गत प्राप्त कोटा प्रणालीको समाप्ति भएपश्चात् नेपालको गार्मेन्टले अन्य देशको उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकी गार्मेन्टको निर्यातमा ठूलो ह्रास आयो । तत्कालीन अवस्थामा नेपाल विश्व व्यापार सङ्गठनमा भर्खरै प्रवेश गरेको कारण तयारी पोशाकको निर्यात घटेको विषयलाई विश्व व्यापार सङ्गठनको सदस्यतासँग जोडेर विश्लेषण गर्ने कार्य पनि भयो । तर गार्मेन्टको निर्यातमा आएको ह्रास नेपालको विश्व व्यापार संगठनको सदस्यताको कारणले नभई MFA को खारेजी र १ जनवरी, सन् २००५ देखि विश्व व्यापार सङ्गठनको कपडा तथा वस्त्रसम्बन्धी सम्झौताको कार्यान्वयनपश्चात् कोटा प्रणालीको अन्त्यको कारणबाट

भएको थियो । यस सम्झौताले नेपालजस्ता अति कम विकसित मुलुकका लागि केही पृथक् व्यवस्थाहरू गरेता पनि सो को उपयोग भने गर्न सकेको देखिँदैन ।

### २.१.५ व्यापारका प्राविधिक अवरोधहरूसम्बन्धी सम्झौता (Agreement on Technical Barriers to Trade : TBT)

अन्तर्राष्ट्रियस्तरमा प्रयोग हुने वस्तुहरूको गुणस्तर, मापदण्ड र प्रयोगका बारेमा यस सम्झौताले व्याख्या गरेको पाइन्छ । यस सम्झौताले खास गरेर अन्तर्राष्ट्रिय बजारमा उपलब्ध वस्तुहरू उत्पादन प्रविधिका विविधताका कारणले फरक-फरक प्रकृति र गुणका हुने भएकाले आफ्नो मुलुकको आवश्यकताअनुसार न्यूनतम गुणस्तर (Standard) निर्धारण गर्नसक्ने अधिकार या भनौँ छूट सम्बन्धित सदस्य राष्ट्रलाई नै दिएको छ । यस अनुसार आफ्नो अनुकूलको नीति नियम जारी गरी देशभित्र आयात गरिने वस्तुहरूको गुणस्तरको मापदण्ड निर्धारण गर्न सकिन्छ र यस्ता प्रविधिक विनियमहरू सबै सदस्य राष्ट्रका लागि बाध्यकारी रूपमा लागू हुन्छन् । यसका साथै यस्ता विनियमहरू वैज्ञानिक तथ्यको आधारमा समेत निर्माण गर्नुपर्ने हुन्छ । यी विनियमहरूले अति सौविध्य राष्ट्रहरू सरहको सुविधा (Most Favoured Nation) र राष्ट्रिय व्यवहारको (National Treatment) का सिद्धान्तहरूको अवलम्बन गर्नुपर्ने हुन्छ । यस सम्झौताअनुरूप वस्तुको मापदण्ड-स्तर (Standard) सदस्य राष्ट्रले ऐच्छिक (Voluntary) रूपमा निर्धारण गर्न सक्ने व्यवस्था छ । तर यस्तो मापदण्ड-स्तर निर्धारण ऐच्छिक रूपमा गर्न सकिने भए तापनि वस्तुको विशेषता, प्रक्रिया, सङ्केत र प्याकेजिङ्गलगायतका विषय स्पष्ट र पारदर्शी हुनुपर्ने विषयमा भने सम्झौताले जोड दिएको छ ।

### २.१.६ व्यापारसम्बद्ध लगानी उपायहरूसम्बन्धी सम्झौता (Agreement on Trade Related Investment Measures : TRIMS)

सरकारद्वारा लगानी प्रवर्द्धन कार्यका लागि लागू गरिने शर्त वा उपायहरूलाई व्यापारसँग सम्बद्ध लगानी उपाय भन्न सकिन्छ । यस्ता उपायहरू कर छूटको माध्यमबाट वा भौतिक सम्पत्ति र अन्य सेवा सुविधाहरू प्रदान गर्ने जस्ता कार्यहरूमार्फत कार्यान्वयनमा आउँछन् । यस सम्झौताअनुसार कुनै पनि सरकारले राष्ट्रिय प्राथमिकताका आधारमा लगानी वृद्धिका निम्ति विभिन्न शर्तहरू तोक्ने वा लागू गर्ने कार्य गर्न सक्दछ । जस्तो कि उत्पादनमा स्थानीय साधनको अनिवार्य प्रयोग, उत्पादित वस्तुको निर्यात गर्नुपर्ने बाध्यात्मक व्यवस्था आदि जस्ता शर्तहरूलाई व्यापारसँग सम्बद्ध लगानीका उपायका रूपमा लिन सकिन्छ । विश्व व्यापार सङ्गठनको यो सम्झौताले लगानी प्रवर्द्धनका लागि मुख्यतया राष्ट्रिय व्यवहारको (National Treatment) को आधारमा हुने परिमाणात्मक बन्देजको सकारात्मक प्रयोग औद्योगिक

प्रवर्द्धनको लागि सहयोगी हुनसक्ने विषयमा विशेष जोड दिएको छ। तर कुनै पनि उत्पादनका लागि लगानीकर्तालाई स्थानीय सामानको खरिद गर्नुपर्ने बाध्यता, कुनै पनि उत्पादनमा आयातित सामान प्रयोगको सीमितता, उत्पादक वा लगानीकर्तालाई विदेशी विनिमय पहुँचमा सीमितता आदि जस्ता कार्यलाई चाहिँ यस सम्झौताले निरुत्साहित गरेको छ। यी र यस्ता अन्य सकारात्मक प्रयासहरूको अवलम्बनले लगानी आकर्षण तथा अभिवृद्धि भई मुलुकको आर्थिक विकास सम्भव हुन्छ भन्ने कुरामा सम्झौताले जोड दिएको देखिन्छ।

### २.१.७ निकासीपूर्व निरीक्षणसम्बन्धी सम्झौता (Agreement on Pre-shipment Inspection)

यो सम्झौताले भन्सार मूल्याङ्कनमा देखापर्ने अधिक बिजकीकरण र न्यूनबिजकीकरणको समस्यालाई सुधार गर्न मद्दत गर्दछ। यो सम्झौताको कार्यान्वयनका क्रममा आयात भएको वस्तुको गुण, मूल्यका बारेमा आधिकारिकता प्रमाणित गर्न कुनै तेस्रो पक्ष वा निकायको सहयोग लिइन्छ। तर त्यस्तो प्रमाणित कार्यलाई भन्सार अधिकृतले मान्यता दिनुपर्दछ भन्ने बाध्यता छैन। भन्सार अधिकारीले उक्त प्रमाणित मूल्यलाई आधार मूल्यको रूपमा लिन सक्दछ तर शङ्का लागेमा भन्सार मूल्याङ्कनका निम्ति तोकिएका आधारहरू प्रयोग गरी पुनः मूल्याङ्कन प्रक्रिया अगाडि बढाउन सक्दछ। नेपालले तत्काल यो सम्झौताको अवलम्बन गर्ने सम्बन्धमा कुनै प्रतिबद्धता जनाएको छैन। तर भविष्यमा यस्तो पूर्व निरीक्षणको व्यवस्था थालनी गरिएमा यो सम्झौतामा उल्लिखित शर्तहरूअनुरूप नै कार्य गर्नुपर्ने बाध्यता भने रहेको छ।

### २.१.८ उत्पत्तिको नियमहरूसम्बन्धी सम्झौता (Agreement on Rules of Origin : RoO)

यस सम्झौताले उत्पत्तिका जटिल नियमहरूले अन्तर्राष्ट्रिय व्यापारमा अवरोध ल्याउनसक्ने हुनाले स्वच्छ अन्तर्राष्ट्रिय व्यापार अभिवृद्धिको लागि सदस्य राष्ट्रहरूले स्पष्ट र पूर्वानुमानयोग्य उत्पत्तिको नियम निर्माण गर्नुपर्ने विषयमा जोड दिनुपर्ने कुरालाई समेटेको छ। प्रत्येक सदस्य राष्ट्रहरूले पारदर्शी र स्पष्ट उत्पत्तिका नियमहरू अवलम्बन गर्दै अन्तर्राष्ट्रिय व्यापार सञ्चालन गर्नुपर्दछ भन्ने विषयमा यो सम्झौताको मुख्य जोड रहेको देखिन्छ। यसका साथै उत्पत्तिका नियमहरूको निर्माण र कार्यान्वयनका क्रममा सदस्य राष्ट्रहरूले एक आपसमा सामन्जस्य (Harmonization) र निष्पक्षता (Impartiality) कायम गर्ने विषयलाई पनि उत्तिकै प्राथमिकतामा राखी कार्य गर्नुपर्ने कुरालाई यस सम्झौताले समेटेको छ।

यस सम्झौताअनुसार व्यापारका लागि उत्पत्तिका नियमहरूको कार्यान्वयन गर्ने क्रममा जारी गरिने सम्पूर्ण ऐन, नियम र परिपत्रलाई समेत Rules of Origin को अङ्गको रूपमा स्वीकार

गरिनुपर्ने हुन्छ । तर सौविध्यपूर्ण व्यापार व्यवस्था (Preferential Trade Arrangement) अन्तर्गत सञ्चालन हुने व्यापारमा भने यस्ता प्रावधानहरूलाई छुट दिनसकिने व्यवस्था छ । सम्झौताले उत्पत्तिको नियम, उत्पत्तिको नियम कार्यान्वयनका लागि अपनाउनुपर्ने प्रक्रिया, उत्पत्तिको नियमहरू सूचीकृत गर्ने तरिका, पुनरावलोकन गर्नुपर्ने व्यवस्था, उत्पत्तिका नियमहरूमा एकरूपता कायम गर्दा अपनाउनुपर्ने तरिकाहरू आदिको बारेमा पनि व्याख्या गरेको पाइन्छ । यस सम्झौताले सदस्य राष्ट्रले लागू गरेका उत्पत्तिका नियमहरूसम्बन्धमा विश्व व्यापार संगठनको वस्तु व्यापार परिषद अन्तर्गतको सम्बन्धित समितिलाई सूचित गर्नुपर्ने व्यवस्था समेत गरेको छ ।

### २.१.९ आयात इजाजत-पत्र जारी गर्ने प्रक्रियासम्बन्धी सम्झौता (Agreement on Import Licensing Procedures)

आयात इजाजत-पत्र जारी गर्दा हुने वा हुनसक्ने सम्भावित ढिलासुस्ती र अपारदर्शिताको कारणले कुनै मुलुकको आयातको प्रवाहमा नकारात्मक असर पर्न सक्दछ । तसर्थ, यो सम्झौताले आयात इजाजत-पत्र जारी गर्दा कुनै पनि सदस्य राष्ट्रले सरलता, पारदर्शिता र छिटो छरितोपनामा ध्यान केन्द्रित गनुपर्ने कुरामा जोड दिन्छ । यस सम्झौताले आयात इजाजत-पत्रलाई स्वतः जारी हुने आयात इजाजत-पत्र र केही प्रक्रिया पुऱ्याएर जारी गर्ने आयात इजाजत-पत्रको रूपमा वर्गीकरण गरेको छ।  यसका साथै यस्ता आयात इजाजत-पत्र जारी गर्ने समय-सीमा समेत निर्धारण गरेको छ । स्वतः आयात इजाजत-पत्रको सन्दर्भमा आयात इजाजत-पत्र जारी गर्ने अधिकारीले आयातकर्ताले आवेदन दिएको १० दिनभित्र जारी गरी सक्नुपर्ने हुन्छ । केही प्रक्रिया पूरा गरेर मात्र जारी हुने इजाजत-पत्र सामान्यतया परिमाणात्मक बन्देज लगाएको अवस्थामा जारी गरिन्छ । यस्तो इजाजत-पत्र जारी गर्नुपर्ने अवस्था भएमा आवेदन आह्वान गरी आवेदन प्राप्त भएको मितिले ३० दिनभित्र पहिलो आवेदनलाई प्राथमिकता (First Come First Serve) को आधारमा इजाजत-पत्र जारी हुने र इजाजत-पत्र जारी नगर्ने अवस्था भएमा वा सबै आवेदकको आवेदन स्वीकृत हुने अवस्थामा आवेदन प्राप्त भएको मितिले ६० दिनभित्र आदेश जारी गरिसक्नु पर्दछ । यस सम्झौतामा इजाजत-पत्र जारी गर्ने कार्यविधि, प्रक्रिया आदि पक्षमा विस्तृत र स्पष्ट व्यवस्था समेटिएको सन्दर्भमा व्यवहारमा यसको सही कार्यान्वयन हुनसकेमा व्यवसायीले छिटो, छरितो र पारदर्शी ढङ्गले सेवा प्राप्त गर्न सक्छन् ।

**आयात इजाजत-पत्र सम्झौताका मुख्य विशेषताहरू**

- यस सम्झौताले सदस्यहरूलाई आयात इजाजत-पत्र जारी गर्ने प्रक्रिया पारदर्शी, सरल र कम खर्चिलो बनाउने उपायहरूको अवलम्बन गर्न प्रोत्साहित गर्दछ ।
- स–साना त्रुटिका कारण इजाजत पत्र रद्द हुने प्रवृत्तिको अन्त्य गर्न मद्दत गर्दछ ।
- इजाजत-पत्र जारी गर्नुपर्ने समयावधिको निश्चितता प्रदान गर्दछ ।
- इजाजत-पत्र जारी गर्ने निकाय र इजाजत-पत्र प्राप्त गर्ने आयात-निर्यातकर्ताका अधिकार र कर्तव्यबारे स्पष्टता प्रदान गर्दछ ।

### २.१.१० सहुलियत र समकारक उपायहरूसम्बन्धी सम्झौता (Agreement on Subsidies and Countervailing Measures : SCM)

सरकारले आफ्ना नीतिगत आवश्यकता परिपूर्तिका लागि अनुदान दिनुपर्ने हुन्छ । तर यस्तो अनुदानबाट उत्पादित वस्तुले समग्र बजारमा विचलन ल्याउने र आयातित मुलुकका उद्योग धन्दाहरूमा गम्भीर हानि-नोक्सानी पुऱ्याउने कार्य गरेमा आयातकर्ता मुलुकले त्यसलाई नियन्त्रण गर्न आवश्यक उपायहरू अवलम्बन गर्नसक्ने व्यवस्था विश्व व्यापार सङ्गठनअन्तर्गतका सम्झौताहरूले गरेका छन् । यसलाई सहुलियत तथा समकारक उपायहरूसम्बन्धी सम्झौताका रूपमा चिनिन्छ । कुनै पनि मुलुकलाई देशभित्र उद्योगधन्दाको स्थापना र विकास गर्न तथा लगानीलाई आकर्षण गर्न एवं दुर्गम स्थानहरूमा उद्योग व्यवसायको विस्तार गर्न अनुदान सहायता दिनुपर्ने स्थिति उत्पन्न हुनसक्छ । तर यसलाई सन्तुलित र न्यायसङ्गत तरिकाले प्रदान गर्न नसकिएमा यस्तो अनुदान वा सहुलियत अन्तर्राष्ट्रिय व्यापारको विस्तारको लागि प्रत्युत्पादक हुन जाने भएकोले यसलाई व्यवस्थित रूपमा कार्यान्वयन गर्न विश्व व्यापार सङ्गठनको यस सम्झौताले अनुदान/सहुलियतको सीमा र कार्यविधिसमेत निर्धारण गरेको छ । यस सम्झौताले अनुदान/सहुलियतको किसिम, प्रदान गर्न सकिने सहुलियत र प्रदान गर्न नसकिने सहुलियत गरी विभिन्न प्रकारले सहुलियतहरूको वर्गीकरण गरेको छ । यसका साथै सहुलियत वा अनुदान दिँदा अपनाउनुपर्ने प्रक्रिया र छूटका बारेमा समेत स्पष्ट व्याख्या गरेको छ ।

**अनुदान/सहुलियत र काउण्टरभेलिङ्ग उपायसम्बन्धी सम्झौताका प्रमुख विशेषताहरू**

- यस सम्झौताले अनुदानित वस्तुबाट स्वदेशी उद्योगलाई गम्भीर हानि-नोक्सानी हुनबाट बचाउन अनुदान सहुलियतका सीमा निर्धारण गरेको छ ।
- निर्यातका लागि प्रदान गरिने प्रत्यक्ष अनुदान र सहुलियतलाई निषेध गरेको छ ।
- कस्तो वस्तुलाई अनुदानित भएको अवस्था मान्ने भन्ने विषयमा स्पष्ट परिभाषा गरेको छ र यसैको आधारमा कारवाहीको प्रक्रियाहरू समेत निर्धारण गरेको छ ।
- सरकारले अनुदान प्राप्त वस्तुको सम्बन्धमा अनुसन्धान तथा कारवाही शुरु गर्नुपर्दा अवलम्बन गर्नुपर्ने प्रक्रियाहरू सम्बन्धमा स्पष्ट प्रावधानहरू निर्धारण गरेको छ ।
- कम विकसित मुलुकका लागि विशेष छूटको व्यवस्थासमेत गरेको छ ।
- कुनै पनि वस्तु डम्प भएको वा अनुदानित भए, नभएको विषयमा स्वतन्त्र निकायको रूपमा अनुसन्धान अधिकारीलाई निर्णय गर्ने अधिकार प्रदान गरेको छ ।
- अनुसन्धानको क्रममा गोप्य सूचनाको संरक्षण गर्न पाउने अधिकार सबै सरोकारवालाहरूलाई प्रदान गरेको छ ।

काउन्टरभेलिङ्ग उपाय अपनाउँदा अनुमानित आर्थिक सहयोग वा अनुदानबापत प्रदत्त सहायता राशिभन्दा बढी हुने गरी काउन्टरभेलिङ्ग महसुल लगाउन पाइँदैन । सम्झौताले अनुदान/सहुलियत प्रदान गरी सस्तो मालवस्तु अन्य बजारमा निर्यात गर्दा आयातकर्ता मुलुकका उद्योगधन्दामा गम्भीर हानि-नोक्सानी भएको अवस्था ठहर भएमा आयातकर्ता मुलुकले अनुदान/सहुलियत बराबरको रकम निर्यातकर्ता मुलुकबाट थप अतिरिक्त भन्सार महसुलका रूपमा असुल-उपर गर्न पाउने लगायतका अन्य कार्यवाही समेत गर्न सक्ने व्यवस्थालाई समेटेको छ ।

## २.१.११ एन्टी-डम्पिङ्गसम्बन्धी सम्झौता (Agreement on Anti-Dumping)

यस सम्झौताअनुसार लागत मूल्यभन्दा कम मूल्यमा आफ्नो मुलुकमा आयात भएको वस्तुको कारणले स्वदेशी मुलुकका समान प्रकृतिका वस्तु उत्पादन गर्ने उद्योग धन्दामा गम्भीर हानि-नोक्सानी वा खतरा उत्पन्न भएमा वा हुनसक्ने सम्भावित खतरा देखिएमा एण्टी-डम्पिङ महसुलको माध्यमबाट त्यस्तो आयातलाई निरुत्साहित गर्दै स्वदेशी उद्योगलाई पुगेको क्षतिलाई रोक्न सकिन्छ । यस सम्झौताले डम्प भएको वस्तुको प्रकृति, स्वदेशी उद्योगको

परिभाषा, हानि-नोक्सानीको गम्भीरता, अनुसन्धान अधिकृतको व्यवस्था र निर्णय कार्यान्वयन प्रक्रिया लगायतका विषयमा समेत स्पष्ट व्यवस्था गरेको छ । यस सम्झौताअनुसार कुनै पनि वस्तुको मूल्य निर्यातक मुलुकको बजार मूल्यभन्दा कम भएमा यस्तो अवस्थाको वस्तुलाई डम्पिङ्ग भएको अवस्था मान्न सकिन्छ । तसर्थ, यस सम्झौताबमोजिम सामान्यतया वस्तु डम्प भएको हो वा होइन भन्ने यकीन गर्ने क्रममा त्यो वस्तुको तुलनात्मक मूल्याङ्कनलाई नै मुख्य आधार मानिन्छ । एन्टी-डम्पिङ्ग महसुल लगाउँदा Margin of Dumping बराबर हुन आउने रकमभन्दा बढी हुने गरी लगाउन पाइँदैन । सामान्यतः यो पाँच वर्षसम्मको लागि मात्र लगाउन सकिने व्यवस्था छ ।

**एन्टी-डम्पिङ्गसम्बन्धी सम्झौताका मुख्य विशेषताहरू**

- स्वदेशी उद्योगको स्थापना र संरक्षण गर्न मद्दत गर्दछ ।
- तथ्यगत आधारमा अनुसन्धान गरी निर्णय लिइने हुँदा कुनै पनि पक्षलाई मर्का पर्ने समस्या न्यून रहन्छ ।
- आन्तरिक र बाह्यरूपमा स्वच्छ प्रतिस्पर्धात्मक वातावरणको सृजना र प्रवर्द्धन गर्न मद्दत गर्दछ ।
- क्षतिपूर्ति र अन्य उपायहरूका माध्यमबाट बजारको सुनिश्चितता प्रदान गर्दछ ।
- उद्यमी र निर्यातकर्तालाई समयमा सचेत भई भविष्यमा हुनसक्ने हानि-नोक्सानीबाट जोगाउन मद्दत गर्छ ।
- निर्यातकर्ता वा उत्पादकलाई आफ्नो अधिकार स्थापनामा मद्दत गर्दछ ।

### २.१.१२ सुरक्षा उपायहरूसम्बन्धी सम्झौता (Agreement on Safeguards)

सुरक्षा उपायहरूसम्बन्धी सम्झौताको मुख्य उद्देश्य अन्तर्राष्ट्रिय बजारमा सदस्य राष्ट्रहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु नै हो । यस सम्झौताअनुसार कुनै निश्चित समयावधिभित्र अनपेक्षित र अस्वाभाविक रूपमा ठूलो परिणाममा वस्तु आयात भई त्यस्तो अस्वाभाविक आयातबाट कुनै पनि मुलुकको व्यापारको क्षेत्रमा आफ्नो प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आउने अवस्था सृजना भएमा त्यस्तो ह्रास आउन नदिन वा हानि नोक्सानी हुन नदिन सदस्य राष्ट्रले व्यापार सुरक्षासम्बन्धी उपायहरू अपनाउन सक्दछ । तर यस्तो संरक्षण उपाय अल्पकालीन अवधिका लागि मात्र लगाउन पाइने व्यवस्था सम्झौताले गरेको छ । यो सम्झौताले संरक्षण उपायहरू अपनाउन सकिने अवस्था, अवधि, अनुसन्धानको प्रक्रिया र उपचारको समेत व्यवस्था गरेको छ । यस सम्झौताअनुसार सुरक्षा उपायहरू अङ्गीकार गर्नुपूर्व कुनै मुलुकको

कुनै स्वदेशी वस्तुको उत्पादनको अवस्था र त्यस्तै वस्तुको अन्य मुलुकबाट भएको वस्तुको आयातबीच तुलना गरिन्छ । यसरी तुलना गर्दा यदि त्यस्तो कुनै वस्तुको आयात अत्यधिक वृद्धि भई सोको कारणले स्वदेशी उद्योगलाई गम्भीर हानि-नोक्सानी पुगेमा वा पुग्ने आशङ्का भएको अनुसन्धानबाट पुष्टि भएमा संरक्षणसम्बन्धी उपाय अवलम्बन गर्न सकिन्छ । यस्ता संरक्षण उपायहरू अनुसन्धान अधिकारीले तोकेबमोजिमका अतिरिक्त भन्सार महसुल लगाएर वा वस्तुको आयातमा परिमाणात्मक बन्देज लागू गरेर कार्यान्वयनमा ल्याइन्छन् ।

**सुरक्षाउपायहरूसम्बन्धी सम्झौताका मुख्य विशेषताहरू**

- यस सम्झौताले स्वदेशी उद्योगको विकास र प्रोत्साहनका लागि सदस्य देशहरूले के कस्तो अवस्थामा संरक्षण उपायहरू अवलम्बन गर्नसक्छन्, ती अवस्थाहरू सम्बन्धमा स्पष्टता प्रदान गरेको छ ।
- यो सम्झौताका प्रावधानहरूको सकारात्मक प्रयोग गरिनु पर्दछ। मुलुकको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने कार्यमा बाहेक अन्यत्र यसको प्रयोग गर्न सकिँदैन ।
- सुरक्षा उपायहरू अल्पकालका लागि मात्र लागू गर्न सकिन्छ ।
- सम्झौताअनुसारका उपायहरू सामान्यतया विना विभेद (Non Discriminatory) लागू गर्नुपर्ने हुन्छ । तर विशेष अवस्थामा यसलाई विभेदीकरणको रूपमा पनि लागू गर्न सकिन्छ ।
- यो सम्झौता लागू गर्ने क्रममा कम विकसित/विकासशील मुलुकको लागि विशेष छूटको व्यवस्था गरिएको छ ।
- यस सम्झौताले सदस्य राष्ट्रको आर्थिक सुरक्षासम्बन्धी कानूनी अधिकारको प्रत्याभूति गरेको छ ।

### २.२ सेवा व्यापारसम्बन्धी सम्झौता (General Agreement on Trade in Services : GATS, 1994)

सेवा व्यापारसम्बन्धी सम्झौता (GATS), वस्तु व्यापारसम्बन्धी सम्झौता (GATT) को तुलनामा नितान्त नौलो हो । उरुग्वे चरणको वार्तामा आएर मात्र पहिलोपल्ट बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत सेवा व्यापारलाई पनि समावेश गर्ने सहमति भएको थियो । उरुग्वे चरणको वार्तापूर्व सेवा व्यापारलाई अन्तर्राष्ट्रिय व्यापारमा व्यवस्थित र नियमित गर्ने कुनै सम्झौता आधार एवं संयन्त्र थिएन । त्यस हिसाबले सेवाको अन्तर्राष्ट्रिय व्यापारलाई समेट्ने यस प्रकारको यो पहिलो र एकमात्र बहुपक्षीय सम्झौता हो भन्न सकिन्छ । विकसित र विकासोन्मुख दुवै देशमा आम्दानी तथा रोजगारी सृजनाको दृष्टिले सेवा व्यापार दिनानुदिन

महत्त्वपूर्ण क्षेत्र बन्दै गएको र देशभित्र मात्र नभई अन्तर्देशीय रूपमा समेत सेवाको व्यापार (आदान-प्रदान) बढ्दै गएको परिप्रेक्ष्यमा यसलाई अन्तर्राष्ट्रियस्तरमा नियमित र व्यवस्थित गर्न कुनै कानूनी आधार र संयन्त्र चाहिन्छ भन्ने हिसाबले सेवा व्यापार सम्झौतालाई कार्यान्वयनमा ल्याइएको हो । यद्यपि सेवा व्यापारको सबै विषयमा सम्झौता भइसकेको छैन । सेवा व्यापारको क्षेत्रलाई क्रमशः थप उदारीकृत (Progressive Liberalization) गर्दै जाने सन्दर्भमा उरुग्वे चरणको वार्तामा सहमति हुन बाँकी विषयलाई Inbuilt Agenda का रूपमा पछिल्ला चरणका सम्झौता वार्तामा समावेश गर्ने भन्ने समझदारीअनुसार हाल दोहा विकास एजेन्डाअन्तर्गत सेवा व्यापार विषय पनि समावेश भई छलफलको क्रममा रहेको छ ।

उरुग्वे चरणको वार्ताको सफल परिणतिस्वरूप विश्व व्यापार सङ्गठनभित्र सेवा व्यापार एक छुट्टै तर अभिन्न सम्झौताको रूपमा स्थापित भयो । यस सम्झौताअनुसार वस्तु व्यापारमा जस्तै सेवा व्यापारको मुख्य उद्देश्य पनि सेवा व्यापारको माध्यमबाट सदस्य देशहरूको आर्थिक वृद्धिमा योगदान पुऱ्याउनु हो । सङ्गठनको सेवा व्यापारसम्बन्धी सम्झौताले सेवा व्यापारलाई निश्चित रूपमा परिभाषित नगरे पनि सामान्यतः अस्पृश्य (Intangible), अदृश्य (Invisible) र सञ्चय गर्न नसकिने (Non-Storable) सबै प्रकारको व्यापारिक र उपभोग्य सेवालाई सेवा व्यापारको रूपमा बुझ्ने गरिएको छ । सेवा व्यापारसम्बन्धी सम्झौतामा उल्लेख भएअनुसार 'सेवा' भन्नाले सेवाको उत्पादन, वितरण, प्रचारप्रसार, बिक्री र हस्तान्तरणसम्मका सबै कारोबारलाई जनाउँदछ । तर यसअन्तर्गत दुई किसिमका सेवाहरूचाहिँ समेटिँदैनन् । तिनमा पहिलो हो- सरकार र सार्वजनिक निकायको अख्तियारीभित्र रही प्रवाह गरिने सेवाहरू जो व्यापारिक रूपमा तथा अरू सेवा प्रदायकहरूसित प्रतिस्पर्धा गर्ने हिसाबले प्रवाह गरिँदैनन् जस्तै विद्युत् आपूर्ति, खानेपानी वितरण सेवा आदि । दोस्रो हो- एयरट्राफिक अधिकार र यससम्बन्धी सेवाहरू । विश्व व्यापार सङ्गठनमा वस्तु व्यापारको सन्दर्भमा भन्सार महसुलको माध्यमबाट सदस्य राष्ट्रले प्रतिबद्धता व्यक्त गर्नुपर्ने हुन्छ भने सेवा व्यापारको हकमा चाहिँ प्रतिबद्धताको तालिका (Schedule of Commitment) मार्फत सदस्य देशले प्रतिबद्धता जाहेर गर्नुपर्ने व्यवस्था छ । सेवा व्यापारको अवधारणा नितान्त नौलो प्रकृतिको भएकोले यसलाई वैदेशिक व्यापारको लागि खुला गर्दा यसले देशको अर्थतन्त्रमा नकारात्मक असर पर्नसक्छ कि भन्ने आशङ्का उरुग्वे चरणको वार्तामा संलग्न कतिपय सदस्यहरूले व्यक्त गरेका थिए । त्यसैले सेवा व्यापारलाई वस्तु व्यापारजस्तो पूर्ण खुला नछोडेर केही शर्तसहित खुला गर्ने सहमति भएको थियो । साथै, सेवा व्यापारलाई घरेलु (आन्तरिक) नियमहरूबाट नियमन गर्न सकिने प्रावधान यससम्बन्धी सम्झौतामा समावेश गरिएको थियो । सङ्गठनमा प्रस्तुत गरिएको प्रतिबद्धता तालिकामा विदेशी लगानीका लागि खुला गर्ने भनी उल्लेख गरिएको सेवा क्षेत्र, उपक्षेत्रमध्ये बजार पहुँच र राष्ट्रिय व्यवहार मुख्यतः यी दुई शीर्षक अन्तर्गत उल्लिखित आधार र विभिन्न शर्तहरूको

अधीनमा रही विदेशी लगानीकर्ताहरूले सम्बन्धित देशमा सेवा व्यापार सञ्चालन गर्न सक्छन् । सम्बन्धित सदस्य देशले पनि यसै प्रतिबद्धता-तालिकाको आधारमा सेवा क्षेत्रको उदारीकरणका कार्यक्रमहरू सञ्चालन गर्दछन् । सेवा व्यापारसम्बन्धी सम्झौताअनुसार सामान्यतया कुनै पनि सदस्य राष्ट्रले निम्न विषयहरूमा प्रतिबद्धता जनाउनु पर्दछ ।

- ➢ अति सौविध्य मुलुकको व्यवहारसम्बन्धी सुविधा (MFN) प्रदान गर्ने विषयमा ।
- ➢ नीति नियमहरूको पारदर्शिताको विषयमा ।
- ➢ प्रतिस्पर्धालाई प्रोत्साहन नगर्ने नीति नियमलाई निरुत्साहन वा नियन्त्रण गर्ने विषयमा ।
- ➢ सेवा व्यापार सञ्चालनमा भेदभावरहित व्यवहारको नीतिलाई प्रोत्साहन गर्ने विषयमा ।

सेवा व्यापार सम्झौताले पनि वस्तु व्यापारका हकमा लागू हुने अति सौविध्य प्राप्त मुलुकको सुविधा, राष्ट्रिय व्यवहार, पारदर्शिता आदि सङ्गठनका धेरैजसो सिद्धान्तलाई जस्तातस्तै आत्मसात गरेको छ । तर सेवा व्यापार विभिन्न माध्यमले हुने भएकोले सेवा व्यापारसम्बन्धी सम्झौताले वस्तु व्यापारसम्बन्धी सम्झौताको तुलनामा विस्तृत कार्यक्षेत्रलाई समेटेको छ । खासगरी वस्तु व्यापार सम्झौताले व्यापारिक कारोवारमा प्रयोग हुने वस्तु (Product) लाई प्रभावित गर्ने उपायहरूलाई मात्र समेटेको छ भने सेवा व्यापार सम्झौताले व्यापार गरिने सेवा (Product), सेवा आपूर्तिकर्ता (उत्पादक) र वितरकसमेतलाई प्रभावित गर्ने उपायहरूलाई सम्झौताको दायराभित्र समेटेको छ ।

सेवा व्यापारसम्बन्धी सम्झौताले न त सेवा व्यापारलाई न त यस अन्तर्गतका क्षेत्र, उपक्षेत्रलाई नै किटानीसाथ परिभाषित गरेका छन् । सामान्यतः सेवा व्यापारका क्षेत्रमा सदस्यराष्ट्रहरूले प्रतिबद्धता व्यक्त गर्दा संयुक्त राष्ट्रसंघले विकास गरेको Central Product Classification System मा आधारित भएर गर्ने प्रचलन छ । तदनुरूप विश्व व्यापार सङ्गठनअन्तर्गत सेवा व्यापारको क्षेत्रमा सदस्यहरूले प्रतिबद्धता जाहेर गर्दा देहायका १२ वटा मुख्य शीर्षकभित्र रही प्रतिबद्धता व्यक्त गर्नुपर्ने व्यवस्था छ । यी १२ वटा सेवा क्षेत्रअन्तर्गत पनि विभिन्न शीर्षकमा गरी करिब १६० भन्दा बढी उपक्षेत्रहरू समेटिएका छन् । सम्झौताले समेटेका १२ मुख्य सेवा क्षेत्रहरू हुन् :

१. पेशागत/व्यावसायिक सेवा
२. सञ्चार सेवा
३. निर्माण तथा निर्माणसम्बन्धी इन्जिनियरिङ्ग सेवा
४. वितरण सेवा

५. शैक्षिक सेवा
६. वातावरणसम्बन्धी सेवा
७. वित्तीय सेवा (बीमा र बैङ्किङ्ग)
८. स्वास्थ्यसम्बन्धी र सामाजिक सेवा
९. पर्यटन र भ्रमणसम्बन्धी सेवा
१०. मनोरञ्जनात्मक, सांस्कृतिक र खेलकूदसम्बन्धी सेवा
११. परिवहन/यातायात सेवा, र
१२. अन्य सेवाहरू ।

वस्तु व्यापारजस्तो सेवाको व्यापार प्रत्यक्ष रूपमा नहुने भएको र कतिपय अवस्थामा अप्रत्यक्ष र अदृश्य रूपबाट पनि व्यापार सञ्चालन हुने भएकाले यस सम्झौताले सेवा व्यापार सञ्चालनका लागि विभिन्न तरीका (Modes) समेत निर्धारण गरेको छ। यस सम्झौताले सेवा व्यापार सञ्चालनका लागि देहायबमोजिमका ४ वटा तरिकाहरू निर्धारण गरेको छ :

**मोड-१** : यस तरिका अन्तर्गत सेवाग्राही र सेवा प्रदायकले आफ्नो देशको भौगोलिक सीमा ननाघिकन नै विद्युतीय माध्यमबाट एकआपसमा सेवाको कारोवार सञ्चालन गर्दछन् । यसलाई Cross Border Supply भनिन्छ । जस्तो- दूर शिक्षा, दूर चिकित्सा (कुनै देशको बिरामीले इन्टरनेटको माध्यमले बाहिरी देशको चिकित्सकसँग परामर्श सेवा लिने), अन्तर्राष्ट्रिय फोन सेवा आदि ।

**मोड-२** : यस अन्तर्गत उपभोक्ता आफैं सेवा प्रदायक अर्को देशमा गएर सेवा लिने कार्य गर्दछ। त्यसैले यसलाई Consumption Abroad भनिन्छ। यस प्रक्रियामा सेवाग्राही सेवा प्रदायकसमक्ष उपस्थित हुन्छ। जस्तो- उच्च शिक्षा आर्जनका लागि कुनै नेपाली नागरिक विदेशी विश्वविद्यालयमा पढ्न जाने, औषधोपचारका लागि कुनै देशको बिरामी अर्को देशमा जाने, कुनै एक देशको पर्यटक अर्को देशमा भ्रमणमा जाने आदि ।

**मोड-३ :** यस अन्तर्गत कुनै पनि राष्ट्रले आफ्नो व्यावसायिक कार्यालय वा कम्पनीको प्रतिनिधिलाई सेवा आपूर्ति गर्ने मुलुकमा स्थापना गरी सेवाको कारोवार सञ्चालन गर्ने कार्य समेटिन्छ । यसलाई Commercial Presence पनि भनिन्छ । जस्तो- कुनै विदेशी बैङ्कले नेपालमा शाखा खोली बैङ्किङ्ग सेवा प्रदान गर्ने कार्य, कुनै उद्योगमा विदेशी लगानीकर्ताले गर्ने प्रत्यक्ष वैदेशिक लगानी आदि ।

**मोड-४ :** कुनै एउटा देशको व्यक्ति अर्को देशमा गई सेवा प्रदान गर्ने कार्य यस अन्तर्गत समेटिन्छ। यसमा एउटा देशको नागरिक अर्को देशमा स्वयं उपस्थित भई सेवा प्रदान गर्ने कार्य गर्दछ। यसलाई प्राकृतिक मानिसको गतिशीलता (Movement of Natural

Person) भनिन्छ । जस्तो- अस्थायी रूपमा नेपाली विशेषज्ञहरू अन्य मुलुकमा गएर सेवा प्रदान गर्ने कार्य (वैदेशिक रोजगार), विदेशी विशेषज्ञहरू नेपालमा आई सेवा प्रदान गर्ने आदि । यस अन्तर्गत अदक्ष र अव्यावसायिक (Non-Professional) व्यक्तिहरूबाट गरिने सेवाकार्य चाहिँ समेटिदैन ।

विश्व व्यापार सङ्गठनको सेवा क्षेत्रको प्रचलित सम्झौता वार्तामा यो विषय अझै पनि विवादास्पद रूपमा रहेको छ । वार्ताको क्रममा यसलाई कसरी निर्ष्कषमा पुऱ्याउने भन्ने विषयमा अझै बहस जारी छ । विश्व व्यापार सङ्गठनको आठौँ मन्त्रिस्तरीय बैठकले विकसित तथा विकासशील मुलुकहरूले नेपालजस्ता कम विकसित मुलुकसँग सेवा व्यापार सञ्चालन गर्दा सेवा व्यापारसम्बन्धी प्रचलित ग्याट्स सम्झौताको दोस्रो सिद्धान्त- अति सौविध्य प्राप्त मुलुकको सुविधा (MFN) सिद्धान्तलाई आगामी १५ (पन्ध्र) वर्षसम्म विभेद गरी गर्नसक्ने अधिकार (छूट) प्रदान गरेको छ । यसलाई सकारात्मक उपलब्धिका रूपमा लिन सकिने भए तापनि नेपालजस्ता अल्पविकसित मुलुकले सेवा व्यापारअन्तर्गतको यस्तो छूटबाट कसरी अधिकतम फाइदा लिन सक्छन् भन्ने विषयमा थप अध्ययन, अनुसन्धानको आवश्यकता रहेको छ ।

## २.३ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights : TRIPS)

### २.३.१ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार

व्यापारमा बौद्धिक सिर्जना र ज्ञानको महत्त्वलाई उच्च मूल्याङ्कन गर्दै उरुग्वे चरणको वार्ताले बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रलाई बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत समेट्ने निर्णय गरेको थियो । यस अन्तर्गत मुख्यतः प्रतिलिपि अधिकारसम्बन्धी अधिकार र औद्योगिक सम्पत्तिसम्बन्धी अधिकार गरी मुख्यतः दुईवटा क्षेत्र छन् । यिनमा प्रतिलिपि अधिकार- साहित्यिक, वैज्ञानिक र कलात्मक कृतिहरूलाई संरक्षण प्रदान गर्ने कुरासित सम्बन्धित छ । औद्योगिक सम्पत्तिसम्बन्धी अधिकार औद्योगिक आविष्कारहरूको संरक्षण र प्रवर्द्धन गर्ने कुरासित सम्बन्धित छ । यस अन्तर्गत खासगरी पेटेन्ट, औद्योगिक डिजाइन, ट्रेडमार्क, व्यापारको गोप्यता, एकीकृत सर्किटको नमूनाजस्ता विधा समेटिएका छन् । अहिले जैविक स्रोत (Genetic Resourcs) तथा परम्परागत ज्ञान (Traditional Knowledge) लाई समेत बौद्धिक सम्पत्तिको दायराभित्र समेट्ने प्रयास भइरहेको छ । बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता कार्यान्वयनमा आउनु पछाडिको मुख्य उद्देश्य भनेको नयाँ-नयाँ आविष्कार र सिर्जनालाई प्रोत्साहित गर्दै सर्जकको आविष्कारलाई निश्चित अवधिसम्म सुरक्षा र संरक्षण प्रदान गर्नु हो ।

विश्व व्यापार सङ्गठनको व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताले अन्तर्राष्ट्रिय स्तरमा बौद्धिक सम्पत्तिको क्षेत्रमा प्रचलित मुख्य-मुख्य सन्धि-सम्झौतालाई समेट्ने प्रयास गरेको छ । यस सम्झौताको कार्यान्वयनबाट सदस्य राष्ट्रहरूले आफ्नो मुलुकभित्रको बौद्धिक सम्पत्तिको संरक्षण प्रभावकारी ढङ्गले गर्न सक्छन् भन्ने विश्वास रहेको छ । आजभोलि यस सम्झौतालाई व्यवसाय सुरुवात गर्ने एउटा पूर्वाधारको रूपमा समेत लिएको पाइन्छ । यस सम्झौतालाई मुख्य रूपमा पाँच भागमा विभाजित गरेर हेर्न सकिन्छ ।

१. पहिलो, यस सम्झौताले सदस्य राष्ट्रहरूले यो सम्झौता लागू गर्दा वा बौद्धिक सम्पत्तिसम्बन्धी नियम कानून निर्माण गर्दा राष्ट्रिय व्यवहार (National Treatment) र अति सौविध्य प्राप्त मुलुक सरहको सुविधा (Most Favoured Nation Treatment) को सिद्धान्त अवलम्बन गर्नुपर्ने व्यवस्थालाई समेटेको छ ।
२. दोस्रो, बौद्धिक सम्पत्तिको न्यूनतम संरक्षण, समयावधि र अस्वस्थ प्रतिस्पर्धात्मक वातावरणको अन्त्य गर्ने सम्बन्धमा विभिन्न महत्त्वपूर्ण प्रावधानहरूको व्यवस्था गरेको छ ।
३. तेस्रो, सम्झौताले नियन्त्रित व्यवसायद्वारा व्यापार नियन्त्रण गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्ने प्रावधान समेटेको छ ।
४. चौथो, सम्झौताले सदस्य राष्ट्रको सम्झौता कार्यान्वयन गर्ने निकायको बारेमा स्पष्ट कार्य विभाजन हुनुपर्ने विषयमा उल्लेख गरेको छ ।
५. पाँचौ, यस सम्झौताले सम्झौता लागू गर्नका लागि विकासशील र कम विकसित राष्ट्रहरूका लागि संक्रमण काल (Transitional Period) को समेत व्यवस्था गरेको छ ।

### २.३.२ बौद्धिक सम्पत्तिको वर्गीकरण र संरक्षण अवधि

यस सम्झौताले निम्न विषयहरूलाई व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको रूपमा स्थापित गरी तिनको संरक्षणका लागि केही बाध्यात्मक व्यवस्थाहरूलाई समेत समेटेको छ । यसका साथै सम्झौताले बौद्धिक सम्पत्तिसम्बन्धी अधिकार कायम रहने न्यूनतम अवधि समेत निर्धारण गरेको छ ।

क) पेटेन्ट (Patent) – आवेदन दर्ता गरेको मितिबाट न्यूनतम २० वर्ष ।

ख) प्रतिलिपि अधिकार (Copy Rights) र सो सम्बन्धी अधिकार – सर्जकको जीवनपर्यन्त र मृत्युभएपछि ५० वर्षसम्म ।

ग) व्यापार चिह्न (Trade Marks) – प्रथम पटक ७ वर्ष पुनः नवीकरण गर्न सकिने ।

घ) लेआउट डिजाइन र इन्टिग्रेटेड सर्किट (Layout Design and Integrated Circuit)- दर्ता भएको मितिले १० वर्ष ।

ङ) गोप्य सूचनाहरू (Trade Secrets)

च) भौगोलिक सङ्केतहरू (Geographical Indication)

**२.३.३ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताका मुख्य विशेषता र फाइदाहरू :**

- छिटो छरितो न्याय प्राप्तिको लागि वा बौद्धिक सम्पत्तिको दुरूपयोगको रोकथामको लागि देवानी अदालतबाट मुद्दा हेरिने व्यवस्था ।
- ठूलो मात्रामा बौद्धिक सम्पत्तिको दुरूपयोग गरेमा फौजदारी न्यायअन्तर्गत कार्यवाही गर्न सदस्य राष्ट्रहरूलाई प्रेरित गर्ने व्यवस्था ।
- कम विकसित मुलुकका लागि विशेष छूटका व्यवस्थाहरू समावेश भएको ।
- सम्झौताका प्रावधानहरूले विकसित मुलुकबाट कम विकसित मुलुकमा प्रविधि हस्तान्तरण हुनसक्ने सम्भावनालाई प्रोत्साहित तुल्याएको ।
- नक्कली र चोरीका सामानहरूको व्यापारमा नियन्त्रण हुने र स्वदेशी सर्जकहरूसमेत प्रोत्साहित हुने प्रावधानहरू रहेको ।
- बौद्धिक सम्पत्तिको वर्गीकरण र अधिकार कायम रहने न्यूनतम अवधि निर्धारणका कारणबाट सृजनशीलताको विकासमा सहयोग पुग्ने ।
- विदेशी प्रविधि र सीपको हस्तान्तरणका लागि सदस्य राष्ट्रहरूबीच सहकार्यलाई प्रोत्साहित गरेको ।

# परिच्छेद-३

## विश्व व्यापार सङ्गठनमा नेपालको आबद्धता

### ३.१ तत्कालीन ग्याटमा सदस्यताको लागि पहल

नेपालको अर्थतन्त्रलाई आर्थिक उदारीकरणको अवधारणाबमोजिम अघि बढाउने उद्देश्यले सन् १९८० को मध्यदेखि आर्थिक सुधारका कार्यक्रमहरू क्रमशः कार्यान्वयनमा ल्याइए । यस क्रममा बन्द र नियोजित अवस्थामा रहेको नेपालको अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग आबद्ध गर्ने सन्दर्भमा त्यतिबेला वस्तुको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन गर्ने एक मात्र सम्झौता General Agreement on Tariffs and Trade (GATT) को पक्ष बन्नु उपयुक्त हुने सोच प्रारम्भिक चरणको छलफलमा रहेको थियो । यसै बीचमा वि.सं. २०४५ सालमा नेपालले ग्याटको सदस्यताबाट अन्य आर्थिक फाइदाहरूको अतिरिक्त ग्याटको धारा ५ मा व्यवस्था भएबमोजिम पारवहन सुविधा उपयोगको सुनिश्चितताका लागि बलियो अन्तर्राष्ट्रिय कानूनी अधिकार प्राप्त हुनसक्ने कुरालाई मनन गरी ग्याटको सदस्यता लिने विषयलाई विशेष तत्परतासाथ अघि बढाउने निर्णय लियो । तदनुसार तत्कालीन नेपाल सरकारको मिति २०४६ वैशाख २१ को निर्णयअनुसार त्यसबेलाको बहुपक्षीय व्यापारलाई नियमन गर्ने एक मात्र अन्तर्राष्ट्रिय सम्झौता GATT-1947 को सदस्य बन्न नेपालले १६ मे सन् १९८९ मा विधिवत् आवेदन गरेको थियो । नेपालको आवेदनलाई सन् १९८९ को जूनमा भएको ग्याटको बैठकले अनुमोदन गर्दै ग्याट-१९४७ को धारा ३३ बमोजिम नेपाललाई सदस्यता दिने सम्बन्धमा छानबीन गरी सिफारिशसहितको प्रतिवेदन पेश गर्न एक कार्यदल (Working Party) गठन गर्‍यो । सदस्य बन्न चाहने देशले आफ्नो देशको वैदेशिक व्यापारक्षेत्रको समग्र विवरण ग्याट सचिवालयमा पेश गर्नुपर्ने नियम बमोजिम नेपालले २६ फरवरी १९९० मा वैदेशिक व्यापारको विस्तृत दस्तावेज (Memorandum of Foreign Trade Regime: MoFTR) सचिवालयमा पेश गर्‍यो । यस उपर ग्याटका सदस्य देशहरूले उठाएका प्रश्नहरूको जवाफ नेपालले १९ नोभेम्बर, १९९० मा ग्याट सचिवालयमा पठायो । यस क्रममा सचिवालयले १५ जुन, १९९२ मा नेपाललाई ग्याटको पर्यवेक्षकको हैसियत प्रदान गर्‍यो । यसबेला उरुग्वे चरणको वार्ता चलिरहेको र ग्याट निकट भविष्यमै विश्व व्यापार सङ्गठनमा परिणत हुने स्थितिमा रहेकोले ग्याटभन्दा विश्व व्यापार सङ्गठनकै सदस्य बन्नु मनासिव हुने समझदारी बनेअनुसार नेपालले पछिल्ला दिनहरूमा ग्याटको सदस्यताको लागि खासै पहल गरेन ।

### ३.२ विश्व व्यापार सङ्गठनमा सदस्यताको लागि आवेदन र सम्मिलन

यसैबीच १ जनवरी, सन् १९९५ मा विश्व व्यापार सङ्गठन (WTO) स्थापना भई सञ्चालनमा आएपछि तत्कालीन नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०५३।९।१५ को निर्णयानुसार

सैद्धान्तिक स्वीकृति प्राप्त भएअनुसार नेपालले ५ डिसेम्बर, १९९५ मा सङ्गठनको सदस्यताका लागि विधिवत् आवेदन गऱ्यो । आवेदन पश्चात् नेपाललाई पर्यवेक्षकको हैसियत प्राप्त भयो । नेपालले तत्कालीन ग्याटको सदस्यता प्राप्तिका लागि दिएको आवेदनउपर छानविन गर्न गठित साबिकको कार्यदललाई नै नेपालको अनुरोधबमोजिम विश्व व्यापार सङ्गठनको सदस्यतासम्बन्धी विषयमा छानबीन गरी सुझाव पेश गर्न तोकियो । सङ्गठनको सदस्यताका लागि निर्धारित प्रक्रियाबमोजिम नेपालले सन् १९९८ को अगष्ट १० मा देशको वैदेशिक व्यापारसम्बन्धी विस्तृत दस्तावेज Memorandum of Foreign Trade Regime (MoFTR) सङ्गठनको सचिवालयमा पेश गऱ्यो ।

सो दस्तावेजमा नेपालले अवलम्बन गरेका आर्थिक नीतिहरूका साथै वैदेशिक व्यापारसम्बन्धमा प्रचलित प्रक्रिया, नियम एवं संस्थागत व्यवस्थाका विविध पक्षहरू समेटिएको थियो । सो दस्तावेज सचिवालयले प्रतिक्रिया तथा जानकारीका लागि सबै सदस्यलाई पठायो । त्यस उपर विभिन्न सदस्य राष्ट्रले करिब ३६४ वटा प्रश्न/जिज्ञासाहरू उठाएका थिए । तिनको लिखित जवाफका अतिरिक्त सचिवालयले माग गरेका अन्य विवरण तथा दस्तावेजहरू पनि समयमै सचिवालयमा पठाइएको थियो ।

नेपालले पेश गरेको वैदेशिक व्यापारको विस्तृत स्थितिपत्र र अन्य कानूनी तथा प्रशासनिक दस्तावेजमा आधारित भएर द्विपक्षीय तथा बहुपक्षीय स्तरमा वार्ता तथा सम्झौता प्रारम्भ भयो । यस क्रममा नेपालसित व्यापार सरोकार राख्ने भारत, चीन, अष्ट्रेलिया, संयुक्तराज्य अमेरिका, जापान, युरोपेली युनियन लगायतका सदस्यहरूसित छुट्टाछुट्टै तथा संयुक्त रूपमा पनि विभिन्न चरणमा वस्तु व्यापार, सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धमा नेपालको प्रतिबद्धताबारे सम्झौता वार्ता सम्पन्न भयो । यस क्रममा पाँच चरणमा विभिन्न व्यापारिक साझेदार राष्ट्रसँग विस्तृत सम्झौता वार्ता भएको थियो । यसै सन्दर्भमा नेपालले पहिलोपल्ट सन् २००० को जुलाईमा अरू सदस्यहरूलाई वस्तु तथा सेवा व्यापारको सन्दर्भमा उपलब्ध गराउने भन्सार सहुलियतको सूची तथा सेवाव्यापार सम्बन्धी प्रतिबद्धताहरूको सूची (प्रारम्भिक) सचिवालयमा पेश गरेको थियो । यससम्बन्धमा कार्यदल (Working Party) को बैठक लगायत द्विपक्षीय स्तरमा पनि विस्तृत छलफल भयो । नेपालसित व्यापार सरोकार राख्ने सदस्यहरूसितको वार्ता तथा छलफलपछि नेपालले शुरुमा पेश गरेको भन्सार महसुल तथा सेवासम्बन्धी प्रतिबद्धताहरूको संशोधित सूची सन् २००२ को मे महिनामा सचिवालयमा प्रस्तुत गऱ्यो । साथै, विश्व व्यापार सङ्गठनको प्रावधानअनुकूल बनाउन नयाँ बनाउनुपर्ने तथा संशोधन गर्नुपर्ने नीति, ऐन, नियमावली लगायतका समग्र कानूनी सुधारको विस्तृत कार्ययोजना (Legislative Action Plan) पनि कुन समयभित्र गरिसक्ने हो सोसमेत खुलाई पेश गरियो । नेपालले पेश गरेको वैदेशिक व्यापारको स्थितिपत्र तथा भन्सार महसुल एवं

सेवासम्बन्धी प्रस्ताव लगायतका विषयमा कार्यदलको बैठकमा विभिन्न पटक छलफल भयो । यस क्रममा कार्यदलको बैठक औपचारिक रूपमा २२ मे २०००, १२ सेप्टेम्बर २००२ र १५ अगष्ट २००३ मा गरी तीन पटक बसेको थियो । यिनमा कार्यदलको अन्तिम तथा तेस्रो बैठकले नेपालको सदस्यता शर्त निर्धारण गरेको थियो । कार्यदलको अध्यक्ष शुरुमा विश्व व्यापार सङ्गठनका लागि न्यूजिल्याण्डका महामहिम राजदूत Mr. Rogger Farrell र पछि स्विटजरल्याण्डका महामहिम राजदूत Mr. P.L Girard तोकिनु भएको थियो ।

यसरी द्विपक्षीय तथा बहुपक्षीय स्तरमा भएका वार्तामा सम्बन्धित पक्षलाई सन्तुष्ट तुल्याउँदै तथा सदस्यहरूले राखेको जिज्ञासालाई स्पष्ट गर्दै नेपालले विश्व व्यापार सङ्गठनमा सम्मिलनको बाटोलाई निरन्तर फराकिलो बनाउँदै लग्यो । अन्ततः सम्बन्धित सबै पक्षलाई आश्वस्त तुल्याउन सफल भएपछि कार्यदलको तेस्रो बैठकले नेपालको सदस्यतालाई अघि बढाउन उपयुक्त हुने सिफारिशसाथ साधारण परिषद्मा २८ अगष्ट २००३ मा आफ्नो प्रतिवेदन पेश गऱ्यो । त्यस लगत्तै मेक्सिकोको क्यानकुन (Cancun) मा भएको सङ्गठनको पाँचौं मन्त्रिस्तरीय सम्मेलनले ११ सेप्टेम्बर, २००३ का दिन नेपाल र कम्बोडियालाई सदस्यता प्रदान गर्ने निर्णय गऱ्यो ।

विश्व व्यापार सङ्गठनमा नेपालको सम्मिलन (Accession) सम्बन्धी प्रोटोकललाई सम्बन्धित देशको संसद्बाट अनुमोदन गराउनुपर्ने प्रावधानअनुसार नेपालले ३१ मार्च, २००४ भित्र सो अनुमोदन गर्नुपर्ने स्थिति थियो । सो बेला संसद् नभएकोले नेपाल सन्धि ऐन, २०४७ लाई अध्यादेशमार्फत संशोधन गरी सो ऐनमा मन्त्रिपरिषद्को सिफारिशमा राष्ट्राध्यक्षको स्वीकृतिले बहुपक्षीय सम्झौता अन्तर्गत स्थापित कुनै पनि अन्तर्राष्ट्रिय सङ्गठनको सदस्य बन्नसक्ने प्रावधान समावेश गरियो । तदनुसार मन्त्रिपरिषद्ले मिति २०६० चैत्र १० गते विश्व व्यापार सङ्गठनमा नेपालको सम्मिलनसम्बन्धी प्रोटोकल स्वीकृत गर्न राष्ट्रध्यक्षसमक्ष सिफारिश गरेकोमा स्वीकृति प्राप्त भएअनुसार २३ मार्च, २००४ मा प्रोटोकललाई नेपाल सरकारले स्वीकृत गरी २४ मार्च, २००४ का दिन यसको जानकारी विश्व व्यापार सङ्गठनको सचिवालयमा पठायो । अन्ततः सोको एक महिनापछि २३ अप्रिल, २००४ (२०६१ वैशाख ११) मा नेपाल १४७ औं सदस्यका रूपमा विश्व व्यापार सङ्गठनमा विधिवत् आबद्ध भयो । यसरी तत्कालीन ग्याटकै समयदेखि शुरु गरिएको बहुपक्षीय व्यापार प्रणालीको सदस्यता लिने नेपालको प्रयास अन्ततः १४ वर्षपछि सफल भयो । वार्ताको प्रक्रियाबाट सङ्गठनमा सम्मिलन हुने नेपाल पहिलो अल्पविकसित राष्ट्र भयो । यद्यपि यसपूर्व २२ अन्य राष्ट्रले सम्मिलनको प्रक्रियाले सदस्यता लिइसकेका थिए । तर विश्व व्यापार सङ्गठन स्थापना भएपछि अल्प विकसित राष्ट्रको हैसियतमा सङ्गठनमा प्रवेश गर्ने पहिलो अल्पविकसित राष्ट्रचाहिँ नेपाल बन्न पुग्यो । सम्मिलनको प्रक्रिया जटिल र चुनौतीपूर्ण भए पनि राष्ट्रिय हितलाई उच्च ध्यानमा

राखी सदस्यता लिन नेपाल सफल भयो । नेपालले सदस्यताका क्रममा अरूलाई सहमत गराउन सकेको प्याकेज अत्यन्तै सन्तुलित भनी अन्कटाड लगायतका संस्थाबाट समेत प्रशंसित भएको छ । वार्ताको माध्यमबाट सङ्गठनमा प्रवेश गर्ने क्रममा नेपालले कृषि तथा गैर कृषि क्षेत्रमा आफ्नो भन्सार महसुल दरको सीमाङ्कन (Tariff Binding) तत्काल प्रचलित (Applied) भन्सार महसुल दरभन्दा उच्च कायम गर्न सफल हुनुका साथै अति कम विकसित राष्ट्रको नाताले विभिन्न छूट तथा सहुलियतहरू निश्चित समयका लागि उपभोग गर्न पाउनुपर्ने कुरामा सदस्य राष्ट्रहरूलाई सहमत गराउन सकेको हुनाले विश्व व्यापार सङ्गठनमा नेपालको सम्मिलन प्रक्रियालाई एउटा सफल सम्झौता वार्ताको रूपमा लिइने गरिन्छ ।

**३.३ सङ्गठनको सदस्य बन्नुपूर्व गरिएका नीतिगत तथा संस्थागत सुधारका प्रयासहरू**

करिब १४ वर्ष लामो प्रयासपछि नेपाल विश्व व्यापार सङ्गठनमा आबद्ध हुन सकेको हो । यस क्रममा नेपालले विभिन्न नीतिगत तथा संस्थागत सुधारका प्रयासहरूलाई पनि क्रमशः अघि बढाउँदै आफ्ना आर्थिक तथा व्यापार नीति, कार्यविधि र संरचनाहरूलाई बहुपक्षीय व्यापार प्रणाली अनुकूल बनाउने सन्दर्भमा निम्न महत्त्वपूर्ण प्रयासहरू गरेको थियो:

- सन् १९८० को दशकको मध्यदेखि नै संरचनात्मक समायोजन कार्यक्रम (Structural Adjustment Program) लागू गरी आर्थिक उदारीकरणको अवधारणाबमोजिम नीतिगत तथा संस्थागत सुधारका कार्यहरूलाई अघि बढाइएको थियो । यो प्रयासलाई सन् १९९२ देखि घनीभूत पार्ने क्रममा उद्योग स्थापना गर्दा इजाजत (लाइन्सेस) लिनुपर्ने, आयात निर्यात व्यापारमा रहेका परिमाणात्मक बन्देज लगायतका अनुमतिपत्र लिनुपर्ने प्रथालाई हटाउने, निजी क्षेत्रलाई अर्थतन्त्रको सञ्चालनमा उल्लेख्य भूमिका प्रदान गर्ने, निजी क्षेत्रमा पनि वाणिज्य बैङ्क सञ्चालन गर्न सकिने, उद्योग वाणिज्य क्षेत्रमा विदेशी लगानीलाई प्रवर्द्धन गर्न विभिन्न सहुलियत प्रदान गर्ने, नेपाली मुद्रालाई चालु खातामा पूर्ण परिवर्त्यता प्रदान गर्ने, उद्योगव्यापार सञ्चालनमा सहजता प्रदान गर्न एकद्वार प्रणाली लागू गर्ने, सरकारी स्वामित्वमा रहेका संस्थानहरूलाई निजी क्षेत्रको स्वामित्व र व्यवस्थापनमा लैजाने कार्यहरू गरिएका थिए । यस क्रममा नब्बेको दशकको शुरुमा नयाँ औद्योगिक तथा वाणिज्य नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण नीति, औद्योगिक व्यवसाय ऐन, निजीकरण ऐन लगायतका नीति तथा ऐनहरू जारी गरिएका थिए भने कतिपय मौजूदा ऐनमा समसामयिक संशोधन गरिएका थिए ।
- तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्ति सचिवको अध्यक्षतामा सम्बन्धित मन्त्रालयका सचिवहरूको उच्चस्तरीय समिति गठन गरी यसलाई विश्व

व्यापार सङ्गठनमा प्रस्तुत गर्नुपर्ने सम्पूर्ण दस्तावेजहरूलाई अन्तिम रूप दिने र जेनेभामा सम्बन्धित पक्षसँग वार्ता गर्ने जिम्मेवारी दिइएको थियो ।

- विश्व व्यापार सङ्गठनमा सदस्यता लिने क्रममा नेपाललाई प्राविधिक सहयोग पुऱ्याउने हेतुले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) अन्तर्गत Nepal's Accession to WTO नामक परियोजनाबाट सन् १९९७ देखि २००३ सम्म प्राविधिक सहयोग प्राप्त भएको थियो । यस परियोजनाबाट बहुपक्षीय व्यापारसम्बद्ध विभिन्न अध्ययन कार्यहरू गराइएका थिए भने निजी क्षेत्रसमेतको सहभागितामा विभिन्न गोष्ठी, छलफल तथा अन्तर्क्रियाहरू आयोजना गरी सङ्गठनको सदस्यता लिँदा प्राप्त हुनसक्ने अवसर तथा सामना गर्नुपर्ने चुनौतीहरूबारे सर्वसाधारणमा जानकारी प्रवाह गरिएको थियो ।
- सदस्यता प्राप्तिको चरणमा विश्व व्यापार सङ्गठनसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गर्ने विभिन्न मन्त्रालय तथा निकायको कार्यमा एकरूपता ल्याउन र अन्तर मन्त्रालय/निकाय समन्वय र सहकार्यलाई सुदृढ र संस्थागत गर्न सजिलो होस् भन्ने हेतुले झण्डै डेढ दर्जन जति मन्त्रालय र विभिन्न निकायमा WTO Focal Point नियुक्ति गरी समय-समयमा बैठकको आयोजनामार्फत WTO Issues मा छलफल गर्ने परिपाटी शुरु गरिएको थियो जुन हालसम्म पनि जारी छ ।
- क्षेत्रीयस्तरमा साप्टा सम्झौताको सदस्य बन्ने र सार्क राष्ट्रहरूसित व्यापार सरोकारका विषयमा छलफल गरी क्षेत्रीय व्यापार सम्झौतालाई बहुपक्षीय व्यापार प्रणालीको प्रावधान नगिच हुने गरी सञ्चालन गर्नेतर्फ क्रियाशीलता अघि बढाइएको थियो । अन्तर्राष्ट्रिय स्तरमा सङ्गठनको पर्यवेक्षक सदस्यको हैसियतले विभिन्न व्यापार साझेदार मुलुकहरूसित वार्ता तथा छलफल गर्ने, अल्प विकसित राष्ट्रहरूको समूहसित कार्यगत एकता गरी नेपालको सम्मिलन प्रक्रियालाई सहज बनाउन विभिन्न पहलहरू गरिएको थियो ।

### ३.४ नेपाललाई विश्व व्यापार सङ्गठनको सदस्यताको आवश्यकता

विश्व व्यापार सङ्गठनको सदस्यता नेपालका लागि तत्कालीन अवस्थामा चाहना र बाध्यता दुवै थियो । भूमण्डलीकरणको युगमा एकातिर विश्व अर्थतन्त्रबाट तटस्थ भएर बस्नु नेपालको आर्थिक हितमा उपयुक्त कुरा थिएन भने अर्कातिर नेपालजस्तो सानो, कमजोर अर्थतन्त्र र भूपरिवेष्टित मुलुकलाई विश्व अर्थतन्त्रसँग एकीकृत हुन सघाउ पुऱ्याउने, वैदेशिक व्यापार सञ्चालनमा उत्पन्न हुने व्यापार र पारवहनसम्बद्ध विवादलाई सुल्ट्याउन उपयोगी हुने

एक मात्र महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्च विश्व व्यापार सङ्गठन थियो । तसर्थ, केही चुनौतीका बाबजुद बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिने उद्देश्यले नेपाल विश्व व्यापार सङ्गठनमा आबद्ध भएको हो ।

**सङ्गठनको सदस्यता लिनु पछाडिका आवश्यकता**

- विश्वका अधिकांश मुलुक सङ्गठनको सदस्य भइसकेको र विश्वको कुल व्यापारको झण्डै ९५ प्रतिशतभन्दा बढी हिस्सा यिनै देशहरूले ओगटिरहेको सन्दर्भमा नेपालले अलग रहेर आफ्नो आर्थिक गतिविधि सञ्चालन गर्न सक्ने अवस्था नभएको ।
- दक्षिण एशिया क्षेत्रमा नेपाल र भूटानबाहेक सबै सदस्य भइसकेको तत्कालीन स्थितिमा सार्क क्षेत्रका देशसितको व्यापारलाई एकरूपता र सुनिश्चितता दिन पनि सङ्गठनको सदस्य बन्न आवश्यक देखिएको ।
- चीन र भारत दुवै छिमेकी राष्ट्र सङ्गठनको सदस्य भइसकेको स्थितिमा यी दुई देशबीचको मुलुक नेपाल बहुपक्षीय व्यापार प्रणालीबाट तटस्थ बस्न अर्थराजनीतिक दृष्टिले पनि उपयुक्त नहुने स्थितिमा सङ्गठनको सदस्यता अपरिहार्यजस्तै हुन आएको थियो ।
- नेपालजस्तो अति कम विकसित र विश्व व्यापारिक गतिविधिमा कम प्रभावशाली मुलुकले व्यापार सञ्चालनका क्रममा छिमेकी मुलुक लगायतबाट समयसमयमा भोग्नुपर्ने पारवहन तथा अन्य व्यापार समस्या समाधानको लागि सङ्गठनको विवाद समाधान संयन्त्रबाट समाधान पहिल्याउन सक्ने स्थिति रहेको ।
- सङ्गठनमा साना एवं ठूला र विकसित एवं कम विकसित सबैथरी सदस्यको अधिकार एक राष्ट्र एक मतको आधारमा निर्धारित हुने भएकोले सङ्गठनको सदस्यताबाट नेपालजस्तो सानो र कम विकसित मुलुकको धारणाको पनि महत्त्व स्थापित हुने देखिएको ।
- अति कम विकसित र भूपरिवेष्ट्रित राष्ट्रले व्यापार र आर्थिक विकासको सन्दर्भमा भोग्नुपरिरहेका समस्या सम्बन्धमा नेपालजस्ता साना देशले पनि आफ्नो भनाइ र अवधारणा सशक्त ढङ्गले राख्नसक्ने मञ्च विश्व व्यापार सङ्गठन भएकोले सङ्गठनको सदस्यता अन्तर्राष्ट्रियस्तरमा नेपालको उपस्थितिलाई प्रभावकारी बनाउने दृष्टिले पनि सहयोगी ठानिएको ।
- सङ्गठनमा अल्पविकसित तथा विकासशील सदस्यका लागि विभिन्न सहुलियत, छूट, विशेष तथा पृथक् व्यवहार, व्यापार क्षमता विकासका लागि आर्थिक, प्राविधिक सहयोग उपलब्ध हुनसक्ने व्यवस्था भएको ।

### ३.५ विश्व व्यापार सङ्गठनको सदस्य बन्नु पछाडिका उद्देश्यहरू

नेपाल विश्व व्यापार सङ्गठनको सदस्य बन्नु पछाडिका अन्तर्निहित उद्देश्यहरू निम्नानुसार थिए :

- राष्ट्रिय अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय अर्थतन्त्रसँग आबद्ध गरी आर्थिक उदारीकरण र विश्वव्यापीकरणबाट अधिकतम फाइदा लिन ।
- स्वदेशी निर्यातजन्य उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा सहज बजार पहुँच सुविधा दिलाउन ।
- आर्थिक तथा व्यापार नीतिहरूमा स्थायित्व र पूर्वानुमानीयता सुनिश्चित गरी उद्योग, व्यापार तथा लगानीमैत्री वातावरण निर्माण गर्न ।
- व्यापारसम्बद्ध निकायहरूको आन्तरिक संस्थागत क्षमता सुदृढ गर्न ।
- वैदेशिक लगानी तथा प्रविधि भित्र्याउन ।
- स्वच्छ व्यापार नियमहरूबाट फाइदा लिन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न ।
- व्यापार प्रवर्द्धनबाट आर्थिक वृद्धि र स्थायित्व हासिल गर्न तथा रोजगारी र आम्दानीस्तरमा वृद्धि गर्न ।
- भूपरिवेष्टित राष्ट्रको नाताले पारवहन सुविधा उपयोगको सुनिश्चितता स्थापित गर्न ।

### ३.६ सङ्गठनको सदस्यताबाट नेपाललाई प्राप्त हुनसक्ने सुविधा, फाइदा तथा अवसरहरू

विश्व व्यापार सङ्गठनको सदस्यताबाट नेपाललाई वैदेशिक व्यापारका क्षेत्रमा विभिन्न लाभ पुग्ने तथा नेपालको निर्यात व्यापारलाई प्रवर्द्धन गर्न विभिन्न अवसरहरू उपलब्ध हुनसक्ने आकलन गरिएको थियो । तीमध्ये सम्भावित केही लाभ तथा अवसरहरूलाई यस प्रकार उल्लेख गर्न सकिन्छः

- सङ्गठनका सदस्य राष्ट्रहरूको व्यापार उदारीकरणको प्रभावबाट बजार पहुँचमा वृद्धि भई नेपालको निर्यात व्यापार विस्तारका अवसरहरूमा वृद्धि हुने ।
- सीमित देश र सीमित वस्तुमा केन्द्रित नेपालको वैदेशिक व्यापारलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार र प्रवर्द्धन गर्न सहयोग पुग्ने ।
- सङ्गठनको सम्झौतामा अन्तर्निहित प्रावधानहरूबाट सुरक्षित र सुनिश्चित व्यापारको वातावरण सिर्जना भई आर्थिक स्थिरता कायम गर्न सहयोग पुग्ने ।
- औद्योगिक उत्पादनका लागि आवश्यक कच्चापदार्थहरू नियमित, स्थिर एवं सुलभ

रूपमा उपलब्ध हुनसक्ने भई औद्योगिक उत्पादनमा वृद्धिमार्फत निकासी प्रवर्द्धन हुनसक्ने ।

- आफ्नो राष्ट्रिय हित अनुरूप नेपाली अर्थतन्त्रलाई अन्तर्राष्ट्रिय आर्थिक प्रणालीसँग आबद्ध गराउने अवसर प्राप्त हुने ।
- अन्तर्राष्ट्रिय प्रतिस्पर्धाको वातावरणको सृजनाले तुलनात्मक लाभका क्षेत्रहरू पहिचान भई नेपालको आर्थिक क्रियाकलापमा गतिशीलता आउने ।
- वस्तु व्यापारका अतिरिक्त सेवा व्यापार तथा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको व्यापारको स्वच्छ विकास भई बढी आर्थिक लाभ लिनसक्ने ।
- वैदेशिक व्यापार तथा आर्थिक उदारीकरणलाई सघाउ पुग्ने गरी लागू गरिने आर्थिक सुधार कार्यक्रमबाट प्रत्यक्ष वैदेशिक लगानी तथा प्रविधि भित्रिन मद्दत पुगी रोजगारी एवं आर्थिक वृद्धिमा सहयोग पुग्ने ।
- अन्तर्राष्ट्रिय व्यापारिक उपस्थिति र प्रतिस्पर्धाले नेपाली उद्योगहरूको दक्षता र उत्पादकत्वमा वृद्धि हुने वातावरणको सिर्जना हुने ।
- अति कम विकसित मुलुकहरूका लागि प्राप्त हुनसक्ने आर्थिक, प्राविधिक सहयोग र विशेष तथा पृथक् व्यवहार (Special & Differential Treatment) सुविधाले नेपालको व्यापार क्षमता बढाउन र आपूर्तिजन्य कठिनाइसित जुध्न सहयोग पुग्ने ।
- वस्तु तथा सेवा व्यापारअन्तर्गत तुलनात्मक लाभका क्षेत्रहरू पहिचान भई तिनको प्रवर्द्धन गर्न सहयोग पुग्ने । साथै, हाल सुषुप्त अवस्थामा रहेको व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिहरूको पहिचान र प्रवर्द्धन भई आर्थिक लाभ लिन सघाउ पुग्ने ।
- राष्ट्रिय नीति तथा कार्यक्रममा वैदेशिक व्यापारले उच्च प्राथमिकता पाई व्यापार निर्देशित आर्थिक वृद्धितर्फ अघि बढ्न सघाउ पुग्ने ।
- अन्तर्राष्ट्रिय बजारमा निर्यात हुने वस्तुको गुणस्तर तथा मापदण्ड सुधार र स्तरोन्नति गर्न सहयोग पुग्ने ।
- मानव, प्राणी तथा वनस्पति स्वास्थ्यमा क्षति पुऱ्याउनसक्ने वस्तुको आयातमा तोकिएका सुरक्षा उपायहरू अवलम्बन गरी तिनको दुष्प्रभावबाट बच्न सघाउ पुग्ने ।
- स्वदेशी उद्योगलाई हानि-नोक्सानी पुऱ्याउने गरी कम मूल्यमा विदेशबाट नेपालमा निर्यात गरिएका वस्तुलाई एन्टी-डम्पिङ्ग, काउन्टरभेलिङ्ग लगायतका विभिन्न उपायहरू अङ्गीकार गरी निरुत्साहित गर्न सकिने ।
- अनपेक्षित र अस्वाभाविक रूपमा कुनै वस्तुको अत्यधिक आयात भई स्वदेशी

अर्थतन्त्र र स्वदेशी उद्योगलाई नकारात्मक असर पुग्न गएमा विभिन्न सुरक्षा उपायहरू अवलम्बन गरी त्यस्तो आयातलाई नियन्त्रण गर्न सकिने ।

- विभिन्न क्षेत्रमा अन्तर्राष्ट्रिय प्रविधिको हस्तान्तरणले देशको प्राविधिक तथा औद्योगिक विकासमा टेवा पुग्ने । साथै, कृषि क्षेत्रको व्यवसायीकरण र आधुनिकीकरणमा बल पुग्ने ।
- पारवहन सुविधालाई निर्बाध रूपमा उपयोग गर्न सहयोग पुग्ने ।

## ३.७ सङ्गठनको सदस्यताबाट सिर्जित चुनौतीहरू

- विश्व व्यापार सङ्गठनको सदस्यतासँगै व्यापार प्रवर्द्धनका लागि लगानीको अवसरमा वृद्धि र विश्वव्यापी बजार पहुँचको सुविधा उपलब्ध हुने भए पनि छिमेकी देशहरू तथा विकसित देशको तुलनामा कमजोर र सानो परिमाणको पूँजी लगानी गर्नसक्ने निजी क्षेत्र, कमसल प्रविधि, र सीमित तुलनात्मक लाभका उत्पादनका साथै बजारको विविधतासमेत न्यून भएको नेपालजस्ता मुलुकले विश्वव्यापी खुला बजारको फाइदाभन्दा बढी आफ्नो बजारमा बाह्य सामानहरूको उच्च आयातको समस्या झेल्नुपर्ने र बहुराष्ट्रिय कम्पनीहरूको बढ्दो उपस्थितिबाट साना पूँजी र प्रविधिमा स्थापित स्वदेशी उद्योगहरूमा नकारात्मक असर व्यहोर्नुपर्ने हुनसक्छ । अतः अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने गरी निजी क्षेत्रको क्षमता विकासमार्फत स्वदेशी व्यवसायीहरूको दक्षता र उत्पादकत्वमा वृद्धि गरी मूल्य र गुणस्तरको हिसाबले प्रतिस्पर्धी बनाउने कार्य चुनौतीपूर्ण छ ।
- विश्व व्यापार सङ्गठनमा सम्मिलन हुने क्रममा नेपालले सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेका विभिन्न नीति, कानून तथा प्रक्रियाहरूलाई निश्चित समयसीमाभित्र पूरा गर्नुपर्ने दायित्व छ । यस्ता नीतिगत तथा संस्थागत प्रतिबद्धताहरूलाई समयमै पूरा गर्ने कार्य नेपालजस्तो आर्थिक-राजनीतिक संक्रमणबाट गुज्रिरहेको मुलुकका निम्ति आर्थिक, प्रशासनिक र प्राविधिक दृष्टिले समेत थप चुनौतीपूर्ण देखिएको छ ।
- आन्तरिक उद्योगधन्दा र आर्थिक क्रियाकलापमा उल्लेख्य वृद्धि हुन नसकेको नेपालजस्तो मुलुकको राजस्वको ठूलो स्रोत पैठारी हुने सामानमा लगाइने भन्सार महसुल हो । विश्व व्यापार सङ्गठनमा प्रवेश गरेपछि पैठारी हुने सामानको भन्सार महसुल क्रमशः कम गर्दै लैजानुपर्ने, अन्य महसुल तथा शुल्क पनि निश्चित समयसीमाभित्र खारेज गर्नुपर्ने र निश्चित सीमाभन्दा माथि गएर भन्सार महसुल तोक्न नपाइने पृष्ठभूमिमा राजस्वको स्रोत घट्न नदिन वैकल्पिक उपायहरूको अवलम्बन र प्रभावकारी कार्यान्वयन गर्ने कार्य चुनौतीपूर्ण छ ।

- बहुपक्षीय व्यापार प्रणालीमा प्रवेशपछि छिमेकी देशलगायतका देशहरूसित हुने द्विपक्षीय व्यापार सन्धिहरूबाट प्राप्त हुनसक्ने सौविध्यपूर्ण व्यापारका अवसरहरूमा सङ्कुचन आउनसक्ने र कतिपय अवस्थामा पाइरहेको वा उपभोग गरिरहेको सुविधा र सहुलियत (Margin of Preference) समेत घट्नसक्ने हुँदा यसबाट निर्यातमा कमी आउनसक्ने देखिन्छ। यस्तो अवस्थामा निर्यातमा कमी आउन नदिन आवश्यक उपायहरूको अवलम्बन गर्ने कार्य चुनौतीपूर्ण छ।
- विश्व व्यापार सङ्गठनका सम्झौता एवं प्रतिबद्धता कार्यान्वयन गर्ने बाध्यताबाट कतिपय राष्ट्रिय नीति निर्माणमा लचकता (Flexibility) को अभाव रहनसक्छ। यस पृष्ठभूमिमा राष्ट्रिय स्वार्थ र अन्तर्राष्ट्रिय दायित्वबीच सन्तुलन मिलाएर अघि बढ्ने कार्य चुनौतीपूर्ण छ।
- विश्व व्यापार सङ्गठनमा अल्प विकसित तथा विकासशील सदस्यलाई विशेष तथा पृथक् व्यवहार लगायतको सुविधा एवं छूटको प्रावधान छ। के कस्ता विषयमा यस्ता सुविधा तथा छूट उपयोग गर्न पाइने हो त्यस सम्बन्धमा गहिरो अध्ययन विश्लेषण गरी यस्ता सुविधाहरूको अधिकतम उपयोग गर्ने वातावरण तयार गर्ने कार्य पनि चुनौतीपूर्ण छ।
- विश्व व्यापार सङ्गठनले सामान्यतः कोटा तथा परिमाणात्मक बन्देजजस्ता कुरालाई निषेध गर्दछ। यसरी साबिकमा विभिन्न मुलुकले उपलब्ध गराउँदै आएको कोटा लगायतका सहुलियतपूर्ण व्यवस्थामा कटौती हुँदा नेपालको निकासी व्यापारमा सङ्कुचन आउनसक्छ। जस्तै कि साविकमा नेपालले अमेरिका लगायतका मुलुकमा तयारी पोशाक निर्यात गर्दा (Multi-fibre Arrangement : MFA) अन्तर्गत निश्चित कोटाको सुविधा उपयोग गरिराखेको थियो। यसरी कोटाभित्र निर्यात गर्दा नेपालको तयारी पोशाकमाथि कुनै प्रकारको भन्सार महसुल लाग्दैनथ्यो। तर जनवरी १, सन् २००५ देखि सो सुविधा हटाउनुपर्ने सङ्गठनको प्रावधान बमोजिम हाल सो सुविधा नेपालजस्ता अल्प विकसित मुलुकका लागि उपलब्ध नहुँदा साबिकमा उच्च परिमाण र मूल्यमा निर्यात भइरहेको वस्तुमा ह्वात्तै ह्रास आएको स्थिति छ। यस्तोमा निकासी व्यापारलाई दिगो रूपमा सञ्चालन गर्न र नयाँ नयाँ वस्तुमा अध्ययन अनुसन्धान गरी प्रतिस्पर्धात्मकता वृद्धि गर्ने कार्य चुनौतीपूर्ण देखिन्छ।

# परिच्छेद-४

## नेपालले विश्व व्यापार सङ्गठनमा गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति

नेपालले विश्व व्यापार सङ्गठनको सदस्य बन्ने क्रममा विभिन्न प्रतिबद्धताहरू व्यक्त गरेको थियो । यस क्रममा विश्व व्यापार सङ्गठन अन्तर्गतका तीन प्रमुख सम्झौताहरू- वस्तु व्यापार, सेवा व्यापार तथा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताबमोजिम पूरा गर्नुपर्ने विभिन्न प्रतिबद्धताहरू तोकिएको समयावधिभित्रै पूरा गर्ने वचनबद्धता नेपालले जनाएको थियो । वार्ताको माध्यमबाट सङ्गठनको सदस्यता प्राप्त गर्ने पहिलो अति कम विकसित राष्ट्र नेपालले सङ्गठनमा जाहेर गरेका ती प्रतिबद्धताहरूमध्ये धेरैजसो प्रतिबद्धताहरू हाल पूरा गरिसकिएका छन् भने कतिपय पूरा हुने प्रक्रियामा छन् । सीमित दक्षजनशक्ति र न्यून आर्थिक स्रोतसाधनका अतिरिक्त कतिपय प्रतिबद्धताहरू केही जटिल र प्राविधिक प्रकृतिका भएका कारण त्यस्ता प्रतिबद्धताहरू कार्यान्वयनमा ल्याउन केही ढिलाइ पनि हुनपुगेको छ । यद्यपि मुलुकको वैदेशिक व्यापारलाई प्रभावित गर्ने अधिकांश नीति, ऐन, प्रक्रिया र कार्यविधिहरूलाई सङ्गठनको सम्झौताअनुकूल परिमार्जन र समायोजन गर्ने कार्य भने सम्पन्न भइसकेको छ भने बाँकी प्रतिबद्धताहरूलाई पनि यथाशक्य पूरा गर्दै जाने दिशातर्फ प्रयासहरू अघि बढाइएको छ । नेपालले सङ्गठनमा व्यक्त गरेका खास-खास प्रतिबद्धताहरू र तिनको कार्यान्वयन स्थिति तल प्रस्तुत गरिएको छ ।

**४.१ कार्यदलको प्रतिवेदन र नेपालका प्रतिबद्धताहरू :** नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिने क्रममा विश्व व्यापार सङ्गठनमा प्रस्तुत भएको कार्यदलको प्रतिवेदन (Working Party Report) मा व्यापारका तीनवटै क्षेत्रअन्तर्गत व्यक्त गरिएका कानूनी, नीतिगत, संस्थागत र प्रक्रियागत सुधारसम्बन्धी विभिन्न प्रतिबद्धताहरूलाई एकमुष्ट रूपमा विस्तारमा समेटिएको छ । सो प्रतिवेदनमा १५५ वटा अनुच्छेदहरू रहेकोमा २५ वटा अनुच्छेदहरू प्रणालीगत प्रतिबद्धताहरू (Systemic Commitments) सँग सम्बन्धित छन् । त्यसैगरी खासखास विषयसँग सम्बन्धित केही विशेष प्रतिबद्धताहरू (Specific Commitments) पनि प्रतिवेदनमा उल्लेख गरिएका छन् । उक्त प्रतिवेदनभित्र रहेका विभिन्न ६ वटा अनुसूचीहरूले प्रतिबद्धताका विभिन्न विषयहरूलाई सूचीबद्ध गरेका छन् । तिनमा अनुसूची-१ ले विश्व व्यापार सङ्गठनको सदस्य बन्ने क्रममा संशोधन गर्नुपर्ने तथा गरिने विभिन्न २४ वटा ऐन तथा नियमावलीहरूको सूचीलाई समेटेको छ भने अनुसूची-२ ले कानूनी सुधारसम्बन्धी कार्ययोजना (Legislative Action Plan) लाई समेटेको छ । यस अन्तर्गत तीनवटा भागहरू रहेकोमा पहिलो भागमा सदस्यताको लागि प्रस्ताव पेश गरेपछि नेपालको तर्फबाट भए गरेका कानूनी सुधारसम्बन्धी प्रगति खासगरी नयाँ जारी तथा संशोधन गरिएका ऐन तथा

नियमावलीको विवरण प्रस्तुत गरिएको छ । दोस्रो भागमा सङ्गठनको सदस्यतापछि सन् २००३ देखि सन् २००५ को अन्त्यसम्ममा नेपालले तर्जुमा, संशोधन तथा परिमार्जन गर्नुपर्ने नीति, ऐन तथा नियम, पक्ष बन्नुपर्ने अन्तर्राष्ट्रिय महासन्धिहरू र विभिन्न ३ वटा क्षेत्रमा स्थापना गर्नुपर्ने सोधपुछ केन्द्रहरूसम्बन्धी प्रतिबद्धताहरूलाई समेटिएको छ । यसमा जम्मा ४२ वटा प्रतिबद्धताहरू समाविष्ट छन् । तेस्रो भागमा तीन वर्षभित्र नयाँ जारी गर्ने वा संशोधन गर्ने भनी प्रतिबद्धता जाहेर गरिएका ऐन, नियमहरूमध्ये कुन कुन ऐन, नियम कुन कुन वर्ष र महिनाभित्र जारी गरिसकिने वा संशोधन गरिसकिने हो सोको सूची समावेश गरिएको छ । अनुसूची-३ मा तत्कालीन अवस्थामा मूल्य अभिवृद्धि कर (VAT) छुट दिइएका वस्तुहरूको सूची उल्लेख गरिएको छ भने अनुसूची-४ मा त्यसबेला अन्तःशुल्क लगाइएका वस्तुहरूको विवरण उल्लेख गरिएको छ । अनुसूची-५ मा गुणस्तर प्रमाण चिह्न दिइएका वस्तुहरूको सूची समावेश गरिएको छ भने अनुसूची-६ मा निर्यात हुने वस्तुमा लगाइएको प्रचलित शुल्कदरसम्बन्धी विवरण उल्लेख गरिएको छ ।

## ४.२ वस्तु व्यापारको क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति

विश्व व्यापार सङ्गठनमा वस्तु व्यापारको नियमन भन्सार तथा व्यापारसम्बन्धी साधारण सम्झौता, १९९४ (ग्याट-१९९४) अन्तर्गत रहेर गरिन्छ । यसले वस्तु व्यापारको नियमनका सम्बन्धमा विभिन्न प्रावधानहरूलाई समेटेको छ । यो बहुपक्षीय वस्तु व्यापारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय कानूनी दस्तावेज हो । ग्याट-१९९४, यसपूर्व वस्तु व्यापारको सन्दर्भमा प्रचलनमा रहेको ग्याट-१९४७ कै परिमार्जित र विकसित रूप हो । ग्याट-१९९४ का अतिरिक्त वस्तु व्यापारलाई नियमन गर्न अन्य झण्डै डेढ दर्जनजति सम्झौताहरू रहेका छन् । तिनमा भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौता, कृषिसम्बन्धी सम्झौता, मानव, पशु र वनस्पति स्वास्थ्य उपायहरूसम्बन्धी सम्झौता, व्यापारका प्राविधिक अवरोधहरूसम्बन्धी सम्झौता, उत्पत्तिका नियमहरूसम्बन्धी सम्झौता, आयात इजाजतपत्र जारी गर्ने प्रक्रियासम्बन्धी सम्झौता, सुरक्षा उपायहरूसम्बन्धी सम्झौता आदि प्रमुख छन् । यसबारेमा परिच्छेद-२ मा विस्तारमा चर्चा गरिसकिएको छ ।

विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्त गर्ने राष्ट्रले वस्तु व्यापारको सन्दर्भमा उल्लिखित सम्झौताहरूबमोजिम विभिन्न प्रतिबद्धताहरू जाहेर गर्नुपर्ने हुन्छ । यस सम्झौताअनुसार खासगरी सदस्य राष्ट्रहरूले वस्तु व्यापारको सन्दर्भमा के कति हदसम्म भन्सार महसुल लगाउने हो सोको प्रतिबद्धता सूची सङ्गठनमा पेश गर्नुपर्ने हुन्छ । यसरी भन्सार सीमाङ्कन गरिसकेपछि सामान्यतः सोभन्दा माथि गएर भन्सार महसुल तोक्न र उठाउन पाइन्न । साथै, यस सम्झौताअन्तर्गत कुनै गैर भन्सार महसुलहरू प्रचलनमा रहेको भए क्रमशः सोको दरहरू

घटाउँदै र हटाउँदै जाने प्रतिबद्धता पनि व्यक्त गर्नुपर्ने हुन्छ । यो सम्झौता बमोजिम कुनै पनि राष्ट्रिय उद्योगलाई भन्सार महसुलको माध्यमबाट मात्र संरक्षण प्रदान गर्न सकिन्छ । साथै, वस्तुको आयातमा साबिकमा भन्सार महसुलका अतिरिक्त अन्य शुल्क तथा प्यारा ट्यारिफ लगाउँदै आइएको छ भने त्यसलाई हटाई त्यस्तो शुल्कलाई भन्सार महसुलभित्रै समायोजन गर्नुपर्ने हुन्छ जसलाई Tariffication भनिन्छ । भन्सार महसुल पनि आयातित वस्तुको मूल्यमा प्रतिशतको आधारमा लगाइने (Ad Valorem), परिमाणको आधारमा लगाइने (Specific) र यी दुईको मिश्रित स्वरूपमा लगाइने (Compound) गरी तीन प्रकारको हुन्छ । यस अतिरिक्त यो सम्झौताले भन्सार दर कोटा (Tariff Rate Quota) को पनि व्यवस्था गरेको छ । यस अन्तर्गत कुनै वस्तुको निश्चित परिमाणसम्मको आयातमा कम भन्सार महसुल लगाउने र तोकिएको परिमाणभन्दा बढी आयात भएको खण्डमा उच्च दरको भन्सार महसुल लगाउने कार्य हुन्छ । त्यसैगरी ग्याट सम्झौताले विकासोन्मुख तथा अति कम विकसित सदस्य राष्ट्रहरूको निर्यातलाई प्रवर्द्धन गर्ने उद्देश्यले ती देशहरूबाट आयात हुने सामानमा सहुलियतपूर्ण भन्सार दर तोक्नसक्ने प्रावधानको पनि व्यवस्था गरेको छ । यसैगरी कृषिलगायतका अन्य सम्झौताहरूमा व्यवस्था भएबमोजिम सदस्य राष्ट्रहरूले वस्तु व्यापारका क्षेत्रमा विभिन्न नीतिगत, प्रक्रियागत र संस्थागत सुधारसम्बन्धी प्रतिबद्धताहरूलाई पनि व्यक्त गर्नुपर्ने हुन्छ । यस पृष्ठभूमिमा नेपालले वस्तु व्यापारका क्षेत्रमा गरेका प्रतिबद्धताहरू र तिनको कार्यान्वयन स्थितिलाई संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

- नेपालले वस्तु व्यापारअन्तर्गत कृषिजन्य वस्तुहरूको हकमा शत प्रतिशत र गैर कृषिजन्य वस्तुको हकमा ९९.३% वस्तुहरूको भन्सार सीमाङ्कन गरी तदनुसार भन्सार महसुल लगाइने अधिकतम दरको सूची (Schedule of Concession on Goods (Tariff bindings) विश्व व्यापार सङ्गठनमा प्रस्तुत गरेको छ । राष्ट्रिय हितलाई दृष्टिगत गरी गैर कृषि वस्तु अन्तर्गत मुख्यतः सिमेन्ट, पेट्रोलियम पदार्थ, हातहतियार जस्ता सुरक्षा, उत्पादनसम्भाव्यता र राजस्व सङ्कलनका दृष्टिले संवेदनशील वस्तुहरूमा चाहिँ भन्सार महसुल सीमाङ्कन नगरी खुला छाडिएको छ । नेपालले सङ्गठनमा पेश गरेको सूचीमा वस्तु व्यापारको सन्दर्भमा लगाइने अधिकतम भन्सार दर (Bound Rate), ८०% उल्लेख गरिएको छ । विश्व व्यापार सङ्गठनको सदस्यता लिने समयमा वस्तु व्यापारका सन्दर्भमा ५ देखि १३०% सम्म गरी जम्मा ७ वटा भन्सार दरबन्दी कायम रहेकोमा १३०% को दरबन्दी कार र जिपजस्ता वस्तुमा मात्र रहेको थियो । तर यो उच्च भन्सार दरलाई सन् २०१३ सम्ममा ६०% मा ल्याउने प्रतिबद्धता जाहेर गरिएको छ । तत्कालमा नेपालमा आयात हुने वस्तुमा लगाइएको प्रचलित भन्सार महसुल दर (Applied Rate) कम भए तापनि भविष्यमा नेपाली कृषि तथा गैरकृषिजन्य वस्तुलाई संरक्षण गर्नुपर्ने अवस्था आउनसक्ने कुरालाई दृष्टिगत गरी यस्ता वस्तुहरूमा प्रचलित भन्सार दरभन्दा

केही उच्च दरमा भन्सार सीमाङ्कन गरिएको छ । यसो भए तापनि उच्च विलासिताका केही वस्तुहरूलाई छोडी अन्य अधिकांश वस्तुको भन्सार महसुललाई क्रमशः कम गर्दै लगिएको छ ।

- नेपालले विश्व व्यापार सङ्गठनमा गरेका भन्सार महसुलसम्बन्धी प्रतिबद्धताहरूलाई हेर्दा कृषि क्षेत्रमा तत्काल ५१% र अन्तरिम अवधि (३ वर्ष) पश्चात् औसतमा ४२% तथा गैर कृषि क्षेत्रमा तत्काल ३७% र अन्तरिम अवधिपश्चात् औसतमा २४% भन्सार सीमाङ्कन दर रहने गरी प्रतिबद्धता जनाएको देखिन्छ । हाल गैर कृषिजन्य वस्तुको औसत भन्सार दर १२.२% रहेको छ ।

- करिब ५०० वस्तुमा साविकमा लगाई आएकै दर वा सोभन्दा तल हुने गरी भन्सार सीमाङ्कन गरिएको छ ।

- विश्व व्यापार सङ्गठनको प्रावधानअनुकूल बनाउनुपर्ने नेपालका झण्डै तीनदर्जन जति सम्बन्धित कानूनहरूलाई सन् २००२ देखि सन् २००५ बीचमा तर्जुमा, संशोधन तथा पारित गरिसक्ने प्रतिबद्धता जनाइएको छ । यस क्रममा झण्डै २ दर्जनजति कानूनहरू (नीति, ऐन र नियमहरूसमेत गरी) सङ्गठनको सिद्धान्तअनुरूप हुने गरी नयाँ तर्जुमा तथा संशोधन गरी कार्यान्वयनमा ल्याइएका छन् ।

- मूल्य नियन्त्रण र नियमन कार्यलाई पारदर्शी बनाउने तथा सङ्गठनको सिद्धान्तअनुरूप गर्ने, राज्यले मूल्य नियन्त्रण गरेका वस्तुहरूको सूची राजपत्रमा प्रकाशित गर्ने प्रतिबद्धता बमोजिम हाल राज्यको नियन्त्रणमा रहेका खाने नून तथा पेट्रोलियम पदार्थको मूल्य सार्वजनिक सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने गरिएको छ ।

- गैर-भन्सारजन्य शुल्कको रूपमा रहेका अन्य महसुल तथा शुल्कहरू (Other Duties & Charges: ODCs) लाई २ देखि १० वर्षसम्ममा क्रमशः हटाई शून्यमा ल्याउने प्रतिबद्धताबमोजिम नेपालले साबिकमा लगाउँदै आएको स्थानीय विकास शुल्क, सूर्ती तथा अल्कोहलजन्य पेय पदार्थमा उठाउँदै आएको विशेष शुल्कजस्ता शुल्कलाई पूर्णतः हटाई सकिएको छ भने कृषि सुधार शुल्कलाई क्रमशः कम गर्दै हाल ५% मा सीमित गरिएको छ । साथै, यस्ता प्रकारका अन्य शुल्क पुनः नलगाउने प्रतिबद्धताबमोजिम हाल यस्ता कुनै पनि नयाँ शुल्क लगाइएको छैन ।

- देशको अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई सङ्गठनको सम्झौताअनुकूल बनाउने प्रतिबद्धताबमोजिम निकासी-पैठारी (नियन्त्रण) ऐनलाई संशोधन गर्ने, आयात इजाजत जारी गर्ने प्रक्रियालाई सङ्गठनको सम्झौताअनुकूल तुल्याउने, निकासी इजाजत वा अन्य नियन्त्रणका व्यवस्थाहरू सङ्गठनको प्रावधानहरूअनुरूप मिलान गर्ने कार्य सम्पन्न

गरिएका छन् । निकासी एवं पैठारी व्यापारसम्बन्धी ऐन, कानूनहरू र त्यसमा लाग्ने दस्तुर, शुल्क र करहरू सङ्गठनको मान्यताअनुरूप मिलान गर्ने कार्यले नेपालको वैदेशिक व्यापारसम्बन्धी कानून र कार्यविधि थप स्पष्ट र पारदर्शी बन्न पुगेका छन् ।

- आयात तथा निर्यातमा सेवा शुल्क तोक्दा सरकारले उपलब्ध गराएको सेवाको लागतभन्दा बढी नहुने गरी तोक्ने प्रतिबद्धताबमोजिम यससम्बन्धी सेवा शुल्क निर्धारित सीमाभित्रै राख्दै आइएको छ । त्यसअनुसार हाल आयातमा एक प्रतिशत मात्र आयात इजाजत शुल्क तथा निर्यातमा ०.५% मात्र सेवा शुल्क सम्बन्धित प्रशासनिक सेवा प्रदान गर्दा लिइने व्यवस्था छ ।

- आयातमा परिमाणात्मक बन्देज नलगाउने, गैर भन्सार अवरोधहरू लागू नगर्ने र सङ्गठनमा बुझाएको प्रोटोकलमा उल्लिखित समय-तालिकाअनुसार अन्य दरबन्दी तथा दस्तुर हटाउने, निकासी गर्दा सङ्गठनका सदस्य राष्ट्रहरूको हित हुने उपायहरू अवलम्बन गर्ने प्रतिबद्धताबमोजिम सोको पालना हुँदै आएको छ ।

- १ जुलाई, सन् २००४ सम्ममा भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौतामा भएका प्रावधानहरू लागू गर्न आवश्यक कानून बनाइसक्ने प्रतिबद्धताबमोजिम नयाँ भन्सार ऐन, २०६४ तथा नियमावली स्वीकृत गरी कार्यान्वयनमा ल्याइसकिएको छ । भन्सार मूल्याङ्कन सम्झौतालाई क्रमशः कार्यान्वयन गर्दै १ जनवरी, सन् २००७ सम्ममा पूर्ण रूपमा लागू गर्ने प्रतिबद्धताबमोजिम कार्य भएको छ ।

- ग्याटको सिद्धान्तअनुरूप स्वदेशभित्र लाग्ने करहरूमा स्वदेशी र विदेशी वस्तुका बीचमा भेदभाव गर्न नपाइने प्रतिबद्धता पूरा गर्दै आइएको छ ।

- भन्सार मूल्याङ्कन, मूल्य अभिवृद्धि कर र अन्तःशुल्क जस्ता आन्तरिक करहरू, उत्पत्तिको नियम, एन्टी-डम्पिङ्ग, काउन्टरभेलिङ्ग तथा सुरक्षासम्बन्धी उपायहरू अवलम्बन गर्दा सङ्गठनको सम्बन्धित सम्झौताअनुरूप नै अवलम्बन गर्ने प्रतिबद्धता बमोजिम धेरैजसो नीति, ऐन तथा नियमहरू तदनुरूप नै तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् भने एन्टिडम्पिङ्ग, काउन्टरभेलिङ्ग तथा सुरक्षा उपासम्बन्धी ऐन तर्जुमाको क्रममा छ ।

- भन्सार मूल्याङ्कनमा चित्त नबुझ्ने पक्षले पुनरावदेन गर्न पाउने गरी ३१ डिसेम्बर, २००४ सम्ममा प्रशासनिक न्यायाधिकरण स्थापना गरिसक्ने प्रतिबद्धताबमोजिम त्यस्तो निकाय स्थापना गरिसकिएको छ ।

- औद्योगिक व्यवसाय ऐनमा सङ्गठनको मान्यताअनुरूप संशोधन गर्ने प्रतिबद्धताबमोजिम संशोधनको प्रक्रिया अघि बढेको छ ।

- सेवा व्यापार, व्यापारका प्राविधिक अवरोधहरू र मानव, पशु तथा वनस्पति स्वास्थ्यसम्बन्धी उपायहरू सम्बन्धमा सम्बन्धित पक्षलाई आवश्यक सूचना प्रवाह गर्न Inquiry Points स्थापना गर्ने प्रतिबद्धताबमोजिम त्यस्ता जानकारी केन्द्रहरू स्थापना भई सञ्चालनमा छन् ।
- विश्व व्यापार सङ्गठनको TBT र SPS सम्बन्धी सम्झौताहरू १ जनवरी, २००७ सम्ममा लागू गर्ने प्रतिबद्धता व्यक्त गरिएकोमा यससम्बन्धी सम्झौताहरूको कार्यान्वयनका लागि आवश्यक कार्यहरू अघि बढिरहेका छन् ।

समग्रमा नेपालले वस्तु व्यापारको क्षेत्रमा गरेका प्रतिबद्धताहरूको हालसम्मको कार्यान्वयन स्थिति सन्तोषप्रद नै देखिन्छ ।

**४.३ सेवा व्यापारको क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति**

विश्व व्यापार सङ्गठनको सेवा व्यापार सम्झौताले सेवा व्यापारलाई विभिन्न १२ वटा क्षेत्र र झण्डै १६० उपक्षेत्रमा वर्गीकरण गरेको छ । त्यसरी वर्गीकरण गरिएका क्षेत्र, उपक्षेत्रमध्ये नेपालले विभिन्न ११ सेवा क्षेत्रका ७० वटा उपक्षेत्रहरू विभिन्न शर्तसहित विदेशीहरूको लागि खुला गरेको छ । खुला गरिएका सेवा क्षेत्र/उप क्षेत्रमा विदेशी लगानीको अनुपात सेवाको प्रकृति हेरी ५१% देखि ८०% सम्म रहेको छ । राष्ट्रिय उद्योगहरूलाई संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले यी शर्त र बन्देजहरू राखिएका हुन् । सेवा व्यापार सम्झौताले सदस्य मुलुकहरूलाई कुनै पनि सेवा व्यापार क्षेत्र, उपक्षेत्र के कति शर्त राखेर खुला गर्ने हो सो तय गर्ने अधिकार दिएको छ । तदनुसार प्रत्येक मुलुकले आफ्नो क्षमता र सेवा व्यापारको स्तर हेरेर शर्त र बन्देजहरू निर्धारण गरेका छन् । नेपालले सेवा व्यापार क्षेत्रमा गरेका प्रतिबद्धताहरू सङ्गठनको सदस्यता लिने क्रममा पेश गरिएको Schedule of Specific Commitments on Services मा विस्तारमा उल्लेख भएको छ । नेपालले सेवा व्यापार क्षेत्रमा गरेका प्रतिबद्धताहरू सामान्य प्रतिबद्धताहरू (Horizontal Commitmentrs) र क्षेत्र-लक्षित प्रतिबद्धताहरू (Sector Specific Commitments) गरी दुई रूपमा रहेका छन् । सामान्य प्रतिबद्धताहरू खुला गरिएका सबै सेवा क्षेत्र, उपक्षेत्रमा समान रूपमा लागू हुन्छन् भने क्षेत्रलक्षित प्रतिबद्धताहरू सम्बन्धित सेवा क्षेत्र/उपक्षेत्रका हकमा मात्र लागू हुन्छन् । सेवा व्यापार सम्झौताले सकारात्मक सूचीको दृष्टिकोण (Positive List Approcah) लाई अपनाएको हुँदा यस अन्तर्गत सदस्य राष्ट्रहरूलाई उनीहरूले सजिलो र उचित (प्रतिस्पर्धात्मक क्षमता उच्च रहेको) ठहऱ्याएको सेवा क्षेत्र/उपक्षेत्र खोल्ने स्वतन्त्रता दिइन्छ र सेवा आपूर्तिको मोडहरू (तरिका) मा तदनुसार राष्ट्रिय आवश्यकतालाई मध्यनजर गरी प्रतिबद्धता व्यक्त गर्ने स्वतन्त्रता दिइन्छ ।

जहाँसम्म विश्व व्यापार सङ्गठनले आत्मसात गरेको सेवा क्षेत्र, उपक्षेत्रको वर्गीकरणको अवधारणा छ यो विश्व व्यापार सङ्गठनभित्रको आफ्नो मौलिक अवधारणा नभएर संयुक्त

राष्ट्रसंघीय प्रणालीबाट लिइएको हो । संयुक्त राष्ट्रसंघीय प्रणालीभित्र अन्तर्राष्ट्रिय स्तरमा, व्यापार गरिने वस्तु तथा सेवाको तथ्याङ्क राख्ने लगायतका प्रयोजनलाई सहज बनाउन र वस्तु तथा सेवालाई अन्तर्राष्ट्रिय स्तरमा सबैले एकै किसिमले चिन्नसक्ने बनाउन निश्चित आधारमा वर्गीकरण गरी तिनीहरूलाई निश्चित सङ्केत नम्बर दिइएको छ । यसलाई Central Product Classification (CPC) भनिन्छ । विश्व व्यापार सङ्गठनमा सदस्यहरूले यसैलाई आधार बनाएर सेवाका विभिन्न उपक्षेत्रहरूमा विभिन्न प्रतिबद्धताहरू जाहेर गर्ने गर्छन् । नेपालले पनि तत्कालीन समयमा प्रचलित CPC मा आधारित भएर प्रतिबद्धता जाहेर गरेको थियो । यद्यपि सो बेला प्रचलित वस्तु तथा सेवाको यो वर्गीकरण (CPC) मा सुधार भई नयाँ संस्करण प्रयोगमा आइसकेको छ । निश्चित समयको अन्तरालमा यसमा परिमार्जन हुँदै आएको देखिन्छ ।

**(क) सामान्य प्रतिबद्धताहरू (Horizontal Commitments)**

नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिने क्रममा सेवा व्यापार सञ्चालनसम्बन्धमा गरेका शर्तसहितका सामान्य प्रतिबद्धताहरूमध्ये मुख्य प्रतिबद्धताहरू देहाय बमोजिम छन् :

**अ. बजार पहुँचसम्बन्धी:**

- सेवा विक्रेतालाई (Service Sales Person) लाई ९० दिनसम्मको लागि नेपाल प्रवेश गर्ने अनुमति दिइने र आवश्यकताअनुसार अनुमति नवीकरण गर्न सकिने ।
- व्यापारिक उपस्थिति (Commercial Presence) सम्बन्धी स्थापना कार्यको सिलसिलामा नेपालमा आउने विदेशीलाई १ वर्षसम्म नेपालमा बस्न अनुमति दिइने र आवश्यकतानुसार नवीकरण गर्न सकिने ।
- नेपालभित्र सेवा प्रदान गर्ने गरी कुनै अर्को देशको सेवा प्रदायक कम्पनीको शाखा वा सहयोगी कम्पनी स्थापना भएमा त्यसमा प्रबन्धक, कार्यकारी निर्देशक र विज्ञजस्ता उच्च तहमा काम गर्ने विदेशीहरूलाई मात्र शुरुमा तीन वर्ष र त्यसपछि बढीमा ७ वर्षसम्म थप गरी कुल १० वर्षमा नबढाई नेपालमा कार्य गर्न अनुमति दिइने । तर यस प्रकारका सेवा प्रदायकहरूले नेपालमा सेवा गर्न निवेदन गर्नुभन्दा तत्काल अगाडि कम्तीमा एक वर्ष नेपाल बाहिर रहेका सम्बन्धित फर्ममा कार्य गरेको हुनुपर्दछ । यस प्रकारका सेवा प्रदायकहरूको संख्या कम्पनीको कुल जनशक्तिको १५ प्रतिशतभन्दा बढी हुन नहुने शर्त राखिएको छ । पाँच वर्षपछि यी व्यवस्थाहरूलाई मुलुकको क्षमताको आधारमा क्रमशः थप उदारीकरण गर्दै लैजान सकिने कुरा पनि सेवा व्यापारसम्बन्धी प्रतिबद्धता सूचीमा उल्लेख गरिएको छ ।
- व्यक्तिगत रूपमा भारतबाहेक अन्य विदेशी मुलुकहरूमा यात्रा गर्दा एक पटकमा अमेरिकी डलर दुई हजारसम्म सटही सुविधा उपलब्ध गराइने व्यवस्था छ ।

**आ. राष्ट्रिय व्यवहारसम्बन्धी:**

- विदेशी लगानीकर्ताले आफ्नो कमाइ (नाफा) पुनर्लगानीको लागि उद्योग विभागबाट अनुमति लिनुपर्ने ।
- वित्तीय सेवामा लगानी गर्ने लगानीकर्ताबाहेक अन्य सबै विदेशी लगानीकर्ताले नेपालमा व्यवसाय स्थापना गर्नुपूर्व उद्योग विभागबाट स्वीकृति लिनुपर्ने ।
- प्रोत्साहन र सहुलियत (Incentives and Subsidies) पूर्ण रूपमा नेपाली नागरिकहरूको स्वामित्व भएको व्यवसायलाई मात्र दिइने ।
- घर/जग्गा कारोवार प्रत्येक नेपाली नागरिकको संवैधानिक अधिकारको विषय भएकोले यसमा विदेशीलाई कुनै अनुमति नदिइने । मुलुकी ऐन (The Civil Code) ले घर-जग्गासम्बन्धी सम्पत्ति कुनै पनि विदेशीलाई बिक्री गर्ने तथा उपहार दिने लगायतका कार्यमा बन्देज लगाएअनुसार सोही व्यवस्था लागू गरिने ।

**इ. अतिरिक्त प्रतिबद्धताहरू**

- वातावरणीय प्रभाव मूल्याङ्कन आवश्यक पर्ने अवस्थामा बाहेक सामान्यतया लगानीको लागि निवेदन गरेको ३० दिनभित्र उद्योग विभागले निर्णय उपलब्ध गराउने ।
- वातावरणीय मापदण्ड पूरा गर्न नसकेको अवस्थामा बाहेक सामान्यतया अन्य सबै अवस्थामा लगानीको लागि स्वीकृति दिइने ।
- विदेशी लगानीकर्ताले वैदेशिक मुद्रामा गरेको लगानीमध्ये निम्न बमोजिमको परिमाण फिर्ता लैजान पाउने :-

  १. इक्विटी अंशको पूर्ण वा आंशिक रूपमा भएको बिक्रीबाट प्राप्त परिमाण,

  २. इक्विटी लगानी गरेबापत प्राप्त भएको नाफा वा लाभांशबापत प्राप्त परिमाण,

  ३. कुनै वैदेशिक ऋण लगानीमा प्राप्त मुख्य कर्जा फिर्ता वा ब्याजबापत प्राप्त परिमाण,

  ४. उद्योग विभाग वा घरेलु तथा साना उद्योग विभागबाट स्वीकृत प्रविधि हस्तान्तरण सम्झौताबमोजिम प्राप्त परिमाण ।

**(ख). विशेष प्रतिबद्धताहरू (Specific Commitments)**

**यस अन्तर्गत ११ सेवा क्षेत्र अन्तर्गतका विभिन्न सेवा-उपक्षेत्रहरूमा विभिन्न प्रतिबद्धताहरू व्यक्त गरिएका छन् । तीमध्ये खास खास उपक्षेत्रमा गरिएका प्रमुख प्रतिबद्धताहरू देहायबमोजिम छन् ।**

(१) **व्यावसायिक सेवाहरू :** व्यावसायिक सेवाअन्तर्गत नेपालले खुला गरेका क्षेत्रहरूमा विभिन्न पेशागत सेवाहरू, कम्प्युटर र सम्बद्ध सेवाहरू, अनुसन्धान र विकास सेवाहरू, अपरेटरको सहयोगविना सञ्चालन गरिने भाडा तथा लिज सेवा र अन्य व्यावसायिक सेवाहरू आउँछन् । यी क्षेत्रअन्तर्गत विभिन्न सेवा उपक्षेत्रमा नेपालले गरेका प्रमुख प्रतिबद्धताहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**१.१ पेशागत सेवाअन्तर्गतका उप-सेवा क्षेत्रहरू :**

**कानूनी सेवा :** यस अन्तर्गत स्वदेशी तथा विदेशी कानूनी सेवा र अन्तर्राष्ट्रिय कानूनी सेवा (परामर्श तथा प्रतिनिधित्व) गरी दुई वटा सेवा उपक्षेत्र समेटिएका छन् । यी सेवा प्रदान गर्ने क्रममा विदेशी सेवा प्रदायकलाई नेपाली अदालतमा उपस्थितिको निम्ति सर्वोच्च अदालतको अनुमति र नेपाल वार एशोसिएसनको सदस्यता आवश्यक पर्ने प्रावधान राखिएको छ ।

**लेखा, लेखा परीक्षण र लेखापालन सेवा :** यस अन्तर्गत वित्तीय लेखापरीक्षण सेवा, लेखा पुनरावलोकन सेवा र वित्तीय हिसाबको सङ्कलनसम्बन्धी सेवा गरी ३ वटा सेवा उपक्षेत्र पर्दछन् । यस अन्तर्गत विदेशी लगानीकर्ताले नेपालमा लगानी गरेर सेवा प्रदान गर्दा कुल लगानीको ५१% सम्म मात्र लगानी गर्नसक्ने व्यवस्था गरिएको छ ।

**आर्किटेक्चरल सेवाहरू :** यस सेवा उपक्षेत्र अन्तर्गत विदेशी लगानीकर्ताले व्यापारिक उपस्थिति (मोड ३) अन्तर्गत नेपालमा सेवा व्यापार गर्दा कुल लगानीको ६६% सम्म मात्र विदेशी लगानी गर्नसक्ने व्यवस्था गरिएको छ ।

**इन्जिनियरिङ्ग सेवाहरू :** यस अन्तर्गत सिभिल इन्जिनियरिङ्गका निर्माणसम्बन्धी कार्यका लागि इन्जिनियरिङ्ग डिजाइनिङ्ग सेवाहरू, औद्योगिक प्रशोधन र उत्पादनका लागि इन्जिनियरिङ्ग डिजाइनिङ्ग सेवाहरू, निर्माण र स्थापना चरणका क्रममा आवश्यक अन्य इन्जिनियरिङ्ग सेवाहरू र अन्य इन्जिनियरिङ्ग सेवाहरू जस्ता ४ वटा सेवा उपक्षेत्र आउँछन् । यी क्षेत्रहरूमा विदेशी लगानीको अधिकतम सीमा ६६% सम्म हुनसक्ने व्यवस्था गरिएको छ ।

**एकीकृत इन्जिनियरिङ्ग सेवाहरू :** यस सेवा उपक्षेत्र अन्तर्गत विदेशी लगानीकर्ताले नेपालमा सेवा व्यापार गर्दा ६६% सम्म लगानी गर्नसक्ने प्रावधान राखिएको छ ।

**शहरी योजना तथा भू-धरातलीय आर्किटेक्चरल सेवाहरू :** यस सेवा उपक्षेत्र अन्तर्गत नेपालमा संस्था खोली व्यापार गर्दा कुल लगानीको ६६% सम्म वैदेशिक लगानी गर्न पाउने व्यवस्था राखिएको छ ।

**भेटेरिनरी सेवाहरू:** यस उपक्षेत्र अन्तर्गत व्यापार गर्दा कुल लगानीको ५१% सम्म विदेशी लगानी रहने गरी नेपालमा संस्था खोली सेवा प्रदान गर्नसक्ने व्यवस्था गरिएको छ ।

**१.२ कम्प्युटर र यससम्बद्ध सेवाअन्तर्गतका उप-सेवाक्षेत्रहरू** : यस अन्तर्गत कम्प्युटर हार्डवेयर जडानसम्बन्धी परामर्श सेवाहरू, सफ्टवेयर प्रयोगसम्बन्धी सेवाहरू, तथ्याङ्क प्रशोधनसम्बन्धी सेवाहरू, तथ्याङ्कमा आधारित सेवाहरू, कम्प्युटरसमेतका कार्यालयीय मेसिन तथा उपकरणहरू मर्मत-सम्भारसम्बन्धी सेवाहरू र अन्य कम्प्युटर सेवाहरू जस्ता सेवा व्यापारका ६ वटा उपक्षेत्रहरू तोकिएका छन् । यी सेवा उपक्षेत्र अन्तर्गत विदेशी लगानीकर्ताले नेपालमा संस्था खोली सेवा व्यापार गर्दा कुल लगानीको ८०% सम्म वैदेशिक लगानी गर्न पाउने व्यवस्था गरिएको छ ।

**१.३ अनुसन्धान तथा विकास सेवाहरू :** यस अन्तर्गत ताप, प्रकाश, विद्युत्-चुम्बकीय, अन्तरिक्ष विज्ञानजस्ता प्राकृतिक विज्ञानसँग सम्बन्धित अनुसन्धानहरू (आणविक ऊर्जा र यससम्बद्ध अन्य ऊर्जा बाहेक) तथा प्रयोगात्मक विज्ञानसम्बन्धी इन्जिनियरिङ्ग तथा प्रविधिसम्बन्धी अनुसन्धानहरू गरी दुई प्रकारका अनुसन्धानलाई समेटिएको छ । यस सेवा उपक्षेत्र अन्तर्गत वैदेशिक लगानीको लागि ५१% सम्म खुला गरिएको छ ।

**१.४ अपरेटरको सहयोगविना सञ्चालन गरिने भाडा तथा लिज सेवा :** यस अन्तर्गत भिडियो टेपसम्बन्धी भाडा तथा लिज सेवा उपक्षेत्र खुला गरिएको छ । यस उपक्षेत्रमा वैदेशिक लगानीको अधिकतम सीमा नेपाल विश्व व्यापार सङ्गठनको सदस्य हुँदाको समयमा ५१% र सदस्यताको पाँच वर्षपछि चाहिँ ८०% सम्म हुनसक्ने गरी तोकिएको छ ।

**१.५ अन्य व्यावसायिक सेवाहरू:** यस अन्तर्गत विज्ञापनसम्बन्धी सेवाहरू, बजार अनुसन्धान तथा जनमत सर्वेक्षण सेवाहरू, व्यवस्थापन परामर्श सेवाहरू, प्रविधि परीक्षण तथा विश्लेषण सेवाहरू, खानीसम्बन्धी सेवाहरू, वैज्ञानिक तथा प्राविधिक परामर्शसम्बन्धी सेवाहरू, प्याकेजिङ सेवाहरू, मुद्रण प्रकाशन सेवाहरू र सभा-समारोहसम्बन्धी सेवाहरू गरी विभिन्न ९ वटा सेवा उपक्षेत्रहरू खुला गरिएका छन् । यी सेवा उपक्षेत्रमा विदेशी लगानीकर्ताले लगानी गर्दा अधिकतम ५१% सम्म लगानी गर्न पाउने व्यवस्था गरिएको छ ।

(२) **सञ्चार सेवाहरू :**

**२.१ कुरियर सेवाहरू** : यस अन्तर्गत मल्टी-मोडल कुरियर सेवाहरू पर्दछन् । यस क्षेत्रमा कुल लगानीको अधिकतम ८०% सम्म विदेशी लगानी गर्न पाउने प्रावधान राखिएको छ ।

**२.२ दूरसञ्चार सेवाहरू :** यस अन्तर्गत आधारभूत दूरसञ्चार सेवाहरू, मोबाइल दूरसञ्चार सेवाहरू र मूल्य अभिवृद्धि भएका दूरसञ्चार सेवाहरू आउँछन् । यस अन्तर्गत विभिन्न सेवा उपक्षेत्रमा गरिएका प्रतिबद्धताहरू निम्नानुसार छन्-

**२.२.१ आधारभूत दूरसञ्चार सेवा :** यस अन्तर्गत स्थानीय टेलिफोन सेवा, आन्तरिक टेलिफोन सेवा, अन्तर्राष्ट्रिय टेलिफोन सेवा, टेलेक्स सेवा र आन्तरिक तथा अन्तराष्ट्रिय टेलिग्राफिक सेवाहरू रहेका छन् । यी सेवा उपक्षेत्रहरूमा विदेशी लगानी अधिकतम ८०% सम्म गर्न पाउने व्यवथा गरिएको छ । यसका अतिरिक्त सन् २००९ को जनवरीसम्ममा सेवा उपलब्ध गराउने सेवाप्रदायकहरूको संख्यामा कुनै बन्देज नलगाउने, नेपालमा उपलब्ध नहुने परामर्श सेवा प्राप्त गर्नका लागि ९० दिनसम्म विदेशी परामर्शदातालाई नेपाल आई काम गर्न दिइने, सञ्चालक समितिका बहुमत सदस्यहरू नेपाली नागरिक हुनुपर्ने प्रावधान छ । आधारभूत दूरसञ्चार सेवा अन्तर्गत नेपालले अतिरिक्त प्रतिबद्धताहरू पनि जाहेर गरेको छ ।

**२.२.२. मोबाइल दूरसञ्चार सेवा :** यस सेवा उपक्षेत्रअन्तर्गत मोवाइल दूरसञ्चार सेवामा संयुक्त लगानीमा ८०% सम्म विदेशी लगानी गर्नसक्ने व्यवस्था गरिएको छ । साथै, सन् २००४ सम्म २ वटा मोवाइल सेवा सञ्चालकलाई अनुमति दिइने र सन् २००९ को जनवरीसम्ममा सेवा उपलब्ध गराउने सञ्चालकको संख्यामा कुनै बन्देज नलगाइने प्रतिबद्धता व्यक्त गरिएको छ । मोबाइल दूरसञ्चार सेवा अन्तर्गत पनि नेपालले अतिरिक्त प्रतिबद्धताहरू जाहेर गरेको छ ।

**२.२.३ मूल्य अभिवृद्धि दूरसञ्चार सेवा :** यस सेवा उपक्षेत्र अन्तर्गत इन्टरनेट, इमेल, भ्वाइस मेल, भिडियो टेक्स्ट, फ्याक्स मेल, भिस्याट, अडियो कन्फरेन्स, पे फोन, प्रि-पेड कलिङ्ग कार्ड, स्थानीय, लामो दूरी तथा अन्तर्राष्ट्रिय तथ्याङ्क सञ्चार, रेडियो पेजिङ्ग ट्रङ्कल मोबाइल रहेका छन् । यी सेवा उपक्षेत्रहरूमा संयुक्त लगानीमा ८० प्रतिशतसम्म वैदेशिक लगानीको लागि खुला गरिएको छ ।

(३) **निर्माण तथा निर्माणसम्बद्ध इन्जिनियरिङ्ग सेवा :**

यस सेवा व्यापारको क्षेत्र अन्तर्गत मुख्यतः सिभिल इन्जिनियरिङ्गको लागि सामान्य निर्माण सेवा उपक्षेत्र रहेको छ । यस अन्तर्गत नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्त गर्दाको समयमा ५१% र सदस्यता प्राप्त गरेको पाँच वर्षपछि ८०% सम्म वैदेशिक लगानी गर्न पाउने प्रावधान राखिएको छ ।

(४) **वितरण सेवाहरू :**

यस सेवा व्यापार क्षेत्र अन्तर्गत कमिशन एजेन्टको सेवा र होलसेल सेवा तथा रेडियो टेलिभिजनका सामग्रीहरू, सङ्गीतका सामग्रीहरू, साङ्गीतिक रेकर्ड आदिको होलसेल व्यापारजस्ता उपक्षेत्रहरू पर्दछन् । साथै, खुद्रा व्यापार सेवा, रेडियो, टेलिभिजनका सामग्रीहरू, सङ्गीतका सामग्रीहरू, साङ्गीतिक रेकर्ड आदिको खुद्रा सेवा र फ्रेन्चाइजिङ्ग पनि यसै अन्तर्गत पर्दछन् ।

यी सेवा उपक्षेत्रहरूमा विदेशी लगानीका हकमा कमिशन एजेन्टको सेवा अन्तर्गत नेपालले सङ्गठनको सदस्यता प्राप्त गर्दाको समयमा ५१% सम्म र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म लगानी गर्नसक्ने व्यवस्था रहेको छ । होलसेल सेवा र रिटेल सेवामा विदेशी लगानी गर्ने विषयमा नेपालले पछि निर्णय गरेबमोजिम हुने व्यवस्था राखिएको छ । रेडियो, टेलिभिजनका सामग्रीको होलसेल तथा रिटेल सेवामा अधिकतम विदेशी लगानीको सीमा ८०% सम्म कायम गरिएको छ भने फ्रेन्चाइजिङ्ग सेवामा ५१% विदेशी लगानी गर्नसक्ने प्रावधान राखिएको छ ।

**(५) शिक्षा सेवाहरू :**

शिक्षा सेवा व्यापारको क्षेत्र अन्तर्गत नेपालले खुला गरेका सेवा उपक्षेत्रहरूमा उच्च शिक्षा सेवा, प्रौढ शिक्षा सेवा र अन्य शिक्षा सेवा गरी तीनवटा पर्दछन् । यी सेवा क्षेत्रमा नेपालले सङ्गठनको सदस्यता प्राप्त गर्दाको समयमा ५१% र सदस्यता प्राप्त भएको पाँच वर्षपछि अधिकतम ८०% सम्म विदेशी लगानीको लागि खुला गरिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**(६) वातावरणीय सेवा :**

यस अन्तर्गत फोहोर मैला सेवा, पुनः प्रयोगीय फोहोर निष्कासन सेवा र सरसफाइ तथा अन्य सम्बन्धित सेवाहरू जस्ता उपक्षेत्रहरू रहेका छन् । यी सेवा उपक्षेत्रहरूको व्यापारमा विदेशी लगानीको अधिकतम सीमा नेपालले सङ्गठनको सदस्यता प्राप्त गर्दाको समयमा ५१% सम्म र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म खुला गरिने प्रतिबद्धता व्यक्त गरिएको छ ।

**(७) वित्तीय सेवाहरू:**

वित्तीय सेवा अन्तर्गत बीमा तथा बीमासम्बद्ध सेवाहरू र बैङ्किङ्ग तथा अन्य वित्तीय सेवाहरू गरी मुख्यतः दुईवटा सेवा क्षेत्र विदेशीहरूको लागि खुला गरिएका छन् । यस अन्तर्गत जीवन तथा निर्जीवन बीमा सेवा, पुनर्बीमा तथा रेक्ट्रोसेसन सेवा, बीमा एजेन्ट र एजेन्सी सेवा र विभिन्न प्रकारका बैङ्किङ्ग तथा अन्य वित्तीय सेवाहरूजस्ता उपक्षेत्रहरू छन् । यी वित्तीय सेवा उपक्षेत्रहरमा विदेशीहरूको शेयर पूँजी ६७% सम्म रहनसक्ने व्यवस्था गरिएको छ । त्यसैगरी पुनर्बीमा तथा इलेक्ट्रोसेसनको क्षेत्रमा लगानीको हकमा ३१ डिसेम्बर, २००७ सम्म २५,००० अमेरिकी डलरसम्मको अनिवार्य पुनर्बीमा स्वदेशी बीमा कम्पनीमा गर्नुपर्ने र ३१ डिसेम्बर २००७ पछि भने यस्तो कुनै प्रतिबन्ध नरहने व्यवस्था गरिएको छ । बीमा सेवा तथा होलसेल बैङ्किङ्ग सेवाका सञ्चालनसम्बन्धमा विदेशी कम्पनीहरूलाई १ जनवरी, २०१० देखि नेपालमा शाखा खोल्न पाउने व्यवस्था गरिएको छ ।

**(८) स्वास्थ्यसम्बन्धी र सामाजिक सेवाहरू :**
यस अन्तर्गत अस्पताल सेवा र लागतशुल्कको करारको आधारमा हुने प्रत्यक्ष स्वामित्व र व्यवस्थापन सेवाजस्ता सेवाका उपक्षेत्रहरू पर्दछन् । यस अन्तर्गत विदेशी लगानीको अधिकतम सीमा ५१% तोकिएको छ भने विज्ञ चिकित्सकले नेपाल मेडिकल काउन्सिलको अनुमति लिई बढीमा एक वर्षसम्म नेपालमा काम गर्नसक्ने प्रावधान राखिएको छ ।

**(९) पर्यटन र भ्रमणसम्बन्धी सेवाहरू :**
यस सेवा क्षेत्रअन्तर्गत पर्यटन, रेष्टुँरा, होटल लज सेवा (स्टार होटल मात्र) र ट्राभल एजेन्सी तथा टुर अपरेटर सेवा पर्दछन् । यी उपक्षेत्रहरूमध्ये होटल तथा लजसेवामा विदेशी लगानीको लागि अधिकतम सीमा ८०% तोकिएको छ भने ट्राभल एजेन्सी र टुर अपरेटर क्षेत्रमा अधिकतम ५१% सम्म विदेशी लगानी गर्न पाउने व्यवस्था राखिएको छ ।

**(१०) मनोरञ्जन, सांस्कृतिक र खेलकूद सेवा**
यस अन्तर्गत अन्य मनोरञ्जन सेवाहरू र सिनेमा भवन तथा सिनेमा प्रोजेक्सन सेवा उपक्षेत्र समेटिएका छन् । यस सेवा उपक्षेत्रअन्तर्गत विदेशी लगानीको हकमा नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिँदाको समयमा ५१% र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म लगानी गर्न पाउने व्यवस्था गरिएको छ । साथै, यस क्षेत्रमा न्यूनतम विदेशी लगानी १० (दश) लाख अमेरिकी डलर हुनुपर्ने प्रावधान राखिएको छ ।

**(११) यातायात सेवा :**
यातायात सेवा क्षेत्रअन्तर्गत हवाई यातायात सेवाहरू (वायुयानको मर्मत र सम्भार सेवा तथा कम्प्युटर रिजर्भेसन प्रणाली), पाइपलाइन यातायात सेवाहरू (इन्धनको ढुवानी र अन्य वस्तुको ढुवानी सेवा) र गोदाम तथा वेयर हाउस सेवाहरू जस्ता उपक्षेत्रहरू पर्दछन् । यी क्षेत्रहरूमा विदेशी लगानीको अधिकतम सीमा नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता प्राप्त गर्दाको समयमा ५१% र सदस्यता प्राप्त भएको पाँच वर्षपछि ८०% सम्म गर्न पाउने व्यवस्था गरिएको छ । पाइपलाइन यातायात सेवाअन्तर्गत इन्धन ढुवानी सेवा उपक्षेत्रको हकमा भने ५१% सम्म विदेशी लगानी गर्न सकिने व्यवस्था राखिएको छ ।

उल्लिखित सबै सेवा क्षेत्र/उपक्षेत्रहरूमा प्रतिबद्धता जाहेर गर्ने क्रममा नेपालले आन्तरिक सेवा प्रदायकहरूको क्षमता, मुलुकको विकासको आवश्यकता र नेपालसित व्यापारिक सम्बन्ध राख्न चाहने मुलुकको बजारपहुँचसम्बन्धी चासो र सरोकारलाई मुख्य आधार बनाई प्रतिबद्धता तय गरेको थियो । सङ्गठनको सदस्य बनेपछि यसरी व्यक्त गरिएका प्रतिबद्धताहरूलाई नेपालले क्रमशः कार्यान्वयनमा उतार्दै आएको छ । यसको लागि सेवा व्यापारक्षेत्रमा आवश्यक कानून तर्जुमा तथा संशोधनको कार्य गर्नेदेखि लिएर प्रतिबद्धता प्रतिकूल हुने व्यवस्थाको खारेजीको

कार्यसमेत नेपालबाट भएको अवस्था छ । यद्यपि उल्लिखित नीतिगत, कानूनी सुधारका बाबजूद सेवा क्षेत्रमा अपेक्षित रूपमा लगानी वृद्धि हुन नसकेको कुरालाई दृष्टिगत गरी आगामी दिनमा यस विषयलाई गम्भीरतासाथ समीक्षा गर्दै उपयुक्त कदम चाल्न आवश्यक देखिन्छ ।

### ४.४ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रमा नेपालले गरेका प्रतिबद्धताहरू र कार्यान्वयन स्थिति

विश्व व्यापार सङ्गठनको सदस्यतापछि अन्य सदस्य देशहरूजस्तै नेपाल पनि व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताको स्वतः पक्ष राष्ट्र बनेको छ । सदस्यता प्राप्तिको चरणमा वस्तु व्यापार र सेवा व्यापारका क्षेत्रमा जस्तै व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रमा पनि नेपालले विभिन्न प्रतिबद्धताहरू व्यक्त गरेकोमा प्रमुख प्रतिबद्धताहरू र तिनको कार्यान्वयन स्थिति यस प्रकार रहेको छ ।

- बौद्धिक सम्पत्ति संरक्षणको लागि पर्याप्त मात्रामा आवश्यक कानूनी व्यवस्था गर्ने र विद्यमान पेटेन्ट, डिजाइन र ट्रेडमार्कसम्बन्धी कानूनहरूमा ट्रिप्स सम्झौता अनुकुल हुने गरी संशोधन गर्ने प्रतिबद्धता जाहेर गरेबमोजिम यससम्बन्धी प्रक्रिया अघि बढाइएको छ । यस क्रममा सङ्गठनको सदस्यता लिने चरणमै साविकको प्रतिलिपि अधिकार ऐन र नियमावलीमा संशोधन गरी कार्यान्वयनमा ल्याई सकिएको छ भने अन्य ऐन तर्जुमा तथा संशोधन गर्ने कार्य जारी छ ।
- Plant Varieties Protection र Genetic Resources संरक्षणसम्बन्धमा कानूनी संयन्त्र निर्माण गर्ने प्रतिबद्धताबमोजिम यससम्बन्धी ऐन तर्जुमाका लागि प्रारम्भिक कार्यहरू शुरु गरिएका छन् । यसै क्रममा नेपाल अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महासन्धि (IPPC) को पक्ष राष्ट्र बनेको छ ।
- प्रतिलिपि अधिकार संरक्षणको सन्दर्भमा बर्न महासन्धिको पक्ष राष्ट्र बन्ने प्रतिबद्धताबमोजिम सो कार्य पूरा गरिएको छ । यसैगरी रोम महासन्धि (Rome Convention), १९६१ को सदस्य बन्ने प्रक्रिया अगाडि बढेको छ ।
- बौद्धिक सम्पत्तिको प्रशासनको लागि छुट्टै कार्यालय स्थापना गर्ने प्रतिबद्धताबमोजिम प्रारम्भिक गृहकार्य शुरु भएको छ ।
- बौद्धिक सम्पत्तिको अधिकारका क्षेत्रमा तालिम तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धताबमोजिम समय समयमा यससम्बन्धी तालिम सञ्चालन हुँदै आएका छन् ।

- TRIPS सम्झौताका प्रावधानहरू १ जनवरी, सन् २००७ सम्ममा कार्यान्वयनमा ल्याउने प्रतिबद्धता रहेकोमा अति कम विकसित राष्ट्रका लागि सो समयावधि थप भई सन् २०१३ को जूनको अन्त्यसम्म पुऱ्याइएको छ । तदनुसार सो समयभित्र ट्रिप्स सम्झौता कार्यान्वयनमा ल्याउने हिसाबले नीतिगत, कानूनी र संस्थागत सुधारका कार्य क्रमशः अघि बढाइएका छन् ।
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन र नियमावली नयाँ तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् ।
- नयाँ औद्योगिक नीति सन् २०१० मा स्वीकृत भई कार्यान्वयनमा आइसकेको छ । तदनुसार औद्योगिक व्यवसाय ऐन र विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा परिमार्जनको लागि आवश्यक मस्यौदा तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- नयाँ औद्योगिक संम्पत्ति ऐन मस्यौदाको चरणमा छ ।

वस्तु र सेवा व्यापारको तुलनामा ट्रिप्स सम्झौता नेपालको सन्दर्भमा केही नौलो, जटिल, खर्चिलो र प्राविधिक पक्षसँग समेत जोडिएको विषय भएकोले यसको कार्यान्वयन केही मन्द रहेको छ । खासगरी यस क्षेत्रमा दक्ष जनशक्तिको अभाव ठूलो खड्किएको विषय रहेको छ । तर पनि निकट भविष्यमा यससम्बन्धी नयाँ नीति तथा एकीकृत ऐन जारी गर्ने तथा जनशक्ति विकासमा विशेष जोड दिने गरी हालका दिनमा प्रयास अघि बढाइएकोले ट्रिप्स सम्झौताअन्तर्गत पूरा गर्न बाँकी रहेका प्रतिबद्धताहरू पनि क्रमशः कार्यान्वयनमा आउने अपेक्षा लिनसकिन्छ ।

### ४.५ सङ्गठनमा व्यक्त गरिएका प्रतिबद्धताहरूको कार्यान्वयनबाट विभिन्न क्षेत्रमा पर्नसक्ने प्रभावको विश्लेषण

जनवरी १, सन् १९९५ मा विश्व व्यापार सङ्गठनको स्थापनापश्चात् अति कम विकसित राष्ट्रहरूमध्ये वार्ताको माध्यमबाट विश्व व्यापार सङ्गठनमा सम्मिलन हुन सफल नेपाल पहिलो राष्ट्र हो । वार्ताको माध्यमबाट सङ्गठनमा प्रवेश गर्ने क्रममा नेपालले कृषि तथा गैर कृषि क्षेत्रमा आफ्नो भन्सार महसुल दरको सीमाङ्कन (Tariff Binding) तत्काल कायम भएको भन्सार महसुल दरभन्दा उच्च कायम गर्न सफल हुनुका साथै अति कम विकसित राष्ट्रको नाताले विभिन्न छूट तथा सहुलियतहरू निश्चित समयका लागि उपभोग गर्न सदस्य राष्ट्रहरूलाई सहमत गराउन सकेको थियो । त्यसैगरी सेवा व्यापार र व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रमा कम विकसित राष्ट्रका नाताले सम्भव भएसम्म न्यूनतम प्रतिबद्धताहरू मात्र व्यक्त गरी राष्ट्रिय हितलाई अधिकतम सुरक्षित राख्न नेपाल सफल

भएको थियो । यसरी विश्व व्यापार सङ्गठनमा सम्मिलनको क्रममा विभिन्न जटिलता र सीमाहरूका बीच नेपालले देखाएको सुझबुझ र कुशल सम्झौता सीपलाई विश्व व्यापार सङ्गठनमा एउटा सफल सम्झौता वार्ताको उदाहरणको रूपमा लिइने गरिन्छ । नेपालले सदस्यताका लागि जुन प्याकेज प्राप्त गर्न सफल भयो त्यसलाई UNCTAD जस्ता संस्थाले सन्तुलित प्याकेजको रूपमा सह्राहना पनि गरेका थिए । विश्व व्यापार सङ्गठनको सदस्य बन्ने क्रममा मुलुकको कृषि, उद्योग, वाणिज्य, राजस्व, सेवा व्यापार, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारलगायतका क्षेत्रमा सम्भव भएसम्म न्यूनतम असर मात्र पर्ने गरी नेपालको तर्फबाट प्रतिबद्धताहरू व्यक्त भएका थिए । सङ्गठनको सदस्यताबाट खासखास क्षेत्रमा पर्नसक्ने प्रभावको संक्षिप्त विश्लेषण तल प्रस्तुत गरिएको छ ।

### ४.५.१ राजस्व परिचालनमा पर्ने प्रभावको विश्लेषण

विश्व व्यापार सङ्गठनको सदस्यको नाताले सङ्गठनको सिद्धान्त र भन्सार महसुल तथा व्यापारसम्बन्धी सामान्य सम्झौताका प्रावधानबमोजिम कुनै पनि सदस्यले स्वदेशभित्र आयात हुने वस्तुमा क्रमशः भन्सार महसुल घटाउँदै तथा व्यापारमा लगाई आएका सबै खाले गैर भन्सार अवरोधहरू (Non Tariff Barriers) हटाउँदै अन्य सदस्यहरूको उत्पादनको लागि बजार खुला गर्दै जानुपर्ने हुन्छ । यस क्रममा नेपालजस्ता राजस्वको ठूलो हिस्सा भन्सार महसुलबाट सङ्कलन गरिरहेका राष्ट्रलाई भन्सार महसुल दरमा कटौतीबाट राजस्वमा नकारात्मक असर पर्ने आशङ्का उब्जिनसक्छ । तर नेपालले सङ्गठनमा आबद्ध हुने क्रममा अधिकांश कृषि तथा गैर कृषि वस्तुमा तत्काल लागी आएका भन्सार महसुलदरभन्दा अधिकतम भन्सार लगाउन पाउने गरी उच्च भन्सार महसुल सीमाङ्कन (Tariff Binding) गरेको छ । यस क्रममा नेपालले कृषि वस्तुमा लगाउन पाउने अधिकतम भन्सार महसुल औसतमा ४२ प्रतिशत र गैर कृषिवस्तुमा लगाउन पाउने अधिकतम भन्सार महसुल औसतमा २४ प्रतिशतको हाराहारीमा छ । जबकि अहिले नेपालले गैर कृषिवस्तुको आयातमा लगाएको औसत भन्सार दर १२.२ प्रतिशतमात्र छ । तसर्थ, भन्सार राजस्व कम हुने स्थितिमा सीमाङ्कन गरिएको हदसम्म गएर महसुल दर वृद्धि गरी राजस्व बढाउन सकिने स्थिति छ । हाल नेपालले लगाउँदै आएको भन्सार महसुल दर (Applied rate) सीमाङ्कन गरिएको भन्दा धेरै नै न्यून भएको र आवश्यकताअनुसार यौटा सीमासम्म यसमा वृद्धि गर्न सकिने प्रावधान भएको हुँदा सदस्यताबाट राजस्व परिचालनमा कुनै ह्रास आउने वा हानि नोक्सानी पुग्ने स्थिति रहेको छैन ।

### ४.५.२ उद्योग र वाणिज्य क्षेत्रमा पर्ने प्रभावको विश्लेषण

नेपालले विश्व व्यापार सङ्गठनको सदस्य बन्नुभन्दा धेरै अघिदेखि नै आर्थिक सुधार र आर्थिक उदारीकरण कार्यक्रमलाई एकपक्षीय रूपमा क्रमशः अघि बढाउँदै आएको थियो । नेपालको आर्थिक तथा व्यापार नीति भेदभावलाई प्रोत्साहित गर्ने खालको नभएको र आयात निर्यातमा

साबिकमा रहेका परिमाणात्मक बन्देज, लाइसेन्स प्रथा आदि नियन्त्रणात्मक व्यवस्था हटाई सकिएकोले उद्योग वाणिज्य क्षेत्र तुलनात्मक रूपमा उदार र स्वच्छ प्रतिस्पर्धालाई प्रवर्द्धन गर्ने खालको छ । नेपालको मौजूदा उद्योग, वाणिज्य क्षेत्रका नीति, कानून विश्व व्यापार सङ्गठनको प्रावधानसँग धेरैहदसम्म मिल्दोजुल्दो भइसकेकोले केही सामान्य पक्षमा सुधारबाहेक यसमा थप आमूल परिवर्तन गर्नुपर्ने स्थिति थिएन । अतः सङ्गठनको सदस्यताबाट उद्योग, वाणिज्य क्षेत्रको नीतिगत निरन्तरता र स्थायित्वमा कुनै नकारात्मक असर पर्ने देखिँदैन । सङ्गठनको प्रावधानअनुरूप व्यापारसम्बद्ध नीति तथा प्रक्रियाहरू पारदर्शी हुनुपर्ने व्यवस्थाले व्यापार व्यवसाय सञ्चालनमा सुगमता आउने र यसबाट लगानीमा समेत वृद्धि भई उद्योग, वाणिज्य क्षेत्रमा सकारात्मक योगदान पुग्ने देखिन्छ । यद्यपि ठूलो लगानी र उन्नत प्रविधि प्रयोग गरी विदेशमा उत्पादित वस्तु स्वदेशी वस्तुको तुलनामा मूल्य र गुणस्तरमा बढी प्रतिस्पर्धी हुने हुनाले ती वस्तु तथा सेवा नेपाल भित्रिई यहाँका साना पूँजी र प्रविधिबाट उत्पादित वस्तु तथा सेवालाई प्रतिस्थापित गर्ने सम्भावनाचाहिँ केही हदसम्म छ । अर्कातर्फ विदेशी वस्तु तथा सेवाको आयातबाट स्वदेशी वस्तु तथा सेवालाई थप प्रतिस्पर्धी बन्ने दबाब सिर्जना भई उत्पादन र गुणस्तरमा सुधार आउने सम्भावना पनि त्यत्तिकै बलियो छ ।

### ४.५.३ कृषि क्षेत्रमा पर्ने प्रभावको विश्लेषण

सङ्गठनको सदस्यतापश्चात् सदस्य राष्ट्रहरूले कृषिक्षेत्रमा प्रदान गर्दै आएको अनुदानको मात्रा घटाउनुपर्ने वा निश्चित किसिमका अनुदानहरूबाहेक अरू किसिमका अनुदान खारेज गर्नुपर्ने व्यवस्था छ । यस्तो व्यवस्थाबाट नेपालजस्तो सानो र कृषिमा निर्भर अर्थतन्त्र भएको मुलुकलाई नकारात्मक असर पर्छ कि भनी आशङ्का उत्पन्न हुनु स्वाभाविक हो । तर विश्व व्यापार सङ्गठनको कृषिसम्बन्धी सम्झौताले कृषि क्षेत्रको अनुसन्धान, सिञ्चाई सुविधामा विस्तार, बीउबिजनमा सुधार, बाली संरक्षण, वातावरण सुधार, खाद्य सुरक्षा, मलखादको व्यवस्था, कृषि प्रसार सेवा आदि थुप्रै क्षेत्रमा अनुदान दिन पाइने व्यवस्थालाई हरियो बाकसभित्र वर्गीकृत गरी त्यसमा रोक लगाउन नपर्ने व्यवस्था गरेको छ । यस अतिरिक्त, नेपालजस्ता अल्प विकसित राष्ट्रलाई वार्षिक कृषि उत्पादनको कुल मूल्यको दश प्रतिशतसम्म कृषि क्षेत्रको विकासका लागि अनुदानको रूपमा खर्च गर्न पाइने र कृषि क्षेत्रमा दिन पाइने अनुदानलाई वार्षिक प्रतिव्यक्ति आय एक हजार अमेरिकी डलर नपुगेसम्म निरन्तरता दिन सकिने व्यवस्था रहेको छ । अर्को महत्त्वपूर्ण कुरा नेपालजस्ता अति कम विकसित मुलुकका लागि कृषि क्षेत्रमा कुनै पनि अतिरिक्त दायित्व पूरा गर्नु नपर्ने व्यवस्था छ । नेपालले हाल कृषि क्षेत्रमा उल्लेखनीय रूपमा कुनै अनुदानको व्यवस्था गर्न नसकेको, दिँदै आएको अनुदानलाई निरन्तरता दिन सकिने स्थिति भएको र भविष्यमा निश्चित हदसम्म अनुदानको व्यवस्था गर्न छूट पाउने सन्दर्भमा सदस्यता पश्चात् कृषि क्षेत्रमा कुनै नकारात्मक प्रभाव पर्ने देखिँदैन । बरु कृषकहरूलाई मलखाद, बीउबिजन र सिञ्चाईमा अनुदानको व्यवस्था गरी प्रतिस्पर्धात्मक

क्षमता वृद्धि गर्न सकिए स्वदेशी कृषिजन्य उत्पादनको निर्यातमा वृद्धि भई थप आर्थिक लाभ लिनसकिने देखिन्छ ।

### ४.५.४ तयारी पोशाक निर्यातको क्षेत्रमा पर्ने प्रभावको विश्लेषण

विश्व व्यापार सङ्गठनको वस्त्रसम्बन्धी सम्झौताले विकसित राष्ट्रहरूले अति कम विकसित राष्ट्रहरूलाई तयारी पोशाकको निर्यातमा दिँदै आएको कोटा सुविधालाई दशवर्षभित्र हटाउनुपर्ने व्यवस्थालाई समेटेको छ । तदनुसार साबिकमा संयुक्त राज्य अमेरिकाले नेपालजस्ता साना देशलाई Multi-Fibre Arrangement (MFA) अन्तर्गत निश्चित कोटासम्मको निर्यातमा दिँदै आएको भन्सार छूटको सुविधा १ जनवरी, सन् २००५ बाट समाप्त हुन पुगेको छ । सहुलियतपूर्ण कोटा प्रथाको समाप्तिपछि नेपालको तयारी पोशाकको निर्यातमा ह्रास आएको छ । तर नेपाल सङ्गठनको सदस्य नबन्दा पनि उक्त कोटा प्रथा समाप्त हुने स्थिति थियो । यस पृष्ठभूमिमा नेपालजस्ता राष्ट्रले आफ्नो तुलनात्मक लाभ भएका क्षेत्रमा केन्द्रित भई उत्पादित वस्तुको मूल्य र गुणस्तरमा सुधार गरी बजार विविधीकरणका साथ निर्यात बढाउनेतर्फ लाग्नु आवश्यक हुन आएको छ ।

### ४.५.५ विदेशी वस्तु अत्यधिक आयात भई स्वदेशी अर्थतन्त्र र उद्योगधन्दामा पर्ने प्रभावको विश्लेषण

सदस्यतापछि विदेशी वस्तु अत्यधिक आयात भई स्वदेशी अर्थतन्त्र र स्वदेशी उद्योगलाई धराशायी बनाउँछ कि भन्ने प्रश्नको सन्दर्भमा सङ्गठनभित्रका कतिपय प्रावधानले त्यस्तो अनपेक्षित र अस्वाभाविक आयातलाई रोक्न सेफगार्ड्स लगायतका सुधारात्मक उपायहरू (Trade Remedy Measures) को व्यवस्था गरेको हुँदा तिनको अवलम्बनबाट स्वदेशी उद्योगलाई पर्ने प्रतिकूल असर र गम्भीर हानिनोक्सानीबाट जोगाउन सकिने स्थिति छ भन्न सकिन्छ । त्यस्तै उत्पादनमूल्यभन्दा कम मूल्यमा वा अनुदान सहायतामा उत्पादित वस्तु स्वदेश भित्रिई स्वदेशी उद्योगलाई हानि नोक्सानी पुऱ्याउने स्थिति उत्पन्न भएमा यस्ता अस्वच्छ र अवाञ्छित व्यापारिक क्रियाकलापलाई एन्टिडम्पिङ्ग तथा काउन्टरभेलिङ्ग महसुल लगाएर निरुत्साहित गर्न सकिने व्यवस्था छ । विश्व व्यापार सङ्गठनको सदस्यतापश्चात् कुनै पनि स्वदेशी उद्योगलाई सामान्यतया संरक्षण प्रदान गर्न सकिदैंन । यदि त्यस्तो संरक्षण दिनुपऱ्यो भने पनि भन्सार शुल्कको माध्यमबाट मात्र दिन सकिन्छ । यसो हो तापनि साना तथा घरेलु उद्योगहरूलाई सरकारले प्रत्यक्ष रूपबाट संरक्षण दिन विश्व व्यापार सङ्गठनको सदस्यताले कुनै अवरोध सिर्जना गर्दैन । यस क्रममा एकातिर स्वदेशका ठूला तथा मझौला उद्योगलाई भन्सार शुल्कको अवलम्बन गरेर संरक्षण दिन सकिन्छ भने अर्कातिर नेपाल अनेकपक्षीय सम्झौताको रूपमा रहेको सार्वजनिक खरिदसम्बन्धी सम्झौताको पक्ष

राष्ट्र नभएकोले सरकारी कार्यालयहरूमा स्वदेशी उद्योगबाट उत्पादित वस्तु विदेशी वस्तुको तुलनामा दश प्रतिशतसम्म महँगो भए पनि खरिद गर्न सकिने सार्वजनिक खरिद ऐन, २०६४ को व्यवस्थालाई अनुसरण गर्दै स्वदेशी उत्पादनलाई केही हदसम्म प्रत्यक्ष संरक्षण प्रदान गर्ने बाटो पनि खुला रहेको छ ।

### ४.५.६ आयात-निर्यातका प्रक्रिया तथा भन्सार मूल्याङ्कन प्रक्रिया र कार्यविधिहरूमा पर्ने प्रभावको विश्लेषण

विश्व व्यापार सङ्गठनको प्रावधानअनुसार आयात, निर्यात प्रक्रिया र भन्सार कार्यविधि सकेसम्म सरल, पारदर्शी र अनावश्यक झन्झट तथा लागत व्यहोर्नु नपर्ने प्रकृतिको हुनुपर्छ ताकि सदस्यहरूबीच वस्तु तथा सेवाको व्यापार सहज रूपमा हुन सकोस् । नेपालमा निश्चित वस्तुहरूको आयातसम्बन्धमा आयात इजाजत दिने, वस्तुको उत्पत्तिको प्रमाणपत्र जारी गर्ने, र भन्सार सेवा शुल्क लिने अभ्यास भएकोले यी सबै प्रक्रिया र कार्यविधिलाई सरलीकरण गर्दै पारदर्शिता वृद्धि गर्न जरुरी हुन आएअनुसार सङ्गठनको प्रावधानअनुसार सरल र पारदर्शी बनाई सकिएको छ । विश्व व्यापार सङ्गठनको भन्सार मूल्याङ्कनसम्बन्धी सम्झौतामा उल्लेख भएअनुसारका व्यवस्थाहरूलाई समेटी नयाँ भन्सार ऐन र नियमावली जारी गरिसकिएको छ । वाणिज्य विभागबाट आयात निर्यात सम्बन्धमा आवश्यक पर्ने कागजात र पूरा गर्नुपर्ने कार्यविधिसम्बन्धमा दिग्दर्शन प्रकाशित गर्ने र यसमा समसामयिक संशोधन गर्ने कार्य हुँदै आएको छ । सेवा लागतसम्बन्धमा जुन सेवा प्रदान गर्दा जे जति खर्च लाग्ने हो त्यति हदसम्म मात्र रकम असुल गर्न पाइने सङ्गठनको सिद्धान्तबमोजिम सेवालागतलाई पनि क्रमशः औचित्यपूर्ण बनाउँदै लगिएको छ । आयात निर्यातसम्बन्धमा रहेका अनावश्यक प्रक्रिया र कागजातहरूमा कटौती गर्दै लगिएको छ । यसले एकातिर आयात-निर्यात प्रक्रिया सरल भई अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धनमा सहयोग पुग्नेछ भने अर्कातर्फ व्यापारको कारोवार लागत पनि घट्न पुगी निर्यातलाई थप प्रतिस्पर्धी बनाउन मद्दत मिल्ने देखिन्छ। साथै, देशभित्र कच्चापदार्थ र उपभोग्य वस्तु तुलनात्मक रूपमा सस्तो मूल्यमा उपलब्ध भई स्वदेशी उत्पादक तथा उपभोक्तालाई पनि लाभ नै पुग्ने देखिन्छ ।

### ४.५.७ सेवा व्यापारको क्षेत्रमा पर्ने प्रभावको विश्लेषण

विश्व व्यापार सङ्गठनले सेवा व्यापारलाई विभिन्न बाह्र सेवा क्षेत्र र एक शय साठी उपक्षेत्रमा वर्गीकरण गरेको छ । तीमध्ये नेपालले एघार सेवा क्षेत्रका झण्डै सत्तरी उपक्षेत्रहरूमा एकाउन्न प्रतिशतदेखि असी प्रतिशतसम्म विदेशी लगानीको स्वामित्व रहनसक्ने गरी आफ्नो बजार खुला गरेको छ । विदेशी सेवा प्रदायकले नेपालमा सेवा सञ्चालन गर्न चाहेमा नेपालीसँगको संयुक्त लगानीमा कम्पनी सञ्चालन गर्नसक्ने, सञ्चालक समितिमा स्थानीय

सञ्चालक सदस्यहरूको संख्याको पन्ध्र प्रतिशतमा नबढ्ने गरी विदेशी सञ्चालक राख्न पाइने शर्त राखिएको छ । खुला गरिएको सेवा क्षेत्रमा वैदेशिक लगानी र प्रविधि भित्रिने हुँदा नेपालमा एकातिर आर्थिक क्रियाकलापको विस्तार हुने सम्भावना छ भने अर्कातर्फ विदेशी सेवा प्रदायकले कम्तीमा बीस प्रतिशत स्थानीय लगानी राख्नुपर्ने, अधिकांश रोजगारी स्वदेशी कामदारलाई दिनुपर्ने जस्ता व्यवस्थाले स्वदेशी लगानीकर्ता प्रोत्साहित हुने, स्थानीय स्तरमा रोजगारी बढ्ने र स्वदेशी सञ्चालकहरूमा कालान्तरमा विदेशी ज्ञान र सीप स्थानान्तरण भई व्यावसायिक कुशलता र उद्यमशीलता वृद्धि हुने सम्भावना छ ।

### ४.५.८ व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्रमा पर्ने प्रभावको विश्लेषण

अरू दुई क्षेत्रको तुलनामा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारको क्षेत्र नेपालको सन्दर्भमा केही नौलो भएकोले यसबाट समुचित लाभ हासिल गर्न नीतिगत तथा संस्थागत सुधारमा उच्च जोड दिनुपर्ने स्थिति छ । हाल यससम्बन्धमा विस्तृत नीति बनाउने कार्य अघि बढिरहेको छ । तत्पश्चात् बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी एकीकृत ऐन बनाउने र मौजूदा ऐनमा सुधार गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने हुन्छ । विश्व व्यापार सङ्गठनको हङ्कङ्गमा आयोजित छैटौं मन्त्रिस्तरीय सम्मेलनले अति कम विकसित मुलुकहरूका लागि TRIPS Compliance को अवधि ३० जुन, २०१३ सम्म बढाएकोमा आठौँ मन्त्रिस्तरीय सम्मेलनले सो अवधि सन् २०१६ सम्म बढाउन सम्बन्धित परिषद्लाई यससम्बन्धी प्रक्रिया अघि बढाउन निर्देशन दिएको छ । प्राप्त संक्रमण अवधिको अधिकतम उपयोग गर्दै बौद्धिक सम्पत्तिसम्बन्धी नीति तथा ऐन निर्माण गर्ने, मौजूदा सम्बन्धित ऐनहरूमा परिमार्जन र सुधार गर्ने कार्यलाई अघि बढाउँदै निर्धारित समयभित्र ट्रिप्सको सम्झौतालाई कार्यान्वयनमा उतार्न चनाखो बन्नुपर्ने स्थिति छ । साथै, नेपालको अपार जैविक सम्पदा, परम्परागत ज्ञान र सीपलाई पनि संरक्षण र प्रवर्द्धन गर्दै यसको व्यापारिक उपयोगबाट लाभ लिनेतर्फ प्रयास जरुरी छ । नेपालमा बौद्धिक सम्पत्तिको अधिकारको सम्बन्धमा विश्व बौद्धिक सम्पत्ति सङ्गठन (WIPO) ले संस्थागत तथा जनशक्ति विकास लगायतका क्षेत्रमा विभिन्न प्राविधिक सहयोग उपलब्ध गराउँदै आएको छ । आगामी दिनमा प्रतिलिपि अधिकारका साथै औद्योगिक सम्पत्तिको अधिकार, भौगोलिक सङ्केतीकरण (Geographical Indication), परम्परागत ज्ञान, आनुवंशिक स्रोतमा पहुँचजस्ता पक्षमा बलियो कानून र संस्थागत संरचनाको व्यवस्था गरी बौद्धिक सम्पत्तिको अधिकतम व्यापारबाट लाभ लिन उच्च जोड दिनुपर्ने स्थिति छ ।

### ४.५.९ सरकारको आर्थिक नीति निर्माण गर्ने अधिकार सङ्कुचन हुने कुराको विश्लेषण

निश्चय पनि विश्व व्यापार सङ्गठनको सदस्य बनिसकेपछि सरकारले एकतर्फी रूपमा जुनसुकै समयमा जे जस्तो उचित लाग्यो त्यस्तो नीति वा कानून जारी गर्न मिल्दैन ।

सामान्यतः सरकारले व्यापारलाई प्रभावित गर्ने नीति, कानून वा कार्यविधि आदिमा फेरबदल गर्दा सङ्गठनमा प्रतिबद्धता व्यक्त गरेको कुराको अधीनमा रही गर्नुपर्ने हुन्छ । तर यसलाई देशभित्र आवश्यकतानुसार नीति निर्माण गरी लागू गर्ने सरकारको अधिकारमा आएको सङ्कुचनका रूपमा बुझ्नुहुँदैन । बरू यो व्यवस्थाले सरकारलाई जथाभावी कर तथा भन्सारका दरहरू फेरबदल गर्न तथा व्यापारमा अनावश्यक शर्तहरू तोक्नबाट रोक लगाएर व्यापारमा सुनिश्चितता र पूर्वानुमानीयता स्थापित गर्न बल पुऱ्याएको छ भन्नसकिन्छ। साथै, सङ्गठनको सदस्य बनिसकेपछि विश्व व्यापार सङ्गठनले आन्तरिक व्यापार नीति निर्माणमा सदस्य देशलाई निर्देशित गर्छ भन्ने कुरा पनि सत्य होइन। विश्व व्यापार सङ्गठन नियममा आधारित संस्था भएकोले यसले सदस्य राष्ट्रहरूबाट अनुमोदित सम्झौता र नियमहरूको अधीनमा रही विश्व व्यापारलाई खुला र अवरोधरहित तरिकाले सञ्चालन गर्न मात्र जोड दिन्छ, न कि कुनै सदस्यलाई व्यक्तिगत रूपमा आन्तरिक नीति निर्माण गर्नमा सुझाव वा निर्देशन दिन्छ। तसर्थ, सङ्गठनमा आबद्ध भइसकेपछि पनि सदस्य राष्ट्रहरूले आयात हुने सामानहरूको गुणस्तर र मापदण्ड स्वविवेकीय अधिकार प्रयोग गरी आफ्नो मुलुकको हित र राष्ट्रिय सुरक्षा, सार्वजनिक स्वास्थ्य तथा नैतिकता एवं वातावरणीय पक्षलाई ध्यानमा राखी आफैँले तोक्न सक्छन्, यसको लागि सङ्गठनले कुनै रोकटोक गर्दैन, बरु यसरी तोकिने मापदण्ड र गुणस्तरचाहिँ वस्तुगत, वैज्ञानिक र विना भेदभाव सबैलाई एकैनासले लागू हुने भएकोले अधिकार सङ्कुचनको अवस्था आउनसक्ने देखिँदैन ।

### ४.५.१० वातावरण, मानव, पशु तथा वनस्पति स्वास्थ्यसम्बन्धमा पर्ने प्रभावको विश्लेषण

विश्व व्यापार सङ्गठन मूलतः खुला र अवरोधरहित  विश्व व्यापारको पक्षमा काम गर्ने संस्था हो । तर यसले एकोहोरो रूपमा खुला र स्वतन्त्र व्यापारको मात्र पक्ष नलिएर मानव, पशु तथा वनस्पति स्वास्थ्यमा खलल पर्ने स्थितिमा एक सदस्य राष्ट्रबाट अर्को सदस्यमा वस्तु तथा सेवाको आयात निर्यातलाई रोक्नसक्ने गरी विभिन्न सुरक्षात्मक उपायहरू अवलम्बन गर्न सकिने सम्झौतालाई पनि समेटेको छ । त्यस्तै व्यापारबाट वातावरणमा नकारात्मक असर पर्न नदिन र साधनस्रोतको परिचालन गर्दा दिगो र आदर्शतम परिचालन गर्न सदस्य राष्ट्रहरूलाई जोड दिएको छ। वातावरण संरक्षणका लागि अनुदान दिनसकिने व्यवस्था पनि रहेको छ। नेपाल मानव, पशु तथा वनस्पति स्वास्थ्यसम्बन्धी (SPS) र व्यापारका प्राविधिक मापदण्ड (TBT) का क्षेत्रमा कमजोर अवस्थामा रहेको र नेपालमा अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रमाणीकरण निकाय (Accreditation Board) हालसम्म स्थापना हुन नसकेको सन्दर्भमा स्वदेशी उत्पादनको निर्यातलाई निर्बाध रूपमा अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न यससम्बन्धी आधुनिक प्रयोगशाला र गुणस्तर प्रमाणीकरण निकायको स्थापना गर्नु अति जरुरी छ । यसको लागि छुट्टै ऐन जारी गर्नुपर्ने सन्दर्भमा सोको मस्यौदा तयार गर्ने कार्य भएको छ ।

हालका दिनमा नेपाल गुणस्तर तथा नापतौल विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालाको क्षमता अभिवृद्धि गरी अन्तर्राष्ट्रियस्तरको बनाउने प्रयास भइरहेको छ । यसको लागि युरोपियन युनियन लगायतका दातृ निकायको सहयोगमा विभिन्न कार्यहरू चलिरहेका छन् । प्रयोगशालाको स्तरोन्नतिपछि निर्यात प्रवर्द्धनमा ठोस योगदान पुग्ने अपेक्षा लिनसकिन्छ ।

### ४.५.११ सङ्गठनको सदस्यताले नेपालजस्ता साना राष्ट्र विश्व अर्थतन्त्रमा झन् सीमान्तीकृत हुँदै जान्छन् भन्ने कथनको विश्लेषण

विश्व व्यापार सङ्गठनमा साना ठूला सबै खाले राष्ट्र सदस्य रहेका छन् । आज कुल विश्व व्यापारको पन्चान्नब्बे प्रतिशतभन्दा बढी हिस्सा सङ्गठन अन्तर्गतका सदस्यहरूको रहेको छ । यद्यपि सङ्गठनमा आबद्ध सबै राष्ट्रको आर्थिक हैसियत एउटै छैन र विश्व व्यापार प्रणालीबाट सबै राष्ट्रले समान फाइदा लिन सकिरहेका छैनन् । जुन राष्ट्रको आपूर्ति क्षमता सुदृढ छ, नीतिगत स्थिरता, सुशासन र व्यापार सहयोगी पूर्वाधारसंरचनाहरूको स्तर माथि छ ती राष्ट्रले विश्व व्यापारमा बढी र कमजोर राष्ट्रले कम मात्र फाइदा उठाउन सकेका छन् । तर विश्व व्यापार सङ्गठनमा आबद्ध भएपछि नेपालजस्ता अति कम विकसित राष्ट्र झन् सीमान्तीकृत हुँदै गएको भन्ने भनाइमा चाहिँ विश्वास गर्न सकिने ठाउँ कमै छ । किनकि सङ्गठनमा साना ठूला सबै राष्ट्रको एउटै कानूनी हैसियत छ र एक राष्ट्र एक मतको आधारमा निर्णय हुने परिपाटीले साना राष्ट्रको आवाजलाई पनि विश्व व्यापार मञ्चमा त्यत्तिकै महत्त्वका साथ प्रस्तुत गर्ने बाटो खुला छ । कुनै पनि निर्णयलाई कार्यान्वयनमा ल्याउनुपूर्व सम्पूर्ण सदस्य राष्ट्रको सहमति आवश्यक हुन्छ । यदि कुनै एउटा सदस्यले निर्णयमा विरोध गरेमा त्यो निर्णय कार्यान्वयन हुनसक्तैन । यो व्यवस्था नेपालजस्ता साना राष्ट्रको हितमा छ । सङ्गठनले अङ्गीकार गरेको भेदभावरहित व्यवहार र पारदर्शितासम्बन्धी नीतिहरू नेपालजस्ता साना मुलुकका लागि सहयोगी साबित भएका छन् । किनकि सङ्गठनमा आबद्ध भएपछि कुनै पनि ठूला राष्ट्रले साना राष्ट्रलाई भेदभावपूर्ण व्यवहार गर्न, व्यापारमा अनावश्यक तगारो सिर्जना गर्न पाउँदैन । एउटा मुलुकलाई दिएको सुविधा अर्को मुलुकलाई पनि विना शर्त तत्काल उपलब्ध गराउनुपर्ने व्यवस्थाले साना राष्ट्र लाभान्वित नै हुने स्थिति छ । साथै, साना राष्ट्रले ठूला राष्ट्रसँग वैदेशिक व्यापारका सम्बन्धमा कुनै खिचलो उत्पन्न भए सङ्गठनको विवाद समाधान संयन्त्रमा उजूरी गरी विवाद सुल्टाउन सक्ने व्यवस्था छ । सङ्गठनमा आबद्ध साना राष्ट्रहरूले छुट्टै समूह बनाई धनी राष्ट्रहरूसित थप छूट, सहुलियत र प्राविधिक सहायताको लागि दबाब पनि सिर्जना गर्नसक्छन् । सङ्गठनअन्तर्गतका विभिन्न सम्झौता र निर्णयहरूले अति कम विकसित राष्ट्रका लागि व्यवस्था गरेको विशेष र पृथक् व्यवहारबाट नेपालजस्ता अति कम विकसित राष्ट्रलाई बढी लाभ उठाउन सक्ने अवसर उपलब्ध छन् ।

# परिच्छेद-५

## विश्व व्यापार सङ्गठनको सदस्यतापश्चात् नेपालले सम्पन्न गरेका प्रमुख कार्यहरू

विश्व व्यापार सङ्गठनको सदस्यतापश्चात् नेपालले सदस्यता प्राप्ति गर्ने क्रममा व्यक्त गरेका प्रतिबद्धताहरूलाई कार्यान्वयनमा ल्याउने सम्बन्धमा सम्बन्धित ऐन तथा नीतिहरू तर्जुमा एवं संशोधन गर्ने, संस्थागत क्षमता अभिवृद्धि गर्ने, पूर्वाधार विकास तथा सुदृढीकरण गर्ने, प्राविधिक सहयोग परिचालन गर्ने लगायतका कार्यहरूलाई प्राथमिकताका साथ अघि बढाउँदै आएको छ । साथै, बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षमा जनचेतना अभिवृद्धि एवं अनुभव आदान-प्रदानको कार्यहरूलाई समेत प्राथमिकताका साथ सञ्चालन गर्दै आएको छ । अन्तर्राष्ट्रियस्तरमा विश्व व्यापार सङ्गठन अन्तर्गतका विभिन्न मञ्चहरूमा सक्रिय सहभागिता जनाउँदै अति कम विकसित राष्ट्रको व्यापार र आर्थिक विकासका मुद्दाहरूलाई महत्त्वका साथ उठाउँदै आएको छ । यी कार्यहरूलाई छोटकरीमा देहायबमोजिम प्रस्तुत गर्न सकिन्छ ।

### ५.१ नीतिगत/कानूनी सुधारहरू

विश्व व्यापार सङ्गठनको सदस्यता लिने क्रममा नेपालले वस्तु व्यापार, सेवा व्यापार र बौद्धिक सम्पत्ति संरक्षणको क्षेत्रमा विभिन्न प्रतिबद्धताहरू जाहेर गरेको थियो । तदनुसार यी प्रतिबद्धताहरूलाई कार्यान्वयनमा उतार्न झण्डै तीन दर्जन जति नीतिगत, कानूनी पक्षमा सुधार अपेक्षित थियो । यस क्रममा कतिपय मौजूदा नीति, ऐन तथा नियमावलीहरूमा विश्व व्यापार सङ्गठनको प्रावधानअनुकूल हुने गरी संशोधन गर्न आवश्यक थियो भने कतिपय क्षेत्रमा नयाँ नीति, ऐन तथा नियमावली तर्जुमा गरी लागू गर्नुपर्ने स्थिति थियो । त्यस्तै कतिपय विषयमा अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष बन्नुपर्ने आवश्यकता थियो । नेपालले सङ्गठनको सदस्यता लिने क्रममा पेश गरेको कानूनी सुधारको कार्ययोजना (Legislative Action Plan) मा विभिन्न ४२ वटा विषयहरू समेटिएका थिए । तीमध्ये हालसम्म आधाजति कार्यान्वयनमा उतारी सकिएका छन् भने एक दर्जन जति विषयहरू अहिले प्रारम्भिक तयारी, तर्जुमा, परिमार्जन र संशोधनका विभिन्न चरणबाट गुज्रिरहेका छन् । नेपालले सङ्गठनको सदस्यता लिएपश्चात् विश्व व्यापार सङ्गठनको सिद्धान्त र भावना अनुकूल हुने गरी गरिएका केही प्रमुख नीतिगत तथा कानूनी सुधारका विषयहरूलाई संक्षेपमा तल उल्लेख गरिएको छ ।

- विश्व व्यापार सङ्गठनमा गरिएको भन्सार महसुलसम्बन्धी सीमाङ्कन (Tariff Binding) अनुकूल हुने गरी भन्सार दरहरूलाई क्रमशः समायोजन गर्दै लगिएको छ । भन्सार मूल्याङ्कन प्रक्रिया र मूल्याङ्कनका आधारहरू सङ्गठनको सिद्धान्तबमोजिम हुने गरी कार्यान्वयनमा ल्याउने सन्दर्भमा नयाँ भन्सार ऐन, २०६४ जारी गरी सोही अनुरूप नयाँ भन्सार नियमावली समेत कार्यान्वयनमा ल्याइसकिएको छ ।

- अन्य महसुल तथा शुल्कहरूलाई २ देखि १० वर्षको अवधिमा हटाउने प्रतिबद्धताबमोजिम साबिकमा लगाई आएका स्थानीय विकास शुल्कलगायतका कतिपय शुल्कहरूलाई पूर्णरूपमा हटाइएको छ भने कृषि सुधार शुल्कलाई क्रमशः कम गर्दै लगिएको छ ।
- साबिकको वाणिज्य नीति र औद्योगिक नीतिमा समसामयिक सुधार गरी नयाँ वाणिज्य नीति, २०६५ र नयाँ औद्योगिक नीति, २०६७ जारी गरिएको छ । नयाँ जारी भएको औद्योगिक नीतिअनुसार साबिकको औद्योगिक व्यवसाय ऐनलाई सङ्गठनको प्रावधानबमोजिम परिमार्जन गर्न तथा समसामयिक बनाउन मस्यौदा तयार भई छलफलको चरणमा रहेको छ ।
- सङ्गठनको सम्झौताअनुकूल अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई सहज, पारदर्शी र पूर्वानुमानीय बनाउन निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ मा आवश्यक संशोधन गरिसकिएको छ । पुनश्च परिवर्तित सन्दर्भअनुसार आयात-निर्यातलाई व्यवस्थित गर्न साबिकको ऐन तथा नियमावलीमा व्यापक परिवर्तन गर्न आवश्यक देखिएको सन्दर्भमा नयाँ ऐन तथा नियमावलीको मस्यौदा तयार गरिएको छ । निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ मा गरिएको संशोधन बमोजिम नेपाल राजपत्रमा मिति २०६६ कार्तिक १६ मा निकासी तथा पैठारीमा पूर्ण प्रतिबन्ध लगाइएका वस्तुहरू र निकासी तथा पैठारीमा परिमाणात्मक बन्देज लगाइएका वस्तुहरूको सूची प्रकाशित गरी निकासी तथा पैठारी व्यापारमा पारदर्शिता र पूर्वानुमानीयता सुनिश्चित गरी निकासी तथा पैठारी व्यापारलाई सहजीकरण गर्ने व्यवस्था मिलाइएको छ ।
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन तथा नियमावली, विद्युतीय कारोवारसम्बन्धी ऐन जारी गरिएका छन् ।
- बिरुवा संरक्षण ऐन र नियमावलीमा सङ्गठनको सिद्धान्तअनुकूल संशोधन गरिएको छ ।
- विश्व व्यापार सङ्गठनअन्तर्गतका सम्झौताहरू अनुकूल हुने गरी विदेशी लगानी तथा एकद्वार नीति, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, औषधी ऐन र गुणस्तर (प्रमाण चिह्न) ऐन आदिमा आवश्यक संशोधनको कार्य अघि बढेको छ । व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको संरक्षण, आनुवंशिक स्रोतमा पहुँच, स्वास्थ्य संस्था सञ्चालनसम्बन्धमा नयाँ ऐनको मस्यौदा तथा सो सम्बन्धी नीति र नियमावलीहरू तर्जुमाको क्रममा रहेका छन् ।
- सेफगार्ड्स, एन्टीडम्पिङ्ग तथा काउन्टरभेलिङ्ग महसुलसम्बन्धी ऐनको मस्यौदा तयार भई सरोकारवालाहरूसँग छलफलको क्रममा रहेको छ ।
- सेवा व्यापारको क्षेत्रमा नयाँ राष्ट्र बैङ्क ऐन, नयाँ बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, नयाँ कम्पनी ऐन तर्जुमा भई कार्यान्वयनमा ल्याइएको छ । विदेशी विनिमय (नियमन) ऐन र नियमावली, धितोपत्र विनियम ऐनमा सङ्गठनको सम्झौताअनुकूल आवश्यक परिमार्जन गरिएको छ भने दामासाहीसम्बन्धी ऐन जारी गरिएको छ । बीमा ऐन संशोधनको प्रक्रियामा रहेको छ ।

- विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्ष बन्ने क्रममा ११ जनवरी, सन् २००६ मा प्रतिलिपि अधिकार संरक्षणसम्बन्धी वर्न महासन्धि (Berne Convention) र ८ मे, सन् २००६ मा बिरुवा संरक्षणसम्बन्धी महासन्धि (Instrument of International Plant Protection (IIPP) Convention) को नेपाल पक्ष राष्ट्र बनेको छ । वस्तुको अन्तर्राष्ट्रिय बिक्रीसम्बन्धी राष्ट्रसंघीय करार महासन्धि (Convention on Contracts for the International Sale of Goods, Vienna, 1980) को पक्ष बन्ने सन्दर्भमा आवश्यक प्रक्रिया अघि बढाइएको छ ।

नेपालले सङ्गठनमा पेश गरेको कानूनी सुधारसम्बन्धी कार्ययोजनामा हालसम्म भएको प्रगति विवरण अनुसूची-२ र ३ मा प्रस्तुत गरिएको छ ।

### ५.२ संस्थागत क्षमता अभिवृद्धि

संस्थागत क्षमता अभिवृद्धिको सन्दर्भमा वाणिज्य तथा आपूर्ति मन्त्रालयको पहल र सक्रियतामा अन्य सम्बन्धित मन्त्रालयहरू, सरकारी र गैर सरकारी क्षेत्रका सरोकारवाला निकाय र दातृ राष्ट्र तथा निकायको समेत सहयोग, समन्वय र सहकार्यमा विभिन्न कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन् । सञ्चालित प्रमुख कार्यहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- वाणिज्य तथा आपूर्ति मन्त्रालयको योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखाअन्तर्गत वैदेशिक सहायता परिचालन शाखा र विश्व व्यापार सङ्गठन प्रतिबद्धता कार्यान्वयन शाखा मार्फत विश्व व्यापार सङ्गठनसम्बद्ध विषयहरूमा अन्तर-मन्त्रालय/निकाय समन्वयको कार्य हुँदै आएको छ । मन्त्रालयको संयोजनमा विभिन्न दातृ निकाय तथा सम्बन्धित संस्थाहरूको सहयोगमा सरकारी र निजी क्षेत्रका सरोकारवाला निकायका व्यक्तिहरूको क्षमता विकासका लागि विश्व व्यापार सङ्गठनसम्बन्धी विभिन्न विषयमा समय समयमा तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चाल गर्ने गरिएको छ ।
- WTO/EIF Support Project अन्तर्गत हाल Nepal Enhanced Capacities for Trade and Development, (NECTRADE) नामक आयोजना सञ्चालनमा रहेको छ । यसले नेपालले विश्व व्यापार सङ्गठनमा गरेका प्रतिबद्धताहरू कार्यान्वयन गर्न मन्त्रालयको संस्थागत क्षमता विकासमा सहयोग पुर्‍याउनुका साथै नेपाल व्यापार एकीकृत रणनीति (Nepal Trade Integration Strategy, NTIS-2010) को कार्यान्वयनमा समेत सहयोग गरिरहेको छ ।
- विश्व व्यापार सङ्गठनसम्बन्धी विभिन्न विषयमा नियमित रूपमा सूचना तथा जानकारीहरू प्रवाह गर्न सन् २००३ को नोभेम्बरदेखि काठमाण्डौको बबरमहलमा WTO Reference Centre सञ्चालन गर्दै आइएको छ । सर्वसाधारणको सहज पहुँचमा रहेको उक्त केन्द्रमा विश्व व्यापार सङ्गठनसम्बन्धी विभिन्न विषयमा मुद्रित तथा अनलाइन

सामग्रीहरूमार्फत जानकारी लिन सकिन्छ । केन्द्रमा एक पुस्तकालयसमेत रहेको छ । जहाँ विश्व व्यापार सङ्गठन, अन्तर्राष्ट्रिय व्यापारका विभिन्न पक्षसित सरोकार राख्ने समसामयिक विषयमा उपयोगी पुस्तक तथा अन्य पाठ्यसामग्री सङ्कलित छन् । केन्द्रमा मन्त्रालयका कतिपय प्रकाशनहरू निःशुल्क उपलब्ध हुने व्यवस्था पनि मिलाइएको छ । केन्द्रमा समय-समयमा व्यापारसम्बन्धी विभिन्न समसामयिक विषयमा सरकारी तथा निजी क्षेत्रका सरोकारवालाहरूको उपस्थितिमा अन्तर्क्रिया तथा छलफल कार्यक्रमहरू पनि सञ्चालन गर्ने गरिएको छ ।

- विश्व व्यापार सङ्गठनको सचिवालय, जेनेभामा समय-समयमा वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट बहुपक्षीय व्यापार प्रणालीका विभिन्न विषयमा प्रयोगात्मक र कार्यस्थलको अनुभव दिलाउने उद्देश्यले सङ्गठनको सहयोगमा मन्त्रालयबाट Intern को रूपमा कर्मचारी खटाई पठाउने गरिएको छ । साथै, विश्व व्यापार सङ्गठनसँग सम्बन्धित क्षेत्रीय तथा स्थानीय स्तरको लामो तथा छोटो अवधिका तालिम, गोष्ठीहरूमा नेपाल सरकारका कर्मचारीहरूलाई सहभागी हुन पठाई उनीहरूको क्षमता वृद्धिमा सहयोग पुऱ्याउँदै आइएको छ ।
- विश्व व्यापार सङ्गठनका अन्य अति कम विकसित राष्ट्रहरूका प्रतिनिधिहरूसँग समय-समयमा अनुभव आदान प्रदानका कार्यहरू हुने गरेको छ ।
- विश्व व्यापार सङ्गठनसम्बन्धी विषयमा प्रभावकारी अन्तर-निकाय समन्वयका लागि सम्बन्धित मन्त्रालय, विभागहरू, नेपाल राष्ट्र बैङ्क र निजी क्षेत्रको समेत प्रतिनिधित्व हुने गरी WTO Focal Points को गठन गरिएको छ । यसको बैठक नियमित रूपमा आयोजना गरी विश्व व्यापार सङ्गठनको प्रतिबद्धता पूरा गर्ने लगायतका बहुपक्षीय व्यापार प्रणालीका समसामयिक विषयवस्तुमा छलफल गरी निर्णय भएका विषयहरूलाई कार्यान्वयन गर्ने गरिएको छ ।
- विश्व व्यापार सङ्गठनका केही सम्झौताहरूमा अरू सदस्य राष्ट्रहरूलाई आवश्यक जानकारी प्रदान गर्न Enquiry Points को स्थापना गर्नुपर्ने व्यवस्था भएबमोजिम मिति २०६०।१।८ को निर्णयानुसार सेवा व्यापारसम्बन्धमा सूचना प्रवाह गर्न वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई Service Enquiry Point तोकिएको छ । यसैगरी मानव, पशु तथा वनस्पति स्वास्थ्य (SPS) उपायहरूसम्बन्धी विषयमा नियमित रूपमा सूचना प्रवाह गर्न कृषि विकास मन्त्रालय अन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई SPS National Enquiry Point तोकिएको छ । यस्तै व्यापारका प्राविधिक अवरोधहरू (TBT) सम्बन्धी विषयमा नियमित तवरमा सूचना प्रवाह गर्न उद्योग मन्त्रालय अन्तर्गत नेपाल गुणस्तर तथा नापतौल विभागलाई TBT National Enquiry Point तोकिएको छ । यी निकायहरूको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू प्राथमिकतासाथ अगाडि बढाउँदै आइएको छ ।

- विश्व व्यापार सङ्गठनको सदस्यतापश्चात् Aid for Trade (AfT) तथा विस्तारित एकीकृत संरचना (EIF) अन्तर्गत व्यापार क्षेत्रमा प्राप्त हुने सहयोगको उचित परिचालन, व्यापार क्षेत्रमा गरिनुपर्ने नीतिगत सुधार, अन्तर-मन्त्रालय समन्वय, जनशक्ति विकास तथा संस्थागत क्षमता अभिवृद्धिलगायतका विषयमा नीतिगत मार्गनिर्देश प्रदान गर्ने तथा व्यापारलाई राष्ट्रिय विकास नीतिहरूमा मूलप्रवाहीकरण गर्ने लगायत भविष्यमा सामना गर्नुपर्ने चुनौती सामना गर्नका लागि सुझाव दिने उद्देश्यले नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा वाणिज्य क्षेत्रसँग सम्बद्ध विभिन्न मन्त्रालयका सचिवहरू, निजी क्षेत्रका छाता सङ्गठनका प्रमुखहरू तथा नेपाल राष्ट्र बैंकका डिपुटी गर्भनर समेत सदस्य रहेको एक उच्चस्तरीय राष्ट्रिय निर्देशक समिति (National Steering Committee) गठन गरिएको छ । यसको सचिवालयका रूपमा वाणिज्य तथा आपूर्ति मन्त्रालयको योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखा कार्यरत छ। यस प्रक्रियामा सघाउ पुऱ्याउन वाणिज्य तथा आपूर्ति मन्त्रालयका सह-सचिवको संयोजकत्वमा एउटा राष्ट्रिय कार्यान्वयन एकाइ (National Implementation Unit : NIU) समेत गठन गरिएको छ । यसले व्यापार क्षेत्रको संस्थागत विकासका लागि विभिन्न दातृ निकाय तथा विश्व व्यापार सङ्गठन र यसअन्तर्गतका विभिन्न संयन्त्रहरूबाट उपलब्ध हुने आर्थिक, प्राविधिक सहायताको परिचालन र समन्वय लगायतका कार्यहरू गर्दै आएको छ ।
- नेपालको वैदेशिक व्यापार तथा पारवहनसम्बन्धी समसामयिक विभिन्न विषयहरूमा आवश्यकतानुसार छलफल तथा परामर्श गरी निश्चित अवधारणा तयार गर्न सहयोग पुऱ्याउन विगतमा वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सचिवको रूपमा काम गर्नुभएका अनुभवी प्रशासकहरू तथा व्यापार क्षेत्रमा लामो समयदेखि कार्य गरी विशेष अनुभव र विशेषज्ञता हासिल गर्नुभएका विशिष्ट व्यक्तित्वहरू सम्मिलित एउटा व्यापार सल्लाहकार समिति (Trade Advisory Committee) को गठन गरी अनुभवी प्रशासक तथा विशेषज्ञहरूको ज्ञान तथा अनुभवलाई मुलुकको वाणिज्य क्षेत्रको विकासका लागि उपयोग गर्ने संयन्त्र बनाइएको छ । यो समितिको बैठक सामान्यतया ३-३ महिनामा आयोजना गर्ने गरिएको छ ।
- व्यापार क्षेत्रमा कार्यरत दातृ निकाय, गैर सरकारी संस्था, सरकारी तथा निजी क्षेत्रसमेतको संयुक्त सहभागितामा समय-समयमा सार्वजनिक-निजी संवाद (Public Private Dialogue : PPD) कार्यक्रम आयोजना गरी वाणिज्य क्षेत्रका समसामयिक मुद्दाहरूलाई केलाउने, छलफल तथा परामर्श गर्ने गरिएको छ । साथै, यस्ता छलफल तथा अन्तर्क्रियामार्फत प्राप्त नीतिगत अनुपोषण (Policy Feedback) लाई महत्त्वपूर्ण Input का रूपमा लिई तदनुसार सम्बन्धित नीति तथा कार्यक्रमहरूमा सुधार र परिमार्जन गर्ने कार्यलाई अघि बढाउँदै आइएको छ ।

### ५.३ पूर्वाधार विकास तथा सुदृढीकरण

बहुपक्षीय व्यापार प्रणालीमा आबद्ध भइसकेपछि नेपालमा व्यापारसम्बद्ध पूर्वाधारहरूको विकासको क्षेत्रमा धेरै कार्यहरू भएका छन् । तीमध्ये केही प्रमुख कार्यहरू निम्नानुसार छन् ।

- मुलुकका चार प्रमुख भन्सार नाकाहरू क्रमशः वीरगञ्ज, विराटनगर, भैरहवा र काँकडभिट्टामा आधुनिक सुख्खा बन्दरगाहको निर्माण भई व्यापार सहजीकरणमा ठूलो टेवा पुगेको छ । यिनमा वीरगन्जको सुख्खा बन्दरगाह रेलमार्गबाट जोडिएको हुँदा यहाँ भारतको कोलकाता बन्दरगाहदेखि मालवस्तु सोझै ढुवानी हुने व्यवस्थाले आयात-निर्यात सहज हुनुको साथै व्यापारको कारोबार लागत पनि उल्लेख्य रूपमा घटाउन सहयोग पुगेको छ । चीनको स्वशासित क्षेत्र तिब्बत र त्यहाँमार्फत चीनसँग हुने व्यापारमा सहजता ल्याउन सिन्धुपाल्चोक जिल्लाको तातोपानी भन्सार क्षेत्रसँगै लार्चामा सुख्खा बन्दरगाह निर्माण कार्य प्रारम्भ भएको छ । छिमेकी राष्ट्र बङ्गलादेश र चीनको स्वशासित क्षेत्र तिब्बतसँग व्यापार अभिवृद्धि गर्नको लागि सतहमार्गबाट सीधा यातायात सञ्चालन गर्ने सम्बन्धमा कार्य अघि बढिरहेको छ ।
- छिमेकी राष्ट्र भारतसँग हुने व्यापारलाई थप सहज, सरल र स्वचालित बनाउन सीमानाका प्रमुख चार भन्सार नाकाहरूमा भारत सरकारको सहयोगमा एकीकृत जाँचचौकी (Integrated Checkpost: ICP) को निर्माणका लागि सम्भाव्यता अध्ययन गर्ने कार्य पूरा भई वीरगञ्ज र विराटनगरमा कार्य प्रारम्भ भइसकेको छ । उक्त एकीकृत जाँचचौकीको निर्माणपछि भारतसँग हुने व्यापारमा हाल भोग्नुपरिरहेको प्रक्रियागत झन्झटहरूमा उल्लेख्य सुधार आई समय र लागतमा ठूलो बचत हुने अपेक्षा लिइएको छ । अतिरिक्त पारवहनमार्गको खोजीको क्रममा भारतको विशाखापट्टनम् र बङ्गलादेशको मोङ्गलापोर्ट आदिको प्रयोग गर्ने सम्बन्धमा द्विपक्षीयस्तरमा वार्ता अघि बढाइएको छ ।
- नेपालको भन्सार प्रणालीलाई आधुनिकीकरण गरी स्वचालित र वैज्ञानिक बनाउने क्रममा प्रक्रियागत सरलीकरण, आसिकुडा सफ्टवेयरलाई उपयोगमा ल्याउने जस्ता कार्यहरू सम्पन्न गरिएका छन् ।
- दक्षिण एशिया उपक्षेत्रीय विकास कार्यक्रम अन्तर्गत यातायात एवं पारवहन सुविधा विकासको लागि Transport Corridor निर्माणका लागि एशियाली विकास बैङ्क लगायतका दातृनिकायसँग समन्वय भइरहेको छ ।
- नेपाल व्यापार एकीकृत रणनीति, २०१० मा आधारित भएर वस्तु तथा पूर्वाधार विकाससम्बन्धी विभिन्न कार्यक्रम कार्यान्वयनमा ल्याइएका छन् । यस अन्तर्गत खासगरी निकासी हुने वस्तुको उत्पादन वृद्धि, गुणस्तर सुधार, मूल्य शृंखलामा सुधार र मूल्यअभिवृद्धि, प्रयोशाला परीक्षण सुविधा विस्तार आदि क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस क्रममा काठमाण्डौस्थित अन्तर्राष्ट्रिय विमानस्थलमा

बन्द अवस्थामा रहेको शीतगृह (Cold Storage) लाई आवश्यक मर्मतसम्भार गरी तथा उपकरणसमेत जडान गरी सञ्चालनमा ल्याइएको छ । निकासी हुने सुन, चाँदीलगायतका धातुबाट निर्मित हस्तकलाका सामानहरूको रसायन परीक्षण गरी गुणस्तर सुनिश्चितताका लागि नेपाल हस्तकला महासंघसँग लागत साझेदारीमा नेपाल हस्तकला परीक्षण प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको छ । ऊनी गलैँचा तथा पश्मिनामा प्रयोग हुने कच्चा ऊनको गुणस्तर परीक्षणका लागि आवश्यक परीक्षण संयन्त्रको स्थापना गरिनुका साथै नेपाल गुणस्तर तथा नापतौल विभागको प्रयोगशालाको क्षमता विकासका लागि विभिन्न नयाँ उपकरण खरिद तथा जडान कार्य गरिएका छन् । साथै, खाद्य वस्तुको गुणस्तर परीक्षणमा सुधार ल्याउन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको प्रयोगशालाको स्तरोन्नतिका लागि विभिन्न कार्यहरू भएका छन् । निकासी हुने वनस्पति र वनस्पतिजन्य जडिबुटीको गुणस्तर सुधारका लागि वनस्पति विभागको प्रयोगशालाको क्षमता वृद्धिको कार्यक्रम अघि बढिरहेको छ । नेपालबाट बाहिर निकासी हुने कृषि तथा गैर कृषि उत्पादनको गुणस्तर प्रमाणीकरणका लागि आवश्यक ऐनको तर्जुमा तथा संस्थागत सुदृढीकरणका कार्य अघि बढाइएका छन् ।

## ५.४ प्राविधिक सहयोग परिचालन

विश्व व्यापार सङ्गठन, अन्कटाड, अन्तर्राष्ट्रिय व्यापार केन्द्र, यु.एन्.डि.पी. लगायत विभिन्न देशका दातृ निकायहरूले सङ्गठनका अति कम विकसित सदस्य देशहरूको व्यापार क्षमता विकासका लागि विभिन्न प्राविधिक सहायताहरू उपलब्ध गराउँदै आएका छन् । यसक्रममा नेपाल पनि यस्ता किसिमका प्राविधिक सहायताबाट लाभान्वित हुँदै आएको छ । व्यापार क्षेत्रको विकासका लागि प्राप्त केही प्रमुख वैदेशिक प्राविधिक सहायताको उल्लेख तल गरिएको छ ।

- विश्व व्यापार सङ्गठनले अति कम विकसित मुलुकको क्षमता विकासका लागि एकीकृत संरचना (IF) र विस्तारित एकीकृत संरचना (EIF) अन्तर्गत उपलब्ध गराउँदै आएको सहायता नेपालले पनि सदुपयोग गर्दै आएको छ । यस क्रममा एकीकृत संरचना अन्तर्गतको आर्थिक/प्राविधिक सहयोगबाट सन् २००४ मा Nepal Trade and Competitiveness Study (DTIS, 2004) सम्पन्न गरिएको थियो । सो अध्ययनले सुझाएबमोजिम व्यापारसम्बद्ध निकायहरूको क्षमता विकास गर्ने क्रममा खासगरी प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, उद्योग विभागको बौद्धिक सम्पत्तिको अधिकारको प्रशासन गर्ने शाखा, भन्सार विभाग, नेपाल गुणस्तर तथा नापतौल विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको पूर्वाधार सुदृढीकरणका कार्यहरूका साथै ती निकायमा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि गर्ने कार्यहरू सम्पन्न

गरिएका छन् । दुई वर्ष पहिले सो अध्ययनलाई परिमार्जन गरी नयाँ नेपाल व्यापार एकीकृत रणनीति (NTIS), २०१० तयार गर्न विस्तारित एकीकृत संरचना (EIF) बाट सहयोग उपलब्ध भएको थियो । अहिले नेपाल व्यापार एकीकृत रणनीति २०१० को कार्यान्वयनका लागि समेत EIF बाट विभिन्न सहयोगहरू उपलब्ध भइरहेको छ। यस क्रममा रणनीतिले कृषि-खाद्यवस्तु अन्तर्गत पहिचान गरेको नेपालको एउटा प्रमुख निकासीयोग्य वस्तु- अदुवाको मूल्य अभिवृद्धिका लागि EIF अन्तर्गत Standards and Trade Development Facilities (STDF) को सहयोगमा पूर्वाञ्चलको काँकडभिट्टामा एउटा अदुवा प्रशोधन केन्द्र स्थापना गर्ने कार्यक्रम EIF बाट स्वीकृत भई हाल कार्यान्वयनको चरणमा प्रवेश गरेको छ । रणनीतिले समेटेका अन्य केही कृषिजन्य र औद्योगिक वस्तु तथा सेवा व्यापार अन्तर्गतका केही क्षेत्रमा सहयोग परिचालन गर्ने सम्बन्धमा प्रक्रिया अघि बढिरहेको छ ।

- EIF को सहयोगमा वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत हाल Nepal Enhanced Capacities for Trade and Development (NECTRADE) नामक परियोजना सञ्चालनमा रहेको छ । यसले खासगरी देशको समग्र विकास प्रक्रियामा व्यापारको मूलप्रवाहीकरण गर्ने र व्यापार क्षेत्रमा संस्थागत एवं मानवस्रोतको क्षमता विकासका लागि विभिन्न कार्यक्रमहरू सञ्चालनमा ल्याएको छ । त्यसैगरी नेपाल व्यापार एकीकृत रणनीति, २०१० मा पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनका लागि विभिन्न दातृ निकाय र पक्षहरूबाट सहयोग परिचालन र संयोजन गर्ने कार्य पनि यसले गरिरहेको छ ।
- नेपाल विश्व व्यापार सङ्गठनको सदस्य बनेको पृष्ठभूमिमा विभिन्न विकसित राष्ट्रका विकास सहयोगी संस्थाहरूले पनि नेपालको व्यापारका विभिन्न पक्षहरूमा सुधारका लागि प्राविधिक सहयोग प्रदान गरिरहेका छन् । यस क्रममा जर्मन अन्तर्राष्ट्रिय सहयोग निकाय (GIZ) ले प्रतिबद्धता कार्यान्वयन, क्षमता विकास र वस्तु विकासका क्षेत्रमा सहयोग गरिरहेको छ । युरोपियन युनियनको आर्थिक सहयोगमा सञ्चालित EC-Nepal WTO Assistance Project बाट WTO Reference Centre को सुदृढीकरण, जनशक्ति विकास, SPS र TBT जस्ता क्षेत्रमा सम्बद्ध सरकारी विभाग एवं निजी क्षेत्रको क्षमता अभिवृद्धिको लागि सहयोग प्राप्त भएको छ । यसका साथै अमेरिकी सहयोग निकाय (USAID) को आर्थिक सहयोगमा सञ्चालित Nepal Economic, Agriculture and Trade Activity (NEAT) बाट संस्थागत क्षमता विकास, नीतिगत-कानूनी सुधार र वस्तु विकासका लागि विभिन्न क्षेत्रमा सहयोग परिचालन हुँदै आएको छ ।
- अन्कटाड (UNCTAD) को आर्थिक प्राविधिक सहयोगमा नेपालको सेवा क्षेत्रका सम्भावनाहरू सम्बन्धमा एक अध्ययन कार्य सम्पन्न भएको छ । यसैगरी अन्तर्राष्ट्रिय

व्यापार केन्द्र (ITC) को सहयोगमा पश्मिनाको विकासको लागि एक विस्तृत परियोजना प्रस्ताव तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

### ५.५ जनचेतना वृद्धि एवं अनुभव आदान-प्रदान

- नेपाल अतिकम विकसित मुलुकहरूमध्ये वार्ताको माध्यमबाट विश्व व्यापार सङ्गठनमा प्रवेश गर्ने पहिलो मुलुक भएको र तुलनात्मक रूपमा नेपालको सम्झौता वार्ता एउटा कुशल र सफल सम्झौता वार्ताको रूपमा रहेको र यसलाई अन्कटाडलगायतका संस्थाबाट पनि सह्राहना गरिएको हुँदा अहिले सदस्यताको लागि वार्ताको प्रक्रियामा रहेका अति कम विकसित मुलुकहरूले नेपालको सदस्यताप्राप्तिको अनुभवबाट सिक्न अभिरुचि देखाइरहेका छन् । यस क्रममा भुटान, अफगानिस्तान र सोलोमन आइल्याण्डका प्रतिनिधिहरूबाट नेपालको सम्मिलन प्रक्रियाको अनुभव हासिल गर्ने सम्बन्धमा अध्ययन भ्रमण सम्पन्न भएका छन् । साथै, नेपालको अनुभवबाट सिक्न अन्य केही मुलुकहरूले चासो देखाई रहेका छन् ।

- विश्व व्यापार सङ्गठन र बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षहरूमा सम्बद्ध सरकारी निकाय, गैर सरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजका प्रतिनिधिहरूलाई सुसूचित गर्ने उद्देश्यले विभिन्न निकायहरूको संलग्नतामा विभिन्न समयमा जनचेतना अभिवृद्धि सम्बन्धी गोष्ठी, अन्तर्क्रियाको आयोजना गर्दै आइएको छ । यस्ता गोष्ठी तथा अन्तर्क्रियाहरू क्षेत्रीय र जिल्लास्तरमा पनि आयोजना गर्ने गरिएका छन् । दातृ निकायको सहयोगमा सार्वजनिक-निजी संवादको आयोजना गरी बहुपक्षीय व्यापार प्रणालीका महत्त्वपूर्ण मुद्दाहरूमा छलफल तथा चिन्तन गर्ने परिपाटीको विकास गरिनुका साथै समय-समयमा सर्वसाधारणको जानकारीका लागि सार्वजनिक सञ्चार माध्यमबाट विश्व व्यापारसम्बन्धी विषयमा सूचना तथा जानकारीहरू प्रसारण गर्ने कार्य पनि हुँदै आएको छ ।

- विश्व व्यापार सङ्गठनका विभिन्न पक्षहरूमा सर्वसाधारण सबैमा सूचना सम्प्रेषण गर्ने उद्देश्यले विभिन्न पुस्तिका तथा न्यूजलेटर प्रकाशन गरी वितरण गर्दै आइएको छ ।

- मुलुकभित्र विश्व व्यापार सङ्गठन र यससम्बन्धी विभिन्न विषयमा विभिन्न संघसंस्थाले आयोजना गर्ने गोष्ठी, छलफल तथा बैठकहरूमा स्रोतव्यक्तिको रूपमा यस मन्त्रालयको योजना तथा अन्तर्राष्ट्रिय व्यापार सहयोग महाशाखाबाट सहभागिता र प्रतिनिधित्व हुँदै आएको छ ।

### ५.६ विश्व व्यापार सङ्गठन र सो अन्तर्गतका मञ्चहरूमा नेपालको सहभागिता

**(क) आठौं मन्त्रिस्तरीय सम्मेलनमा सहभागिता :** नेपालले विश्व व्यापार सङ्गठनको नीति निर्माणको सबैभन्दा उच्चस्तरीय निकाय मन्त्रिस्तरीय सम्मेलनमा नियमित रूपमा भाग लिँदै आफ्नो धारणा प्रस्तुत गर्दै आएको छ । सामान्यतया प्रत्येक दुई-दुई वर्षमा हुने

विश्व व्यापार सङ्गठनको सदस्य राष्ट्रहरूको आठौँ मन्त्रिस्तरीय सम्मेलन पछिल्लो पटक १५-१७ डिसेम्बर, २०११ मा स्विटजरल्याण्डको जेनेभामा सम्पन्न भएको थियो । यस सम्मेलनमा माननीय वाणिज्य तथा आपूर्ति मन्त्रीको नेतृत्वमा एक उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलले नेपालको तर्फबाट सहभागिता जनाएको थियो । सम्मेलनमा नेपालले बहुपक्षीय व्यापार प्रणालीप्रतिको आफ्नो प्रतिबद्धता दोहोर्‍याउँदै दोहा राउण्डको वार्ता यथाशक्य छिटो टुङ्ग्याउने पक्षमा आफ्नो धारणा राखेको थियो । यसैगरी सम्मेलनपूर्व अति कम विकसित मुलुकहरूका तर्फबाट उठाउनुपर्ने एजेण्डाका बारेमा छलफल गर्न बसेको LDCs Group को बैठकमा र WTO मा क्रियाशील अन्य विषयगत समितिका बैठकहरूमा जेनेभास्थित नेपाली नियोगबाट सक्रिय रूपमा सहभागी भई आफ्नो धारणा प्रस्तुत गरिएको थियो । प्रतिनिधि मण्डलले सम्मेलन अवधिमा जेनेभामा छुट्टाछुट्टै आयोजित LDCs Group र सार्क क्षेत्रका वाणिज्य मन्त्रीहरूको बैठकमा समेत भाग लिई बहुपक्षीय व्यापार प्रणालीबाट नेपालजस्ता कम विकसित मुलुकले उचित लाभ लिने अवस्था सृजना गर्ने कार्यमा विकसित मुलुकको ध्यानाकर्षण गर्दै विश्व व्यापार प्रणालीका विविध पक्षहरूमा आफ्नो धारणा व्यक्त गरेको थियो ।

आठौँ मन्त्रिस्तरीय सम्मेलनले रसिया, समोआ, भानुआटु र मोन्टेनेग्रो यी चार नयाँ राष्ट्रहरूलाई सङ्गठनमा सम्मिलन (Accession) हुन दिने कुरालाई अनुमोदन गरेको छ । यसबाट अब सङ्गठनको सदस्यता साबिकको १५३ बाट बढेर छिट्टै नै १५७ पुग्ने भएको छ । यस सम्मेलनले कम विकसित मुलुकका सेवा व्यापार क्षेत्रका सेवा प्रदायकहरूलाई विकसित देशहरूले सौविध्यपूर्ण व्यवहार गर्न आगामी १५ वर्षसम्म छूट दिने विषयमा सहमति प्रदान गरेको थियो । साथै, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताको कार्यान्वयन लगायतका अन्य केही विषयमा पनि सम्मेलनमा निर्णय भएको थियो ।

**(ख) व्यापारका लागि सहयोग समीक्षा बैठकमा सहभागिता :** विश्वस्तरमा हुने AfT को समीक्षा बैठकमा नेपाल सक्रियताका साथ सहभागी हुँदै आएको छ । व्यापारका लागि सहयोगको तेस्रो विश्व समीक्षा बैठक १८-१९ जुलाई २०११ मा स्विटजरल्याण्डको जेनेभामा सम्पन्न भएको थियो । यसपूर्व सन् २००८ को नोभेम्बरमा पहिलो र सन् २००९ को जुलाईमा क्रमशः पहिलो र दोस्रो समीक्षा भएको थियो । तेस्रो समीक्षा बैठकको मुख्य विषय (Theme) व्यापारको लागि सहयोग र यसको परिणामको प्रदर्शन (Showing Results) मा केन्द्रित थियो । यो बैठकमा व्यापार सहजीकरणका कार्यक्रम कार्यान्वयनका सन्दर्भमा 'व्यापारका लागि सहयोग (AfT)' लाई कसरी प्रभावकारी बनाउने, व्यापारको वातावरण सुधार गर्न र व्यापारको क्षमता अभिवृद्धि गर्न निजी क्षेत्रसँग कसरी समन्वय गर्ने, क्षेत्रीय व्यापार एकीकरणमा भएका कठिनाइहरूलाई कसरी समाधान गर्ने र दक्षिण-

दक्षिण सहयोगलाई कमजोर राष्ट्रको व्यापार प्रवर्द्धनमा कसरी अभिवृद्धि गर्ने लगायतका विषयहरूमा गम्भीरतासाथ छलफल भएको थियो। साथै, समीक्षा बैठकले Aid for Trade को प्रभावकारिता बढाउन एवं यसलाई नतिजामुखी बनाउन व्यापारलाई विकासको मूल प्रवाहमा समावेश गर्नुपर्ने, सहयोग प्रस्ताव यथार्थपरक र पारदर्शी हुनुपर्ने, Aid for Trade को परिचालनका निमित्त बनाइने राष्ट्रिय संयन्त्र (National Mechanism) मा सहयोग प्राप्त गर्ने राष्ट्रको स्वामित्व र उत्तरदायित्व सुनिश्चित हुनुपर्नेमा विशेष जोड दिएको थियो। कार्यक्रमको दौरानमा "Aid for Trade at a Glance: Showing Results" नामक OECD-WTO अनुगमन प्रतिवेदन पनि प्रस्तुत भएको थियो । यो समीक्षा बैठकमा नेपालको तर्फबाट वाणिज्य तथा आपूर्ति मन्त्रालयको सचिवको अध्यक्षतामा पाँच सदस्यीय टोलीले भाग लिई व्यापारको लागि सहयोग कार्यक्रमलाई प्रभावकारी बनाउने सम्बन्धमा नेपालको अवधारणा प्रस्तुत गरेको थियो। नेपालले अति कम विकसित राष्ट्रहरूको व्यापार क्षमता बढाउन Aid for Trade को आवश्यकता र सान्दर्भिकता उच्च रहेको कुरा दोहोर्‍याउँदै यसको प्रभावकारी परिचालनका निमित्त दातृ निकाय र प्रापक राष्ट्र दुवै पक्षको भूमिकामा समय सापेक्ष सुधारका निमित्त आग्रह गरेको थियो । नेपालले यसपूर्वका दुईवटै समीक्षा बैठकमा पनि सक्रियताका साथ भाग लिई व्यापारको लागि प्राप्त हुने सहयोगलाई के कसरी प्रभावकारी बनाउन सकिन्छ भन्ने सम्बन्धमा कार्यपत्रमार्फत आफ्नो स्पष्ट दृष्टिकोण प्रस्तुत गरेको थियो ।

(ग) **व्यापार नीति पुनरावलोकन समीक्षा बैठकमा सहभागिता :** नेपाल विश्व व्यापार सङ्गठनमा आबद्ध भएको झण्डै आठ वर्षपछि पहिलोपल्ट विश्व व्यापार सङ्गठनको अति कम विकसित राष्ट्रको हैसियतले पूरा गर्नुपर्ने व्यापार नीति समीक्षा (Trade Policy Review) को कार्य यही मार्च १३ र १५, २०१२ मा विश्व व्यापार सङ्गठनको सचिवालय जेनेभामा सम्पन्न गरिएको छ। अति कम विकसित राष्ट्रको नाताले प्रत्येक ६-६ वर्षमा यस्तो समीक्षा सम्पन्न गर्नुपर्ने सङ्गठनको प्रावधान भए तापनि नेपालले केही ढिलो भए पनि सफलतासाथ यो कार्य सम्पन्न गरेको छ। यस व्यापार नीति समीक्षामा वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवको नेतृत्वमा मन्त्रालयका सम्बन्धित महाशाखा हेर्नुहुने सहसचिव तथा सम्बद्ध अधिकृतहरू, कानून तथा न्याय मन्त्रालय, भन्सार विभाग, नेपाल राष्ट्र बैंकका उच्च प्रतिनिधिहरू तथा जेनेभास्थित महामहिम नेपाली राजदूतसमेतको एक प्रतिनिधिमण्डलले भाग लिई नेपालले सङ्गठनको सदस्य बनिसकेपछि व्यापार उदारीकरणका सम्बन्धमा चालेका नीतिगत, संस्थागत प्रक्रियागत सुधारका समग्र पक्षमा सदस्य राष्ट्रहरूका प्रतिनिधिसमक्ष आफ्नो प्रस्तुति राखेको थियो । यस क्रममा नेपाल सरकारको तर्फबाट एउटा र विश्व व्यापार सङ्गठनको सचिवालयतर्फबाट अर्को गरी दुईवटा प्रतिवेदन प्रस्तुत गरिएकोमा त्यस उपर विस्तृत छलफल भएको थियो। समीक्षाका दौरानमा सदस्य राष्ट्रका प्रतिनिधिहरूले विभिन्न

विषयमा केन्द्रित भई जिज्ञासा राखेकोमा टोलीका संयोजकलगायत प्रतिनिधिमण्डलका अन्य सदस्यहरूबाट जिज्ञासा स्पष्ट पार्ने प्रयास गरिएको थियो । समीक्षा बैठकमा प्रतिनिधिमण्डलले नेपालले विश्व बजारमा पर्याप्त पहुँच पाउन नसक्नुका कारणहरू र ती समस्याहरू समाधान गर्न आफ्नो तर्फबाट गरेका प्रयासहरू तथा व्यापार साझेदार देशहरूबाट अपेक्षित सहयोग, नेपालमा वैदेशिक लगानीको लागि आकर्षक क्षेत्रहरू लगायतका विषयमा प्रकाश पारेको थियो । नेपालको प्रस्तुतिबाट बैठकमा उपस्थित सदस्य राष्ट्रका प्रतिनिधिहरू सन्तुष्ट हुनुका साथै विभिन्न आन्तरिक समस्याका बाबजूद नेपालले आर्थिक उदारीकरणको मान्यता र सङ्गठनमा गरेको प्रतिबद्धता बमोजिम व्यापार तथा लगानीका क्षेत्रमा कदमहरू चाल्न समर्थ भएकोमा खुसी जाहेर गर्दै व्यापार नीतिको समीक्षा कार्य समयमै सम्पन्न गर्न सफल भएकोमा बधाईसमेत व्यक्त गरेका थिए ।

(घ) **दोहा विकास एजेण्डामा सहभागिता :** नेपालले विश्व व्यापार सङ्गठनको सदस्य भएपश्चात् विश्व व्यापार सङ्गठनअन्तर्गत नयाँ सम्झौताका रूपमा रहेको Doha Development Agenda (DDA) मा समाविष्ट विभिन्न विषयहरूमध्ये Special and Differential Treatment (S&DT), Trade in Services, Agriculture, Trade Facilitation लगायतका महत्त्वपूर्ण सम्झौता वार्तामा सक्रिय रूपमा भाग लिई अति कम विकसित राष्ट्रको नाताले आफ्नो धारणा राख्दै आइरहेको छ । भूपरिवेष्टित अति कम विकसित सदस्य राष्ट्र भएका नाताले नेपालले विश्व व्यापार सङ्गठनमा क्रियाशील LDCs Group का एजेण्डामा आफ्ना धारणालाई स्थापित गर्न सो समूहको बैठक तथा छलफलमा जेनेभास्थित नियोगमार्फत सक्रिय सहभागिता जनाउँदै आएको छ ।

(ङ) **अन्कटाड बैठकमा सहभागिता :** विकासशील तथा अति कम विकसित राष्ट्रहरूको व्यापार र विकासको क्षेत्रमा महत्त्वपूर्ण कार्य गर्दै आएको राष्ट्रसंघीय व्यापार र विकास सम्मेलन (UNCTAD) को विभिन्न बैठकमा नेपालले सक्रियताका साथ भाग लिई नेपालजस्ता साना र कमजोर अर्थतन्त्र भएको मुलुकको क्षमता विकासका लागि महत्त्वपूर्ण आवाज उठाउँदै आइरहेको छ । विश्व अर्थतन्त्रमा कमजोर अवस्थामा रहेका राष्ट्रहरूको व्यापार क्षमता विकास गरी उनीहरूलाई विश्व अर्थतन्त्रमा प्रभावकारी तवरले आबद्ध हुन सघाउ पुऱ्याउने समेतका उद्देश्य राखी सन् १९६४ मा संयुक्त राष्ट्रसंघको एउटा विशिष्टीकृत संस्थाको रूपमा यो सङ्गठन स्थापना भएको हो । यसका हालसम्म तेह्रवटा अन्तर्राष्ट्रिय सम्मेलन सम्पन्न भएका छन् । तिनमा सबैभन्दा पछिल्लो र सङ्गठनको इतिहासमा तेह्रौं बैठक सन् २०१२ को अप्रिलको चौथो हप्तामा कतारको राजधानी दोहामा आयोजना भएको थियो । सम्मेलनमा नेपालको तर्फबाट वाणिज्य तथा आपूर्ति मन्त्रीको नेतृत्वमा ६ सदस्यीय एक प्रतिनिधिमण्डलले भाग लिएको थियो ।

सम्मेलनको विषय "Development-Centered Globalization : Towards Inclusive and Sustainable Growth and Development" भन्ने थियो । सम्मेलनमा निर्धारित विषयवस्तु उपर छलफल गर्न सदस्य राष्ट्रहरूका सरकार प्रमुख, मन्त्रीहरू, उच्च पदस्थ पदाधिकारीहरू, संयुक्त, राष्ट्रसंघअन्तर्गतका विभिन्न निकाय तथा एजेन्सीका प्रतिनिधिहरू, नागरिक समाज, निजी क्षेत्र र प्राज्ञिक क्षेत्रका प्रतिनिधिहरू पनि सहभागी भएका थिए । सम्मेलनमा अन्कटाडको तेह्रौं मुख्य सम्मेलनका अतिरिक्त अति कम विकसित राष्ट्रहरूका मन्त्रीहरूको छुट्टै बैठक, भूपरिवेष्टित अति कम विकसित राष्ट्रका मन्त्रीहरूको बैठक र ग्लोबल सर्भिस फोरमको बैठक पनि आयोजना भएकोमा यी सबै बैठकमा नेपाली प्रतिनिधिमण्डलले सक्रिय सहभागिता जनाएको थियो ।

**(च) अति कम विकसित राष्ट्रका मन्त्रिस्तरीय सम्मेलनमा सहभागिताः** नेपालले विभिन्न समयमा आयोजित अति कम विकसित राष्ट्रको सम्मेलन र बैठकमा सहभागिता जनाउँदै आएको छ । यस क्रममा सन् २००५ को जुन महिनामा जाम्बियाको Livingstone मा आयोजना भएको विश्वका अतिकम विकसित राष्ट्रहरूको चौथो मन्त्रिस्तरीय सम्मेलनमा भाग लिई अति कम विकसित राष्ट्रका व्यापार लगायतका मुद्दालाई प्रभावकारी तवरले विश्वसमक्ष राखेको थियो । अति कम विकसित राष्ट्रहरूको कुल विश्व व्यापारमा १ (एक) प्रतिशतभन्दा पनि कम अंश रहन गएको परिप्रेक्ष्यमा अतिकम विकसित सदस्यहरूको लागि विशेष व्यवस्था हुनुपर्ने सिद्धान्तलाई वास्तविक रूपमा कार्यान्वयनमा ल्याउने दृष्टिकोणबाट यो सम्मेलन आयोजना भएको थियो । उक्त सम्मेलनले विश्व व्यापार सङ्गठनको वार्ता चरणमा रहेको दोहा राउण्डको एजेण्डामा साझा अवधारणा तयार गर्दै अतिकम विकसित सदस्यहरूको तर्फबाट समन्वयकर्ताको रूपमा जाम्बियालाई जिम्मेवारी दिई 'लिभिङस्टोन घोषणापत्र' जारी गरेको थियो । हङ्कङ्गमा आयोजित सङ्गठनको छैटौं मन्त्रिस्तरीय सम्मेलनमा यही घोषणापत्रको आधारमा अति कम विकसित सदस्य राष्ट्रहरूको समूहले विषयगतरूपमा आफ्नो धारणा प्रस्तुत गरेका थिए ।

यसैगरी नेपालले पारग्वेको Asuncion मा सन् २००५ को अगष्टमा आयोजित भूपरिवेष्टित अतिकम विकसित राष्ट्रहरू (LLDCs) को मन्त्रिस्तरीय सम्मलेनमा सहभागिता जनाई भूपरिवेष्टित राष्ट्रको व्यापार प्रवर्द्धनका सिलसिलामा मुख्य चुनौतीका रूपमा रहेको पारवहन अधिकारका विषयमा महत्त्वपूर्ण धारणा प्रस्तुत गरेको थियो । सन् २०११ को मे मा टर्कीको इस्तानबुलमा आयोजित अति कम विकसित राष्ट्रहरूको चौथो राष्ट्रसंघीय सम्मेलनमा पनि भाग लिई अति कम विकसित राष्ट्रहरूलाई विश्व अर्थतन्त्रमा प्रभावकारी ढङ्गले आबद्ध तुल्याउन के कस्तो व्यवस्था अङ्गीकार गरिनु आवश्यक र उपयुक्त छ भन्ने सम्बन्धमा नेपालको तर्फबाट महत्त्वपूर्ण अवधारणा प्रस्तुत गरिएको थियो ।

# परिच्छेद-६

# विश्व व्यापार सङ्गठन र अति कम विकसित राष्ट्रहरू

## ६.१ अति कम विकसित राष्ट्रहरूको  विकासका लागि अन्तर्राष्ट्रिय पहलहरू

संयुक्त राष्ट्रसंघले सर्वप्रथम सन् १९७१ मा विकासमा अत्यन्त पछाडि परेका देशहरूलाई लक्षित गरी अति कम विकसित राष्ट्र (Least Developed Countries : LDCs) का रूपमा वर्गीकृत गरेको हो । सन् १९७० मा दोस्रो विकास दशकका लागि अन्तर्राष्ट्रिय विकास रणनीति तयार गर्ने सन्दर्भमा राष्ट्रसंघले अन्तर्राष्ट्रिय समुदायभित्र सबैभन्दा निर्धनतम र आर्थिक तथा सामाजिक दृष्टिले अत्यन्त कमजोर अवस्थामा रहेका देशहरूलाई अति कम विकसित राष्ट्रका रूपमा पहिचान गरेको हो । शुरुमा यस समूहमा पच्चीस राष्ट्रहरू मात्र रहेका थिए भने अहिले यो संख्यामा झण्डै दोब्बर वृद्धि भएर अठचालीस पुगेको छ । यिनमा अफ्रिकामा तेत्तीसवटा, एशियामा चौधवटा र दक्षिण अमेरिका/क्यारेबियन क्षेत्रमा एकवटा रहेका छन् । अति कम विकसित राष्ट्रहरूमध्ये नेपाल लगायत सोह्रवटा राष्ट्र भूपरिवेष्टित छन् । संयुक्त राष्ट्रसंघले मुख्यतः तीनवटा आधार न्यून आय, मानव पूँजीको न्यूनता र आर्थिक जोखिमका आधारमा अति कम विकसित राष्ट्रहरूको वर्गीकरण गरी यस समूह अन्तर्गत रहने देशहरूको सूची प्रकाशन गर्दै आएको आएको छ। राष्ट्रसंघ मातहतको आर्थिक तथा सामाजिक परिषद्ले प्रत्येक तीन वर्षमा Committee for Development Policy (CDP) को सिफारिशमा यस्तो सूचीमा पुनरावलोकन गर्ने गर्दछ। आम्दानी, मानव पूँजी तथा आर्थिक जोखिमको आधारमा कुनै राष्ट्र यो समूहमा पर्ने भए तापनि सम्बन्धित राष्ट्रले यो समूहअन्तर्गत सूचीकृत हुन सहमति व्यक्त नगरेसम्म यो समूहमा राखिँदैन । निश्चित आर्थिक तथा सामाजिक परिसूचकहरूमा भएको सुधारसँगै कुनै पनि राष्ट्र यो समूहबाट स्तरोन्नति (Graduate) भई विकासशील राष्ट्रको समूहमा प्रवेश गर्न सक्छ । अहिले अति कम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुन आम्दानी परिसूचकतर्फ अमेरिकी डलर एक हजार छयासीको सीमा (Threshold) तोकिएको छ । करिब चार दशकको अवधिमा तीनवटा देश- बोत्स्वाना, केप भर्डे र मालदिभ्स मात्र यो समूहबाट माथि उठ्न सकेका छन् । यसले अति कम विकसित मुलुकहरूमा आर्थिक सामाजिक रूपान्तरणको गति अत्यन्त ढीलो भएको कुरालाई दर्शाउँछ ।

विकासका न्यून आर्थिक सामाजिक परिसूचक भएका अति कम विकसित राष्ट्रहरूको आर्थिक सामाजिक विकासका लागि अन्तर्राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरू हुँदै आए तापनि यो समूहका राष्ट्रहरू अझै दयनीय स्थितिमै रहेका छन् । अहिले अति कम विकसित मुलुकको कुल गार्हस्थ्य उत्पादन विश्वको कुल गार्हस्थ्य उत्पादनको दुई प्रतिशतभन्दा कम छ । अति कम विकसित मुलुकको विश्व वस्तु व्यापारमा करिब एक प्रतिशत जति हिस्सा छ भने सेवा

व्यापारमा त्यसको आधा मात्र हिस्सा छ। कुल उनान्चास अति कम विकसित राष्ट्रमध्ये तेत्तीस वटा राष्ट्र विश्व व्यापार सङ्गठनमा आबद्ध छन् जसले विश्व जनसंख्याको बाह्र प्रतिशत र विश्व व्यापारमा मुस्किकले एक प्रतिशत हिस्सा ओगट्छन् ।

अति कम विकसित राष्ट्रका विकासका खास आवश्यकता र मुद्दालाई अन्तर्राष्ट्रिय स्तरमा सम्बोधन गर्न संयुक्त राष्ट्रसंघको तत्त्वावधानमा विभिन्न अन्तर्राष्ट्रिय सम्मेलनहरू आयोजना भई अति कम विकसित राष्ट्रको विकासका लागि विभिन्न महत्त्वपूर्ण नीति, रणनीति तथा कार्ययोजनाहरू तय गर्ने काम हुँदै आएका छन्। हालसम्म चारवटा राष्ट्रसंघीय अतिकम विकसित राष्ट्रको सम्मेलन आयोजना भएका छन्। यिनमा पहिलो सन् १९८१ मा पेरिसमा, दोस्रो सन् १९९० मा पेरिसमै, तेस्रो सन् २००१ मा ब्रसेल्समा र चौथो सन् २०११ मा टर्कीको इस्तानबुलमा भएको थियो । इस्तानबुल सम्मेलनले अति कम विकसित राष्ट्रको विकासको लागि महत्त्वाकांक्षी Instanbul Plan of Action (IPoA) पारित गरेको छ जसमा व्यापारसहित आठवटा प्राथमिकताका क्षेत्र पहिचान गरिएका छन् । अति कम विकसित देशका सरकार, दातृ निकाय र निजीक्षेत्र तथा नागरिक समाजबाट समेत गरी सञ्चालन गरिने गरी कुल दुई शय चवालीस वटा विभिन्न कार्यहरू उक्त कार्ययोजनामा समेटिएका छन् । यसले सन् २०२० सम्ममा हालका अति कम विकसित राष्ट्रहरूमध्ये आधालाई अति अविकसित अवस्थाबाट स्तरोन्नति (Graduate) हुन आवश्यक पर्ने मापदण्ड पूरा गर्न सघाउने कुरा प्राथमिकतासाथ अघि सारेको छ। यसको लागि कम्तीमा वार्षिक सात प्रतिशतको दरले आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य पनि निर्धारण गरिएको छ ।

अतिकम विकसित राष्ट्रहरूले व्यापार र विकासका सन्दर्भमा भोग्नुपरिरहेका समस्यालाई सम्बोधन गर्न सन् १९६४ मा स्थापित व्यापार र विकाससम्बन्धी संयुक्त राष्ट्रसंघीय सम्मेलन, संयुक्त राष्ट्रसंघको आर्थिक तथा सामाजिक परिषद्, विश्व व्यापार सङ्गठन (WTO), अन्तर्राष्ट्रिय व्यापार केन्द्र (ITC) र राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले पनि महत्त्वपूर्ण कार्यहरू गर्दै आएका छन् ।

## ६.२ विश्व व्यापार सङ्गठनमा कम विकसित राष्ट्रहरूको व्यापारसम्बद्ध प्रमुख मुद्दा तथा सरोकारका विषयहरू

विश्व व्यापार सङ्गठनमा हाल बहसमा रहेका कम विकसित राष्ट्रहरूसम्बद्ध प्रमुख मुद्दा तथा सरोकारका विषयहरूलाई संक्षेपमा निम्नानुसार उल्लेख गर्न सकिन्छः

**(क) व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार** (TRIPS)

ट्रिप्स काउन्सिल अन्तर्गत भइरहेको वार्तामा अमेरिका, अष्ट्रेलिया लगायतका देशहरूले भौगोलिक सङ्केत (GI) अन्तर्गत हाल स्पिरिट र वाइन (Sprit & Wine) लाई प्रदान गरिरहेको

भौगोलिक सङ्केत अन्य उत्पादनहरूलाई पनि प्रदान गर्ने, बहुपक्षीय भौगोलिक सङ्केत रजिष्टर कायम गर्ने जस्ता मुद्दाहरू उठाएका छन् भने युरोपियन युनियनको नेतृत्वमा केही अन्य विकसित देशहरू, विकासशील देशहरू र अल्प विकसित देशहरू गरी सङ्गठनका ११० सदस्य राष्ट्रहरूले माथिका दुई प्रावधानहरू लगायत विकसित, विकासशील र अल्प विकसित राष्ट्रहरूबीच सहमतिका निमित्त तेस्रो प्रावधान पनि अघि सारेका छन् । यस अन्तर्गत १) कुनै देशका उत्पादकहरूले कुनै अन्य देशको जैविक संसाधनहरूको उपयोग गर्दा उक्त संसाधनहरूको उत्पत्तिको स्रोत उल्लेख गर्नुपर्ने, २) यसरी प्रयोग गर्दा सम्बन्धित स्रोत मुलुकको पूर्व स्वीकृति लिनुपर्ने, र ३) स्वीकृति प्राप्त गर्ने प्रक्रियामा उक्त संसाधनहरूको प्रयोगबाट हुने लाभ स्रोत मुलुकसँग न्यायोचित रूपमा बाँडफाड गर्नुपर्ने कुराहरू छन् । तर बहुमतको यो प्रस्तावलाई विकसित राष्ट्रहरूले मानेका छैनन् । उनीहरूको भनाइअनुसार यसरी जैविक संसाधनहरूको प्रयोगको सम्बन्धमा अग्रिम जानकारी दिनुपर्ने, उपयोगको निमित्त उत्पत्ति मुलुकको पूर्व सहमति लिनुपर्ने र त्यसबाट प्राप्त हुने लाभ बाँडफाँड गर्ने जस्ता कुरा विश्व व्यापार सङ्गठनमा होइन कि जैविक विविधता महासन्धि र विश्व बौद्धिक सम्पदा सङ्गठन (WIPO) जस्ता निकायहरूमा छलफल हुनुपर्छ ।

अति कम विकसित, विकासशील र विकसित राष्ट्रहरूले संयुक्त रूपमा प्रस्तुत गरेको प्रस्तावमा पनि हाल आएर अल्प विकसित र अन्य राष्ट्रहरूबीच मत भिन्नता सृजना भएको छ । विकसित र विकासशील राष्ट्रहरूले उक्त सम्झौतामा उत्पत्तिको स्रोत (Source of Origin) उल्लेख गर्न चाहेका छन् भने अल्प विकसित मुलुकहरूले स्रोत मुलुक (Country of Origin) राख्न चाहेका छन् । अल्प विकसित राष्ट्रहरूको भनाइअनुसार उत्पत्तिको स्रोत भन्नाले जैविक पदार्थको उत्पत्ति भएको मुलुक वा अनुसन्धान प्रयोगशालाहरूलाई समेत जनाउँछ । यसले गर्दा लाभको बाँडफाँडमा उत्पत्ति मुलुकले नभएर अनुसन्धान गर्ने प्रयोगशाला वा संस्थाहरूले फाइदा लिन सक्छन् । तर उत्पत्ति मुलुक उल्लेख गर्दा उक्त जैविक संसाधनहरू जहाँ, जुन मुलुकमा उत्पत्ति भएको हो उसले मात्र लाभ बाँडफाँडमा सहभागिता जनाउन पाउँछ । यस कुरामा प्रस्तावकहरूबीचमै सहमति हुन सकेको छैन र छलफल जारी छ ।

ट्रिप्स सम्झौताको धारा ६६.१ अनुसार सो सम्झौता कार्यान्वयन गरिसक्नुपर्ने अवधि अल्प विकसित राष्ट्रहरूको निमित्त उनीहरूको न्यून आर्थिक र प्राविधिक क्षमताको कारणले सन् २००५ सम्म राखिएको थियो । पछि दोहा चरणको सम्झौता वार्ता सम्पन्न हुन नसकेकोले अल्प विकसित राष्ट्रहरूले यो अवधि पुनः लम्ब्याउन अनुरोध गरेको परिप्रेक्ष्यमा शुरुमा छूट दिइएको अवधिमा साढे सात वर्ष जति थप गरी १ जुलाई, २०१३ सम्म पुऱ्याइएको थियो । हाल पनि अल्प विकसित राष्ट्रहरूको अवस्था उस्तै रहेको, दोहा वार्ता समापन पनि हुन नसकेको अवस्थामा सङ्गठनमा आबद्ध अल्प विकसित राष्ट्रहरूको समूहले ट्रिप्स कार्यान्वयनको अवधिलाई

पुनः लम्ब्याउन अनुरोध गरिरहेको कारण सन् २०११ को डिसेम्बरमा जेनेभामा बसेको सङ्गठनको आठौँ मन्त्रिस्तरीय बैठकले अल्प विकसित राष्ट्रहरूको आग्रहलाई सकारात्मक रूपमा लिई अर्को मन्त्रिस्तरीय बैठकमा प्रतिवेदन पेश गर्न ट्रिप्स परिषद्लाई निर्देशन दिएको छ ।

ट्रिप्स परिषद् अन्तर्गत सम्झौता वार्ताका क्रममा रहेका अन्य मुद्दाहरूमा ट्रिप्स सम्झौताको धारा ६६.२ मा अल्प विकसित राष्ट्रहरूमा प्रविधि हस्तान्तरण गर्न प्रोत्साहन गर्ने उद्देश्यले विकसित राष्ट्रहरूले आफ्ना देशका ठूला कम्पनीहरूलाई अल्प विकसित राष्ट्रहरूमा आधुनिक प्रविधिहरू हस्तान्तरण गरेबापत विभिन्न सुविधा एवं सहुलियत प्रदान गर्नुपर्ने प्रावधान छ। तर यो प्रावधान कार्यान्वयन नभएको भनी एकातिर अल्प विकसित राष्ट्रहरूले जोडदार आवाज उठाइरहेका छन् भने अर्कातिर विकसित राष्ट्रहरू यो व्यवस्था कार्यान्वयनमा आइरहेको भनेर विभिन्न तथ्याङ्कहरू प्रस्तुत गरिरहेका छन् । यस विषयमा हाल ट्रिप्स वार्तामा अल्प विकसित राष्ट्रहरूले यदि यस्तो सुविधा प्रदान गरिएको छ भने यस्तो सुविधा प्रदान गर्ने प्रक्रियालाई बढी प्रभावकारी र पारदर्शी बनाउनुपर्ने र यसरी सुविधा प्रदान गर्दा जुन अल्प विकसित राष्ट्रहरूमा प्रविधि हस्तान्तरण गरिएको हो सो राष्ट्रको सहमति पनि प्राप्त गर्नुपर्ने कुराहरूलाई उठाइरहेका छन् ।

**(ख) सेवा व्यापार (Trade in Services)**

सेवा व्यापारसम्बन्धी वार्तामा अल्प विकसित राष्ट्रहरूले विशेष छूटको सुविधा (LDC Service Waiver) को माग गरिरहेकोमा आठौँ मन्त्रिस्तरीय सम्मेलनले अल्प विकसित राष्ट्रहरूलाई यस्तो छूट (Waiver) प्रदान गर्ने निर्णय गरेको छ । यस अन्तर्गत अब सङ्गठनका विकसित र विकासशील सदस्य राष्ट्रहरूले स्वैच्छिक रूपमा अल्प विकसित राष्ट्रहरूको सेवा व्यवसायलाई आफ्नो बजारमा अधिक सौविध्यप्राप्त राष्ट्रको सुविधा (MFN) र राष्ट्रिय व्यवहार (National Treatment) को सिद्वान्तको अपवादस्वरूप विशेष सुविधाहरू दिन सक्नेछन् र अल्प विकसित राष्ट्रहरूलाई यस्तो सुविधा प्रदान गरे बापत अन्य सदस्य राष्ट्रहरूले सो सुविधा प्रदान गर्ने सदस्यसँग सोही प्रकृतिको सुविधा माग गर्न पाउने छैनन् । तर यस्तो सुविधा कुनै एक अल्प विकसित राष्ट्रलाई दिएपछि सबै अल्प विकसित राष्ट्रहरूलाई विना शर्त समानरूपले तत्काल प्रदान गर्नुपर्ने चाहिँ हुन्छ। यस सम्बन्धमा अल्प विकसित राष्ट्रहरूको अबको चुनौती भनेको विकसित एवं विकासशील देशहरूमा हाल उपलब्ध सेवा व्यापारको बजार, यस्तो छूटअन्तर्गत तत्काल लिनसकिने र लिनुपर्ने सुविधाहरू, त्यस्ता सुविधा प्राप्त भएमा त्यस्ता सुविधा प्रदान गर्ने देशहरूमा भविष्यमा विकास गर्न सकिने सेवा बजार आदिको विस्तृत एवं वस्तुपरक अध्ययन गरी त्यस अनुसार आफ्नो सेवा उद्योगको विकास गर्ने र विकसित एवं विकासशील देशहरूसँग त्यस अनुसार सुविधाको माग गर्ने हो । यस अतिरिक्त विकसित, विकासशील देशहरू एवं अन्य सहयोगी संस्थाहरूले अल्प विकसित राष्ट्रहरूको सेवा व्यापारका

सम्भावनालाई दृष्टिगत गरी उनीहरूलाई सम्बन्धित सेवा उद्योगको विकासमा र तिनको बजार पहुँच विस्तार गर्न आर्थिक एवं प्राविधिक सहयोग पुऱ्याउन आवश्यक छ ।

**(ग) भन्सार तथा कोटारहित बजार पहुँच सुविधा (Duty Free Quota Free Market Access)**

विश्व व्यापार सङ्गठनको छैटौं मन्त्रिस्तरीय हङ्कङ्ग सम्मेलनले विकसित राष्ट्रहरूले अल्प विकसित राष्ट्रहरूको लागि तत्काल शत प्रतिशत भन्सार तथा कोटारहित बजार पहुँच दिनुपर्ने, तर केही विकसित राष्ट्रहरू जसले विभिन्न कारणहरूले तत्काल त्यस्तो सुविधा दिन सक्दैनन् उनीहरूले कम्तीमा ९७% वस्तुमा भन्सार तथा कोटारहित बजार पहुँच दिनुपर्ने र यो सुविधालाई क्रमशः बढाएर पछि १००% मा पुऱ्याउनु पर्ने निर्णय गरेको थियो । तदनुसार धेरै विकसित राष्ट्रहरूले भारत चीनजस्ता विकासशील राष्ट्रहरूले यस प्रावधान अन्तर्गत अल्प विकसित राष्ट्रहरूका निम्ति ९७% भन्दा बढी बजार पहुँच सुविधा दिई पनि सकेका छन् । तर धेरैजसो अल्प विकसित राष्ट्रहरूका लागि प्रमुख निर्यात बजारका रूपमा रहेको संयुक्त राज्य अमेरिकाले यस प्रावधानको कार्यान्वयन नगरेकोले नेपाल, बंगलादेश, कम्बोडिया जस्ता राष्ट्रहरूको निर्यात खासगरी तयारी पोशाक (गार्मेन्ट) को निर्यातमा ठूलो नकारात्मक असर पर्न गएको छ । त्यसमा पनि विकसित देशहरूले संरक्षणार्थ छुट्याएका ३% सीमाभित्र हामीजस्ता कम विकसित मुलुकका अधिकांश निर्यातयोग्य वस्तुहरू पर्न पुगी सुविधा उपभोग गर्नबाट वञ्चित रहनुपर्ने स्थिति छ । तसर्थ यो सुविधालाई शत प्रतिशत बनाउनुपर्ने माग कम विकसित मुलुकहरूको छ । यस बारेमा विश्व व्यापार सङ्गठनमा गम्भीर बहस पनि चलिरहेको छ । संयुक्त राज्य अमेरिकाले हङ्कङ्ग मन्त्रिस्तरीय बैठकको अति कम विकसित मुलुकलाई सहुलियतपूर्ण बजार पहुँच सुविधा दिनेसम्बन्धी निर्णयको कार्यान्वयन दोहा विकास वार्ताको सफलतापूर्वक समापन भएपछि मात्र गर्ने अडान राखेको छ ।

यस मुद्दामा अल्प विकसित देशहरूबीच पनि आपसी विवाद रहेको छ । अमेरिकासँग African Growth and Opportunity Agreement (AGOA) मार्फत सम्बद्ध अफ्रिकी राष्ट्रहरू जसले यस सम्झौता अन्तर्गत अमेरिकामा आफ्ना उत्पादनहरू विना भन्सार महसुल निर्यात गर्न पाउँछन् तिनले यो सम्झौता बाहिरका राष्ट्रहरूलाई भन्सार तथा कोटारहित (DFQF) बजार पहुँच सुविधा दिँदा आफूले पाइरहेको सुविधाको मार्जिन घट्न जाने र यसले आफ्नो निर्यातलाई नकारात्मक असर पर्न जाने हुँदा सबै अल्प विकसित राष्ट्रहरूलाई यस्तो सुविधा दिन नहुने तर्क राख्दै आएका छन् । यता नेपाल, बंगलादेशजस्ता राष्ट्रहरू जसले यस्तो सुविधा पाएका छैनन् र जसका वस्त्र तथा तयारी पोशाकजस्ता वस्तुको निर्यातमा उच्च महसुल लागेको कारण यी वस्तुहरूको निर्यातमा नकारात्मक असर पर्न गएको छ, तिनले

अमेरिकाले उल्लिखित सम्झौताबमोजिमको भन्सार तथा कोटारहित बजार सबै अल्प विकसित राष्ट्रहरूलाई दिनुपर्ने कुराको वकालत गरिराखेका छन् ।

हङ्कङ्ग मन्त्रिस्तरीय सम्मेलनले विकासशील राष्ट्रहरूको हकमा भने उनीहरूले आफ्नो क्षमता अनुसार अल्प विकसित राष्ट्रहरूलाई बजार पहुँच सुविधा दिनुपर्ने निर्णय गरेको छ । यस अन्तर्गत भारत, चीन, ब्राजिलजस्ता ठूला विकासशील राष्ट्रहरूले अल्प विकसित राष्ट्रहरूलाई केही वस्तुहरूको निर्यातमा भन्सार छूट दिई सहयोग पनि पुऱ्याई रहेका छन् । तर यो पनि अल्प विकसित राष्ट्रहरूको आवश्यकता अनुरूप छैन । यसलाई अझै उल्लेख्य रूपमा बढाउनु पर्ने अल्प विकसित राष्ट्रहरूको माग छ र यो मागप्रति प्रमुख विकासशील देशहरू सकारात्मक नै देखिएका पनि छन् ।

**(घ) सहुलियत क्षयीकरण (Preference Erosion)**

विश्व व्यापार सङ्गठनको सिद्धान्तअनुरूप सबै सदस्य राष्ट्रहरूले सबै सदस्य राष्ट्रहरूलाई एक समान व्यवहार गर्नुपर्छ, कसैलाई कम र कसैलाई बढी सुविधा दिनु हुँदैन । तर यसरी सबै राष्ट्रहरूलाई समान रूपमा व्यवहार गरिँदा पहिलेदेखि नै केही बढी सुविधा पाइरहेका अल्प विकसित राष्ट्रहरूलाई मर्का पर्न जाने हुन्छ । न्यून आर्थिक र प्राविधिक क्षमताको कारणले अल्प विकसित राष्ट्रहरूले अन्तर्राष्ट्रिय व्यापारमा विकसित एवं अन्य विकासशील राष्ट्रहरूसँग प्रतिस्पर्धा गर्न सक्दैनन् । तसर्थ यदि उनीहरूलाई अरू सरह व्यवहार गरेर समान दरमा महसुल घटाउन एवं अन्य सुरक्षात्मक प्रावधान हटाउन बाध्य पारियो वा अन्य देशको बजारमा उनीहरूको वस्तुलाई समेत एकै किसिमले समान रूपमा महसुल घटाउने वा अन्य सहुलियत प्रदान गर्ने गरियो भने उनीहरू अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा टिक्न सक्दैनन् र उनीहरूको व्यापार एवं अर्थतन्त्र धराशायी हुनपुग्छ । यस्तो परिस्थिति आउन नदिन अल्प विकसित राष्ट्रहरूले विश्व व्यापार सङ्गठन अन्तर्गतका विभिन्न वार्ताहरूमा उनीहरूको निमित्त छुट्टै र विशेष सहुलियतपूर्ण व्यवहार माग गरिरहेका छन् । यस अन्तर्गत खासगरी उनीहरूले आफैँले भन्सार महसुल एवं अन्य करहरू घटाउँदा अन्य सदस्य राष्ट्रहरूभन्दा थोरै दरमा र विस्तारै घटाउन पाउनुपर्ने, अन्य राष्ट्रहरूले भन्सार महसुल र अन्य करहरू घटाउँदा अन्य सदस्य राष्ट्रहरूका निम्ति भन्दा अल्प विकसित राष्ट्रहरूको निमित्त धेरै र छिटो घटाउने ताकि अन्य सदस्यहरू र अल्प विकसित राष्ट्रहरूको बजार पहुँचमा तुलनात्मक रूपमा अल्पविकसित राष्ट्रहरूलाई केही बढी सहुलियत कायम भई उनीहरूको वस्तु र सेवाको निर्यातमा नकारात्मक असर नपरोस् भनेर माग गरिरहेका छन् । यस बारेमा सबै सदस्य राष्ट्रहरू सिद्धान्ततः सकारात्मक नै देखिन्छन् ।

**(ङ) कपास मुद्दा (Cotton Issue)**

विश्वका धनी कपास उत्पादक देशहरूले आफ्नो देशभित्र कपासको खेतीमा उच्च सहुलियत (Subidy) दिने र अन्यत्र देशहरूबाट कपासको आयातमा उच्च महसुल लगाई दिनाले खासगरी

पश्चिम र मध्य अफ्रिकाका चार मुख्य कपास उत्पादक अल्प विकसित देशहरू- बेनिन, चाड, माली र बुर्किनाफासोका कपास उत्पादक गरिब किसानहरू अत्यधिक मर्कामा पर्न गएका छन् । यसले ती देशहरूको राष्ट्रिय उत्पादन, रोजगारी, आय र निर्यातमा ठूलो नोक्सानी पुग्न गएको छ । यस सन्दर्भमा अल्प विकसित राष्ट्रहरूको समूहले विश्व व्यापार सङ्गठनमा धनी कपास उत्पादक राष्ट्रहरूले आफ्नो आन्तरिक कपास खेतीमा सहुलियत हटाउनु पर्ने, कपास आयातमा लगाउँदै आएको उच्च भन्सार महसुल हटाउनु पर्ने, उत्पादक राष्ट्रहरूलाई पर्न गएको नोक्सानीको निम्ति क्षतिपूर्ति प्रदान गर्नुपर्ने र कपास खेतीको विकासको लागि सम्बन्धित अल्प विकसित राष्ट्रहरूलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने माग गर्दै आइरहेका छन् । यस बारेमा कुनै ठूलो विवाद पनि देखिँदैन र खासै सहमति पनि हुन सकेको छैन । खासगरी कपास विवादलाई कृषि सम्झौताको तीन स्तम्भः बजार पहुँच, घरेलु सहयोग र निर्यात सहुलियत अन्तर्गत नै राखी छलफल गर्ने कि छुट्टै विषयको रूपमा छलफल गर्ने भन्ने विवाद छ । त्यस्तै क्षतिपूर्तिलाई कसरी दिने, क्षतिपूर्तिकै रूपमा दिने वा विकास सहयोगको रूपमा दिने भन्ने कुरामा पनि सदस्यहरूबीच सहमति हुन सकेको छैन । यस अतिरिक्त विश्व व्यापार सङ्गठन कुनै दातृ निकाय नभएकोले क्षतिपूर्तिको समन्वय कसले गर्ने भन्ने कुराको पनि निक्र्यौल हुन सकेको छैन ।

**(च) व्यापार सहजीकरण (Trade Facilitation)**

दोहा विकास चरणअन्तर्गत व्यापार सहजीकरण (Trade Facilitation) सम्बन्धी वार्ता पनि भइरहेको छ। व्यापार सहजीकरणले सबै राष्ट्रहरूलाई फाइदा पुर्‍याउने भएकोले यस वार्तामा धेरै जटिलता छैन । अल्प विकसित राष्ट्रहरूले व्यापार सहजीकरणका वार्ता निष्कर्षमा पुगेपछि यस अन्तर्गतका प्रावधानहरूको कार्यान्वयन गर्नुपर्ने हुन्छ, जसमा व्यापार सहजीकरणसम्बन्धी भौतिक संरचनाहरूको निर्माण एवं विकास, सम्बन्धित ऐन, नियम र प्रक्रियाहरूको परिमार्जन लगायतका विभिन्न कामहरू गर्नुपर्ने हुन्छ । तर यसरी भौतिक संरचनाको नव निर्माण एवं विकास, ऐन-कानून, नियम, प्रक्रियाहरूको परिमार्जन र तर्जुमा आदि कार्य गर्नको निमित्त अल्प विकसित राष्ट्रहरूको मौजुदा आर्थिक एवं प्राविधिक क्षमता र दक्ष जनशक्ति अपर्याप्त रहेको हुँदा उनीहरूले तत्कालै उक्त प्रावधानहरू कार्यान्वयन गर्न सक्ने अवस्था छैन । यस परिप्रेक्ष्यमा अति विकसित राष्ट्रहरूले व्यापार सहजीकरणको वार्तामा सहमति भएका प्रावधानहरू कार्यान्वयन गर्ने इच्छा देखाएता पनि उक्त प्रावधानहरू कार्यान्वयन गर्न चाहिने आर्थिक एवं प्राविधिक सहयोग जुटाई दिनुपर्ने माग गरिरहेका छन् । साथै, जबसम्म उक्त कार्यको निमित्त अल्प विकसित राष्ट्रहरूलाई पर्याप्त आर्थिक एवं प्राविधिक सहयोगको सुनिश्चितता हुँदैन तबसम्म उनीहरू यस सम्झौतामा हस्ताक्षर गर्न सहमत देखिन्नन् । उक्त मागप्रति दातृ निकाय र मुलुकहरू सकारात्मक नै छन् । यसै परिप्रेक्ष्यमा उक्त सम्झौतामा

सहमति भइहालेमा अल्प विकसित राष्ट्रहरूको कार्यान्वयन गर्न सक्ने सामर्थ्य के कति छ ? हाल उनीहरू कुन अवस्थामा छन् र यसको लागि अब थप के के गर्नुपर्छ ? यसको निमित्त उनीहरूको आर्थिक एवं प्राविधिक क्षमता कत्तिको छ ? र उनीहरूलाई थप कस्तो र कति साधन स्रोत चाहिन्छ भन्ने निक्यौल गर्न हाल अध्ययन शुरु भइरहेको छ । यसै सन्दर्भमा UNCTAD ले दक्षिण एशियाको भारत, नेपाल, भुटान र बंगलादेशमा एउटा नमूना अध्ययन (Pilot Study) भर्खरै मात्र शुरु गरेको छ ।

**(छ) सुविधाको शीघ्र उपयोग (Early Harvest)**

दोहा विकास चरणको वार्तामा Single Undertaking अन्तर्गत विभिन्न क्षेत्रहरूमा सघन वार्ता भइरहेका छन् । यीमध्ये अल्प विकसित राष्ट्रहरूको सन्दर्भमा भन्नुपर्दा मुख्यतः कृषि, गैर कृषि, सेवा व्यापार, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार, व्यापार सहजीकरण र अन्य थप केही क्षेत्र विशेष महत्त्वका छन् । अहिलेको वार्ताको प्रक्रिया अनुसार उक्त सबै वार्ताको क्षेत्रमा सबै सदस्यहरूबीच सर्व सम्मति कायम भएपछि मात्र वार्ता सफलतापूर्वक सम्पन्न हुन्छ र कार्यान्वयनमा आउँछ । कुनै एउटा क्षेत्रमा मात्र सहमति भएर पर्याप्त हुँदैन । विश्व व्यापार सङ्गठनमा Single Undertaking लाई लिएर भनिएको छ- 'जबसम्म सबै कुरामा सहमति हुन्न तबसम्म कुनै कुरामा पनि सहमति भएको मानिन्न (Nothing is agreed until everything is agreed) ।' यस प्रक्रियाको केही फाइदा भए पनि यसले वार्ताको प्रक्रियालाई अनावश्यक रूपमा जटिल तथा लामो बनाएको छ । फलस्वरूप आज दश वर्ष बितिसक्दा पनि दोहा विकास चरणको वार्ता सम्पन्न हुन सकेको छैन । अत्यधिक सीमित आर्थिक एवं प्राविधिक क्षमता र आम गरिबीको कारणले अल्प विकसित राष्ट्र यसबाट बढी मारमा परेका छन् ।

उल्लिखित सबै क्षेत्रमा वार्ता गर्ने क्रममा मस्यौदाका रूपमा तयार गरिएको सम्झौता पत्रमा अल्प विकसित राष्ट्रहरूलाई विभिन्न छूट तथा सुविधाहरू दिने भनी उल्लेख भएका छन् । अल्पविकसित राष्ट्रहरूलाई उपलब्ध गराउने भनी राखिएका उक्त सहुलियतपूर्ण प्रावधानहरूमा सानातिना प्राविधिक कुराहरूमा बाहेक अन्यमा सदस्य राष्ट्रहरूको खासै विरोध पनि छैन । तर सम्पूर्ण दोहा चरणको वार्ताको सफल समापन नभएकोले उक्त प्रावधानहरू कार्यान्वयनमा आउन सकेका छैनन् । यसले गरिब राष्ट्रहरूलाई अत्यन्तै हानि नोक्सानी पुग्न गएको छ । खासगरी विगतको ४ वर्षमा सृजना भएका विश्वस्तरका बहु सङ्कटहरू : आर्थिक सङ्कट, ऊर्जा सङ्कट, खाद्यान्न सङ्कट र जलवायु परिवर्तनले अल्पविकसित राष्ट्रहरूमा अत्यन्तै ठूलो विपत्तिहरू सृजना भएका छन् । तर आफ्नो सीमित आर्थिक प्राविधिक क्षमताको कारणले उनीहरूको प्रतिरोध क्षमता भने दिनदिनै खस्कँदै गएको छ । यस्तो कठिन समयमा उनीहरूले विकसित र विकासशील राष्ट्रहरूबाट थप आर्थिक, प्राविधिक, बजार पहुँचसम्बन्धी सहयोग र सुविधाहरू पाउनुपर्नेमा हाल उपलब्ध त्यस्ता सुविधाहरू पनि घट्ने सन्त्रास उत्पन्न भएको

छ । यस्तो परिस्थितिमा विश्व व्यापार सङ्गठनका विभिन्न मस्यौदा सम्झौतामा उल्लेख भएका सहुलियतपूर्ण प्रावधानहरू जसमा कुनै सदस्य राष्ट्रको विरोध छैन, कार्यान्वयन हुन सकेमा विश्वका गरिब मुलुक र जनताहरूलाई ठूलो राहत हुनेछ । यस कुरालाई हृदयङ्गम गरी अल्प विकसित राष्ट्रहरूले सङ्गठनको बैठकहरूमा एकातिर दोहा विकास एजेन्डाअन्तर्गतका सम्पूर्ण विषयमा सबै सदस्यहरूको सहमति हुन अझै समय लाग्ने र अर्कोतिर अल्प विकसित राष्ट्रहरूको अवस्था निकै कठिन हुँदै गएको वर्तमान अवस्थामा वार्ताको क्रममा रहेका सबै सम्झौताको मस्यौदामा उल्लिखित र सदस्य राष्ट्रहरूले सहमति जनाएका अल्प विकसित राष्ट्रहरूसँग सम्बन्धित प्रावधानहरूलाई छुट्टै प्याकेजमा राखी तत्काल सो प्याकेजमा सहमति गरी कार्यान्वयन गर्न आग्रह गरी राखेका छन् । जसलाई उनीहरूले 'Early Harvest' को नाम दिएका छन् । यस कुरामा अन्य सदस्य राष्ट्रहरूबीच खासै सहमति जुट्न सकेको छैन । तर अल्प विकसित राष्ट्रहरूले यस मागलाई अहिले पनि तीव्र रूपमा उठाइरहेका छन् ।

**(ज) उत्पत्तिको नियम (Rules of Origin)**

धेरैजसो विकसित एवं विकासशील राष्ट्रहरूले भन्सार तथा कोटारहित सुविधा अन्तर्गत अल्प विकसित राष्ट्रहरूको उत्पादनलाई बजार पहुँचको सुविधा प्रदान गरेका छन् । यदि विकसित राष्ट्रहरूले अल्प विकसित राष्ट्रहरूलाई हाल उपलब्ध गराइरहेका यस प्रकारका सहुलियतपूर्ण बजार पहुँचको सुविधालाई मात्र पनि राम्ररी उपयोग गर्नसक्ने हो भने उनीहरूको निर्यात र उत्पादनमा कयौँ गुणा वृद्धि भई उनीहरूको आर्थिक स्तरमा निकै सुधार हुनसक्थ्यो । तर यस्तो हुन सकेको छैन । हाल अल्प विकसित राष्ट्रहरूले आफूलाई उपलब्ध गराइएको बजारको निकै सानो भाग मात्र उपयोग गर्न सकेका छन् भने बाँकी ठूलो भाग त्यसै खेर गइरहेको छ । यसो हुनाको प्रमुख कारणमध्ये एउटा कारण अल्प विकसित राष्ट्रहरूको उत्पादन खासगरी निर्यातयोग्य वस्तुहरूको आपूर्ति नै न्यून हुनु हो भने त्यो भन्दा ठूलो अर्को कारणचाहिँ अल्प विकसित राष्ट्रहरूको निमित्त विकसित र विकासशील राष्ट्रहरूले भन्सार तथा कोटारहित बजार पहुँच अन्तर्गत आयात हुने वस्तुहरूको निमित्त कठोर, जटिल र लामो “उत्पत्तिको नियम” निर्धारण गर्नु हो । यस विषयमा विश्व व्यापार सङ्गठनको बैठकहरूमा अल्प विकसित राष्ट्रहरूले पटक-पटक कुरा उठाइरहेका छन्, तर सम्बन्धित विकासशील एवं विकसित राष्ट्रहरूले यस बारेमा खासै ध्यान दिन सकेका छैनन् । गत वर्ष युरोपेली समुदायले अति कम विकसित राष्ट्रहरूको गुनासोलाई ध्यानमा राखी हातहतियारबाहेक अरू सबै वस्तुको निर्यातमा दिँदै आएको सहुलियतपूर्ण बजार पहुँच सुविधा (EBA) को प्रक्रियासित सम्बद्ध उत्पत्तिको नियममा केही सुधार गरेको छ । जसलाई अल्प विकसित राष्ट्रहरूले तुलनात्मक रूपमा उदार भनी प्रंशसा गरेका छन् । आशा गर्न सकिन्छ, आगामी दिनमा अरू विकसित राष्ट्रहरूले समेत यसको अनुकरण गर्ने छन् ।

### (झ) सम्मिलन (Accession)

विश्व व्यापार सङ्गठन स्थापनाको १६ वर्षपछि पनि सम्मिलनको प्रक्रियाबाट सङ्गठनको सदस्य बन्ने अल्प विकसित राष्ट्रहरूको संख्या अत्यन्त नगण्य छ । यस समूहबाट हालसम्म जम्मा चारवटा राष्ट्रहरू नेपाल, कम्बोडिया, भानुआतु र समोआले मात्र सङ्गठनको सदस्यता लिन सकेका छन् भने हाल सम्मिलन प्रक्रियामा रहेका अल्प विकसित राष्ट्रहरूको संख्या १० (दश) रहेको छ । यसरी अल्प विकसित राष्ट्रहरू कमै मात्र विश्व व्यापार सङ्गठनको सदस्य बन्न सक्नुको पछाडि सदस्यता लिने प्रक्रिया लामो र झन्झटिलो हुनु तथा सम्मिलन वार्ताको क्रममा अन्य सदस्य राष्ट्रहरूले अल्प विकसित राष्ट्रहरूलाई अनावश्यक र सामर्थ्य बाहिरका मागहरू राख्नु जस्ता तत्त्वहरूलाई मूल कारक मानिएको छ । यस तथ्यलाई दृष्टिगत गरी सङ्गठनले सन् २००२ मा अल्प विकसित राष्ट्रहरूको सम्मिलन प्रक्रियालाई चुस्त र सहज बनाउन एक निर्देशिका नै जारी गरेको थियो । यस निर्देशिकाको सारतत्त्व भनेको सम्मिलन वार्ताको क्रममा अन्य सदस्य राष्ट्रहरूले अल्प विकसित राष्ट्रहरूसँग उनीहरूको विकासस्तरसँग मेल नखाने गरी कुनै वचनबद्धता (Commitment) माग्नु हुँदैन भन्ने थियो । तर वार्ताको क्रममा सदस्यहरूले यस निर्देशिकालाई आत्मसात गरेको देखिएन । फलस्वरूप अति कम विकसित राष्ट्रहरूले विश्व व्यापार सङ्गठनको सदस्य बन्न १५-१६ वर्षसम्म वार्ता गर्नुपरेको स्थिति छ, जुन उनीहरूको आर्थिक र प्राविधिक क्षमताभन्दा बाहिरको कुरा हो । यस तथ्यलाई मध्यनजर गर्दै अल्प विकसित राष्ट्रहरूले विश्व व्यापार सङ्गठनमा पटक-पटक उनीहरूको निमित्त सदस्यता प्रक्रियालाई सरल र सहज तुल्याउन र उनीहरूको आर्थिक विकासको स्तर र क्षमताअनुसार अन्य सदस्य राष्ट्रहरूले लचिलो माग राख्नुपर्ने कुराहरू उठाइरहेकोमा केही समय अघि सङ्गठनभित्रका अति कम विकसित राष्ट्रहरूको समूहले नयाँ निर्देशिका (LDCs Accession Guidelines) तयार गरी स्वीकृतिको निमित्त आठौं मन्त्रिस्तरीय बैठकमा प्रस्तुत गरेकोमा बैठकले विभिन्न परिमार्जनसहित सो निर्देशिकालाई स्वीकृत गरेको छ । यो निर्देशिका आफैंमा अल्प विकसित राष्ट्रहरूको पक्षमा एउटा ठूलो सकारात्मक फड्को हो । किनकि यसले सदस्य बन्ने क्रममा रहेका अल्पविकसित राष्ट्रहरूसँग अन्य सदस्य राष्ट्रहरूले माग राख्दा उनीहरूको अर्थतन्त्रको विकासको स्तरभन्दा पर गएर माग राख्न नपाइने, अति कम विकसित देशहरूले न्यूनतम भन्सार सीमाङ्कन (Tariff Bindings) गर्दा कति प्रतिशतसम्म गर्न पाउने, न्यूनतम औसत भन्सार दर कतिसम्म तोक्नसक्ने, न्यूनतम कतिवटा सेवा क्षेत्र/उपक्षेत्र खुला गर्नुपर्ने जस्ता कुरामा मुलुकसापेक्ष रूपमा सीमा तोक्ने प्रयास गरेको छ । यसबाट अल्प विकसित राष्ट्रहरूका निम्ति आगामी दिनमा सदस्यता वार्ता तुलनात्मक रूपमा केही सहज हुने देखिन्छ । तर विगतमा झैं यस निर्देशिकाको मुख्य चुनौती पनि यसको मर्मअनुसार व्यवहारमा कार्यान्वयन गर्नसक्नु हो जुन विगतको अनुभवबाट त्यति सरल देखिँदैन ।

**(ञ) विस्तारित एकीकृत संरचना (Enhanced Intergrated Framework)**

सङ्गठनमा आबद्ध अल्प विकसित सदस्य राष्ट्रहरूले सङ्गठनका विभिन्न सम्झौताहरूका प्रावधानहरूबाट फाइदा लिन नसकेको मात्र होइन कि विशेषतः उनीहरूलाई नै प्रदान गरिएका सहुलियतपूर्ण व्यवस्थाहरू जस्तै विशेष ग्राह्यता प्रणाली (GSP) र यस्तै अन्य आर्थिक एवं प्राविधिक सहयोगहरू समेतबाट लाभान्वित हुन सकेका छैनन् । यसको खास कारण एकातिर उनीहरूसँग आफ्नो प्रतिस्पर्धात्मक क्षमता र सामर्थ्य उच्च भएका निर्यातयोग्य वस्तु तथा सेवाको पहिचान गरी तदनुसार निर्यातव्यापारलाई अघि बढाउने कौशल छैन भने अर्कोतिर उनीहरूलाई दातृ राष्ट्र र निकायहरूबाट व्यापार क्षमता विकासका लागि के कस्ता सहयोग, सहुलियत उपलब्ध हुनसक्छ र त्यसबाट कसरी अधिकतम फाइदा लिन सकिन्छ भन्ने कुराको समेत जानकारी छैन । यस पृष्ठभूमिमा उनीहरूलाई आफ्नो व्यापारिक एवं आर्थिक आवश्यकता पहिचान गर्न सघाउने, उक्त आवश्यकताअनुरूप आयोजनाहरू विकास गर्न मद्दत गर्ने र तिनलाई सफलतापूर्वक कार्यान्वयन गर्नसक्ने क्षमता अभिवृद्धिमा सहायता पुऱ्याउने उद्देश्यले सन् १९९७ मा विश्व व्यापार सङ्गठनको पहलमा एकीकृत संरचना (Integrated Framework : IF) को शुरुवात गरिएको थियो । यस संरचनाअन्तर्गत नेपालसहित केही देशहरूमा व्यापार क्षमता विकासका क्षेत्रमा केही कामहरू भए । तर यो प्रक्रिया विभिन्न कारणहरूले गर्दा त्यतिको प्रभावकारी बन्न नसकिरहेको पृष्ठभूमिमा हङ्कङ्ग मन्त्रिस्तरीय सम्मेलनले यसलाई विस्तारित एकीकृत संरचनाको रूपमा अघि बढाउने निर्णय गऱ्यो । फलतः लामो समयको गहन वार्तापछि सन् २००८ मा यो विस्तारित एकीकृत संरचना (EIF) कार्यान्वयनमा आयो । यस संरचनाको खास विशेषता भनेको यो अल्प विकसित राष्ट्रहरूको व्यापार क्षमता विकासको निमित्त समर्पित एक बहुपक्षीय सहायता संयन्त्र हो जसको निर्णय गर्ने एवं निर्णय कार्यान्वयन गर्ने प्रक्रियामा अन्य सदस्य राष्ट्रहरूको अतिरिक्त अल्प विकसित राष्ट्रहरूको समेत महत्त्वपूर्ण भूमिका हुन्छ । तर यसका थुप्रै समस्याहरू छन् जसको बारेमा नेपाल लगायतका अल्प विकसित राष्ट्रहरूले सङ्गठनका सम्बन्धित बैठकहरूमा जोडदार आवाज उठाइरहेका छन् । तीमध्ये मुख्य तीनवटा समस्याहरू निम्न अनुसार छन्:-

**१. अस्थाई प्रक्रिया :** सबैभन्दा पहिलो र मुख्य समस्या भनेको यो संरचना अल्पकालका लागि रहनु हो । तत्काललाई यसको अवधि करिब ५ वर्ष जति रहेको छ । यद्यपि म्याद थप भई यसको कार्यान्वयन अवधि बढ्ने सम्भावना पनि छ । तर यो कुरा दातृ निकाय र विकसित राष्ट्रहरूको इच्छामा निर्भर छ । अर्को कुरा यो संरचना दातृनिकायहरूको एक पक्षीय निर्णयअनुसार चल्दै आएको छ । तसर्थ यसमा सुधार अपेक्षित छ । यो संरचना अल्पविकसित राष्ट्रहरूको क्षमता विकासमा समर्पित बहुपक्षीय प्रक्रिया भएकोले अल्प विकसित राष्ट्रहरूका निम्ति अति उपयोगी छ । तसर्थ यसलाई यथास्वरूप वा परिमार्जित स्वरूपमा सशक्त र

स्थाई संयन्त्रको रूपमा अघि बढाउन उपयुक्त हुन्छ। यद्यपि यसमा दातृ निकाय र विकसित राष्ट्रहरूको सहमति जुटाउने कार्यचाहिँ त्यति सजिलो छैन ।

**२. साँघुरो कार्यक्षेत्र :** विस्तारित एकीकृत संरचनाको कार्यक्षेत्र (Scope) अत्यन्त साँघुरो छ । खासगरी यस संरचनाबाट अल्प विकसित राष्ट्रहरूको व्यापारसम्बन्धी आवश्यकता पहिचान गर्ने, आयोजना तर्जुमा तथा कार्यान्वयन गर्ने क्षमता विकास गर्ने र व्यापार प्रवर्द्धनसम्बन्धी स-साना संरचनाहरू सुधार वा निर्माण गर्ने जस्ता विषयमा मात्र सहायता उपलब्ध हुन्छ । अत्यन्त साँघुरो कार्यक्षेत्र भएकोले वर्तमान अवस्थामा यो प्रक्रियाले अल्प विकसित राष्ट्रहरूलाई खासै सहयोग पुऱ्याउन सक्ने सम्भावना न्यून छ। तर यो प्रक्रिया अल्प विकसित राष्ट्रहरूको हितमा समर्पित बहुपक्षीय प्रक्रिया भएको र यसको निर्णय एवं कार्यान्वयन प्रक्रियामा समेत उनीहरूको महत्त्वपूर्ण भूमिका र संलग्नता रहने भएकोले यस प्रक्रियालाई अझ सशक्त, सुदृढ र व्यापक बनाउनु अल्प विकसित राष्ट्रहरूको पक्षमा भएकोले यसको निमित्त उनीहरूले हरसम्भव प्रयत्न गर्नु मनासिब देखिन्छ ।

**३. सीमित आर्थिक स्रोत :** विस्तारित एकीकृत संरचनाअन्तर्गत हाल दातृ निकाय तथा विकसित सदस्य राष्ट्रहरूले उपलब्ध गराएको आर्थिक सहायता राशि अत्यन्त न्यून छ । यस्तो सीमित कोषबाट अल्प विकसित राष्ट्रहरूमा व्यापार पूर्वाधार निर्माणसम्बन्धी ठोस कार्य अघि बढाउन सम्भव छैन। अतएव यो संयन्त्रमा सहयोग उपलब्ध गराउने निकाय तथा राष्ट्रहरूले आ-आफ्नो हिस्सा वृद्धि गरी भविष्यमा यसको कार्यक्षेत्र बढाउने र व्यापार क्षेत्रमा ठोस कार्यहरू हुनसक्ने स्थिति निर्माण गर्नु जरुरी छ ।

**४. झन्झटिलो प्रक्रिया :** हाल यो संयन्त्रबाट सहायता प्राप्त गर्ने प्रक्रिया लामो, झन्झटिलो र केही हदसम्म खर्चालु पनि छ । यस प्रक्रियालाई छिटो, छरितो, मितव्ययी र प्रभावकारी बनाउँदै अल्प विकसित राष्ट्रहरूको व्यापार क्षमता वृद्धिमा सहयोगी हुने हिसाबले यसलाई परिचालन गर्ने कार्य पनि एउटा चुनौतीकै रूपमा रहेको छ।

## ६.३ विश्व व्यापार सङ्गठन अन्तर्गत विकासोन्मुख तथा अति कम विकसित सदस्य राष्ट्रहरूलाई उपलब्ध छूट, सहुलियत तथा सुविधाहरू

विश्व व्यापार सङ्गठनका कुल सदस्यहरूमध्ये झण्डै दुई तिहाइ सदस्य विकासशील र अल्प अविकसित राष्ट्रहरू छन्। तिनमा अति कम विकसित राष्ट्रहरू तेत्तीस वटा छन्। विकासशील र अति कम विकसित गरी सङ्गठनमा आबद्ध राष्ट्रहरूको संख्या ठूलो भएकोले विश्व व्यापार सङ्गठनमा हुने छलफल र सम्झौताहरूमा हालका वर्षहरूमा यी सदस्यहरूले महत्त्वपूर्ण भूमिका खेल्ने गरेका छन् । विश्व अर्थतन्त्रमा यी राष्ट्रहरूको हिस्सा क्रमशः बढ्दै गएको र

यिनीहरूले व्यापारलाई आर्थिक विकासको एउटा महत्त्वपूर्ण औजारको रूपमा लिएकोले अब बहुपक्षीय व्यापार प्रणालीमा पनि यिनीहरूको चासो र सरोकारका विषयहरू छलफल तथा सम्झौताको महत्त्वपूर्ण मुद्दा बन्ने गरेका छन् । यद्यपि विकासशील मुलुकहरूबीच अत्यन्त ठूलो विविधता विद्यमान छ । बहुपक्षीय व्यापार प्रणालीका विभिन्न सम्झौता तथा अन्य विषयमा विकासशील राष्ट्रहरूबीच आ-आफ्नै दृष्टिकोण र व्यापार सरोकारका विषयहरू भएकोले यिनीहरू विभिन्न समूह, उपसमूहमा बाँडिएका छन् । तिनमा नेपालजस्ता भूपरिवेष्टित र साना टापू राष्ट्रले व्यापारको सम्बन्धमा भोग्नुपर्ने समस्या अरू विकासशील राष्ट्रको भन्दा छुट्टै भएकोले यिनीहरूको पनि आफ्नै समूह छ । यी सबै विविधताका बाबजूद विकासशील तथा अति कम विकसित राष्ट्रको व्यापार सरोकारका विषयहरूलाई सम्बोधन गर्न र कमजोर आधार भएका विकासशील मुलुकहरूको क्षमतालाई ध्यानमा राखी यस्ता मुलुकहरूलाई अन्तर्राष्ट्रिय व्यापारको मूल प्रवाहमा समेट्ने र सक्रिय रूपमा सहभागी गराउने वातावरण तयार गर्ने प्रयोजनका लागि सङ्गठनभित्र केही विशेष र पृथक् प्रावधानहरू (Special & Differential Treatment) को व्यवस्था छ । चालू दोहा चरणको सम्झौता वार्ता सम्पन्न भएपछि विकासोन्मुख र अति कम विकसित राष्ट्रले विश्व व्यापार प्रणालीबाट अझ बढी लाभ उठाउनसक्ने स्थिति निर्माण हुनेछ । खासगरी विकासशील राष्ट्रको खास आवश्यकताहरूलाई सम्बोधन गर्न सङ्गठनभित्र हाल रहेका सहुलियतपूर्ण व्यवस्थाहरूलाई मुख्यतः देहायका तीन भागमा वर्गीकरण गरी हेर्न सकिन्छ ।

- विश्व व्यापार सङ्गठनको सम्झौताहरूमा रहेका विकासशील राष्ट्रको पक्षका प्रावधानहरू
- विश्व व्यापार सङ्गठनको सचिवालयबाट उपलब्ध हुने प्राविधिक सहायताहरू
- व्यापार र विकाससम्बन्धी समिति र उपसमिति अन्तर्गतका सहयोगहरू

### ६.३.१ विश्व व्यापार सङ्गठनको सम्झौताहरूमा रहेका विकासशील राष्ट्रको पक्षका प्रावधानहरू

विश्व व्यापार सङ्गठन अन्तर्गतका सम्झौताहरूले विकासशील र कम विकसित राष्ट्रहरूका लागि विभिन्न सहुलियतपूर्ण व्यवस्थाहरू गरेका छन् । बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत यस्तो सहुलियतपूर्ण व्यवस्थाहरूलाई समेट्ने काम सन् १९६० को दशकको मध्यदेखि नै हुँदै आएको पाइन्छ । विशेषगरी तत्कालीन ग्याटमा विकसित राष्ट्रहरूको वर्चस्व रहेका कारण विकासशील र अल्प विकसित राष्ट्रहरूले यस प्रणालीबाट खासै लाभ लिन नसकिरहेको कुरालाई मध्यनजर गरी ग्याट प्रणालीमा सुधार गर्नुपर्ने कुराले साठीको दशकमा आएर निकै चर्चा पायो । यसै क्रममा ग्याट प्रणालीबाहिर रहेका मुलुकहरूको व्यापार र विकाससम्बन्धी समस्याहरूलाई सम्बोधन गर्ने उद्देश्यले संयुक्त राष्ट्रसंघको पहलमा सन् १९६४ मा प्रथम

राष्ट्रसंघीय व्यापार तथा विकास सम्मेलन जेनेभामा आयोजना भई United Nations Conference on Trade & Development (UNCTAD) नामक संस्थाको स्थापना भयो । यस सम्मेलनको निर्णय र दबाबस्वरूप ग्याट प्रणालीमा पनि केही सुधार गर्ने प्रयास शुरु भयो । फलतः ग्याटको छैटौं चरण (सन् १९६४-६७) को वार्ता जसलाई केनेडी चरणको वार्ताका रूपमा पनि चिनिन्छ यसले निर्णय गरेअनुसार ग्याट, १९४७ मा व्यापार र विकास (Trade and Development) शीर्षकको भाग ४ थप गरियो । यस भागमा जम्मा तीनवटा दफाहरू रहेका छन् र यिनले विकासशील सदस्य राष्ट्रहरूको विकासको मुद्दालाई केही हदसम्म सम्बोधन गर्ने प्रयास गरेका छन् । यसैबेला विकासोन्मुख र अल्प विकसित राष्ट्रहरूको व्यापार र विकासको मुद्दालाई प्राथमिकतासाथ सम्बोधन गर्ने उद्देश्यले ग्याटअन्तर्गत एकातिर 'व्यापार र विकास' नामक एक स्थायी समिति गठन भयो भने अर्कातिर बहुपक्षीय व्यापार प्रणालीमा कमजोर राष्ट्रलाई लाभ पुऱ्याउने दृष्टिकोणबाट Non Reciprocity को सिद्धान्तले प्रवेश पायो । यसैबीचमा सन् १९६८ मा भारतको नयाँ दिल्लीमा आयोजना भएको अन्कटाडको दोस्रो सम्मेलनमा विकसित राष्ट्रको बजारमा विकासोन्मुख र अल्पविकसित राष्ट्रको उत्पादनलाई विशेष ग्राह्यतापूर्ण बजार पहुँच सुविधा दिनुपर्ने कुरा पारित भएअनुसार सन् १९७१ देखि Generalised System of Preference(GSP) कार्यान्वयनमा आयो । यो व्यवस्था हाल पनि कायमै छ । अगाडि गएर टोक्यो चरणको वार्ता (१९७३-७९) ले पनि विकासोन्मुख र अल्पविकसित राष्ट्रको व्यापार र विकासका सवालहरूलाई केही मात्रामा सम्बोधन गर्ने प्रयास गरेको देखिन्छ । यसै वार्ताको परिणतिस्वरूप सन् १९७९ को नोभेम्बरमा ग्याटका संविदाकारी पक्षहरूले विकासोन्मुख राष्ट्रहरूलाई पृथक् र विशेष सौविध्यपूर्ण व्यवहार गर्ने सम्बन्धमा यौटा महत्त्वपूर्ण अनुच्छेद पारित गरे । Enabling Clause का रूपमा चिनिने उक्त अनुच्छेद अहिले पनि विकासोन्मुख र अल्प विकसित राष्ट्रहरूलाई विभिन्न सहुलियत र छूट प्रदान गर्ने सम्बन्धमा महत्त्वपूर्ण मानिन्छ । यसले ग्याटको पहिलो सिद्धान्त सबै सदस्यबीच अति सौविध्यपूर्ण व्यवहार गर्नुपर्ने कुराको अपवादस्वरूप विकासोन्मुख र अल्प विकसित राष्ट्रहरूको उत्पादनका सम्बन्धमा विकसित राष्ट्रहरूले एकपक्षीय रूपमा विशेष र पृथक् व्यवहार गर्न सक्ने कुराको अनुमोदन गर्दै GSP का प्रावधानहरूलाई वैधानिक मान्यता प्रदान गऱ्यो । यसरी सन् १९६० को दशकदेखि नै ग्याट प्रणालीअन्तर्गत विकासोन्मुख र अल्पविकसित सदस्य राष्ट्रहरूको व्यापार प्रणालीमा सुधार गर्ने, बजार पहुँचमा विस्तार र व्यापार क्षमतामा अभिवृद्धि गरी उनीहरूलाई विश्व व्यापारमा प्रभावकारी तवरमा समाहित गर्ने प्रयास भएको पाइन्छ । सन् १९९५ मा विश्व व्यापार सङ्गठनको स्थापनापछि यो प्रयासले थप गति लिएको देखिन्छ ।

विश्व व्यापार सङ्गठनअन्तर्गत विकासोन्मुख र अति कम विकसित राष्ट्रका लागि यस्ता विशेष र सहुलियतपूर्ण प्रावधानहरू व्यवस्था गरिनु पछाडि मुख्यतः तीनवटा दृष्टिकोणहरूले

उत्प्रेरित गरेको देखिन्छ । प्रथम, विकासशील मुलुकहरू क्षमताको अभावमा अन्तर्राष्ट्रिय व्यापार प्रणालीमा सक्रिय रूपमा सहभागी हुन सक्दैनन् तसर्थ उनीहरूको लागि विशेष व्यवस्था जरुरी छ भन्ने मान्यता । दोस्रो, व्यापारबाट प्राप्त हुने लाभ विकासशील र विकसित मुलुकमा समान हुननसक्ने भएकोले यसका लागि विकासशील मुलुकमा केही पृथ्क व्यवहार आवश्यक हुन्छ भन्ने भनाइ । तेस्रो, बहुपक्षीय सम्झौताले यी दुई प्रकृतिका देशहरूबीचको अधिकार र प्रतिबद्धताको सन्तुलन मिलाउन यी समूहबीचको कमजोरी र फरकलाई मध्यनजर गर्न सक्नुपर्दछ भन्ने दृष्टिकोण । विशेष तथा पृथ्क व्यवहार (S & DT) अन्तर्गत खासगरेर ५ प्रकारका व्यवस्थाहरू समेटिएका पाइन्छन् । ती हुन्- व्यापारको अवसर बढाउने प्रकृतिका प्रावधानहरू, सुरक्षाको प्रत्याभूति दिने प्रावधानहरू, प्रतिबद्धता जाहेरमा लचकताको प्रावधान, प्रतिबद्धता कार्यान्वयनका लागि संक्रमणकालीन व्यवस्थाको प्रावधान र अति कम विकसित राष्ट्रका लागि विशेष व्यवस्थाको प्रावधान । विकसित र विकासशील तथा अति कम विकसित राष्ट्रहरूको आर्थिक-सामाजिक विकासको स्तर एउटै नभएको हुँदा सबै सदस्य राष्ट्रहरूलाई एकै प्रकारका नियमहरू पालना गर्न बाध्य पार्नुहुँदैन भन्ने मान्यताअनुरूप विकासोन्मुख र अल्पविकसित राष्ट्रहरूलाई विशेष र पृथ्क व्यवहार गर्ने विभिन्न प्रावधानहरू विभिन्न सम्झौतामा राखिएका छन् । यस्ता प्रावधानहरूले खासगरी विकासोन्मुख र अति कम विकसित राष्ट्रहरूलाई एकातिर कम वा न्यूनतम मात्रामा मात्र प्रतिबद्धता जाहेर गरे पुग्ने सहुलियत प्रदान गरेका छन् भने अर्कातिर प्रतिबद्धता तथा सम्झौता कार्यान्वयनका लागि तुलनात्मक रूपमा लामो समयसीमा उपलब्ध गराएका छन् । उदाहरणको लागि व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता कार्यान्वयनमा ल्याउन विकसित राष्ट्रका लागि एक वर्ष, विकासोन्मुख राष्ट्रहरूलाई पाँच वर्ष र नेपालजस्ता अल्प विकसित राष्ट्रहरूलाई एघार वर्षको समयसीमाको प्रावधान राखिएको थियो । त्यतिले नपुगेर अल्प विकसित राष्ट्रका लागि ट्रिप्स सम्झौता कार्यान्वयनमा ल्याउने अवधिमा अर्को साढे सात वर्ष थप गरेर अहिले ३० जुन, २०१३ सम्म पुऱ्याइएको छ । सेफ गार्ड्स, एन्टीडम्पिङ्ग तथा काउन्टरभेलिङ्ग महसुल पनि विकसित राष्ट्रका तुलनामा विकासशील र अल्प विकसित राष्ट्रले बढी समय लागू गर्न पाउने व्यवस्था छ । यसैगरी विकसित राष्ट्रले कृषिजन्य वस्तुको आयातमा लगाउँदै आएको भन्सार महसुल दरलाई छ वर्षभित्र छत्तीस प्रतिशतले, विकासोन्मुख राष्ट्रले दश वर्षभित्र चौबीस प्रतिशतले मात्र घटाए पुग्ने र नेपालजस्ता अति कम विकसित राष्ट्रले चाहिँ कृषि वस्तुको आयातमा लगाई आएको भन्सार महसुल दरलाई घटाउनु नपर्ने प्रावधान समेटिएको थियो । त्यस्तै विकसित राष्ट्रहरूले कुल कृषि उत्पादनको मूल्यको पाँच प्रतिशतसम्म मात्र कृषिमा अनुदान दिन पाउने व्यवस्था छ भने विकासोन्मुख राष्ट्रहरूलाई दश प्रतिशतसम्म अनुदान दिन पाउने छूट छ । व्यापार नीति पुनरावलोकनका सन्दर्भमा पनि विकसित राष्ट्रहरूले प्रत्येक दुई-दुई वर्षमा यस्तो समीक्षा गर्नुपर्ने प्रावधान

छ भने अल्प विकसित राष्ट्रहरूलाई ६ (छ) वर्षमा वा सो सम्भव नभए सोभन्दा केही बढी अवधिमा पनि गरे हुने गरी सहुलियत दिइएको छ ।

वस्तु तथा सेवा व्यापारसम्बन्धी दुवै सम्झौताले विकासोन्मुख राष्ट्रका निम्ति केही विशेष छूटको व्यवस्था समेटेका छन् । ग्याटको भाग ४ मा व्यवस्था भएको 'व्यापार र विकास' शीर्षक अन्तर्गतका प्रावधानहरूले विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूसित व्यापार सम्झौता गर्दा आफूले उपलब्ध गराए सरहकै छूट तथा सहुलियत विकासोन्मुख राष्ट्रसित अपेक्षा गर्न नहुने 'Non-reciprocity' को अवधारणालाई समेटेका छन् । त्यस्तै विकसित राष्ट्रहरूले विकासोन्मुख राष्ट्रहरूलाई मानव, प्राणी तथा वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता र व्यापारका प्राविधिक अवरोधसम्बन्धी सम्झौता लागू गर्न प्राविधिक सहायता उपलब्ध गराउनुपर्ने प्रावधान पनि सम्बन्धित सम्झौतामा समेटिएका छन् । विकासोन्मुख र अति कम विकसित राष्ट्रका उत्पादनलाई सहुलियतपूर्ण बजार पहुँचको सुविधा प्रदान गर्नुपर्ने कुरा पनि विभिन्न सम्झौतामा परेका छन् । यसै आधारमा हालका दिनमा GSP का अतिरिक्त केही युरोपियन मुलुकहरूले अति कम विकसित मुलुकहरूलाई हातहतियार बाहेकका अन्य वस्तु (Everything but Arms: EBA) को निर्यातमा उत्पत्तिको निश्चित प्रक्रिया पूरा गरी आएको स्थितिमा भन्सार मुक्त पहुँच सुविधा दिने गरेका छन् ।

### ६.३.२ विश्व व्यापार सङ्गठनको सचिवालयबाट उपलब्ध हुने प्राविधिक सहायताहरू

विकासोन्मुख र अतिकम विकसित सदस्य राष्ट्रहरूलाई विश्व व्यापार सङ्गठनको सचिवालयबाट विभिन्न प्राविधिक सहायताहरू उपलब्ध हुनसक्ने व्यवस्था छ । यिनमा खासगरी सदस्य राष्ट्रहरूबीच उत्पन्न हुने कुनै पनि व्यापारसम्बन्धी विवादको सम्बन्धमा कानूनी परामर्श सेवा उपलब्ध गराउने, बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षमा विकासोन्मुख र विकासशील राष्ट्रका सार्वजनिक क्षेत्रका पदाधिकारीहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्न र उनीहरूको क्षमता विकासका लागि विभिन्न तालिम, प्रशिक्षण, अन्तर्क्रिया, गोष्ठी आदि सञ्चालन गर्ने, विश्व व्यापार सङ्गठन र बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षमा सर्वसाधारणमा सहज रूपमा सत्यतथ्य सूचना प्रवाह गर्न WTO Reference Centre सञ्चालन गर्ने लगायतका विषयमा सचिवालयले विकासोन्मुख, अति कम विकसित र आर्थिक संक्रमणबाट गुज्रिरहेका मुलुकलाई महत्त्वपूर्ण प्राविधिक सहायता उपलब्ध गराउँदै आएको छ ।

### ६.३.३ व्यापार र विकाससम्बन्धी समिति (Trade and Development Committee)

विश्व व्यापार सङ्गठनमा आबद्ध विकासोन्मुख र अतिकम विकसित सदस्यहरूको हितमा काम गर्न एक समिति गठन गरिएको छ । तत्कालीन ग्याटकै पालादेखि अस्तित्वमा रहेको

‘व्यापार र विकाससम्बन्धी समिति’ नामको यो समितिको कार्यक्षेत्र अत्यन्त विस्तृत छ । यसले विकासोन्मुख राष्ट्रहरूको पक्षमा रहेका विश्व व्यापार सङ्गठनअन्तर्गतका विभिन्न सम्झौताभित्रका प्रावधानहरूलाई के कसरी कार्यान्वयन गरिँदैछ सोको अनुगमन गर्नेदेखि लिएर प्राविधिक सहायताको लागि मार्गनिर्देश तय गर्ने, विश्व व्यापार प्रणालीमा विकासोन्मुख राष्ट्रहरूको सहभागितालाई प्रवर्द्धन गर्ने र अति कम विकसित राष्ट्रहरूको स्थितिलाई आकलन, विश्लेषण गरी के कस्तो सहायता आवश्यक पर्ने हो सो समेत निर्क्यौल गर्छ । सङ्गठनका विकसित सदस्य राष्ट्रहरूले विकासोन्मुख र अति कम विकसित सदस्यहरूलाई उपलब्ध गराउने सुविधा र छूटको विवरणसम्बन्धमा यस समितिलाई जानकारी गराउनुपर्दछ । यसरी प्राप्त हुन आएका सूचना तथा विवरणलाई समितिले सम्बन्धित सबै सदस्यहरूबीच प्रवाह गर्दछ । विकसित सदस्यहरूले विकासोन्मुख मुलुकका उत्पादनलाई उपलब्ध गराउने GSP सुविधा र विकासोन्मुख मुलुकहरूबीच हुने विभिन्न सौविध्यपूर्ण व्यवस्था र सम्झौताबारे यस समितिलाई जानकारी (Notification) गराउनुपर्दछ। व्यापार र विकाससम्बन्धी समिति अन्तर्गत अति कम विकसित राष्ट्रको विकाससम्बन्धी मुद्दालाई प्राथमिकता साथ हेर्न र उनीहरूलाई प्राविधिक सहायता उपलब्ध गराउन अति कम विकसित राष्ट्रसम्बन्धी एक उपसमिति पनि रहेको छ । यी विभिन्न महत्त्वपूर्ण व्यवस्थाहरूको बाबजूद भौतिक र मानवीय संसाधनको न्यूनता, कमसल पूर्वाधार र कमजोर संरचनात्मक व्यवस्था तथा कतिपय अवस्थामा राजनैतिक अस्थिरता समेतको कारण विकासोन्मुख र तिनमा पनि खासगरी अति कम विकसित राष्ट्रहरूले विश्व व्यापार सङ्गठनभित्रका यी विशेष र पृथक् व्यवहारबाट अपेक्षित फाइदा उठाउन सकिरहेका छैनन् ।

## ६.४ अति कम विकसित राष्ट्रहरूको क्षमता वृद्धिका लागि सङ्गठन अन्तर्गत गरिएका व्यवस्थाहरूको संक्षिप्त विवरण

विश्व व्यापार सङ्गठन अन्तर्गत अति कम विकसित राष्ट्रहरूको व्यापार क्षमतामा विकास र आपूर्ति पक्षमा सुधार गरी उनीहरूलाई विश्व व्यापार प्रणालीमा बढी सहभागी हुन सहयोग पुऱ्याउने उद्देश्यले सङ्गठन अन्तर्गत विभिन्न संयन्त्रहरू स्थापना गरिएका छन् । तिनमा प्रमुख दुई संयन्त्रको संक्षिप्त चिनारी यहाँ प्रस्तुत गरिएको छ ।

### ६.४.१ विस्तारित एकीकृत संरचना (Enhanced Integrated Framework)

यो विश्वका अति कम विकसित राष्ट्रलाई विश्व अर्थतन्त्रमा प्रभावकारी तवरले आबद्ध हुन सघाउ पुऱ्याउने उद्देश्यले विभिन्न दातृनिकायबाट प्राप्त सहायता राशिलाई एकीकृत रूपमा परिचालन गर्नका लागि विश्व व्यापार सङ्गठनभित्र अलग्गै स्वायत्त रूपमा स्थापित एउटा Funding Mechanism हो । सन् १९९६ मा सिङ्गापुरमा भएको विश्व व्यापार सङ्गठनको पहिलो

मन्त्रिस्तरीय बैठकले सङ्गठनका अति कम विकसित मुलुकलाई विश्व व्यापार प्रणालीमा बढी सहभागी हुनसक्ने गराउन उनीहरूलाई विकसित राष्ट्रले बजार पहुँच सुविधा प्रदान गर्नुका साथै उनीहरूको कमजोर व्यापार क्षमतामा सुधार ल्याउन आर्थिक, प्राविधिक सहायता उपलब्ध गराउन एक प्रकारको एकीकृत संयन्त्रको निर्माण हुनुपर्ने कुरामा जोड दिएको थियो । तदनुसार सो सम्मेलन भएको एक वर्षपछि सन् १९९७ को अक्टोबरमा विभिन्न ६ वटा अन्तरसरकारी निकायहरू- अन्तर्राष्ट्रिय मुद्रा कोष (IMF), अन्तर्राष्ट्रिय व्यापार केन्द्र (ITC), संयुक्त राष्ट्रसंघीय व्यापार र विकास सम्मेलन (UNCTAD), राष्ट्रसंघीय विकास कार्यक्रम (UNDP), विश्व बैङ्क (WB) र विश्व व्यापार सङ्गठन (WTO) को सहयोगमा Integrated Framework (IF) नामले एक संयन्त्र कार्यान्वयनमा आयो । यो संयन्त्रले खासगरी अति कम विकसित राष्ट्रको व्यापार क्षमता विकासका लागि उनीहरूको व्यापार नीतिहरूको तर्जुमा तथा कार्यान्वयन, व्यापार सम्झौता वार्ता क्षमताको विकास, बहुपक्षीय व्यापार प्रणालीमा आबद्धता जस्ता क्षेत्रमा विभिन्न प्राविधिक सहयोग उपलब्ध गराउने कार्य शुरु गऱ्यो । यसैबीच सन् २००१ मा कतारको दोहामा भएको मन्त्रिस्तरीय बैठकले निर्देश गरेबमोजिम सन् २००२ को मार्चमा अति कम विकसित राष्ट्रको व्यापारसित सम्बद्ध प्राविधिक पक्षमा सहयोग उपलब्ध गराउन सङ्गठनले व्यापार सम्बद्ध प्राविधिक पक्षहरू (Trade Related Technical Assistance : TRTA) पनि कार्यान्वयनमा ल्यायो ।

सन् २००५ मा हङ्गकङ्गमा भएको पाँचौ मन्त्रिस्तरीय सम्मेलनले IF सोचे अनुरूप प्रभावकारी हुन नसकेको तथ्यलाई मध्यनजर गरी मौजूदा IF लाई थप साधन स्रोत जुटाई Enhanced Integrated Framework का रूपमा पुनःसंरचना गरी सन् २००६ को डिसेम्बरसम्ममा कार्यान्वयनमा ल्याइसक्ने प्रतिबद्धता जाहेर गऱ्यो । तदनुसार Integrated Framework Working Group (IFWG) र Integrated Framework Steering Committee (IFSC) ले २००७ को मे महिनादेखि EIF लाई सञ्चालनमा ल्याउने निर्णयलाई अनुमोदन गरे । यद्यपि सम्बन्धित सबै पक्षसँग छलफल परामर्श गर्दा केही बढी समय लाग्न गएकोले सन् २००९ को जुलाईदेखि मात्र EIF पूर्ण तवरमा कार्यान्वयनमा आउनसक्यो । यसका मुख्य उद्देश्यहरूमा अल्प विकसित राष्ट्रमा व्यापारलाई राष्ट्रिय विकास नीति, रणनीतिमा मूलप्रवाहीकरण गर्ने, व्यापारसम्बद्ध प्राविधिक सहायताको परिचालनमा समन्वय गर्न उचित संरचनाको विकास गर्ने र व्यापारका आपूर्तिजन्य समस्याहरूलाई सम्बोधन गर्न सहयोग उपलब्ध गराउने आदि छन् । हाल यसका सहयोगी निकायका रूपमा African Development Bank (AfDB), Common Market for East and Southern Africa (COMESA), Standards and Trade Development Facility (STDF), Trade Mark Southern Africa (TMSA) र World Bank Trade Facilitation Facility (TFF) जस्ता केही नयाँ संस्थाहरू पनि थपिएका छन् । यसको

सञ्चालनका लागि अन्तर्राष्ट्रिय र राष्ट्रियस्तरमा गरी दुई प्रकारको संयन्त्रको व्यवस्था छ। अन्तर्राष्ट्रियस्तरमा EIF Steering Committee (EIF-SC), EIF Board र EIF Secretariat को व्यवस्था छ। यसको सचिवालय जेनेभामा रहेको छ। EIF अन्तर्गत परिचालित हुने सहायता राशिको परिचालनका लागि United Nations Office for Project Services (UNOPS) लाई Trust Fund Manager नियुक्त गरिएको छ। EIF लाई Aid for Trade को समुचित परिचालनको निमित्त सदस्य राष्ट्रहरूको क्षमता अभिवृद्धि गर्ने संयन्त्र (vehicle) मानिएको छ। तर EIF को कोष अल्प विकसित राष्ट्रको आवश्यकताको तुलनामा अझै पनि निकै सानो र यसको सञ्चालन प्रक्रिया पनि केही लामो र झन्झटिलो समेत भएको हुँदा यसबाट कमजोर राष्ट्रहरूले अपेक्षित फाइदा उठाउन सकिरहेका छैनन्। केही कमजोरीहरूका बाबजूद EIF अल्प विकसित राष्ट्रलाई केन्द्रबिन्दुमा राख्दै सङ्गठनअन्तर्गत एकीकृत रूपमा सहायता परिचालनका लागि व्यवस्था भएको एकमात्र बहुदेशीय (Multilateral) सहायता प्रणाली भएकोले यसको आफ्नै खाले महत्त्व छ। भविष्यमा यसको कार्यक्षेत्र र कोषमा अभिवृद्धि गर्दै यसको प्रभावकारितामा वृद्धि गर्नु आवश्यक देखिन्छ।

**विस्तारित एकीकृत संरचना र नेपाल (EIF and Nepal)**

EIF अन्तर्गत उपलब्ध हुने सहायताबाट लाभान्वित हुन चाहने सदस्य देशहरूमा राष्ट्रियस्तरमा पनि यसको संरचना रहनुपर्ने प्रावधानअनुसार नेपालमा नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा वाणिज्य क्षेत्रसँग सम्बद्ध विभिन्न मन्त्रालयका सचिवहरू, नेपाल राष्ट्र बैङ्कका डिपुटी गभर्नर र निजी क्षेत्रका छाता सङ्गठनहरूका प्रमुखहरू सदस्य रहेको निर्देशक समिति, सो मातहत फोकल प्वाइन्ट (वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव) र EIF सम्बद्ध कार्यक्रमहरूको सञ्चालन र समन्वयका लागि वाणिज्य तथा आपूर्ति मन्त्रालयमा राष्ट्रिय कार्यान्वयन एकाइ (National Implementation Unit : NIU) रहेको छ। जसको प्रमुखमा मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय व्यापार महाशाखाका सहसचिव रहने व्यवस्था छ। राष्ट्रिय निर्देशक समितिलाई विभिन्न विषयमा सहयोग प्रदान गर्न, राष्ट्रिय नीति तथा कार्यक्रमहरूमा व्यापारलाई मूलप्रवाहीकरण गर्न, व्यापार क्षेत्रको विकासलाई सहजीकरण गर्न र नेपाल व्यापार एकीकृत रणनीति, २०१० का अन्तर-सम्बन्धित विषयहरूको प्रभावकारी कार्यान्वयनमा बल पुऱ्याउनका लागि विभिन्न मन्त्रालयका सहसचिवहरूको संयोजकत्वमा विभिन्न ६ वटा प्राविधिक समितिहरू गठन गरिएका छन्।

अति कम विकसित देशको नाताले नेपाललाई IF र EIF दुवै संयन्त्रबाट व्यापार क्षमता विकासका लागि महत्त्वपूर्ण आर्थिक प्राविधिक सहयोग प्राप्त भएको छ। तत्कालीन IF को Window 1 कार्यक्रम अन्तर्गत युएन्डिपीमार्फत् अमेरिकी डलर ३८,००० सहयोग उपलब्ध

भएको थियो । यो रकम IF को राष्ट्रिय सचिवालय स्थापना गर्ने लगायतका विभिन्न चारवटा महत्त्वपूर्ण क्षेत्रमा खर्च गरिएको थियो । निर्यात व्यापार प्रवर्द्धनका लागि Nepal Trade and Competitiveness Study, 2004 (DTIS, 2004) तयार गर्न प्राविधिक सहायता पनि यसै अन्तर्गत उपलब्ध भएको थियो । यसैगरी सन् २००५ को जनवरीमा IF Window II अन्तर्गत NTCS, 2004 ले सिफारिश गरेका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न अमेरिकी डलर ६,६५,००० सहायता उपलब्ध भएको थियो । यसबाट संस्थागत क्षमता अभिवृद्धि, व्यापार सहजीकरण, विभिन्न Enquiry Points को सुदृढीकरण लगायतका क्षेत्रमा कार्यहरू सम्पन्न भएका थिए । यी कार्यक्रमहरू समन्वयात्मक ढङ्गले सम्पादन गर्न युएन्डिपीको सहयोगमा Enhancing Nepals' Trade-related Capacities (ENTReC) नामक परियोजना सञ्चालनमा ल्याइएको थियो । EIF को प्राविधिक सहयोगमा सन् २००९/१० मा सन् २००४ मा तयार गरिएको व्यापार तथा प्रतिस्पर्धात्मकता अध्ययन (NTCS) लाई पूर्णतः अद्यावधिक गरी नयाँ नेपाल व्यापार एकीकृत रणनीति, २०१० (NTIS, 2010) तयार गरियो । हाल उक्त रणनीतिको कार्यान्वयनका लागि विभिन्न परियोजनाहरू तयार गर्ने र कार्यान्वयनमा आउने चरणमा रहेका छन् । यसको लागि पनि EIF बाट सहयोग उपलब्ध भइरहेको छ ।

यसैबीच ३० मार्च, २०१० मा EIF Tier 1 अन्तर्गत Nepal Enhanced Capacities for Trade and Development (NECTRADE) परियोजना सञ्चालनमा ल्याउने गरी सम्झौता भएअनुसार हाल सो परियोजना सञ्चालनमा रहेको छ । तीन वर्ष अवधि र करिब ९ (नौ) लाख अमेरिकी डलर बजेट रहेको उक्त परियोजनाबाट नेपाल व्यापार एकीकृत रणनीतिको कार्यान्वयन गर्न तथा संस्थागत क्षमता सुदृढीकरणमार्फत व्यापारको लागि वैदेशिक सहायताको अत्युत्तम परिचालन गर्न सहयोग पुग्ने अपेक्षा लिइएको छ । हाल सो परियोजनाले EIF को सहयोगमा Tier-2 अन्तर्गत सञ्चालन हुने विभिन्न परियोजनाहरूको विकास र छनौट गर्ने कार्य अघि बढाइरहेको छ । परियोजनाहरू छनौट गर्ने कार्य सम्पन्न भएपछि कार्यान्वयनमा लगिनेछ । EIF Tier 1 अन्तर्गतको NECTRADE परियोजनाले व्यापार क्षेत्रमा नीतिगत र प्रक्रियागत सुधार तथा संस्थागत सुदृढीकरणमा जोड दिएको थियो भने EIF Tier 2 अन्तर्गतका परियोजनाहरू मूलतः व्यापारसम्बद्ध पूर्वाधार संरचनाहरूको निर्माण र विकासमा केन्द्रित हुनेछन् ।

### ६.४.२ व्यापारको लागि सहयोग (Aid for Trade: AfT)

व्यापारको लागि वैदेशिक सहयोग विश्व व्यापार सङ्गठनमा आबद्ध अति कम विकसित र विकासशील सदस्य राष्ट्रको आपूर्तिजन्य समस्याहरूलाई निराकरण गर्दै उनीहरूको व्यापार क्षमतालाई अभिवृद्धि गरी विश्व व्यापारमा उनीहरूको सहभागिता र हिस्सालाई उकास्नका लागि विश्व व्यापार सङ्गठनको पहलमा अघि बढाइएको अवधारणा हो । सन् २००५ को डिसेम्बरमा

हङ्गकङ्गमा सम्पन्न विश्व व्यापार सङ्गठनको छैँटौ मन्त्रिस्तरीय सम्मेलनले यसलाई छलफलको यौटा मुख्य विषय बनाएको थियो । सम्मेलनमा सङ्गठनका कम विकसित र विकासशील सदस्यहरू बहुपक्षीय व्यापार प्रणालीमा आबद्ध भएपछि झन् सीमान्तीकृत हुँदै गएको र विश्व अर्थतन्त्रमा उनीहरू मूलप्रवाहीकृत हुन नसकिरहेको स्थितिलाई मनन गरी विकसित राष्ट्रहरूले कमजोर राष्ट्रको आपूर्तिजन्य क्षमता बढाउन र व्यापारसम्बद्ध पूर्वाधार निर्माण गर्नमा ठोस सहयोग विस्तार गर्नुपर्ने कुरामा विकासशील राष्ट्रहरूले जोडदार आवाज उठाएका थिए । फलतः सम्मेलनको अन्त्यमा जारी मन्त्रिस्तरीय घोषणाले AfT लाई कार्यान्वयनमा उतार्न के कस्तो मोडालिटी र सञ्चालनविधि उपयुक्त हुन्छ अध्ययन गरी सुझाव पेश गर्न एउटा कार्यदल गठन गर्न विश्व व्यापार सङ्गठनका महानिर्देशकलाई निर्देश गऱ्यो ।

मन्त्रिस्तरीय घोषणापत्रानुसार गठन भएको कार्यदलले २००६ को जुलाईमा साधारण परिषद्मा सुझाव पेश गऱ्यो । सो सुझावमा AfT लाई मुख्यतः ६ वटा क्षेत्रमा वर्गीकरण गरी तदनुसार सहायता परिचालित र केन्द्रित गर्ने कुरा थियो । पहिचान गरिएका क्षेत्रहरू थिए- व्यापारसम्बद्ध पूर्वाधारहरू, उत्पादकत्व क्षमता निर्माण, व्यापार विकास, व्यापारसम्बद्ध समायोजन, व्यापार नीति तथा नियमहरू र वर्गीकरणमा नपरेका व्यापार क्षमता विकाससम्बन्धी अन्य क्षेत्र । कार्यदलले पेश गरेको सुझावमा AfT का मुख्य उद्देश्यहरूको रूपमा विकासशील र खासगरी कम विकसित राष्ट्रमा व्यापारलाई आर्थिक वृद्धि, विकास र गरिबी निवारण तथा सहस्राब्दी विकास लक्ष्यको उद्देश्य प्राप्ति गर्न सहयोग हुने किसिमले समर्थ बनाउन सहयोग गर्ने, विकासशील र कम विकसित राष्ट्रहरूलाई बजार पहुँच क्षमता वृद्धि गर्न आपूर्तिजन्य क्षमता र व्यापारसम्बद्ध पूर्वाधारहरूको विकासमा सहयोग गर्ने, व्यापार सुधार र आर्थिक उदारीकरण कार्यक्रमलाई कार्यान्वयन गर्न सहजीकरण गर्ने, क्षेत्रीय एकीकरणमा सहयोग पुऱ्याउने, विश्व व्यापार प्रणालीमा सहज रूपमा एकीकरण हुन र सदस्यहरूलाई व्यापार सम्झौता तथा समझदारीहरूलाई लागू गर्न सहयोग पुऱ्याउने आदि कुरालाई उल्लेख गरिएको थियो । कार्यदलले AfT को परिचालन सम्बन्धमा दुईवटा मुख्य सिद्धान्तहरू अवलम्बन गर्न पनि सुझाव पेश गरेको थियो । तिनमा पहिलो वैदेशिक सहायताको प्रभावकारिता सम्बन्धमा पेरिस घोषणापत्रले अघि सारेका विषयलाई AfT को प्रभावकारिता वृद्धि गर्न पनि लागू गर्ने कुरा थियो । जसमा वैदेशिक सहायता लिँदा प्राप्त गर्ने राष्ट्रको नेतृत्व र स्वामित्व सुनिश्चित हुनुपर्ने, सहायता राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोगी हुनुपर्ने, दातृनिकाय र प्रापक राष्ट्रबीच उचित समन्वय र तालमेल हुनुपर्ने, संयुक्त उत्तरदायित्व सुनिश्चित गरिनुपर्ने, र नतिजामुखी व्यवस्थापन जस्ता विषय पर्दछन् । दोस्रो AfT को प्रभावकारितासम्बन्धमा विश्व व्यापार सङ्गठनले अनुगमनकर्ताको भूमिका निर्वाह गर्ने । यस अनुसार विकसित राष्ट्रले द्विपक्षीयस्तरमा कुनै विकासशील र अति कम विकसित राष्ट्रलाई व्यापार क्षमता विकासका क्षेत्रमा सहयोग

उपलब्ध गराई राखेकोमा त्यसरी जारी सहायता प्रतिबद्धताबमोजिम भए नभएको र निर्धारित उद्देश्य प्राप्तिमा खर्च भए नभएको विश्व व्यापार सङ्गठनले लेखाजोखा गर्नुपर्ने कुरा थियो । तदनुसार विश्व व्यापार सङ्गठले AfT को विश्वव्यापी समीक्षाको लागि प्रत्येक २-२ वर्षमा बैठकहरू आयोजना गर्दै आएको छ । हालसम्म यस प्रकारको समीक्षा बैठक तीन पटक आयोजना भएको छ । तिनमा सबभन्दा पछिल्लो समीक्षा (Third Global Review of AfT) सन् २०११ को अगष्ट महिनामा जेनेभामा भएको थियो जसको मुख्य विषय (Theme) नै परिणामको प्रदर्शन (Showing Results) भन्ने थियो । हाल विश्व व्यापार सङ्गठनले AfT लाई प्रवर्द्धन गर्न विश्वस्तरमा नै सक्रियता देखाइरहेको छ र तदनुसार यसको परिमाण र प्रभावकारितामा पनि क्रमशः वृद्धि हुँदै आइरहेको छ । नेपालले व्यापारको लागि वैदेशिक सहायता अन्तर्गत व्यापार क्षमता विकासको लागि विभिन्न सहयोग प्राप्त गर्दै आएको छ ।

**६.५ सङ्गठनमा आबद्ध अति कम विकसित राष्ट्रहरूको भविष्यको कार्यदिशा**

अति कम विकसित राष्ट्रहरूले विश्वको कुल जनसंख्याको करीव १२% हिस्सा ओगटेका छन्, भने कुल विश्व व्यापारमा उनीहरूको योगदान १% भन्दा कम छ । यसलाई कुनै पनि दृष्टिकोणले न्यायोचित ठह¥याउन सकिन्न । अहिले आर्थिक एवं प्राविधिक कारणले उनीहरू कमजोर अवस्थामा रहे पनि उपयोग नभएका स्रोत र साधनहरू उनीहरूसँग प्रचुर मात्रामा रहेको छ। उक्त साधन र स्रोतहरूको समुचित दोहन र विकासबाट भविष्यमा विश्व व्यापारको आयतन उल्लेखनीय रूपमा वृद्धि हुनसक्छ। यसले अल्प विकसित राष्ट्रहरूको आर्थिक समृद्धि र रूपान्तरणमा मात्र होइन सबै विकासोन्मुख र विकसित राष्ट्रहरूको उत्पादन, रोजगारी र आयस्तरमा वृद्धि गर्न समेत सहयोग पुगी सबै लाभान्वित बन्नसक्ने स्थिति निर्माण हुनसक्छ। अल्प विकसित राष्ट्रहरूको आर्थिक समृद्धिसँगै विकसित देशका उत्पादनहरूको लागि बजार विस्तार हुने हुँदा अल्प विकसित राष्ट्रको आर्थिक विकासमा सहयोग पुऱ्याउनु प्रकारान्तरले विकसित देशहरूको समेत हितमा छ ।

तसर्थ, अल्पविकसित राष्ट्रहरूलाई गरिबीको दुश्चक्र (Vicious Circle of Poverty) बाट निकाल्नु र उनीहरूलाई विश्व अर्थतन्त्रको मूल प्रवाहमा समाहित गर्नु आज सबैको कर्तव्य हुन आउँछ। यसको निमित्त सर्वप्रथम त अल्प विकसित राष्ट्रहरू स्वयंले देशभित्रैबाट ठोस प्रयासहरू थाल्नुपर्छ भने अर्कातिर अन्तर्राष्ट्रिय मञ्चहरूमा समेत प्रभावकारी भूमिका खेल्नुपर्ने हुन्छ । यसक्रममा मुलुकमा राजनैतिक स्थिरता दिई सुशासन कायम गर्ने, मुलुकको आर्थिक सम्भावनाका क्षेत्रहरूको पहिचान गरी तिनको समुचित परिचालनतर्फ लगानी केन्द्रित गर्ने, विदेशी दातृ राष्ट्र एवं संस्थाहरूसँग समुचित समन्वय कायम गरी एक सुविचारित विदेशी सहयोग नीति (Prudent Foreign Aid Policy) अन्तर्गत उनीहरूको सहयोग बढी उत्पादक क्षेत्रमा प्रवाहित गर्ने, मुलुकमा

व्यापार वार्ताको लागि योग्य, सुसूचित, दक्ष जनशक्तिहरूको विकास गर्ने आदि क्रियाकलापहरू प्राथमिकतासाथ देशभित्र तत्काल थालनी गर्नु आवश्यक छ।

यसैगरी अन्तर्राष्ट्रियस्तरमा खासगरी विश्व व्यापार सङ्गठन, विश्व बौद्धिक सङ्गठन, विश्व स्वास्थ्य सङ्गठन, संयुक्त राष्ट्रसंघ जस्ता बहुपक्षीय मञ्चहरूमा अल्प विकसित राष्ट्रहरूको सशक्त समूह गठन गरी आफ्नो पक्षमा दरो पक्ष पोषण (Lobbying) गर्ने, ती निकायहरूबाट अल्प विकसित राष्ट्रहरूका लागि उपलब्ध हुनसक्ने स्रोत साधनहरूको अधिकतम उपयोग गर्ने कार्यहरू गरी आर्थिक समृद्धिको आधार फराकिलो पार्नेतर्फ प्रयत्न गर्नु जरुरी छ। आर्थिक समृद्धि र सहस्राब्दी विकास लक्ष्यका महत्त्वाकांक्षी उद्देश्यहरू पूरा गर्न विकसित एवं विकासशील राष्ट्रहरू एवं संस्थाहरूबाट आर्थिक सहायता परिचालन गर्न मात्र होइन उन्नत, आधुनिक एवं व्यावहारिक प्रविधि हस्तान्तरण गर्नेतर्फ पनि उत्तिकै जोड दिनुपर्दछ।

यस सन्दर्भमा खासगरी विश्व व्यापार सङ्गठनमा भइरहेका विभिन्न मस्यौदा सम्झौता पत्रहरूमा अल्प विकसित राष्ट्रहरूलाई फाइदा हुने प्रावधानहरू समावेश गर्न अधिकतम प्रयत्न गर्ने, सङ्गठनमा अल्प विकसित राष्ट्रहरूको समूहले उठाइरहेका LDC Package, Early Harvest जस्ता मागलाई अझ सशक्त रूपमा बनाउने र त्यसको निमित्त दरो पक्ष पोषण गर्ने कार्यलाई निरन्तरतासाथ अघि बढाउन जरुरी छ। अति कम विकसित राष्ट्रहरूको निमित्त उपलब्ध व्यापारसम्बद्ध प्राविधिक सहयोग (TRTA) कार्यक्रम अन्तर्गत प्राविधिक सहयोग एवं क्षमता वृद्धि, विस्तारित एकीकृत संरचना, व्यापारको लागि सहयोग जस्ता कार्यक्रमहरूद्वारा बढी भन्दा बढी आर्थिक एवं प्राविधिक स्रोत जुटाउने, तिनलाई बढी कार्यान्वयन-मैत्री बनाउन जोड दिने, त्यस्ता कार्यक्रमहरू स्वीकार गर्दा तिनलाई पेरिस सिद्धान्त, आक्रा कार्ययोजना जस्ता सर्वस्वीकृत अन्तर्राष्ट्रिय सहयोग सिद्धान्तअनुरूप बढी पारदर्शी, मागमुखी, व्यावहारिक र सम्बधित अल्प विकसित राष्ट्रको स्वामित्व, नेतृत्व एवं उत्तरदायित्व समेत कायम हुने गरी स्वीकार गर्ने जस्ता कुराहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ। यस अतिरिक्त विश्व व्यापार सङ्गठन अन्तर्गतका विभिन्न सम्झौता र निर्णयहरूले अति कम विकसित राष्ट्रहरूका निमित्त उपलब्ध गराएका विभिन्न सुविधाहरूको अधिकतम सदुपयोग गर्नेतर्फ जोड दिनु आवश्यक छ। यस क्रममा आगामी दिनमा कमजोर राष्ट्रहरूले विश्व व्यापार सङ्गठन अन्तर्गतका भन्सार तथा कोटारहित बजार पहुँच सुविधा (DFQF), सामान्य ग्राह्यता प्रणाली (GSP), Global System of Trade Preference (GSTP), प्राविधिक सहायता तथा क्षमता विकास (TA&CB), विशेष र पृथक् व्यवहार (S&DT), Enabling Clause, Service Waiver जस्ता सहुलियतपूर्ण प्रावधानहरूको गहिरो अध्ययन, विश्लेषण गरी ती सुविधाहरूलाई कसरी राष्ट्रिय हितमा अधिकतम रूपमा उपयोग गर्न सकिन्छ भन्ने कुरालाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ। यस अतिरिक्त मुलुकभित्र आपूर्ति पक्षका अवरोधहरू (Supply Side Constraints) खासगरी

निर्यातयोग्य वस्तुहरूको उत्पादन, भौतिक पूर्वाधारहरूको निर्माण, व्यापार सहजीकरणका प्रयासहरूमा ध्यान केन्द्रित गर्न आवश्यक छ । त्यसैगरी अन्तर्राष्ट्रियस्तरमा सङ्गठनका सदस्य राष्ट्रहरूसँग भन्सार तथा कोटारहित बजार पहुँचको सुविधा पूर्ण रूपमा उपयोग गर्न उत्पत्तिको नियमलाई सरलीकरण गर्ने, प्रविधि हस्तान्तरण गर्ने, आर्थिक र प्राविधिक क्षमता वृद्धि गर्न द्विपक्षीय र बहुपक्षीय सहयोग उल्लेख्य रूपमा वृद्धि गर्ने जस्ता मागहरू राख्नुपर्छ र तिनलाई सफल बनाउन सशक्त वार्ता र पक्षपोषण गर्नुपर्छ । अन्तर्राष्ट्रिय स्तरमा आफ्नो पक्ष मजबुत बनाउन अल्प विकसित राष्ट्रहरूबीचको एकतालाई अझ सुदृढ र सक्षम बनाउनु पर्छ । टर्कीको इस्तानबुलमा सन् २०११ को मे महिनामा सम्पन्न अल्पविकसित राष्ट्रहरूको चौथो सम्मेलनले पारित गरेको कार्ययोजनालाई प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न उत्तर-दक्षिणमात्र होइन दक्षिण-दक्षिण सहयोग विस्तार गर्न समेत अल्प विकसित राष्ट्रहरूले सशक्त रूपमा अभियान सञ्चालन गर्नु आवश्यक छ ।

# परिच्छेद-७

# विश्व व्यापार सङ्गठनमा छलफल र सम्झौताका चरणमा रहेका केही नयाँ तथा अन्तर-सम्बद्ध विषयहरू

विश्व व्यापार सङ्गठनको कार्यक्षेत्र विगतमा सम्पन्न भएका निश्चित सम्झौताभित्रका विभिन्न बाध्यताहरू (Obligations) को पालना र कार्यान्वयनमा मात्र सीमित नरही नयाँ-नयाँ विषयमा वार्ता तथा सम्झौता गर्ने पनि रहेको छ । सङ्गठनभित्र सदस्यहरूबीच व्यापारका विस्तृत विषय र मुद्दालाई लिएर निरन्तर बहस र छलफल चल्ने गर्छ । तीमध्ये कतिपय पुरानै विषयमा केन्द्रित छन् भने कतिपय नयाँ । सङ्गठनभित्र हाल मुख्य बहसका रूपमा रहेका व्यापारसम्बन्धी खासखास मुद्दाहरूको संक्षिप्त विवरण यहाँ प्रस्तुत गरिएको छ ।

## ७.१ दोहा विकास एजेण्डा (Doha Development Agenda : DDA)

कतारको राजधानी दोहामा सन् २००१ को नोभेम्बर ९ देखि १४ सम्म विश्व व्यापार सङ्गठनको चौथो मन्त्रिस्तरीय सम्मेलन आयोजना भएको थियो । कुल १२१ सदस्य देशका मन्त्रिस्तरीय प्रतिनिधि, २८ पर्यवेक्षक राष्ट्र तथा विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाका प्रतिनिधिले भाग लिएको उक्त सम्मेलनले मुख्य रूपमा दोहा घोषणापत्र, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता र जनस्वास्थ्य तथा विश्व व्यापार सङ्गठन अन्तर्गतका मौजूदा सम्झौताका कार्यान्वयनसम्बन्धी मुद्दाका विषयमा गरिएका निर्णयहरूलाई समग्रमा अनुमोदन गरेको थियो । एकातिर विकसित राष्ट्रहरूले सङ्गठनमा गरेका प्रतिबद्धता कार्यान्वयन नगर्ने र अर्कोतर्फ अति कम विकसित तथा विकासशील राष्ट्रहरू न्यून आर्थिक, प्राविधिक क्षमताका कारण सङ्गठनअन्तर्गतका सम्झौताहरूलाई कार्यान्वयन गर्न नसक्ने स्थितिमा भएबाट बहुपक्षीय व्यापार प्रणालीलाई प्रभावकारी रूपमा अघि बढाउने कार्य चुनौतीपूर्ण बनिरहेको परिप्रेक्ष्यमा दोहा घोषणापत्रले बहुपक्षीय व्यापार प्रणालीअन्तर्गत विभिन्न विषयमा नयाँ चरणका सम्झौता वार्ताहरू प्रारम्भ गरी यी सबै कुरालाई टुङ्गो लगाउने प्रतिबद्धता व्यक्त गरेको थियो । साथै, बहुपक्षीय व्यापार प्रणालीका विद्यमान कतिपय सम्झौताहरू कार्यान्वयन गर्ने क्रममा विकासोन्मुख र अति कम विकसित राष्ट्रले सामना गर्नुपरिरहेका समस्याहरूलाई सम्बोधन गर्न विभिन्न पक्षमा सुधार गर्नुपर्ने कुरालाई पनि त्यसले समेटेको थियो । दोहा सम्मेलनले अघि सारेका छलफलका यिनै प्याकेजलाई समष्टिगत रूपमा दोहा विकास एजेन्डाका रूपमा चिनिन्छ र संक्षिप्तमा यो सम्झौता वार्तालाई दोहा चरण (Doha Round) को वार्ता भनेर भनिन्छ । खासगरी विकासोन्मुख र अति कम विकसित राष्ट्रको विकासका मुद्दालाई केन्द्रबिन्दुमा राखेर नयाँ चरणको सम्झौता वार्ता शुरु गर्ने निर्णय यो मन्त्रिस्तरीय सम्मेलनले गरेको हुँदा त्यसै आधारमा यसलाई दोहा विकास एजेन्डा भनेर भनिएको हो ।

खासगरी विश्व व्यापार सङ्गठनको स्थापना भएपछि पनि विश्व व्यापारमा अति कम विकसित राष्ट्रहरूको हिस्सा खासै बढ्न नसकेको, विश्वका गरिब र कमजोर अर्थतन्त्र भएका मुलुकहरू झन् सीमान्तीकृत हुँदै जान थालेको सन्दर्भमा विश्व व्यापारमा के कसरी उनीहरूलाई अधिक मात्रामा सहभागी गराउन सकिन्छ र विश्व अर्थतन्त्रबाट बढी फाइदा लिनसक्ने स्थितिमा पुऱ्याउन सकिन्छ भन्ने कुरा तत्कालीन विश्वमा ठूलो बहसको विषय बनेको थियो । यसैबेला अल्प विकसित राष्ट्रहरूको आर्थिक सामाजिक विकासलाई लक्षित गरी संयुक्त राष्ट्रसंघको पहलमा सहस्राब्दी विकास लक्ष्य (MDGs) पारित हुनु र संयुक्त राज्य अमेरिकामा आतङ्ककारी घटना घट्नुले अति कम विकसित राष्ट्रको मुद्दाहरूमा गम्भीरता र उदारताका साथ सोच्न अन्तर्राष्ट्रिय जगत्लाई बाध्य बनायो । यस क्रममा विश्वका निर्धन र अति कम विकसित राष्ट्रको आर्थिक स्थितिमा सुधार नल्याएसम्म विकसित राष्ट्रमा पनि शान्ति, सुरक्षा र समृद्धिलाई दिगो रूपमा टिकाई राख्न कठिन हुने कुरा विकसित राष्ट्रहरूमा महसुस भएअनुसार दोहा मन्त्रिस्तरीय सम्मेलनले विश्व व्यापारमा पछि परेका सदस्यहरूको अवस्थामा सुधार ल्याउन केही महत्त्वपूर्ण विषयहरूमा सम्झौता वार्ता अघि बढाउने निर्णय गऱ्यो ।

दोहा घोषणापत्रले एकातर्फ विश्व व्यापार प्रणालीलाई बढी व्यापक र समावेशी बनाउन नयाँ चरणको वार्ता प्रक्रिया शुरु गर्न मार्ग प्रशस्त गऱ्यो भने अर्कातर्फ विकासमा व्यापारको महत्त्वलाई आत्मसात गरी सम्पूर्ण व्यापार वार्तालाई विकास एजेन्डाको रूपमा अगाडि सार्ने काम गऱ्यो । घोषणापत्रले विगत ५० वर्षमा आर्थिक वृद्धि, विकास र रोजगारी सृजनामा बहुपक्षीय व्यापार प्रणालीले सिर्जना गरेको सकारात्मक प्रभावको उच्च मूल्याङ्कन गर्दै विश्वव्यापी आर्थिक मन्दीको सन्दर्भमा आर्थिक सुधारका कार्यक्रम र उदार व्यापार नीतिहरूलाई अवलम्बन गर्दै तथा संरक्षणवादी नीतिहरूलाई परित्याग गर्दै आर्थिक पुनरुत्थान, वृद्धि र विकासलाई प्रवर्द्धन गर्न बहुपक्षीय व्यापार प्रणालीको पूर्ण उपयोग गर्दै जाने कुरामा प्रतिबद्धता जाहेर गरेको थियो । खासगरी अन्तर्राष्ट्रिय व्यापारले आर्थिक विकासलाई प्रवर्द्धन गर्न र गरिबी निवारण गर्नमा उल्लेख्य भूमिका खेल्नसक्ने कुरालाई हृदयङ्गम गरी घोषणापत्रले बहुपक्षीय व्यापार प्रणालीले उपलब्ध गराएका बढ्दो अवसरहरू र आर्थिक लाभमा विकासशील र अति कम विकसित राष्ट्रको यथोचित हिस्सा सुनिश्चित गर्न विशेष जोड दिनुपर्ने कुरालाई स्वीकार गरेको छ । सङ्गठनका अधिकांश सदस्य विकासशील र अति कम विकसित राष्ट्र भएको सन्दर्भमा ती राष्ट्रहरूको आर्थिक विकासको स्तरअनुसार विश्व व्यापार प्रणालीमा आबद्ध गरी ती सदस्य राष्ट्रहरूको व्यापार हिस्सा सुनिश्चित गर्न विशेष बजार पहुँच सुविधा, सन्तुलित व्यापार नियमको कार्यान्वयन र ती देशहरूको प्राविधिक तथा व्यापार क्षमता अभिवृद्धिका लागि आर्थिक सहयोग सुनिश्चित गर्ने प्रतिबद्धता घोषणापत्रले व्यक्त गरेको छ । विकासोन्मुख र अति कम विकसित राष्ट्रहरूको चाहना र आवश्यकतालाई दोहा कार्यसूचीको केन्द्रबिन्दुमा

राखेर बहुपक्षीय व्यापार प्रणालीमा सकारात्मक सुधार गर्न पहल गरिने कुरा पनि घोषणापत्रमा अभिव्यक्त भएको छ। अति कम विकसित राष्ट्रहरू विशेष संरचनात्मक कठिनाइहरूका कारण विश्व व्यापार प्रणालीबाट किनारा लाग्दै जानथालेको स्थितिमा विश्व व्यापार प्रणालीमा उनीहरूको प्रभावकारी, लाभदायक र अर्थपूर्ण एकीकरणलाई सहयोग पुऱ्याउन विशेष पहल गर्ने उद्घोष घोषणापत्रले गरेको छ। व्यापार उदारीकरण र आर्थिक विकास प्रक्रियामा क्षेत्रीय व्यापार सम्झौताहरूको भूमिकालाई महत्त्व दिँदै दिगो विकासको अवधारणाअनुरूप व्यापार प्रक्रियालाई अगाडि बढाउनसमेत यो घोषणापत्रले मार्गनिर्देश गरेको छ।

**दोहा कार्यसूची (Doha Work Programme)**

दोहा कार्यसूची दोहा घोषणापत्रअन्तर्गतको सबैभन्दा महत्त्वपूर्ण एजेन्डा हो । यसले मौजूदा बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षहरूमा सुधार गर्न नयाँ सम्झौता वार्ता प्रारम्भ गर्ने कुरालाई समेटेको छ । दोहा कार्यसूचीअन्तर्गत मुख्यतः २१ वटा विषय समेटिएका छन् । यस अन्तर्गत प्रमुख एजेन्डाका रूपमा समावेश भएका विषयवस्तुहरू हुन्- कृषि, सेवा व्यापार, गैर कृषिजन्य वस्तुहरूको बजार पहुँच, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार, व्यापार र वातावरण, एन्टी-डम्पिङ्ग र अनुदानसम्बन्धी बहुपक्षीय व्यापारका नियमहरूमा संशोधन, लगानी र प्रतिस्पर्धा नीति, व्यापार सहजीकरण, सार्वजनिक खरिदमा पारदर्शिता, कमजोर मुलुकहरूको क्षमता विकासको लागि प्राविधिक तथा अन्य सहायता, विकासोन्मुख मुलुकहरूलाई विशेष र पृथक् व्यवहार, विकासोन्मुख मुलुकको उत्पादनलाई विकसित सदस्यहरूको बजारमा सहज बजार पहुँच सुविधा आदि । दोहा चरणको वार्ता भनिए पनि प्रस्तावित विषयका अधिकांश सम्झौता वार्ताहरू जेनेभामै विभिन्न समितिअन्तर्गत भइरहेका छन् । अधिकांश सम्झौता वार्ताहरू साधारण परिषद्अन्तर्गत रहेको व्यापार सम्झौता समिति (Trade Negotiation Committee) र यस मातहतका विभिन्न सहायक समिति/उप समितिहरूमा हुने गरेका छन्। कतिपय महत्त्वपूर्ण वार्ताहरूचाहिँ सम्बन्धित परिषद् र सम्बन्धित समितिको विशेष सत्रमा पनि चलिरहेका छन्। व्यापार सम्झौता समिति (TNC) लाई सम्झौता वार्ताका लागि उपयुक्त संयन्त्र र प्रक्रियाहरू तय गर्ने तथा सम्झौता वार्तामा भएका प्रगतिको सुपरिवेक्षण गर्ने जिम्मेवारी दिइएबमोजिम समितिले यी कार्यहरू गर्दै आएको छ। तदनुसार नयाँ सम्झौता वार्ता के कसरी अघि बढाउने भन्ने बारे मार्गनिर्देशन नै पनि जारी गरिएको छ। दोहा कार्यसूचीमा समेटिएका विषयका अधिकांश व्यापार सम्झौता वार्ताहरूलाई एउटै प्याकेज (Single Undertaking) का रूपमा अघि बढाउने प्रावधान राखिएको छ। कुनै विषयको सम्झौता समय अगाडि नै सम्पन्न भएमा अस्थायी वा स्थायी रूपमा आवश्यकतानुसार कार्यान्वयनमा ल्याउन सकिने (Early Harvesting) को प्रावधानसमेत दोहा कार्यसूचीले समेटेको भए पनि हालसम्म कुनै पनि विषय कार्यान्वयनमा आउन सकेका छैनन्।

विस्तृत र त्यसमा पनि कतिपय जटिल विषयवस्तुलाई समेटेकोले दोहा कार्यसूचीको छलफल अझै टुङ्गिन सकेको छैन। सन् २००३ को सेप्टेम्बरमा आयोजित क्यानकुनको पाँचौ मन्त्रिस्तरीय सम्मेलनले दोहा कार्यसूची अन्तर्गत समावेश भएका विषयमा भएको प्रगतिको विवरण सङ्कलन गर्ने र कतिपय विषयमा छलफलको तरिका र प्रक्रिया निर्धारण गर्ने भनिएको भए तापनि सदस्यदेशहरूबीच कार्यसूचीले समेटेका विभिन्न विषयमा ऐकमत्य नहुँदा यो सम्मेलनले दोहा कार्यसूचीलाई अघि बढाउने विषयमा कुनै ठोस निर्णय लिनसकेन। पछि सन् २००४ को अगष्ट १ मा साधारण परिषद्ले विकसित र विकासोन्मुख देशहरूबीच रहेको अन्तरलाई न्यूनीकरण गर्ने उद्देश्यले एउटा फ्रेमवर्क जारी गऱ्यो। जुलाई प्याकेजका रूपमा परिचित यसले गतिहीन अवस्थामा रहेको दोहा चरणको वार्तालाई पुनः सुचारु गर्ने काम गऱ्यो। फलतः सन् २००५ को डिसेम्बरमा हङ्कङ्गमा आयोजित छैटौं मन्त्रिस्तरीय सम्मेलनमा दोहा कार्यसूचीमा केही प्रगति भयो तर प्याकेजअन्तर्गतका सबै विषयमा कुरा मिल्न सकेन। सातौं र आठौं मन्त्रिस्तरीय सम्मेलनबाट पनि दोहा विकास एजेन्डालाई टुङ्गोमा पुऱ्याउन कुनै सार्थक पहल हुन सकेन।

दोहा कार्यसूचीअन्तर्गत समाविष्ट विषयमा ढिलोमा सन् २००५ को जनवरी १ सम्म सम्झौता वार्ता टुंग्याइसक्ने निर्णय भए पनि सो सम्भव नभएकोले सन् २००६ को अन्त्यसम्ममा टुंग्याउने अनौपचारिक सहमति बनेको थियो। तर त्यो पनि सम्भव हुन सकेन र अद्यपर्यन्त सम्झौता वार्ता चालू छ। विश्व व्यापार सङ्गठनको स्थापनापछिको पहिलो तथा बहुपक्षीय व्यापार प्रणालीको सन्दर्भमा नवौं चरणको सम्झौता वार्ताको रूपमा रहेको यो वार्ता हालसम्मकै सबैभन्दा लामो सम्झौता वार्ताको रूपमा रहेको छ। विकसित र विकासशील तथा अल्प विकसित मुलुकहरूबीच कृषिमा अनुदान कटौती गर्ने, विकसित देशहरूको इलेक्ट्रोनिक्स र अटोमोबाइल्स जस्ता वस्तुको निर्यातमा विकासोन्मुख देशहरूले लगाउँदै आएको उच्च भन्सारदरलाई कटौती गर्ने, विकासोन्मुख मुलुकहरूलाई विकसित राष्ट्रहरूले विभिन्न छूट र सहुलियत अनिवार्य रूपमा उपलब्ध गराउनुपर्ने लगायतका केही विषयमा सदस्य राष्ट्रहरूबीच गम्भीर मतभेद कायमै रहेकोले दश वर्षभन्दा बढी अवधि व्यतीत भइसक्दा पनि यो वार्ता अझै टुङ्गिन सकेको छैन। यसले विश्व व्यापार सङ्गठनको अस्तित्व र प्रभावकारितामाथि नै प्रश्न चिह्नसमेत खडा गरेको छ। दोहा कार्यसूचीभित्रका कतिपय मुद्दाहरूमा विकसित र विकासोन्मुख तथा अति कम विकसित राष्ट्रहरूबीचको दूरी पुर्न नसकिने गरी फराकिलो हुँदै गएपछि सङ्गठनका महानिर्देशक पास्कल लामीले सन् २००६ को जुलाई २४ मा अनपेक्षित रूपमा दोहा चरणको वार्तालाई स्थगित (निलम्बन) गर्न पुगे। पछि सन् २००७ को शुरुदेखि सदस्यहरूबीच समझदारी विकास हुँदै गएकोले पछिल्ला वर्षहरूमा दोहा चरणको वार्ताले क्रमशः गति लिन थालेको देखिन्छ। अहिले विकसित र विकासोन्मुख सदस्यहरूबीचको दूरीलाई कम गर्दै सम्झौता वार्तालाई यथाशक्य चाँडो टुंग्याउन पहल जारी छ।

विश्व व्यापार सङ्गठनअन्तर्गतका विद्यमान सम्झौताहरूको कार्यान्वयनका सन्दर्भमा उठेका करिब १०० वटा पेचिला मुद्दाहरूमध्ये दोहा सम्मेलन हुनु ३ (तीन) वर्ष पहिलेदेखि सदस्यहरूबीच गम्भीर छलफल र लेनदेन प्रारम्भ भएकोमा दोहासम्मेलनसम्म आइपुग्दा विभिन्न १२ वटा शीर्षकअन्तर्गत ४० वटा भन्दा बढी विषयमा समझदारी विकास भएको थियो । सम्झौता कार्यान्वयनसित जोडिएका बाँकी विषयहरू भने अहिले दोहा विकास एजेन्डा अन्तर्गत सम्झौताका चरणमा रहेका छन् । दोहा कार्यसूचीले समेटेका सबै विषयमा सहमति भइसकेपछि पनि सम्झौता भएका विषयलाई के कसरी कार्यान्वयनमा ल्याउने भन्ने सम्बन्धमा निश्चित कार्यप्रक्रिया (Modalities) निर्धारण गर्नुपर्ने हुन्छ । अतः आगामी दिनका वार्ताहरू सहमति हुन बाँकी विषयलाई टुंग्याउनेतर्फ मात्र केन्द्रित नभई सहमति भएका विषयलाई के कसरी लागू गर्ने भन्नेसम्बन्धी कार्यविधि र प्रक्रिया निर्धारण गर्नेतिर पनि उन्मुख हुनुपर्ने देखिन्छ । दोहा चरणको विकास एजेन्डाहरूलाई टुङ्गोमा पुऱ्याई कार्यान्वयनमा ल्याउन सकेमा एकातिर बहुपक्षीय व्यापार प्रणाली सन्तुलित, समतामूलक र प्रभावकारी बन्नसक्ने देखिन्छ भने अर्कातिर यसबाट विश्व व्यापार सङ्गठनप्रति विकासोन्मुख र अति कम विकसित राष्ट्रहरूको भरोसामा वृद्धि भई उनीहरूलाई विश्व व्यापारमा बढी मात्रामा आबद्ध हुन र आर्थिक लाभ लिन समेत सघाउ पुग्ने देखिन्छ । दोहा विकास एजेन्डाअन्तर्गत सम्झौता वार्तामा रहेका मुख्य विषयहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

**कृषि (Agriculture)**

विश्व व्यापार सङ्गठनको कृषिसम्बन्धी सम्झौताको दफा २० ले सो सम्झौता कार्यान्वयनमा ल्याउनुपर्ने ६ वर्षको अवधि समाप्त हुनु एक वर्षपूर्व नै कृषि क्षेत्रमा सुधार प्रक्रियालाई निरन्तरता दिने उद्देश्यले नयाँ चरणको सम्झौता वार्ता शुरु गर्नुपर्ने प्रावधानलाई समेटेको पृष्ठभूमिमा यस विषयमा सन् २००० को शुरुबाटै सम्झौता वार्ता प्रारम्भ भएको हो । यसरी शुरु गरिएको वार्तालाई दोहा कार्यसूचीले पनि आत्मसात गरी निरन्तरता दियो । यस अन्तर्गत कृषि क्षेत्रको बजार पहुँचमा सारभूत सुधार गर्ने, कृषिमा विद्यमान निर्यात अनुदान र घरेलु सहायतासम्बन्धी व्यवस्थाहरू भविष्यमा पूर्णतवरले हटाउने गरी न्यून गर्दै लैजाने, विकासोन्मुख देशको कृषि उत्पादनलाई विशेष र भिन्न व्यवहार गर्ने, विकासशील देशहरूको खाद्य सुरक्षा र ग्रामीण विकासलाई विशेष ध्यान दिने जस्ता विषय समेटिएका थिए । यस विषयमा सन् २००३ को मार्चभित्रै वार्ताको कार्यप्रक्रिया (Modalities) तय गरी पाँचौ मन्त्रिस्तरीय सम्मेलन अगावै सदस्य राष्ट्रहरूले आफ्नो विस्तृत प्रस्ताव (सूची) को खाका पेश गर्नुपर्ने भनिए पनि सोअनुसार हुन सकेन । दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा रहेको यो विषयमा सङ्गठनको कृषि समितिको विशेष सत्रहरूमा छलफल हुने गरेको छ ।

**सेवा व्यापार क्षेत्र (Trade in Services)**

ग्याट्सको धारा १९ मा सो सम्झौता कार्यान्वयनमा आएको ढिलोमा ५ वर्षभित्र Progressive

Liberalization लाई अगाडि बढाउने उद्देश्यका लागि सदस्य राष्ट्रहरूले नयाँ चरणका वार्ताहरू शुरु गर्नुपर्ने प्रावधान समेटिएबमोजिम दोहा कार्यसूची जारी हुनुभन्दा झण्डै दुई वर्ष पहिले नै सन् २००० को शुरुमै सेवा व्यापारको क्षेत्रमा वार्ता शुरु भएको थियो । पछि दोहा कार्यसूचीमा यसलाई पनि समेटियो । दोहा कार्यसूचीले सेवा व्यापार क्षेत्रमा गरिने वार्तालाई सदस्य राष्ट्रहरूको आर्थिक विकास र त्यसमा पनि खासगरी विकासोन्मुख र अति कम विकसित सदस्य राष्ट्रहरूको आर्थिक वृद्धि तथा रोजगारीलाई प्रवर्द्धन गर्ने किसिमबाट अगाडि बढाउने कुरालाई निर्देश गरेको छ । सेवा व्यापारसम्बन्धी परिषद्ले सन् २००१ को मार्चमा सेवा व्यापार क्षेत्रमा गरिने सम्झौता वार्ताका लागि मार्गनिर्देशन र प्रक्रियाहरू पारित गरेकोमा दोहा कार्यसूचीले त्यसलाई अनुमोदन गरेको छ। दोहा कार्यसूचीले सदस्य राष्ट्रहरूले ३० जुन, २००२ भित्र आ-आफ्ना प्रतिबद्धताका सूची पेश गर्ने र सन् २००३ को मार्चसम्ममा आफ्ना प्रारम्भिक प्रस्ताव पेश गर्ने गरी म्याद तोकेकोमा सो अनुसार हुन सकेन। दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा रहेको यो विषयमा सङ्गठनको सेवा व्यापारसम्बन्धी परिषद्को विशेष सत्रहरूमा र परिषद्को नियमित बैठकमा छलफल हुने गरेको छ ।

**गैरकृषिजन्य वस्तुहरूको बजार पहुँच (Non-Agricultural Market Access : NAMA)**

दोहा कार्यसूचीले सम्पूर्ण गैर-कृषिजन्य वस्तुहरूको भन्सार महसुल दर सम्भव भएसम्म हटाउने वा सम्भव नभए घटाउने दिशामा कार्य गर्न सदस्य राष्ट्रहरूलाई निर्देशित गरेको छ । यसले खासगरी उच्च, अस्वाभाविक तथा स्वदेशी प्रशोधन उद्योगहरूलाई संरक्षण दिने सबै प्रकृतिका भन्सार महसुलहरू (Tariff Peaks, High Tariffs, Tariff Escalation) लाई हटाउने विषयलाई जोड दिएको छ । साथै, गैर-कृषिजन्य वस्तुको आयात-निर्यातमा लगाइने सबै खाले गैर-भन्सार अवरोधहरूलाई हटाउन र त्यसमा पनि विकासोन्मुख र अति कम विकसित देशको निर्यातमा विशेष महत्त्व राख्ने वस्तुका हकमा भन्सार, गैर भन्सार दुवै थरीका अवरोधहरूलाई हटाउन वा न्यून गर्न कार्यसूचीले जोड दिएको छ। यस अन्तर्गत हुने सम्झौता वार्ताले विकासशील र अति कम विकसित राष्ट्रहरूको व्यापारका विशेष आवश्यकता र हितका विषयलाई प्राथमिकतामा राखी निर्णय लिनुपर्ने र कमजोर राष्ट्रको व्यापार क्षमता वृद्धिको लागि आवश्यक सहयोग विस्तार गर्नेतर्फ विशेष जोड दिनुपर्ने कुरा पनि कार्यसूचीले समेटेको छ । दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा रहेको यो विषयमा Market Access Negotiating Group को बैठकमा छलफल हुने गरेको छ ।

**व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार (Trade-related Aspects of Intellectual Property Rights : TRIPS)**

दोहा घोषणापत्रले सम्झौता वार्ता खुला गर्ने निर्णय गरेको अर्को महत्त्वपूर्ण क्षेत्र 'व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार' पनि हो । यस विषयलाई विशेष महत्त्व दिएर मन्त्रिस्तरीय

सम्मेलनले 'व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार र सार्वजनिक स्वास्थ्य' विषयमा छुट्टै घोषणापत्र पनि जारी गरेको थियो । घोषणापत्रले बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताले सदस्य राष्ट्रहरूलाई सार्वजनिक स्वास्थ्यलाई संरक्षण गर्न आवश्यक पर्ने उपायहरू अवलम्बन गर्नबाट निषेध गर्न नसक्ने र गर्न नहुने कुरामा समर्थन जनाउँदै व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताको व्याख्या गर्दा सङ्गठनका सदस्य राष्ट्रहरूको सार्वजनिक स्वास्थ्यलाई संरक्षण गर्नसक्ने अधिकार सुनिश्चित हुने र त्यसमा पनि खासगरी सबै नागरिकहरूको औषधी सेवनसम्मको पहुँचलाई प्रवर्द्धन गर्न सहयोगी हुने हिसाबले गर्नुपर्ने कुरामा जोड दिएको थियो । अर्को शब्दमा भन्नुपर्दा ट्रिप्ससम्बन्धी घोषणापत्रले मानव स्वास्थ्य, नयाँ-नयाँ औषधी, अनुसन्धान र विकासजस्ता विषयमा सबैको पहुँच सुनिश्चित गर्ने हिसाबले यससम्बन्धी नयाँ सम्झौता वार्ता अघि बढ्नुपर्ने कुराको उद्घोष गरेको थियो । घोषणापत्रले ट्रिप्स सम्झौताको कार्यान्वयनमा विकासोन्मुख र अति कम विकसित राष्ट्रहरूलाई केही लचकताको व्यवस्था गर्दै आपत्कालीन परिस्थितिमा ती देशका सरकारले सार्वजनिक स्वास्थ्यको सुनिश्चितताका लागि अनिवार्य इजाजत (Compulsory Licensing) र समानान्तर आयात (Parallel Import) जस्ता उपायहरू अवलम्बन गर्न सक्ने कुरालाई स्पष्ट गर्‍यो । घोषणापत्रले अति कम विकसित राष्ट्रहरूलाई औषधीको पेटेन्ट (Pharmaceutical Patents) सम्बन्धी प्रावधान लागू गर्ने अवधि १ जनवरी, सन् २०१६ सम्म बढाउने कुरालाई पनि समेटेको थियो । दोहा कार्यसूचीले ट्रिप्स सम्झौता र जैविक विविधतासम्बन्धी महासन्धि (Convention on Biological Diversity) बीचको सम्बन्ध र परम्परागत ज्ञान तथा लोकसंस्कृति (Traditional Knowledge and Folklore) का विषयहरूलाई विकासका मुद्दासँग गाँसेर हेर्ने गरी वार्ता प्रक्रियालाई अघि बढाउन पनि निर्देश गरेको छ । साथै, मदिरा र स्पिरिटका अतिरिक्त अन्य वस्तुहरूलाई पनि उच्च संरक्षण प्रदान गर्न ट्रिप्ससम्झौता अन्तर्गत भौगोलिक सङ्केतीकरणको दायरालाई बढाउने सम्बन्धमा पनि छलफल अघि बढाउन कार्यादेश दिएको छ । दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा रहेको यो विषयमा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी परिषद्को विशेष सत्रहरूमा छलफल चलिरहेको छ ।

### सिङ्गापुर मुद्दाहरू (Singapore Issues)

विश्व व्यापार सङ्गठन स्थापना भएपछि सन् १९९६ को डिसेम्बरमा सिङ्गापुरमा आयोजना भएको प्रथम मन्त्रिस्तरीय सम्मेलनले विभिन्न चारवटा महत्त्वपूर्ण विषयमा विस्तृत वार्ता शुरु गर्ने निर्णय गरेको थियो । सिङ्गापुर मुद्दाहरू (Singapore Issues) का रूपमा परिचित यी विषयहरू थिए- व्यापार र लगानी, व्यापार र प्रतिस्पर्धा नीति, सार्वजनिक खरिदमा पारदर्शिता र व्यापार सहजीकरण । यी विषयहरूलाई बढी व्यावहारिक र सबैको अनुकूल हुने गरी अघि बढाउन दोहा कार्यसूचीले सम्झौता अघि बढाउने कुरालाई दोहोर्‍याएको भए पनि तत्काल

सम्झौता वार्ता प्रारम्भ गर्ने घोषणाचाहिँ गरेको थिएन । दोहा कार्यसूचीले यी विषयहरूलाई पाँचौ मन्त्रिस्तरीय सम्मेलनमा सबै सदस्यहरूको सर्वसम्मतिबाट वार्ताको कार्यप्रक्रियाहरू निर्धारण गर्ने कार्य पूरा भएपछि छलफलका निम्ति अघि बढाउने कुरा उल्लेख गरेको थियो । तर यी चारवटा विषयमा वार्ता प्रक्रिया अघि बढाउने कार्यविधि तय गर्ने बारेमा सदस्यहरूबीच मतैक्य हुनसकेन । यसको परिणामस्वरूप क्यानकुनमा आयोजित सङ्गठनको पाँचौ मन्त्रिस्तरीय सम्मेलन नै असफल हुनपुग्यो । पछि सन् २००४ को अगष्टमा साधारण परिषद्‌बाट पारित फ्रेमवर्क सम्झौतामा सिङ्गापुर मुद्दाका रूपमा रहेका चारवटा विषयहरूमध्ये शुरुका तीनवटा विषयलाई हटाई अन्तिम यौटा 'व्यापार सहजीकरण' का विषयमा मात्र सम्झौता वार्ता अघि बढाउने कुरा उल्लेख भएअनुसार हाल यही एउटा विषयमा मात्र सम्झौता चलिरहेको छ । हाल दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा छलफलमा रहेको व्यापार सहजीकरण सम्झौताका बारेमा तल छुट्टै चर्चा गरिएको छ ।

**विश्व व्यापार सङ्गठनका केही नियमहरूमा सुधार र स्पष्ट गर्ने विषय (Improvement and Clarification on WTO Rules)**

दोहा कार्यसूचीले बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत एन्टी-डम्पिङ र काउन्टरभेलिङ महसुल लगाउने तथा अनुदानसम्बन्धी व्यवस्थालाई यी सम्झौताहरूको आधारभूत अवधारणा र सिद्धान्तहरूलाई सुरक्षित राख्दै तथा विकासोन्मुख एवं अति कम विकसित सदस्य मुलुकहरूको आवश्यकतालाई ध्यानमा राख्दै बढी स्पष्ट पार्ने र सुधार गर्ने कुरालाई अघि सारेको छ । यस क्रममा यी सम्झौताहरूको कुन कुन पक्षमा सुधार गर्न वा कुन कुन प्रावधानलाई बढी स्पष्ट गर्न आवश्यक छ वार्ता गरी सुधारका क्षेत्र पहिल्याउन कार्यसूचीले निर्देश गरेको छ । यस क्रममा माछा मार्ने (Fisheries) क्षेत्रमा दिइने अनुदान विकासोन्मुख राष्ट्रका लागि एउटा महत्त्वपूर्ण क्षेत्र हुनसक्ने ठम्याइ रहेको छ । यस अन्तर्गत व्यापारमा विचलन ल्याउने खालका व्यवस्था र प्रक्रियामा समसामयिक सुधार गर्ने कुरामा विशेष जोड दिइएको देखिन्छ । यस विषयमा सन् २००२ को जनवरीबाट सम्झौता वार्ता शुरु भएको थियो । दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा रहेको यो विषयमा Rules Negotiating Group को बैठकमा छलफल हुने गरेको छ ।

दोहा कार्यसूचीले विश्व व्यापार सङ्गठनको क्षेत्रीय व्यापार सम्झौतासम्बन्धी प्रावधानमा रहेका अस्पष्टतालाई निराकरण गर्दै आवश्यक सुधार गर्ने विषयलाई पनि निर्देश गरेको छ । सङ्गठनको क्षेत्रीय व्यापारसम्बन्धी हालको नियमले क्षेत्रीय व्यापार सम्झौता सम्पन्न गर्दा निश्चित शर्तहरू पूरा गर्नुपर्ने कुरा उल्लेख गरेको भए पनि त्यसको व्याख्या विवादास्पद रहँदै आएको छ । हाल अधिकांश सदस्यहरू कुनै न कुनै क्षेत्रीय व्यापार संरचनामा आबद्ध हुँदै जान थालेको र क्षेत्रीय व्यापार सम्झौताहरूले आर्थिक विकासलाई प्रवर्द्धन गर्न सहयोग

पुऱ्याउनसक्ने देखिएको सन्दर्भमा सम्बन्धित प्रावधानको व्याख्यामा रहेका विवादलाई पनि स्पष्ट पार्न आवश्यक महसुस गरी दोहा कार्यसूचीले यस सम्बन्धमा वार्ता अघि बढाउने कुरालाई समेटेको हो । दोहा कार्यसूचीले क्षेत्रीय व्यापार सम्झौताहरूको विकासात्मक पक्षहरूलाई ध्यानमा राख्दै वार्ता सम्पन्न गर्न निर्देश गरेको छ । दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा रहेको यो विषयमा Rules Negotiating Group को बैठकमा छलफल हुने गरेको छ ।

**विवाद समाधान समझदारी (Dispute Settlement Understanding)**

सन् १९९४ मा मोरक्कोको माराकेशमा भएको ग्याट मन्त्रिस्तरीय सम्मेलनले विश्व व्यापार सङ्गठनका सम्झौताहरू कार्यान्वयनमा आएको ४ वर्ष अर्थात् १ जनवरी सन् १९९९ भित्र विवाद समाधान समझदारी (Dispute Settlement Understanding) सम्बन्धमा पुनरावलोकन कार्य प्रारम्भ गर्नुपर्ने गरी निर्देशन दिएको थियो । तदनुसार यस विषयमा सन् १९९७ को उत्तरार्द्धतिरबाट वार्ता प्रारम्भ भयो र सदस्यहरूले पहिचान गरेका विभिन्न मुद्दाहरूमा विभिन्न चरणमा अनौपचारिक छलफलहरू आयोजना गरिए । अधिकांश सदस्यहरूले विवाद समाधानसम्बन्धी विद्यमान प्रणाली र प्रक्रियामा सुधार आवश्यक रहेको कुरामा जोड दिएको पृष्ठभूमिमा दोहा घोषणापत्रले यस विषयमा पनि वार्ता अघि बढाउने कुराको उद्घोष गऱ्यो । तर यसलाई दोहा कार्यसूचीको Single Undertaking बाट हटाई पृथक् रूपमा वार्ता चलाउने घोषणापत्रको व्यवस्थाअनुसार यस विषयमा हाल छुट्टै छलफल अघि बढाइएको छ । यस सम्बन्धमा विवाद समाधान संयन्त्रको विशेष सत्रमा छलफल जारी छ ।

**व्यापार र वातावरण (Trade and Environment)**

दोहा घोषणापत्रले पहिलोपल्ट व्यापार र वातावरणबीचको अन्तर्-सम्बन्धलाई समेत वार्ता कार्यसूचीमा समावेश गरेको छ। दोहा कार्यसूचीले विश्व व्यापार सङ्गठनका नियमहरू वातावरणीय सम्झौताका पक्ष राष्ट्रहरूमा के कसरी लागू गर्ने भन्ने विषयलाई सम्बोधन गर्ने गरी वार्ता अघि बढाउन निर्देश गरेको छ। यसअन्तर्गत हुने वार्ताले खासगरी वातावरणीय सम्झौताहरू र विश्व व्यापार सङ्गठनका नियमहरूअन्तर्गत रहेर लिइएका व्यापार उपायहरू (Trade Measures) बीचको अन्तर-सम्बन्धलाई स्पष्ट पार्नुपर्ने कुरामा जोड दिइएको छ । दोहा विकास एजेन्डाको अभिन्न अङ्ग (Single Undertaking) को रूपमा व्यापार र वातावरण समितिको विशेष सत्रहरूमा छलफलको क्रममा रहेको यस विषयका बारेमा तल छुट्टै चर्चा गरिएको छ ।

**विद्युतीय वस्तुको कारोवार (Electronic Commerce)**

दोहा घोषणापत्रले विद्युतीय कारोवारसम्बन्धमा पहिले नै भएका कार्यलाई अनुमोदन गर्दै यस विषयलाई राम्ररी व्यवस्थापन गर्न उपयुक्त संस्थागत व्यवस्थाबारे विचार गर्न साधारण

परिषद्लाई निर्देशन दिएको छ । जेनेभामा सन् १९९८ मा भएको विश्व व्यापार सङ्गठनको दोस्रो मन्त्रिस्तरीय सम्मेलनले विद्युतीय वस्तुको कारोवारसम्बन्धमा जारी गरेको घोषणापत्रमा विद्युतीय कारोबारमा सदस्य देशहरूले भन्सार नलगाउने साबिकको प्रचलनलाई निरन्तरता दिने कुरा उल्लेख भएको पृष्ठभूमिमा दोहा घोषणापत्रले त्यस्तो भन्सार नलगाउने अभ्यासलाई पाँचौ मन्त्रिस्तरीय सम्मेलन नहुँदासम्म जारी राख्ने कुरालाई समर्थन जनाएको थियो ।

**साना अर्थतन्त्र भएका देशहरूको विश्व व्यापार प्रणालीमा एकीकरण (Integration of Small Scale Industries into Global Trading System)**

दोहा घोषणापत्रले साना अर्थतन्त्र भएका मुलुकलाई सीमित प्राकृतिक स्रोत साधनलगायतका कारण विश्व व्यापारमा राम्ररी सहभागी हुने कार्य चुनौतीपूर्ण भइरहेको सन्दर्भमा त्यस्ता मुलुकलाई विश्व व्यापारमा प्रभावकारी रूपमा आबद्ध हुन सघाउ पुऱ्याउन व्यापारसम्बद्ध उपायहरूमा के कस्तो सुधार गर्न उपयुक्त हुन्छ समाधान पहिल्याउन साधारण परिषद्लाई निर्देशन दिएको छ ।

**व्यापार, ऋण र वित्त (Trade, Debt and Finance)**

दोहा घोषणापत्रले विकासशील धेरै देशहरूले गम्भीर बाह्य ऋणको समस्या भोगिरहेको र कतिपय गम्भीर आर्थिक सङ्कटमा फसिरहेको कारण त्यस्ता देशहरूलाई वित्तीय सङ्कटको समस्यासित जुध्न उपयोगी व्यापारसम्बद्ध उपायहरू अवलम्बन गर्न सहयोग पुऱ्याउन व्यापार, ऋण र वित्त विषयमा छलफल अघि बढाउन एउटा समिति गठन गर्ने कुराको उद्घोष गरेको छ ।

**व्यापार र प्रविधि हस्तान्तरण (Trade and Technology Transfer)**

विश्व व्यापार सङ्गठनका विभिन्न सम्झौता तथा प्रावधानहरूले विकसित देशहरूले विकासोन्मुख मुलुकमा प्रविधि हस्तान्तरण गरी उनीहरूको क्षमता विकासका लागि सहयोग गर्नुपर्ने कुराको व्यवस्था गरेको भए पनि व्यवहारमा प्रविधि हस्तान्तरण के कसरी गर्ने भन्ने कुरा स्पष्ट हुन नसकिरहेको पृष्ठभूमिमा दोहा घोषणापत्रले यस विषयमा गृहकार्य गर्न एउटा कार्यदल गठन गर्ने कुरा व्यक्त गरेको छ ।

**प्राविधिक सहायता तथा क्षमता विकास (Technical Cooperation and Capacity Building)**

दोहा घोषणापत्रका विभिन्न परिच्छेदहरूमा विकासोन्मुख र खासगरी अल्प विकसित राष्ट्रलाई विश्व व्यापार प्रणालीमा प्रभावकारी ढङ्गले आबद्ध हुन समर्थ बनाउन प्राविधिक सहायता तथा क्षमता विकासका क्षेत्रमा सहयोग उपलब्ध गराउन आवश्यक भएको कुरा उल्लेख भएका छन् । यसै पृष्ठभूमिमा दोहा घोषणापत्रले व्यापारसम्बद्ध प्राविधिक सहायता (Trade Related Technical

Assistance : TRTA) लाई प्रभावकारी तवरले कार्यान्वयनमा ल्याई विकासोन्मुख राष्ट्रहरूलाई कुशल व्यापार नीतिहरूको तर्जुमा गर्न तथा व्यापार सम्झौता वार्तामा प्रभावकारी तवरले प्रस्तुत हुन सघाउन सङ्गठनका सदस्यहरूलाई आग्रह गऱ्यो । दोहा कार्यसूचीले सदस्य राष्ट्रहरूको राष्ट्रिय विकास रणनीति तथा गरिबी निवारणसम्बन्धी कार्यक्रमहरूमा व्यापारलाई मूल प्रवाहीकरण गरी व्यापारबाट उच्चतम लाभ लिन विकासोन्मुख र अति कम विकसित राष्ट्रलाई सक्षम बनाउन आवश्यक सहायता जुटाउन सङ्गठनको सचिवालयलाई विशेष निर्देशन दिएको छ । विकसित राष्ट्रहरू र विभिन्न अन्तर-सरकारी सङ्गठनहरूबाट उपलब्ध गराइने प्राविधिक सहयोगलाई बढी भरपर्दो, पर्याप्त, विश्वसनीय, अनुगमनयोग्य र दिगो बनाउन दोहा कार्यसूचीले निर्देश गरेको छ । साथै, विभिन्न स्रोतबाट प्रवाहित हुने सहयोगलाई समन्वयात्मक, सङ्गतिपूर्ण र परिणाममुखी बनाउनेतर्फ जोड दिन पनि यसले आग्रह गरेको छ । दोहा घोषणापत्रले सङ्गठन अन्तर्गत प्रवाहित हुने प्राविधिक सहायतालाई दीर्घकालीन ढङ्गले अघि बढाउन निर्देशन दिएबमोजिम साधारण परिषद्ले सन् २००१ को डिसेम्बरमा प्राविधिक सहायता उपलब्ध गराउने कोषमा ८० प्रतिशतले रकम वृद्धि गरी Doha Development Agenda Global Trust Fund स्थापना गऱ्यो । यो कोषको वार्षिक बजेट शुरुमा करिब २ करोड ४० लाख स्विस फ्रैंक रहेको थियो ।

**अति कम विकसित मुलुकहरूसम्बन्धी कार्यसूची (Least Developed Countries Issues)**
दोहा घोषणापत्रले अति कम विकसित सदस्य राष्ट्रहरूले उठाएका व्यापार सरोकारका विषयहरूलाई उच्च महत्त्व दिँदै कमजोर राष्ट्रहरूलाई बहुपक्षीय व्यापार प्रणालीमा समाहित हुने अवसर प्रदान गर्न सहज बजार पहुँच, उत्पादन तथा निर्यातका आधारहरूको विस्तार र विविधीकरण तथा क्षमता विकासजस्ता पक्षमा सहयोग उपलब्ध गराउन जोड दिएको छ । यसको लागि कम विकसित राष्ट्रका उत्पादनलाई कोटा तथा भन्साररहित बजार पहुँच (Duty Free Quota Free Market Access) सुविधा दिने कुरामा पूर्ण प्रतिबद्धता जाहेर गर्दै यसका अतिरिक्त यी राष्ट्रहरूको निर्यात वृद्धिका लागि बजार पहुँचमा सुधार गर्न अन्य आवश्यक उपायहरूबारेमा विचार गर्न समेत आग्रह गरेको छ । घोषणापत्रले अति कम विकसित राष्ट्रहरूका निम्ति सङ्गठनको सदस्यता लिने प्रक्रियालाई सरल र शीघ्र बनाउन पनि निर्देश गरेको छ । अति कम विकसित राष्ट्रका लागि लक्षित गरी प्रवाहित हुने प्राविधिक सहायतालाई थप प्रभावकारी बनाउने सन्दर्भमा दातृ मुलुकहरूलाई आफ्नो योगदानको अंश उल्लेख्य रूपमा बढाउन पनि घोषणापत्रले आग्रह गरेको छ । अति कम विकसित राष्ट्रको तेस्रो राष्ट्रसंघीय सम्मेलनले पारित गरेको 'ब्रसेल्स घोषणा' मा उल्लिखित विषयहरूलाई प्राथमिकता साथ कार्यान्वयनमा उतार्न पनि घोषणापत्रले निर्देश गरेको छ । तदनुसार सङ्गठनको 'व्यापार र विकास' समिति अन्तर्गतको उपसमितिले सन् २००२ को फेब्रुअरीमा ब्रसेल्स घोषणापत्रमा उल्लेख भएका व्यापारसम्बद्ध विषयमा एक कार्यसूची तर्जुमा पनि गरेको छ ।

**विशेष र भिन्न व्यवहार (Special and Differential Treatment)**

घोषणापत्रले विशेष र भिन्न व्यवहारलाई विकासोन्मुख राष्ट्रको विशेष अधिकार (Special Rights) का रूपमा पुनः एकपल्ट स्वीकार्दै यससम्बन्धी प्रावधानहरूलाई थप स्पष्ट बनाई अनिवार्य र प्रभावकारी रूपमा लागू हुने व्यवस्था गर्न आवश्यक पक्षमा पुनरावलोकन गर्न निर्देश गरेको छ । घोषणापत्रले कार्यान्वयनसम्बद्ध मुद्दा र सरोकारका विषयलाई अति कम विकसित राष्ट्रको सन्दर्भमा विशेष रूपमा विचार गर्न आग्रह गर्नुका साथै विशेष र भिन्न व्यवहार अन्तर्गत रहेका व्यवस्थाहरूमध्ये कुन कुन बाध्यकारी छन् र कुन कुन बाध्यकारी छैनन् पहिचान गर्दै बाध्यकारी नभएका प्रावधानलाई बाध्यकारी बनाउँदा तिनबाट पर्नसक्ने सम्भावित असरहरूबारे विचार गर्न व्यापार र विकास समितिलाई निर्देश समेत गरेको छ ।

यसरी दोहा कार्यसूचीले बहुपक्षीय व्यापार प्रणालीका विभिन्न पक्षमा सुधार गर्ने विस्तृत प्याकेजलाई समेटेको थियो । तीमध्ये केहीलाई पाँचौ मन्त्रिस्तरीय सम्मेलनपूर्व र केहीलाई सो सम्मेलनबाट पारित गर्ने प्रारम्भिक योजना थियो । तदनुसार पाँचौ सम्मेलनको पूर्वसन्ध्यामा व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार र सार्वजनिक स्वास्थ्यसित जोडिएका मुद्दालगायतका केही विषयहरूमा सहमति पनि भयो । तर बाँकी थुप्रै विषयमा सहमति जुट्न नसक्दा दोहा कार्यसूचीले उद्घोष गरेबमोजिम पूर्व निर्धारित समयसीमाभित्र अधिकांश विषयमा सम्झौता टुङ्गिन सकेन । खासगरी कृषि तथा गैर कृषिजन्य वस्तुको बजार पहुँच, विवाद समाधान प्रणाली, विशेष र पृथक् व्यवहारजस्ता पक्षमा सम्झौता वार्ताका कार्यप्रक्रियाहरू (Modalities) मा सहमति जुट्न नसक्दा नयाँ सम्झौता वार्ताले गति लिन सकेनन् । भौगोलिक सङ्केतीकरण दर्ता गर्ने विषयमा पनि नयाँ समझदारी बन्न सकेन । फलतः वार्ता सम्पन्न गर्ने तिथिमितिहरू बारम्बार संशोधन भइरहे । क्यानकुनमा आयोजित पाँचौ मन्त्रिस्तरीय सम्मेलनसम्म आइपुग्दा सदस्य राष्ट्रहरू थुप्रै मुद्दाहरूमा सहमतिको नगिच आएको देखिए पनि कृषि र सिङ्गापुर मुद्दालगायतका विषयमा गहिरोसँग विभाजित भएको पाइयो । फलतः सो सम्मेलन विना कुनै निष्कर्ष टुङ्गियो । सो सम्मेलन भएको दश महिनापछि १ अगष्ट, सन् २००४ मा साधारण परिषद्ले एउटा फ्रेमवर्क सम्झौता (जुलाई प्याकेज) पारित गऱ्यो । जसले सबैभन्दा ठूलो विवादमा रहेका सिङ्गापुर मुद्दा अन्तर्गतका चारवटा विषयमध्ये अरूलाई परित्याग गरी व्यापार सहजीकरण एउटा विषयलाई मात्र सम्झौता वार्ता सूचीमा समावेश गरी अघि बढ्ने निर्णय गऱ्यो । सन् २००५ को हङ्कङ्गमा आयोजित छैटौं मन्त्रिस्तरीय सम्मेलनमा दोहा विकास एजेन्डा अन्तर्गतका थुप्रै विषयमा समझदारी विकास भई दोहा कार्यसूचीमा केही प्रगति भयो । तर पनि दोहा कार्यसूचीले समेटेका सबै विषयमा सहमति जुट्ननसक्दा सम्झौता वार्ता लम्बिन पुग्यो र आठौं मन्त्रिस्तरीय सम्मेलनसम्म आइपुग्दा पनि दोहा विकास एजेन्डाले मूर्त रूप लिन सकेको छैन । विकसित र विकासोन्मुख

दुवै मुलुकहरूले फराकिलो सोच राखेर विभिन्न विषयमा रहेका मतभिन्नतालाई अन्त्य नगरेसम्म दोहा चरणको वार्ता चाँडै नटुङ्गिने लक्षण देखिएको छ ।

हाल अन्तर्राष्ट्रियस्तरमा कतिपय विकसित देशको मुख्य ध्यान राष्ट्रिय सुरक्षालाई सुदृढ गर्नेतर्फ केन्द्रित भएको सन्दर्भमा व्यापारलाई सहज बनाउने उद्देश्यले अघि सारिएको दोहा विकास एजेन्डा अहिले केही ओझेलमा पर्न पुगेको देखिन्छ । अहिले व्यापार र सुरक्षालाई सँगसँगै लिएर अघि बढ्नुपर्ने चुनौती सङ्गठनका सदस्यहरूलाई छ। यसबाट पनि दोहा विकास वार्तालाई चाँडै निष्कर्षमा पुऱ्याउन केही विलम्ब भएको देखिन्छ ।

**दोहा विकास एजेन्डाका मुख्य विशेषताहरू**

- **बहुपक्षीय व्यापार प्रणालीमा विकासशील र कम विकसित सदस्य राष्ट्रका आवश्यकता र हितका विषयलाई सम्बोधन गर्ने ।**
- **कमजोर, साना र जोखिमयुक्त आर्थिक अवस्था भएका सदस्य राष्ट्रहरूलाई बहुपक्षीय व्यापार प्रणालीमा लाभदायक र अर्थपूर्ण हुने गरी एकीकरण गर्ने ।**
- **विकासशील र कम विकसित सदस्य राष्ट्रका उत्पादनलाई विकसित मुलुकका बजारमा भन्सार तथा कोटारहित पहुँच सुविधा दिई निर्यातलाई सहज बनाउने ।**
- **विकासशील र कम विकसित सदस्य राष्ट्रका हितलाई ध्यानमा राखी व्यापार नियमहरू सरल, स्पष्ट र सन्तुलित बनाउने ।**
- **विशेष तथा भिन्न व्यवहारसम्बन्धी प्रावधानहरूलाई बढी स्पष्ट, बाध्यकारी र कार्यान्वयनयोग्य बनाउने ।**
- **अति कम विकसित राष्ट्रहरूको व्यापार क्षमता विकासका लागि प्राविधिक सहायतामा वृद्धि गर्ने ।**
- **कम विकसित देशहरूले भन्सारका दरहरू क्रमश: घटाउँदै जाने र व्यापार उदारीकरणका लागि थप प्रतिबद्धताहरू अनिवार्य रूपमा लागू गर्नु नपर्ने ।**
- **विकसित देशहरूले अभ्यासमा ल्याइरहेको अन्तर्राष्ट्रिय व्यापारलाई विचलन गर्ने प्रकृतिका घरेलु उत्पादन अनुदान र निर्यात अनुदानहरू समयबद्धरूपमा घटाउने वा हटाउने ।**

### ७.२ व्यापार सहजीकरण

व्यापार सहजीकरण भन्नाले वस्तुहरूको आयात-निर्यातमा रहेका प्रक्रियाहरूलाई सरलीकरण, एकीकरण, स्तरीकरण र आधुनिकीकरण गर्दै वैदेशिक व्यापारलाई सरल, सहज र लागत किफायती ढङ्गले सञ्चालन गर्ने कुरालाई बुझिन्छ। विश्व व्यापार सङ्गठनले यसलाई व्यापारका प्रक्रियाहरूमा सरलीकरण र एकरूपताको अर्थमा परिभाषित गरेको छ। यसअन्तर्गत नीतिगत

सुधारदेखि प्रक्रियागत पारदर्शिता र सरलीकरण मात्र होइन सुदृढ पूर्वाधार संरचनाको निर्माण र पारवहन सहजीकरणसम्मका विस्तृत पक्षहरू आउँछन् जसले दुई देशबीच वस्तुहरूको आयात-निर्यातमा रहेका अवरोध र लागतलाई न्यून बनाउन सहयोग गर्छन् । विशेषगरी व्यापार-सहजीकरण गैरभन्सारजन्य अवरोध (Non-Tariff Barriers) लाई न्यूनीकरण र निराकरण गर्ने, आयात-निर्यातसित सम्बद्ध शुल्क र औपचारिकताहरू कम गर्ने, व्यापारसम्बद्ध ऐन-नियमको दक्षतासाथ कार्यान्वयन गर्ने, आयात-निर्यातसम्बन्धी प्रक्रियाहरूलाई पारदर्शी र औचित्यपूर्ण बनाउने कुरासित सम्बन्धित छ । विकासोन्मुख र अल्प विकसित राष्ट्रहरू आफ्नो इच्छा र तत्परताका बाबजूद विभिन्न राजनैतिक तथा सीमित आर्थिक स्रोतको कारण स्वतन्त्र रूपमा व्यापार सहजीकरणका उपायहरू लागू गर्न असमर्थ छन् । यसैले उनीहरूले व्यापारबाट अपेक्षित लाभ लिन नसकिरहेको कुरालाई मध्यनजर गरी उनीहरूलाई विश्व व्यापारमा राम्ररी एकीकरण हुनसक्ने स्थितिमा पुऱ्याउन विकसित राष्ट्रले नीतिगत सुधार र प्रक्रियात्मक एकरूपता कायम गर्नेदेखि पूर्वाधारनिर्माणसम्म आवश्यक सहयोग उपलब्ध गराउनुपर्दछ भन्ने दृष्टिकोणबाट विश्व व्यापार सङ्गठनभित्र यौटा नयाँ र ज्वलन्त मुद्दाको रूपमा यो विषयले प्रवेश पाएको हो । व्यापार सहजीकरण यस्तो क्षेत्र हो जसले एक पटक लगानी गरेपछि वर्षौंसम्म प्रतिफल दिइरहन्छ र व्यापारको कारोवार लागत घटाउन मद्दत पुऱ्याउँछ । खासगरी विकासोन्मुख र अल्प विकसित राष्ट्र र त्यसमा पनि भूपरिवेष्टित राष्ट्रको व्यापारलाई प्रतिस्पर्धी बनाउन यो अत्यन्त उपयोगी र महत्त्वपूर्ण रहेको छ ।

विश्व व्यापार सङ्गठनको इतिहासमा सर्वप्रथम सन् १९९६ मा सिङ्गापुरमा भएको पहिलो मन्त्रिस्तरीय सम्मेलनले व्यापार सहजीकरणको मुद्दालाई पहिचान गरेको थियो । सम्मेलनले 'सिङ्गापुर मुद्दा' अन्तर्गत विभिन्न ४ वटा विषय पहिचान गरेकोमा चौथो महत्त्वपूर्ण मुद्दा व्यापार सहजीकरण थियो । सम्मेलनले विकासोन्मुख र खासगरी अति कम विकसित देशमा पारवनको क्रममा रहेका वस्तुलगायत आयात-निर्यात हुने सबै खाले वस्तुको आवागमन, छुटकारा र जाँचपास प्रक्रियालाई शीघ्र र सरल बनाउन उनीहरूलाई प्राविधिक सहायता उपलब्ध गराउनुपर्ने र क्षमता वृद्धि गर्नुपर्ने खाँचो औंल्याएको थियो । यस क्रममा सन् २००१ को दोहामा भएको चौथो मन्त्रिस्तरीय सम्मेलनले व्यापार सहजीकरणलाई दोहा विकास एजेन्डाअन्तर्गत समावेश गरी यस सम्बन्धमा नयाँ सम्झौता वार्ता प्रारम्भ गर्ने निर्णय गऱ्यो । तर विकसित र विकासोन्मुख सदस्यहरूबीच एक मत हुननसक्दा क्यानकुनमा आयोजित पाँचौ मन्त्रिस्तरीय सम्मेलनले यस विषयमा कुनै निर्णय गर्न सकेन । पछि सन् २००४ को अगष्टमा साधारण परिषद्बाट विकासोन्मुख र अल्प विकसित राष्ट्रसम्बद्ध दोहा कार्यसूचीमा समावेश भएका कतिपय महत्त्वपूर्ण विषयमा छलफल अघि बढाउने निर्णय (जसलाई जुलाई प्याकेजका रूपमा चिनिन्छ) भएपछि यस विषयमा रहेको गत्यावरोधलाई तोड्ने कार्य भयो ।

फलतः यो एउटा मात्र यस्तो सिङ्गापुर मुद्दा हो जसलाई अनेक विवादका बाबजूद दोहा विकास एजेन्डा अन्तर्गत एउटा अभिन्न अङ्ग (Part of Single Undertaking) को रूपमा वार्ता अघि बढाउन सदस्य देशहरूबीच सहमति भएको छ। सन् १९९७ देखि सन् २००३ सम्म व्यापार सहजीकरणको विषय विश्व व्यापार सङ्गठनको वस्तु व्यापारसम्बन्धी परिषद्ले हेर्दथ्यो भने अहिले यो दोहा विकास एजेन्डा अन्तर्गत छलफलको विषय बन्न पुगेको छ।

विश्व व्यापार सङ्गठनअन्तर्गत व्यापार सहजीकरणसम्बन्धी कुनै छुट्टै सम्झौता छैन। खासगरी भन्सार महसुल तथा व्यापारसम्बन्धी सम्झौता, १९९४ को धारा ५ (पारवहनको स्वतन्त्रता), धारा ८ (शुल्क तथा औपचारिकताहरू) र धारा १० (व्यापार नियमहरूको प्रकाशन र प्रशासन) व्यापार सहजीकरणसित सम्बद्ध छन्। तसर्थ, दोहा मन्त्रिस्तरीय निर्णयले पनि यिनै तीनवटा धाराअन्तर्गतका प्रावधानहरूमा समसामयिक सुधार र परिमार्जन गरी विकासोन्मुख र अल्प विकसित राष्ट्रहरूको व्यापार सहजीकरणका मुद्दालाई सम्बोधन गर्न निर्देशन गरेको छ। तदनुरूप दोहा विकास एजेन्डाभित्र यिनै विषयहरूमा छलफल भइरहेको छ र धेरैजसो विषयमा समझदारी पनि बनेको छ। तर दोहा विकास एजेन्डाअन्तर्गतका सबै विषयमा सदस्यराष्ट्रहरूबीच सहमति नभएसम्म कुनै पनि सम्झौता कार्यान्वयनमा आउन नसक्ने प्रावधानबमोजिम व्यापार सहजीकरणको विषयमा सहमति भएका विषयहरू पनि कहिलेबाट कार्यान्वयनमा आउने हुन् अहिले भन्नसकिने स्थिति छैन।

### ७.३ व्यापार र वातावरण (Trade and Environment)

वातावरण संरक्षण आज विश्वव्यापी सरोकारको विषय हो। दिगो विकासको कुरा गर्दा वातावरण संरक्षण पहिलो शर्तको रूपमा रहेको पाइन्छ। विश्व व्यापार सङ्गठनका विभिन्न नियम तथा सम्झौताहरूमा वातावरण यौटा अन्तर-सम्बन्धित (Cross Cutting) मुद्दाका रूपमा रहेको छ। व्यापारसम्बन्धी नीति तथा उपायहरूले वातावरण संरक्षणलाई र वातावरण संरक्षणसम्बन्धी नीति तथा व्यवस्थाले व्यापारलाई प्रभावित गर्न सक्ने भएको हुँदा व्यापार र वातावरण संरक्षण एक अर्काबाट प्रभावित हुने विषय हुन्। व्यापार र वातावरण संरक्षणबीचको पारस्परिक सम्बन्धबारे विश्वस्तरमा सन् १९७० को प्रारम्भमै पहिचान भए पनि उरुग्वे चरणको वार्तामा आई नपुग्दासम्म बहुपक्षीय व्यापारमा यो विषयले खासै प्राथमिकता पाउन सकेको थिएन। व्यापारसम्बद्ध वातावरणीय विषयहरूले उरुग्वे चरणको वार्तामा आएर मात्र विस्तारमा सदस्य देशहरूको ध्यान खिच्न सफल भए। फलतः यो चरणको वार्तामा यस विषयलाई गम्भीरतासाथ केलाउने कार्य भयो। फलतः विश्व व्यापार सङ्गठनस्थापनासम्बन्धी माराकेश सम्झौताको प्रस्तावनामा पनि व्यापारको विकासको लागि विश्वको स्रोत साधनको उपयोग गर्दा दिगो विकासको उद्देश्यलाई ध्यानमा राखी वातावरणलाई जोगाउने र संरक्षण गर्ने विषयलाई पनि सदस्यहरूले आत्मसात गर्नुपर्ने कुरालाई समेटियो। तत्कालीन ग्याटअन्तर्गत सन् १९९४ को

अप्रिलमा व्यापार र विकाससम्बन्धमा यौटा मन्त्रिस्तरीय निर्णयलाई अनुमोदन गरियो जसले व्यापार र वातावरणसम्बन्धी समिति (Committee on Trade and Environment : CTE) स्थापना गर्ने लगायतका विषयलाई समेटेको थियो ।

यद्यपि विश्व व्यापार सङ्गठन अन्तर्गत वातावरण र विकाससम्बन्धी कुनै छुट्टै सम्झौता छैन तर ग्याट, १९९४ का विभिन्न धारा तथा कतिपय अन्य सम्झौता वातावरणीय पक्षसित प्रत्यक्ष सरोकार राख्दछन् । खासगरी ग्याटको धारा १ र ३ मा व्यवस्था भएको भेदभावपूर्ण व्यवहार गर्न नपाइनेसम्बन्धी प्रावधान, धारा ११ मा रहेको परिमाणात्मक बन्देजलाई उन्मूलन गर्ने सम्बन्धी प्रावधान, धारा २० मा रहेको सामान्य अपवादहरूसम्बन्धी प्रावधान र ग्याट्सको धारा १४ मा रहेको सामान्य अपवादसम्बन्धी प्रावधानहरूले व्यापार र वातावरणबीचको सम्बन्धमा विभिन्न व्यवस्थाहरू गरेका छन् । साथै, विश्व व्यापार सङ्गठनअन्तर्गतका व्यापारका प्राविधिक अवरोधसम्बन्धी सम्झौता, मानव, पशु तथा वनस्पति स्वास्थ्यसम्बन्धी सम्झौता, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौता र कृषिसम्बन्धी सम्झौताले पनि केही वातावरणीय विषयहरूलाई समेटेका छन् । यस्तै वातावरण र विकाससम्बन्धी एवं सेवा व्यापार र वातावरणसम्बन्धी दुईवटा मन्त्रिस्तरीय सम्मेलनले पनि वातावरण र व्यापारको सम्बन्धलाई निर्देशित गरेका छन् ।

अहिले विश्व व्यापार सङ्गठनअन्तर्गतको व्यापार र वातावरणसम्बन्धी समिति (CTE) ले व्यापारसम्बद्ध वातावरणीय विषयलाई विश्लेषण गर्ने कार्य गर्दछ । यसमा सङ्गठनका सबै सदस्य राष्ट्रहरू र वातावरणको क्षेत्रमा विश्वस्तरमा काम गर्ने केही अन्तर-सरकारी सङ्गठनहरू र पर्यवेक्षकहरू रहन्छन् । सन् १९९५ बाट यसले कार्य प्रारम्भ गरेको हो र यसको बैठक वर्षमा सामान्यतः तीन पटक बस्ने गरेको छ । व्यापार प्रवर्द्धनका उपायहरू र वातावरण संरक्षणका उपायहरूबीचको अन्तर-सम्बन्धलाई पत्ता लगाउने, वातावरणीय संरक्षणका लागि अङ्गीकार गरिएका उपायहरूबाट व्यापारमा शिथिलता र अवरोध सिर्जना हुन नदिने र विश्व व्यापारको प्रवर्द्धनबाट वातावरणमा कमभन्दा कम असर सिर्जना गरी दिगो विकासलाई सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक मापदण्ड तथा प्रक्रियाहरू निर्धारण गर्न सदस्य देशहरूलाई सहायता पुऱ्याउनु यसको प्रमुख कार्य हो । साथै, मौजूदा बहुपक्षीय व्यापार प्रणालीका प्रावधानहरूमा वातावरणीय संरक्षणका दृष्टिले केही सुधार वा परिर्वतन आवश्यक भए साधारण परिषद्समक्ष सुझाव पेश गर्नु पनि यसको एउटा प्रमुख कार्य हो । विश्व व्यापार सङ्गठनमा हुने व्यापार र वातावरण संरक्षणसम्बन्धी छलफल मूलतः चारवटा सीमाभित्र रहेर हुने गरेको छ । ती हुन्- विश्व व्यापार सङ्गठन वातावरण संरक्षण गर्ने निकाय होइन, ग्याट र विश्व व्यापार सङ्गठनका नियमहरूले सदस्यहरूलाई राष्ट्रिय सुरक्षा नीतिहरू अवलम्बन गर्न पर्याप्त स्थान दिएका छन्, विकसित राष्ट्रहरूले विकासोन्मुख र अति कम विकसित राष्ट्रका

लागि बजार पहुँचको बढ्दो सुविधा दिनुपर्ने र व्यापार र वातावरणका मुद्दाहरूबीच समन्वय सुदृढ हुनुपर्ने । संक्षेपमा भन्नुपर्दा एकातिर सदस्य राष्ट्रहरूबाट वातावरण संरक्षणको नाममा जटिल र प्रक्रियामुखी उपायहरूको अवलम्बन भई विश्व व्यापारमा शिथिलता नआओस् भन्ने र अर्कोतिर वातावरणीय पक्षलाई पूरै बेवास्ता गरी व्यापारको मात्र विस्तार गर्ने एकाङ्गी दृष्टिले नीति, नियम र प्रक्रियाहरू बनाउने र खुकुलो रूपमा लागू गर्ने कार्य पनि नहोस् भन्ने दृष्टिकोणबाट यो अवधारणा निर्देशित भएको पाइन्छ । व्यापारको विकास र वातावरणको संरक्षण दुई पक्षबीच सन्तुलन र समन्वय मिलाई अघि बढ्ने कुरामा यसले जोड दिन्छ ।

विकास र वातावरण दोहा विकास एजेन्डाले पनि समेटेको एउटा महत्त्वपूर्ण विषय हो । दोहा मन्त्रिस्तरीय सम्मेलनले वातावरणसित सरोकार राख्ने बहुपक्षीय सम्झौताहरू (MEA) मा वार्ता अघि बढाउने सहमति व्यक्त गरेको थियो । दोहा मन्त्रिस्तरीय सम्मेलनले खासगरी वातावरणका तीनवटा पक्षमा छलफल अघि बढाउन व्यापार र वातावरण समितिलाई निर्देश गरेको थियो । ती हुन्- वातावरण संरक्षणसम्बन्धी उपायहरूले बजार पहुँचमा पार्ने प्रभावहरू, व्यापारसम्बद्ध बौद्धिक सम्पत्तिको अधिकारसम्बन्धी सम्झौताका वातावरणसित सरोकार राख्ने विषयहरू जस्तै जैविक विविधताको संरक्षण, वातावरणीय प्रयोजनका लागि निर्यात हुने वस्तुमा प्रयोग गरिने लेबलसम्बन्धी । त्यसैगरी वातावरण संरक्षणमा बल पु¥याउन वातावरणीय वस्तु तथा सेवाको व्यापारमा भन्सार महसुल हटाउने वा कम गर्ने तथा गैर भन्सारजन्य अवरोधहरूलाई न्यूनीकरण गर्ने सम्बन्धमा पनि छलफल गर्न कार्यादेश दिइएको थियो । यी विषयहरूमा व्यापार र वातावरणसम्बन्धी समितिको विशेष सत्र (CTESS) मा छलफल हुने गरेका छन् ।

### ७.४ क्षेत्रीय व्यापार सम्झौता (Regional Trade Agreements: RTAs)

विश्व व्यापार सङ्गठनले दुई वा दुईभन्दा बढी सदस्य राष्ट्रहरूबीच व्यापार तथा आर्थिक सहयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले व्यापारमा रहेका भन्सार तथा गैर भन्सारजन्य अवरोधहरूलाई पारस्परिक सहमतिमा हटाउने वा न्यून गर्ने उद्देश्यले गरिने व्यापार सम्झौतालाई क्षेत्रीय व्यापार सम्झौताका रूपमा परिभाषित गरेको छ । यस्तो क्षेत्रीय सम्झौता विगतमा सामान्यतः एउटै भौगोलिक क्षेत्रभित्रका राष्ट्रहरूबीच व्यापारमा सहुलियतपूर्ण व्यवस्थाहरू लागू गर्ने उद्देश्यले हुने गरेको भए पनि हाल विभिन्न क्षेत्रमा पर्ने राष्ट्रहरूबीच पनि व्यापार र आर्थिक सहयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले अन्तर-क्षेत्रीयस्तरमा पनि यस्ता सम्झौता हुने गरेका छन् । क्षेत्रीय व्यापार सम्झौताको सिद्धान्तअनुसार सम्झौताका पक्ष राष्ट्रहरूले एक अर्कालाई व्यापारिक कारोबारमा विभिन्न छूट तथा सहुलियत प्रदान गर्ने गरी सौविध्यपूर्ण व्यवहार गर्दछन् जबकि सम्झौताका पक्ष नरहेका बाँकी अन्य राष्ट्रहरूलाई यस्तो सहुलियत तथा छूट दिइँदैन । क्षेत्रीय व्यापार सम्झौताहरूमध्ये केहीले वस्तु तथा सेवा दुवै क्षेत्रलाई समेटेका छन्

भने धेरैजसोले चाहिँ वस्तु व्यापारलाई मात्र समेटेका देखिन्छन् ।

अहिले अन्तर्राष्ट्रिय व्यापारका क्षेत्रमा एउटा मुख्य विशेषताको रूपमा क्षेत्रीय व्यापार सम्झौताको लहर नै चलेको छ । European Union, NAFTA, SAFTA, ASEAN, MERCOSUR, COMESA आदि यसका केही उदाहरण हुन् । खासगरी सन् १९९० देखि क्षेत्रीय व्यापार सम्झौताको उपक्रम शुरु भएकोमा विश्व व्यापार सङ्गठनको स्थापनापछि यसले झन् गति लिएको देखिन्छ । सन् २०१२ को जनवरीसम्म संसारमा ५११ वटा विभिन्न किसिमका क्षेत्रीय व्यापार सम्झौता सम्पन्न भएको र तीमध्ये ३१९ वटा हाल कार्यान्वयनमा रहेको कुरा विश्व व्यापार सङ्गठनको जानकारीमा छ । पछिल्ला वर्षहरूमा बहुचर्चित दोहा विकास एजेन्डामा सहमति हुन नसक्दा क्षेत्रीयस्तरमा व्यापार तथा लगानी प्रवर्द्धन गर्न यस किसिमका सम्झौताहरू गर्न सङ्गठनका सदस्य देशहरूले रुचि लिएको देखिन्छ ।

विभिन्न स्तरमा हुने क्षेत्रीय व्यापार सम्झौताले बहुपक्षीय व्यापार प्रणालीलाई संवर्द्धन गर्न सहयोगी भूमिका निर्वाह गर्छ वा अवरोध पुऱ्याउँछ भन्ने बारेमा एउटै मत पाइन्न । विभिन्न स्तरमा विभिन्न शर्त र सहुलियत तोकेर गरिने यस प्रकारका क्षेत्रीय सम्झौताहरूले विश्व व्यापारमा अन्यौल र थप जटिलताहरू सिर्जना गरेको भनी केहीले यसलाई Spaghetti bowl वा Noodle bowl effect को रूपमा चर्चा गर्दै क्षेत्रीय व्यापारलाई बहुपक्षीय व्यापार प्रणालीको अवरोधक तत्त्व (Stumbling Block) का रूपमा लिएका छन् । तर अर्कोतिर केही विश्लेषकहरूको विचारमा क्षेत्रीय व्यापार प्रणालीले बहुपक्षीय व्यापार प्रणालीलाई कमजोर होइन बलियो नै बनाउने काम गर्ने हुँदा यो बहुपक्षीय व्यापार प्रणालीको परिपूरक वा सहयोगी तत्त्व (Building Bloc) हो भन्ने भनाइ पाइन्छ । हुन पनि क्षेत्रीय सम्झौताहरूले एउटा निश्चित क्षेत्र/भूगोलभित्र सदस्य राष्ट्रहरूबीच आर्थिक एकीकरण बढाउन, सदस्य देशहरूबीच हुने व्यापारमा लगाई आएको भन्सार महसुल र अन्य गैर भन्सार अवरोधहरूलाई घटाई व्यापारलाई सहज र स्वतन्त्र रूपमा सञ्चालन गर्न सहयोगी भूमिका खेल्दछ । तर यस्तो क्षेत्रीय व्यापार सम्झौता सम्पन्न गर्दा सो सम्झौता बाहिरका सदस्यहरूलाई उनीहरूले पहिलादेखि उपभोग गर्दै आएको सुविधा घट्ने गरी वा सम्झौता हुनुपूर्व भन्दा बढी उनीहरूको व्यापारलाई नियन्त्रणात्मक बनाउने गरी शर्तहरू थोपर्न चाहिँ पाइन्न । सामान्यतः क्षेत्रीय व्यापार सम्झौता बहुपक्षीय व्यापार सम्झौताका शर्तहरूभन्दा बाहिर गएर गर्न पाइन्न । अर्थात् बहुपक्षीय व्यापार सम्झौताले प्रदान गरेका सुविधाभन्दा कम सुविधा उपयोग गर्न पाउने हिसाबले यस्तो सम्झौता गरिँदैन । यसैले बहुपक्षीय व्यापार सम्झौताका शर्तहरूको अधीनमा रही गरिने क्षेत्रीय व्यापार सम्झौतालाई विश्व व्यापार सङ्गठनका सम्झौताहरूले पनि छूट नै दिएका छन् । वस्तु व्यापारसम्बन्धी सम्झौता (ग्याट), १९९४ को धारा २४ र सेवा व्यापारसम्बन्धी सम्झौता (ग्याट्स), १९९४ को धारा ५ ले पारस्परिक सहमतिका आधारमा

व्यापारका मुख्य क्षेत्रहरू (Substantial Sector) लाई समेट्ने गरी भन्सार दर कटौती तथा अन्य सहुलियत दिने गरी सम्झौता गर्न सकिने कुरालाई छूट दिएको देखिन्छ । यद्यपि यस प्रकारको सम्झौता सम्पन्न गर्दा सङ्गठनको सिद्धान्तअनुकूल हुने गरी गर्नुपर्ने र सोको जानकारी सङ्गठनलाई दिनुपर्ने प्रावधानचाहिँ ती धाराहरूमा उल्लेख भएको पाइन्छ ।

क्षेत्रीय व्यापार सम्झौताका पनि विभिन्न पाँच तहहरू छन् । यिनमा सबैभन्दा तल्लो प्राथमिकतापूर्ण व्यापार क्षेत्र (Preferential Trading Area : PTA) हो भने त्यसपछिका अन्य तहहरूमा क्रमशः स्वतन्त्र व्यापार क्षेत्र (Free Trade Area : FTA), भन्सार युनियन (Customs Union : CU), साझा बजार (Common Market : CM) र आर्थिक संघ (Economic Union : EU) हुन् । यिनमा जति जति माथिको तहमा गइन्छ त्यति त्यति आर्थिक एकीकरणको सघनता गहिरो हुँदै जान्छ । आर्थिक एकीकरणको उच्च र सघन रूप आर्थिक संघको तहमा देख्न पाइन्छ । किनकि यो तहमा पुगेपछि सदस्यदेशहरूबीच वस्तु तथा सेवा र उत्पादनका साधनहरूको स्वतन्त्र आवागमन मात्र होइन सदस्य देशहरूको राष्ट्रिय आर्थिक नीतिहरू र कर प्रणालीमा समेत एकरूपता रहन्छ । त्यति मात्र नभएर सदस्य देशहरूबीचमा एउटै साझा मुद्राको प्रचलन हुने गर्दछ । यसको उदाहरण हो युरोपियन युनियन ।

विश्व व्यापार सङ्गठनको संरचनाभित्र क्षेत्रीय व्यापारका विषयहरूलाई हेर्न यौटा छुट्टै समिति नै गठन भएको छ । सन् १९९६ को फेब्रुअरी ६ मा स्थापित क्षेत्रीय व्यापार सम्झौता समिति नामको यो समिति सङ्गठनको साधारण परिषद् अन्तर्गत क्रियाशील छ । समितिले क्षेत्रीय व्यापार सम्झौताहरूको मूल्याङ्कन गर्ने, सम्पन्न सम्झौताहरू सङ्गठनको सिद्धान्त र सम्झौताहरू अनुकूल छन्, छैनन् विश्लेषण गर्ने र क्षेत्रीय व्यापार सम्झौताले बहुपक्षीय व्यापारलाई के कस्तो असर पार्छ अध्ययन गर्नुका साथै यी दुईबीच के कस्तो सम्बन्ध हुनसक्छ भन्ने लगायतका विषयमा विश्लेषण गर्ने कार्य गर्दछ । क्षेत्रीय व्यापारसम्बन्धी सूचना तथा तथ्यहरू सङ्कलन गरी प्रकाशन गर्ने कार्य पनि यसले गर्दछ । क्षेत्रीय व्यापार सम्झौताको तीव्र विस्तारको सन्दर्भमा यसलाई व्यवस्थित, पारदर्शी र बहुपक्षीय व्यापार प्रणालीको सहयोगी हुने ढङ्गले अघि बढाउन विभिन्न पक्षमा सुधार गर्नुपर्ने कुरा अहिले विश्व व्यापार सङ्गठनभित्र बहसको विषय बनेको छ । दोहा विकास एजेन्डाभित्रको एउटा महत्त्वपूर्ण विषय क्षेत्रीय व्यापार सम्झौता पनि हो ।

# परिच्छेद-८

# विविध

## ८.१ नेपालले बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन आगामी दिनमा चाल्नुपर्ने कदमहरू

बहुपक्षीय व्यापार प्रणालीबाट सिर्जित चुनौतीहरूलाई न्यून गर्दै उपलब्ध अवसरहरूको अधिकतम उपयोगका लागि आन्तरिक र बाह्य दुवै स्तरमा विभिन्न पहलहरू हुनु आवश्यक छ । यसको लागि सरकार एक्लैको मात्र प्रयास पर्याप्त हुँदैन । विश्व व्यापार सङ्गठनको सदस्यताबाट मुलुकको अर्थतन्त्रमा सकारात्मक परिणामहरू भित्र्याउन, आम्दानी, रोजगारी र निर्यात व्यापारका क्षेत्रमा अनुकूल अवसरहरू सिर्जना गर्न सरकार, निजी क्षेत्र, स्थानीय निकाय, नागरिक समाज तथा विकासका बाह्य साझेदारहरू सबैको उत्तिकै महत्त्वपूर्ण भूमिका हुन्छ । यी सबै निकायहरूको सक्रियता र रचनात्मक सहकार्यले मात्र सङ्गठनको सदस्यताबाट मुलुकले लिन खोजेको वाञ्छित प्रतिफल पाउन सक्छ । यस सन्दर्भमा उल्लिखित सबै क्षेत्रले निर्वाह गर्नुपर्ने भूमिकालाई संक्षेपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :-

### (क) **सरकारी क्षेत्रको भूमिका**

मुलुकको वाणिज्य क्षेत्रको समग्र विकासमा सरकारी क्षेत्रको भूमिका सबैभन्दा महत्त्वपूर्ण रहेको हुन्छ । खासगरी बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिने सन्दर्भमा सरकारले निर्वाह गर्नुपर्ने मुख्य भूमिकालाई देहायबमोजिम औँल्याउन सकिन्छ-

- व्यापारलाई राष्ट्रिय तथा क्षेत्रगत विकासका नीतिहरूमा मूलप्रवाहीकरण गरी राष्ट्रिय आर्थिक विकासको महत्त्वपूर्ण संवाहकका रूपमा स्थापित गर्ने ।
- व्यापार सहजीकरणको लागि आवश्यक नीति, ऐन तथा नियमहरू विश्व व्यापार सङ्गठनको सम्झौता अनुकूल हुने गरी समयबद्ध रूपमा तर्जुमा, संशोधन वा परिमार्जन गरी कार्यान्वयनमा ल्याउने ।
- विश्व व्यापार सङ्गठनमा गरिएका प्रतिबद्धताहरूलाई सम्बन्धित सबै निकायसँग समन्वय गरी निर्धारित समयसीमाभित्रै पूरा गर्ने ।
- आपूर्तिजन्य अवरोधहरूलाई निराकरण गर्न व्यापार पूर्वाधार संरचनाहरूको विकासमा लगानी प्रवाहित गर्ने । पारवहन सुविधालाई थप सरल, सुरक्षित र सुनिश्चित तुल्याउने ।
- निकासी हुने वस्तुको गुणस्तर प्रमाणीकरणका लागि आवश्यक ऐन तर्जुमा गरी

कार्यान्वयनमा ल्याउने । मुलुकभित्र अन्तर्राष्ट्रिय स्तरको प्रयोगशालाहरूको निर्माण तथा मौजूदा प्रयोगशालाहरूको स्तरोन्नति गरी प्रमाणीकरणसम्बन्धी कार्यलाई सहज बनाउने ।

- स्वदेशी उद्योगहरूलाई विदेशी उद्योगको अस्वच्छ आर्थिक कारोबारबाट हुनसक्ने हानिनोक्सानीबाट संरक्षण प्रदान गर्न एन्टिडम्पिङ्ग, काउन्टरभेलिङ्ग तथा सेफगार्डजस्ता विषयका ऐनहरू यथाशीघ्र तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- लगानी तथा व्यवसायमैत्री वातावरणको निर्माणको लागि आवश्यक नीति तथा ऐन जारी गर्ने र औद्योगिक शान्ति र सुरक्षाको सुनिश्चितता गर्ने ।
- आर्थिक उदारीकरणसँगसँगै बजारमा देखापर्ने बजार विकृतिहरूलाई नियन्त्रण गर्न सरकारको नियामक क्षमतालाई सुदृढ तुल्याउने ।
- विदेशी पूँजी तथा प्रविधि हस्तान्तरणलाई उच्च रूपमा प्रवर्द्धन गर्न यससम्बन्धी नीति तथा ऐनलाई समसामयिक बनाउने ।
- व्यापारको लागि प्राप्त हुने सहयोग (Aid for Trade) को परिचालनलाई थप प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाउने ।
- विभिन्न तहमा हुने व्यापार सम्झौता वार्ताबाट अधिकतम लाभ लिन सरकारी तथा निजी क्षेत्रको सम्झौता वार्ता क्षमता र सीप बढाउने ।
- विभिन्न स्तरका अध्ययन, नीति तथा रणनीतिमार्फत पहिचान भएका प्रतिस्पर्धात्मक र तुलनात्मक लाभ भएका वस्तु, सेवा र क्षेत्रहरूको प्रवर्द्धनमा जोड दिने र त्यस किसिमका अध्ययनहरूलाई जारी राख्ने ।
- नयाँ निर्यात बजार पहिचान गरी वस्तु तथा सेवाको निर्यात विविधीकरणमा जोड दिने ।
- व्यापारसम्बन्धी विषयमा सरकारी तथा निजीक्षेत्रका सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- विश्व व्यापार सङ्गठनका सम्झौताहरूले अति कम विकसित मुलुकहरूलाई उपलब्ध गराएको विभिन्न सहुलियत तथा छूटसम्बन्धी व्यवस्थाहरू अध्ययन गरी तिनको अधिकतम सदुपयोग गर्ने ।
- विप्रेषण आयलाई उत्पादनमूलक उद्योगहरूमा लगानी गर्न आवश्यक नीति, रणनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- व्यापार कूटनीतिलाई आर्थिक कूटनीतिको एउटा महत्त्वपूर्ण अङ्गको रूपमा विकास र परिचालन गर्ने । विदेशस्थित नियोगहरूलाई Trade Intelligence का रूपमा परिचालन गरी व्यापार प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

**(ख) निजी क्षेत्रको भूमिका :**

खुला र उदार अर्थव्यवस्था अन्तर्गत आर्थिक क्रियाकलापको सञ्चालन र प्रवर्द्धनमा निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । आफ्नो उत्पादनको गुणस्तर एवं प्रतिस्पर्धी क्षमतालाई उच्च बनाउँदै अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहिचान स्थापित र सुरक्षित गराउने प्रमुख जिम्मेवारी निजी क्षेत्रकै हो । यस क्रममा विश्व व्यापार प्रणालीबाट अधिकतम लाभ लिने सन्दर्भमा निजी क्षेत्रले खेल्नुपर्ने भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

- उत्पादनको गुणस्तरीयताका निमित्त आवश्यक प्रविधि, भौतिक संरचना तथा स्तरयुक्त उत्पादन प्रक्रिया र तौर तरिका अवलम्बन गर्ने ।
- नेपालमा उत्पादित निर्यातयोग्य वस्तुहरूको बजार विस्तारका लागि सूचना आदान प्रदान, अध्ययन अनुसन्धान गर्ने र सरकारसँग सहकार्य गर्ने ।
- प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्न अनुसन्धान र विकास (R&D) मा लगानी वृद्धि गर्ने ।
- आफ्नो उद्योग व्यवसायको प्रवर्द्धन, स्तरोन्नति, प्रतिस्पर्धी क्षमता विकासको लागि व्यावसायिताको विकास गर्ने । यसको लागि व्यवस्थापनका नयाँ र व्यावहारिक अवधारणाहरू अवलम्बन गर्ने, व्यवसायमा मूल्य अभिवृद्धिको लागि कर्मचारीको क्षमता विकास, कार्य वातावरण सबल बनाउने लगायतका कार्य गर्ने ।
- व्यवसायको अभिन्न अङ्गको रूपमा सामाजिक उत्तरदायित्वको परिपालना गर्ने ।
- सरकार र नागरिक समाजसँग समझदारी कायम गरी राष्ट्रिय नीति निर्माणमा आवश्यक राय सुझाव उपलब्ध गराउने ।
- सरकारसित लागत साझेदारीमा व्यापार क्षेत्रको विकासका निम्ति कार्यक्रमहरू सञ्चालन गर्ने ।
- व्यवसाय सञ्चालन गर्दा क्षणिक मुनाफाभन्दा पनि बढी मूल्य अभिवृद्धि हुने, अग्र र पृष्ठ सम्बन्ध कायम हुने, दिगो रूपमा सञ्चालन गर्न सकिने, रोजगारी सिर्जना, आर्थिक वृद्धि र वातावरण संरक्षणमा सकारात्मक लाभ पुग्ने कुरा लाई दृष्टिगत गरी गर्ने । त्यसको लागि आवश्यक व्यावसायिक रणनीति तर्जुमा गरी अघि बढ्ने ।
- विद्यमान सरकारी नीति, ऐन, योजना र कार्यक्रमको परिधिभित्र रही आफ्नो व्यावसायिक उत्पादन, बजारीकरण लगायतका व्यावसायिक र लगानीका कार्य गर्ने ।
- राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा मान्य सिद्धान्त र प्रणालीअनुरूप स्वच्छ र मर्यादित रूपमा व्यवसाय सञ्चालन गर्न प्रयत्नशील रहने ।
- व्यापारको दायरा बढाउन र निर्यात विविधीकरण गर्न व्यवसायीहरूबीच अन्तर्राष्ट्रिय व्यापार कानून तथा प्रक्रियाहरूबारेमा सही जानकारी र सूचना आदान प्रदान गर्ने ।

**(ग) स्थानीय निकायको भूमिका**

स्थानीय निकाय जनस्तरमा विकास निर्माणका क्रियाकलापहरू सञ्चालन गर्ने र विकास प्रक्रियामा जनसहभागिता परिचालन गर्ने महत्त्वपूर्ण संयन्त्र हुन् । यद्यपि नेपालको सन्दर्भमा हालसम्म बहुपक्षीय व्यापार प्रणालीमा स्थानीय निकायको भूमिकालाई लिएर खासै धेरै विश्लेषण हुन सकेको छैन । स्थानीय स्तरमा कृषि तथा गैर कृषि वस्तुको उत्पादनको प्रवर्द्धन, बजारीकरण, सानातिना व्यापार पूर्वाधार संरचनाको निर्माणमा स्थानीय निकायको ठोस भूमिका हुन्छ । तसर्थ, विश्व व्यापार प्रणालीबाट लाभ लिने सन्दर्भमा स्थानीय निकायको सक्रियता र संलग्नतालाई उच्च प्राथमिकतामा राख्नु जरुरी छ । यस क्रममा स्थानीय निकायहरूलाई बहुपक्षीय व्यापारको सम्बन्धमा सचेतना अभिवृद्धि गर्ने र यसबाट उत्पन्न हुने लाभ तथा चुनौतीको बारेमा जागरुक बनाउन पनि आवश्यक छ । बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिने सन्दर्भमा स्थानीय निकायले खेल्नसक्ने भूमिकालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ-

- स्थानीय उद्यमी, व्यवसायी र व्यापारिक समुदायलाई बहुपक्षीय व्यापार प्रणालीको सम्बन्धमा चेतना अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गर्ने । ग्रामीणतहसम्म विश्व व्यापार सङ्गठनसम्बन्धी विषयवस्तुमा जनचेतना वृद्धि गर्ने ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार-मागअनुरूप स्थानीय उत्पादनलाई प्रवर्द्धन र विविधीकरण गर्न प्रोत्साहित गर्ने ।
- स्थानीय उत्पादकहरूसँग सहकार्य गरी उत्पादित वस्तुको मूल्य शृंखला (Value Chain) लाई सुदृढ तुल्याउने ।
- स्थानीयस्तरमा व्यापारलाई सहजीकरण गर्न आवश्यक पूर्वाधार संरचनाहरूको निर्माण गर्ने ।
- वस्तुको गुणस्तर सुधार र उत्पादन वृद्धिका लागि निजीक्षेत्रसँग सहकार्य गरी आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- सम्भाव्य स्थानीय उत्पादनको निर्यात प्रवर्द्धनसम्बन्धमा सम्बद्ध सरकारी तथा निजी निकायसँग आवश्यक सम्पर्क, समन्वय तथा सहकार्य गरी सहज निकासीको वातावरण तयार गर्ने ।
- निर्यातको दृष्टिले महत्त्वपूर्ण स्थानीय विशिष्टताका वस्तुको पहिचान, प्रवर्द्धन र निकासी वृद्धिका लागि कार्य गर्ने ।
- वस्तु उत्पादन, प्रशोधन तथा निर्यातसम्बन्धमा राष्ट्रियस्तरमा गरिनुपर्ने कार्यहरूका लागि स्थानीयतहमा राय-सुझाव सङ्कलन गरी सम्बन्धित निकायमा पठाउने ।

### (घ) नागरिक समाजको भूमिका

आजभोलि आर्थिक तथा सामाजिक क्षेत्रमा नागरिक समाजको भूमिकालाई सार्वजनिक सहभागिताको नयाँ तर महत्त्वपूर्ण रूपमा लिइने गरिएको छ । खासगरी आम नागरिकसँग सरोकार राख्ने आर्थिक, सामाजिक मुद्दाहरूमा उनीहरूको संलग्नताले ती मुद्दाहरूलाई बढी व्यावहारिक, जनपक्षीय र लोककल्याणकारी बनाउन सहयोग पुग्ने हुँदा नागरिक समाजसितको सहकार्यलाई अहिले लोकतान्त्रिक शासन प्रणालीको एउटा महत्त्वपूर्ण विशेषताकै रूपमा स्वीकारिएको छ । यस क्रममा बहुपक्षीय व्यापार प्रणालीलाई जिम्मेवार, जनहितकारी तथा लाभदायी बनाउने सबालमा नागरिक समाजको भूमिकालाई पनि उच्च रूपमा आत्मसात गर्नुपर्ने हुन्छ । यसबाट बहुपक्षीय व्यापार प्रणालीमा आम नागरिकको सरोकार सिर्जना गर्न र यस प्रणालीको वैधता वृद्धि गर्न समेत सघाउ पुग्नसक्छ । यस पृष्ठभूमिमा  नागरिक समाजले खेल्नुपर्ने भूमिकालाई निम्न रूपमा उल्लेख गर्न सकिन्छ-

- विश्व व्यापार सङ्गठनका विभिन्न पक्षमा सचेतना वृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने । बहुपक्षीय व्यापार प्रणालीका सबल र दुर्बल पक्ष, अवसर तथा जोखिमको सम्बन्धमा तथ्यगत बहस, पैरवी र छलफल कार्यक्रम सञ्चालन गर्ने ।
- विश्व व्यापार सङ्गठनको सदस्यताबाट लाभ लिन तथा जोखिम कम गर्न सरकार तथा निजी क्षेत्रलाई सजग गराउने तथा रचनात्मक सुझावहरू दिने ।
- विश्व व्यापार सङ्गठनको सदस्यताबाट सिर्जित अवसरहरूलाई अधिकतम उपयोग गर्न सरकार, निजी क्षेत्र र दातृ निकायलाई घच्घच्याउने र आवश्यकतानुसार समन्वयकर्ताको भूमिका खेल्ने ।
- नेपालले सङ्गठनको सदस्यता लिँदा प्रतिबद्धता व्यक्त गरेबमोजिम आवश्यक कानून तर्जुमा र संशोधन गर्नको लागि सरकारलाई आवश्यक सुझाव, सूचना र पृष्ठपोषण प्रदान गर्ने ।
- विश्व व्यापार प्रणालीमा आएका नयाँ अवधारणा तथा प्रणाली सम्बन्धमा अध्ययन गर्ने, सूचना उपलब्ध गराउने र यससम्बन्धमा जनचेतना वृद्धिसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- दातृ निकाय तथा संस्थाबाट व्यापार क्षमता विकासका लागि प्राप्त सहयोगको प्रभावकारी परिचालन गर्न सचेतकको भूमिका निर्वाह गर्ने । साथै, व्यापार क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र सुशासन सुनिश्चत गर्न रचनात्मक भूमिका निर्वाह गर्ने ।

**(ङ) अन्तर्राष्ट्रिय विकास साझेदारहरूको भूमिका :**

नेपालजस्ता अति कम विकसित राष्ट्रको व्यापार क्षमता विकास गरी विश्व व्यापार प्रणालीमा प्रभावकारी ढङ्गले आबद्ध हुन सघाउ पुऱ्याउन अन्तर्राष्ट्रिय विकास साझेदारहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । नेपालले व्यापार क्षमता विकासको लागि विश्व व्यापार सङ्गठनअन्तर्गतका विभिन्न संयन्त्रहरूका साथै विभिन्न दातृ निकायहरूबाट आर्थिक प्राविधिक सहयोग उपलब्ध गर्दै आएको छ । यस क्रममा नेपालजस्तो सानो अर्थतन्त्र भएको मुलुकलाई बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन सघाउ पुऱ्याउने सन्दर्भमा विकास साझेदारहरूले आगामी दिनमा खेल्नुपर्ने भूमिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ-

- नेपाललाई विश्व व्यापार मञ्चहरूमा प्रभावकारी भूमिका निर्वाह गर्नसक्ने तुल्याउन व्यापार सम्झौता वार्ता क्षमता विकासका लागि आर्थिक, प्राविधिक सहयोग उपलब्ध गराउने । यसको लागि दातृ निकायहरूले सम्झौता वार्ताका विभिन्न पक्षमा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान प्रदान गर्न विभिन्न किसिमका तालिम, Exposure Visit र अध्ययन भ्रमणको आयोजना गर्न सहयोग उपलब्ध गराउनु आवश्यक देखिन्छ ।

- विकसित राष्ट्रहरूले नेपाललगायतका अति कम विकसित मुलुकबाट निर्यात हुने वस्तु तथा सेवालाई सहज रूपमा आफ्नो बजारमा पहुँच दिनका लागि यस्ता मुलुकहरूको निर्यातमा SPS र TBT सम्बन्धी मापदण्डलाई केही खुकुलो बनाई सरल र सहज मापदण्ड कायम गर्नेतर्फ पहल गर्नुपर्ने । साथै, दीर्घकालमा SPS र TBT सम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डहरूको प्रभावकारी कार्यान्वयनका लागि क्षमता विकासका निम्ति आर्थिक तथा प्राविधिक सहायता उपलब्ध गराउनु पनि उत्तिकै आवश्यक छ ।

- विश्व व्यापार सङ्गठनको विभिन्न सम्झौता, समझदारी र मन्त्रिस्तरीय निर्णयानुसार विकसित राष्ट्रहरूले विकासोन्मुख र अति कम विकसित मुलुकलाई उपलब्ध गराउनुपर्ने भनी उल्लेख भएअनुसारका सुविधाहरू तत्काल र विना शर्त उपलब्ध गराउन उदारतासाथ पहल हुनुपर्ने । खासगरी अति कम विकसित राष्ट्रको कृषिलगायतका उत्पादनलाई शत प्रतिशत भन्सार तथा कोटारहित बजार सुविधा दिन विकसित राष्ट्रहरूबाट उदारता देखाइनु आवश्यक छ ।

- सम्झौता कार्यान्वयन तथा अन्तर्राष्ट्रिय व्यापार मञ्चहरूमा हुने सम्झौता वार्ता तथा छलफलमा सक्रिय सहभागिताको लागि विशेष सहयोग उपलब्ध गराउने ।

- निर्यातयोग्य वस्तु तथा सेवाहरूको उत्पादन वृद्धि, गुणस्तर सुधार र मूल्य शृंखलामा सुधार गर्न आवश्यक आर्थिक प्राविधिक सहायता उपलब्ध गराउने । यस क्रममा नेपाल

व्यापार एकीकृत रणनीति, २०१० र वाणिज्य नीति, २०६५ ले पहिचान गरेका प्रमुख निकासीजन्य वस्तुहरूको प्रवर्द्धनका लागि ठोस सहयोग उपलब्ध गराइनु जरुरी छ ।

- भूपरिवेष्टित राष्ट्र नेपालको निर्यात क्षमता अभिवृद्धिको लागि व्यापार सहजीकरणका क्षेत्रमा लगानी विस्तार गर्ने । यसक्रममा खासगरी व्यापारिक महत्त्वका सडक सञ्जालको निर्माण, सुख्खा बन्दरगाहको विकास र विशेष आर्थिक क्षेत्रको स्थापना र सञ्चालनका लागि सहायतालाई निर्देशित गर्न जरुरी देखिन्छ ।
- आफ्नो तर्फबाट नेपाललाई व्यापारका लागि सहायता (AfT) र व्यापारसम्बद्ध प्राविधिक सहायता (TRTA) अन्तर्गत उपलब्ध गराइने सहायता राशिमा वृद्धि गर्ने । साथै, अति कम विकसित देश नेपालको सहायता परिचालन क्षमता सुदृढ बनाउन र प्रशोचन क्षमता (Absorptive Capacity) वृद्धि गर्न संस्थागत क्षमता तथा जनशक्ति विकासका क्षेत्रमा पनि सहयोग विस्तार गर्ने ।

## ८.२ उपसंहार

अन्तर्राष्ट्रिय व्यापार प्रणालीलाई नियममा आधारित बनाई स्वच्छ, पारदर्शी र व्यवस्थित ढङ्गले सञ्चालन गर्न तथा वैदेशिक व्यापारमा रहेका विभिन्न अवरोधहरूलाई न्यून गर्दै व्यापार वृद्धिमार्फत सदस्य राष्ट्रहरूको आर्थिक विकासलाई द्रुततर बनाउन सघाउ पुऱ्याउन सन् १९९५ मा विश्व व्यापार सङ्गठनको स्थापना भएको हो । सङ्गठनले मुख्यतः बहुपक्षीय व्यापार प्रणाली र यससँग सम्बन्धित सम्झौता, समझदारी र निर्णयहरूको कार्यान्वयन, अनुगमनको कार्य गर्दछ । आज विश्वका १५५ भन्दा बढी राष्ट्र तथा स्वतन्त्र भन्सार क्षेत्र यस सङ्गठनमा आबद्ध रहेका छन् । विश्व व्यापारको ९५ प्रतिशतभन्दा बढी कारोवार बहुपक्षीय व्यापार प्रणाली अन्तर्गत हुने गरेको छ । विश्व व्यापार सङ्गठनको स्थापनापछि बहुपक्षीय व्यापार प्रणालीलाई नियमबद्ध तरिकाले सञ्चालन गर्न, व्यापारमा रहेका भन्सार तथा गैर भन्सारजन्य अवरोधहरूलाई न्यूनीकरण र निराकरण गर्दै स्वतन्त्र र सहज तरिकाले वस्तु तथा सेवाको व्यापारलाई विस्तार गर्न तथा वैदेशिक व्यापारका सम्बन्धमा सदस्य राष्ट्रहरूबीच उत्पन्न विवादहरूलाई समयमै समाधान गर्न महत्त्वपूर्ण योगदान पुगेको महसुस गरिएको छ । विश्व व्यापार सङ्गठनका सम्झौता, समझदारी र निर्णयहरूमा विकासोन्मुख तथा अति कम विकसित राष्ट्रका लागि विशेष, सहुलियतपूर्ण र पृथक् व्यवहारसम्बन्धी व्यवस्थाहरूलाई पनि समेटिएको हुँदा हालका वर्षहरूमा विकासोन्मुख तथा अति कम विकसित मुलुकहरूले सङ्गठनको सदस्यता लिने क्रम बढ्दो छ ।

एशियाका दुई ठूला अर्थतन्त्रबीचको भूपरिवेष्टित र सानो अर्थतन्त्र भएको मुलुक नेपालले मुख्यतः वैदेशिक व्यापार सञ्चालनका क्रममा भोग्नुपरेका विभिन्न जटिलताहरूलाई सम्बोधन

गर्न तथा राष्ट्रिय अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग आबद्ध गरी विश्व बजारमा आफ्नो व्यापारलाई सरल र सहज रूपमा विस्तार गर्न सघाउ पुग्ने उद्देश्यले सङ्गठनको सदस्यता लिएको हो । सङ्गठनको सदस्यताबाट नेपाली वस्तु तथा सेवाको विश्वबजारमा पहुँच स्थापित भई एकातिर निर्यात प्रवर्द्धनमार्फत आर्थिक विकासलाई द्रुततर बनाउन सहयोग पुग्ने र अर्कातर्फ वैदेशिक प्रत्यक्ष लगानी, आधुनिक प्रविधि र सस्तो मूल्यमा देशभित्र कच्चा पदार्थ भित्रिई औद्योगिकीकरणलाई विस्तार गर्न मद्दत पुग्ने अपेक्षा लिइएको थियो । साथै, विश्वव्यापी प्रतिस्पर्धाको कारण तुलनात्मक लाभ भएका वस्तु तथा सेवाहरूको पहिचान र प्रवर्द्धन भई प्रतिस्पर्धी मूल्यमा वस्तु तथा सेवा उत्पादन भई निकासी वृद्धिमार्फत राष्ट्रिय अर्थतन्त्रमा सकारात्मक योगदान पुग्ने आशा राखिएको थियो । नेपालजस्तो सीमित आर्थिक साधनस्रोत र क्षमता भएको मुलुकलाई बहुपक्षीय व्यापार प्रणालीमा आबद्ध हुँदा खुला विश्व व्यापार प्रणालीबाट उत्पन्न हुनसक्ने चुनौतीका तुलनामा बढी मात्रामा अवसर र लाभहरू उपलब्ध हुनसक्ने र यसरी उपलब्ध अवसर र लाभहरू नेपालको आर्थिक सामाजिक विकासलाई द्रुततर र समावेशी बनाउन ठूलो सहयोगी हुनसक्ने कुरालाई मध्यनजर गरी नेपालले ठूलो तयारी र प्रयासका साथ विश्व व्यापार सङ्गठनको सदस्यता लिएको हो । तर विश्व व्यापार सङ्गठनमा आबद्ध भएको आठ वर्षपछि भएको नेपालको व्यापार नीति समीक्षाले नेपालको व्यापार नीति तथा अभ्यासहरू तुलनात्मक रूपमा उदार, पारदर्शी र खुला अर्थतन्त्रको नगिच रहेको पाइए पनि नेपालको वैदेशिक व्यापार, लगानी र औद्योगिकीकरण आदि क्षेत्रमा जे जस्तो बढोत्तरीको अपेक्षा गरिएको थियो त्यो प्राप्त हुन नसकेको तथ्य अगाडि ल्याएको छ । नेपालको निर्यात व्यापारमा उल्लेखनीय सुधार आउन नसकेको र यसको विपरीत आयात हुने वस्तु तथा सेवाको परिमाण र मूल्य भने निरन्तर उकालो लाग्दै गई व्यापार घाटा उच्च हुन पुगेको तथ्य समीक्षाले सार्वजनिक गरेको छ । निश्चय पनि यो नेपालको लागि सुखद कुरा होइन ।

नेपालको निराशाजनक वैदेशिक व्यापारको स्थिति पछाडि आन्तरिक र बाह्य दुवै कारण जिम्मेवार छन् । मुलुकमा लम्बिदो राजनीतिक संक्रमण, असहज श्रम सम्बन्ध, विद्युत्, खानेपानी, बाटोघाटो लगायतका पूर्वाधार सेवाहरूको अपर्याप्तता, निकासी हुने वस्तुहरूको गुणस्तर प्रमाणीकरणको समस्या, वित्तीय सङ्कुचन, निकासी हुने वस्तुको कमजोर अग्र र पृष्ठसम्बन्ध, कम मूल्य अभिवृद्धि हुने वस्तुमा अत्यधिक निर्भरता, उच्च परिवहन लागत आदि आन्तरिक कारणहरूले मुलुकको आपूर्तिक्षमतामा सङ्कुचन ल्याएका छन् । अर्कातिर अन्तर्राष्ट्रिय बजारमा भइरहेको पेट्रोलियम पदार्थ लगायतका कच्चा पदार्थको मूल्यमा निरन्तर वृद्धि, विश्व आर्थिक सङ्कटका कारण वस्तु तथा सेवाको मागमा आएको विश्वव्यापी ह्रास आदि बाह्य कारणले नेपालको निकासी व्यापारमा नकारात्मक असर सिर्जना गरेका छन् । नेपालजस्ता कमजोर अर्थतन्त्र भएका अल्प विकसित मुलुकलाई विभिन्न सहुलियत, छूट र सुविधाहरू

प्रदान गरी विश्व व्यापारमा प्रभावकारी ढङ्गले आबद्ध हुन सघाउ पुऱ्याउने उद्देश्यले विश्व व्यापार सङ्गठन अन्तर्गत नयाँ सम्झौताको क्रममा रहेको दोहा विकास एजेन्डामा समयमै सहमति हुन नसक्दा पनि नेपालजस्ता साना र अल्प विकसित राष्ट्र विश्व व्यापारप्रणालीमा सीमान्तीकृत हुँदै जाने खतरा बढ्दो छ।

यस्तो संवेदनशील परिस्थितिमा विश्व व्यापार सङ्गठनले नेपालजस्ता अति कम विकसित राष्ट्रको क्षमता विकासका लागि विभिन्न संयन्त्र र प्रक्रियामार्फत उपलब्ध गराएका आर्थिक प्राविधिक सहायताको अत्युत्तम परिचालन गर्दै स्वदेशी वस्तुको उत्पादन, उत्पादकत्व र विश्व बजारमा प्रतिस्पर्धी क्षमता वृद्धि गरेर निकासी वृद्धि गर्न जोड दिन आवश्यक देखिएको छ। सङ्गठनका विभिन्न सम्झौताअन्तर्गतका प्रावधान र निर्णयहरूले अति कम विकसित राष्ट्रका लागि उपलब्ध गराएका विभिन्न सहुलियत र छूटको अधिकतम उपयोग गर्दै विश्व व्यापार सङ्गठनले उपलब्ध गराएको विश्वव्यापी बजार पहुँचको सुविधा र अन्य अवसरहरूबाट उचित लाभ लिन सतर्क रहँदै बुद्धिमत्तापूर्ण ढङ्गले अघि बढ्नु आवश्यक छ। यस क्रममा आन्तरिक रूपमा विश्व व्यापार सङ्गठनमा गरिएका प्रतिबद्धताबमोजिम नीतिगत, कानूनी, संस्थागत र प्रक्रियागत सुधारका उपक्रमहरूलाई निरन्तर अघि बढाउँदै देशभित्र लगानी मैत्री वातावरणको निर्माण गर्नु जरुरी छ भने अन्तर्राष्ट्रियरूपमा विश्व व्यापार सङ्गठन र सो अन्तर्गतका मञ्चहरूमा अति कम विकसित राष्ट्रका निम्ति थप छूट, सहुलियत र आर्थिक प्राविधिक सहायताको मागलाई थप सशक्त बनाउँदै जान आवश्यक छ।

विश्वव्यापीकरण र आर्थिक उदारीकरणको वर्तमान युगमा विश्वका साना ठूला सबै राष्ट्रहरू आर्थिकरूपले एकअर्कामा निर्भर बन्न पुगेका छन्। अहिले धनी राष्ट्रको आर्थिक समृद्धि र स्थायित्वका लागि गरिब राष्ट्रको पनि आर्थिक स्थिति सँगसँगै अघि बढ्नु जरुरी छ भन्ने मान्यताको विकास भइरहेको छ। विश्व व्यापार सङ्गठनको एउटा उद्देश्य पनि साना र कम विकसित राष्ट्रहरूको क्षमता वृद्धि गरी विश्व व्यापारमा प्रभावकारी ढङ्गले एकीकृत हुन सघाउ पुऱ्याउने हो। यसका लागि सङ्गठन अन्तर्गत विभिन्न आर्थिक, प्राविधिक सहायतादेखि सम्झौताहरूमा विशेष र पृथक् व्यवहारको व्यवस्था छ। नेपालले यस्ता आर्थिक, प्राविधिक सहायता तथा सहुलियतपूर्ण प्रावधानहरूको सदुपयोग गर्दै व्यापार क्षमता वृद्धिमार्फत बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम लाभ लिन सचेष्ट हुनुपर्ने बेला आएको छ। नियममा आधारित बहुपक्षीय व्यापार प्रणालीबाट अधिकतम फाइदा लिन निश्चय पनि सर्वप्रथम आन्तरिक क्षमतालाई नै सुदृढ र प्रतिस्पर्धी बनाउन जरुरी छ। यसका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, नागरिक समाज र दातृनिकायहरूबीच उचित समन्वय र सहकार्य विस्तार गरी अगाडि बढ्नु आवश्यक हुन्छ। यसो हुन सकेमा आपूर्ति क्षमतामा अपेक्षित सुधार आई विश्व व्यापार

सङ्गठनअन्तर्गतका खुला र उदार व्यापारप्रणालीबाट नेपालले आशा गरेअनुरूप लाभ लिनसक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

❀❀❀

**सन्दर्भ सामग्री :**


- World Trade Organization (2008), **Understanding the WTO, 5th Edition**. WTO- Information and External Relations Division, Geneva.
- World Trade Organization (2010), **Background Material for WTO Training Activities.** WTO- Institute for Training and Technical Cooperation, Geneva, Switzerland.
- World Trade Organization (2009), **The Doha Round Texts and Related Documents.** WTO- Information and External Relations Division, Geneva.
- वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रकाशित **व्यापार र विकास पत्रिका**का विभिन्न अङ्कहरू
- वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट प्रकाशित **विश्व व्यापार सङ्गठन र नेपाल** पुस्तिकाका विभिन्न संस्करणहरू
- सावती (२०६५), **विश्व व्यापार सङ्गठन : एक परिचय** । साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेन्ट (SAWTEE), काठमाण्डौ ।
- www.wto.org
- www.mocs.org.np


## पुस्तिकामा प्रयोग भएका केही संक्षेपीकृत शब्दहरू
## (Acronyms)

| | |
|---|---|
| AfDB | - African Development Bank |
| AfT | - Aid for Trade |
| AGOA | - African Growth and Opportunity Agreement |
| AoA | - Agreement on Agriculture |
| CDP | - Committee for Development Policy |
| COMESA | - Common Market for East and Southern Africa |
| CPC | - Central Products Classification |
| CTE | - Committee on Trade and Environment |
| CTESS | - Committee on Trade and Environment in Special Session |
| DDA | - Doha Development Agenda |
| DFQF | - Duty Free Quota Free |
| DTIS | - Diagnostic Trade Integration Strategy |
| EBA | - Everything but Arms |
| EIF | - Enhanced Integrated Framework |
| ENTReC | - Enhancing Nepal's Trade Related Capacities |
| GATS | - General Agreement on Trade in Services |
| GATT | - General Agreement on Tariffs and Trade |
| GI | - Geographical Indication |
| GIZ | - Deutsche Gesellschaft fur Internatioale Zusammenarbeit |
| GSP | - Generalized System of Preferences |
| IBRD | - International Bank for Reconstruction and Development |
| IF | - Integrated Framework |
| IFWG | - Integrated Framework Working Committee |
| IMF | - International Monetary Fund |
| IPoA | - Istanbul Plan of Action |
| ITO | - International Trade Organization |
| LDCs | - Least Developed Countries |
| LLDC | - Land-locked Least Developed Countries |
| MEA | - Multilateral Environmental Agreement |
| MFA | - Multi- fibre Agreement |

| | |
|---|---|
| MFN | - Most Favored Nation |
| MoFTR | - Memorandum of Foreign Trade Regime |
| NAMA | - Non-Agricultural Market Access |
| NECTRADE | - Nepal Enhanced Capacities for Trade and Development |
| NIU | - National Implementation Unit |
| NTCS | - Nepal Trade and Competitiveness Study |
| NTIS | - Nepal Trade Integration Strategy |
| OECD | - Organization for Economic Cooperation and Development |
| PPD | - Public Private Dialogue |
| RoO | - Rules of Origin |
| S & DT | - Special and Differential Treatment |
| SAWTEE | - South Asia Watch on Trade, Economics and Environment |
| SCM | - Subsidies and Countervailing Measures |
| SPS | - Sanitary and Phytosanitary |
| STDF | - Standards and Trade Development Facility |
| TA&CB | - Technical Assistance and Capacity Development |
| TBT | - Technical Barriers to Trade |
| TFF | - Trade Facilitation Facility |
| TMSA | - Trade Mark Southern Africa |
| TNC | - Trade Negotiation Committee |
| TPR | - Trade Policy Review |
| TPRB | - Trade Policy Review Body |
| TPRM | - Trade Policy Review Mechanism |
| TRIPS | - Trade Related Aspects of Intellectual Property Rights |
| TRTA | - Trade Related Technical Assistance |
| UNCTAD | - United Nations Conference on Trade and Development |
| UNDP | - United Nations Development Programme |
| UNOPS | - United Nations Office for Project Services |
| USAID | - United States Agency for International Development |
| WIPO | - World Intellectual Property Organization |
| WTO | - World Trade Organization |

अनुसूची-१

# विश्व व्यापार सङ्गठनको संरचना




The General Council also meets as the Trade Policy Review Body and Dispute Settlement Body.

*Source:* www.wto.org

अनुसूची-२

## नेपालले विश्व व्यापार सङ्गठनमा पेश गरेको कानूनी सुधारसम्बन्धी कार्ययोजना (Legislative Action Plan : LAP) बमोजिम प्रतिबद्धता कार्यान्वयनको अद्यावधिक स्थिति (२०६९ असारमसान्त)

| क्र.सं. | प्रतिबद्धताहरू | वर्तमान स्थिति | सम्बन्धित निकाय |
|---|---|---|---|
| **नीति** | | | |
| १. | विदेशी लगानी तथा एकद्वार नीति, २०४९ (संशोधन) | विश्व व्यापार सङ्गठनको प्रावधान बमोजिम मौजूदा नीतिको पुनरावलोकन गर्ने कार्य सम्पन्न भई नयाँ नीतिको मस्यौदा तयार भइरहेको । | उद्योग मन्त्रालय |
| २ | औद्योगिक नीति, २०४९ (संशोधन) | मिति २०६७।१।२१ मा नयाँ औद्योगिक नीति जारी भई हाल कार्यान्वयनमा रहेको । | उद्योग मन्त्रालय |
| **ऐन** | | | |
| १ | आयकर ऐन, २०५८ (नयाँ) | मिति २०५८।१२।२९ मा नयाँ आय कर ऐन जारी भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |
| २ | दामासाहीसम्बन्धी ऐन (नयाँ) | विश्व व्यापार सङ्गठनको प्रावधान अनुकूल हुने गरी मिति २०६३।८।४ मा नयाँ दामासाहीसम्बन्धी ऐन जारी भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |
| ३ | विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन) | मिति २०५९।४।२२ मा दोस्रो संशोधन भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |
| ४ | प्रतिस्पर्धा प्रवर्द्धन ऐन (नयाँ) | मिति २०६३।९।३० मा प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन जारी भई हाल कार्यान्वयनमा रहेको । | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ५ | भन्सार ऐन,२०१९ (संशोधन) | मिति २०६४।५।१४ मा नयाँ भन्सार ऐन जारी भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |

| क्र.सं. | प्रतिबद्धताहरू | वर्तमान स्थिति | सम्बन्धित निकाय |
|---|---|---|---|
| ६ | बिरुवा संरक्षण ऐन, २०२९ (संशोधन) | मिति २०६४।५।२७ मा संशोधन भई हाल कार्यान्वयनमा रहेको । | कृषि विकास मन्त्रालय |
| ७ | एन्टी-डम्पिङ्ग तथा काउन्टरभेलिङ्ग ऐन (नयाँ) | ऐनको विस्तृत मस्यौदा तयार भइसकेको । हाल सरोकारवालाहरूको राय प्रतिक्रिया लिने कार्य भइरहेको । | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| ८ | निकासी-पैठारी (नियन्त्रण) ऐन, २०१३ (संशोधन) | मिति २०६३।८।८ मा सङ्गठनको प्रावधानअनुकूल संशोधन भई हाल कार्यान्वयनमा रहेको । परिवर्तित सन्दर्भअनुसार नयाँ निकासी-पैठारी नियन्त्रण ऐनको मस्यौदा तयार गर्ने कार्य अघि बढिरहेको । | वाणिज्य तथा आपूर्ति मन्त्रालय/ वाणिज्य विभाग |
| ९ | नेपाल गुणस्तर (प्रमाण चिह्न) ऐन, २०३७ (संशोधन) | नयाँ ऐनको मस्यौदा तर्जुमा भई मन्त्रिपरिषद्को स्वीकृतिका लागि पेश गर्ने चरणमा रहेको । | उद्योग मन्त्रालय/नेपाल गुणस्तर तथा नापतौल विभाग |
| १० | बीउ बिजन ऐन, २०४५ (संशोधन) | मिति २०६४।१०।१० मा संशोधन भई हाल कार्यान्वयनमा रहेको । | कृषि विकास मन्त्रालय |
| ११ | औद्योगिक सम्पत्ति सम्बन्धी एकीकृत ऐन (नयाँ) | मौजूदा ऐनहरूलाई परिमार्जन गरिसकिएको, नयाँ एकीकृत ऐन र नीतिको मस्यौदा तयार गर्ने कार्य भइरहेको । | उद्योग मन्त्रालय/उद्योग विभाग |
| १२ | प्रतिलिपि अधिकार ऐन, २०५९ (संशोधन) | मिति २०६३।८।८ मा संशोधन भई हाल कार्यान्वयनमा रहेको । | उद्योग मन्त्रालय |
| १३ | वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ (संशोधन) | ऐन संशोधनको लागि मस्यौदा तयार गर्ने कार्य भइरहेको । | उद्योग मन्त्रालय |
| १४ | औद्योगिक व्यवसाय ऐन, २०४९ (संशोधन) | मस्यौदा तयार भएको । परिमार्जन गरी अन्तिम रूप दिने कार्य भइरहेको | उद्योग मन्त्रालय/उद्योग विभाग |
| १५ | नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० (संशोधन) | संशोधनका लागि आवश्यक तयारी भैरहेको । | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय |
| १६ | श्रम ऐन, २०४८, (संशोधन) | संशोधनका लागि पहल भइरहेको । | श्रम तथा रोजगार व्यवस्था मन्त्रालय |

| क्र.सं. | प्रतिबद्धताहरू | वर्तमान स्थिति | सम्बन्धित निकाय |
|---|---|---|---|
| १७ | वातावरण संरक्षण ऐन, २०५३ (संशोधन) | संशोधनका लागि आवश्यक तयारी भैरहेको । | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय |
| १८ | वनस्पति स्रोतसम्बन्धी ऐन (नयाँ) | पहल हुन बाँकी । | वन तथा भू-संरक्षण मन्त्रालय |
| १९ | आनुवंशिक स्रोतमा पहुँचसम्बन्धी ऐन (नयाँ) | पहल हुन बाँकी । | वन तथा भू-संरक्षण मन्त्रालय, कृषि विकास मन्त्रालय |
| २० | औषधी ऐन, २०३५ (संशोधन) | संशोधनका लागि तयारी भैरहेको । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २१ | विद्युतीय कारोबार (साइबर) ऐन (नयाँ) | मिति २०६३।८।२२ मा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन नयाँ जारी भई हाल कार्यान्वयनमा रहेको । | विज्ञान, प्रबिधि तथा वातावरण मन्त्रालय |
| २२ | कम्पनी ऐन, २०५३ (संशोधन) | मिति २०६३।७।२४ मा नयाँ कम्पनी ऐन जारी भई हाल कार्यान्वयनमा रहेको । | उद्योग मन्त्रालय |
| २३ | नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन, २०५३ (प्रथम संशोधन) | मिति २०५९।३।२४ मा संशोधन भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |
| २४ | बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन (नयाँ) | मिति २०६३।७।१९ मा नयाँ ऐन जारी भई हाल कार्यान्वयनमा रहेको | अर्थ मन्त्रालय/ नेपाल राष्ट्र बैंक |
| २५ | स्वास्थ्य संस्था सञ्चालन ऐन (नयाँ) | नयाँ ऐन तर्जुमाको लागि आवश्यक तयारी भैरहेको । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |
| २६ | धितोपत्र विनिमयसम्बन्धी ऐन, २०४० (संशोधन) | मिति २०६३।९।३० मा संशोधन भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |
| २७ | बीमा ऐन, २०४९ (संशोधन) | संशोधनका लागि पहल हुन बाँकी । | अर्थ मन्त्रालय |
| **नियमावली** | | | |
| १ | निकासी पैठारी (नियन्त्रण) नियमावली, २०३४ (संशोधन) | नयाँ ऐनको मस्यौदा बमोजिमको नियमावलीको मस्यौदा तयार गर्ने कार्य भइरहेको । | वाणिज्य तथा आपूर्ति मन्त्रालय/ वाणिज्य विभाग |
| २ | नेपाल गुणस्तर (प्रमाण चिह्न) नियमावली, २०४० (संशोधन) | ऐन संशोधन भएपछि तर्जुमा हुने । | उद्योग मन्त्रालय/गुणस्तर तथा नापतौल विभाग |

| क.सं. | प्रतिबद्धताहरू | वर्तमान स्थिति | सम्बन्धित निकाय |
|---|---|---|---|
| ३ | वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण नियमावली | ऐन परिमार्जन भएपछि तर्जुमा हुने । | उद्योग मन्त्रालय/उद्योग विभाग |
| ४ | औद्योगिक व्यवसाय नियमावली | ऐन परिमार्जन भएपछि तर्जुमा हुने । | उद्योग मन्त्रालय/उद्योग विभाग |
| ५ | भन्सार नियमावली, २०२६ (संशोधन) | मिति २०६६।३।२९ मा नयाँ ऐनअनुसारको नियमावली जारी भई हाल कार्यान्वयनमा रहेको । | अर्थ मन्त्रालय |
| ६ | बिरुवा संरक्षण नियमावली, २०३१ (संशोधन) | मिति २०६६।१२।९ मा संशोधन भई हाल कार्यान्वयनमा रहेको । | कृषि विकास मन्त्रालय |
| **सम्झौता/महासन्धि/अभिसन्धि** | | | |
| १ | विश्व व्यापार सङ्गठनको सम्झौताहरूलाई नेपालले अनुमोदन गर्ने सम्बन्धी दस्तावेज | २४ मार्च २००४ मा नेपालले विश्व व्यापार सङ्गठनको सदस्य बन्ने सम्बन्धी प्रोटोकल स्वीकृत गरेको सूचना विश्व व्यापार सङ्गठनमा दिएको । त्यसको ३० दिनपछि २३ अप्रिल २००४ देखि नेपाल विश्व व्यापार सङ्गठनको विधिवत् सदस्य बनेको । | वाणिज्य तथा आपूर्ति मन्त्रालय |
| २ | वस्तुको अन्तर्राष्ट्रिय विक्रीसम्बन्धी करार बारेको राष्ट्रसंघीय महासन्धि (भियना, १९८०) को अनुमोदन | उपसमिति गठन गरी महासन्धिको अध्ययन तथा पक्ष राष्ट्र बन्न गर्नुपर्ने तयारीका सम्बन्धमा सुझाव पेश गर्ने गरी कार्य अघि बढिरहेको | वाणिज्य तथा आपूर्ति मन्त्रालय/वाणिज्य विभाग |
| ३ | अन्तर्राष्ट्रिय बिरुवा संरक्षण महसन्धिको दस्तावेज (Instrument of International Plant Protection Convention -IIPPC) | नेपालले ८ मे २००६ मा सो महासन्धि अनुमोदन गरेको । | कृषि विकास मन्त्रालय |
| ४ | साहित्यिक तथा कलात्मक सृजनाहरुको संरक्षण गर्ने सम्बन्धी बर्न महासन्धिमा समर्थनको दस्तावेज | ११ अक्टुबर, २००५ मा आवेदन दिएकोमा ११ जनवरी २००६ मा समर्थन  प्राप्त भएको । | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय |

| क्र.सं. | प्रतिबद्धताहरू | वर्तमान स्थिति | सम्बन्धित निकाय |
| --- | --- | --- | --- |
| **सम्पर्क बिन्दुहरूको स्थापना** | | | |
| १ | सम्पर्क बिन्दु (व्यापारका प्राविधिक अवरोधहरूसम्बन्धी विषयमा आवश्यक सूचना प्रवाहका लागि) | वि.सं. २०६० सालदेखि नेपाल गुणस्तर तथा नापतौल विभागमा TBT Inquiry Point स्थापना भई कार्य गर्दै आएको । | गुणस्तर तथा नापतौल विभाग |
| २ | सम्पर्क बिन्दु (स्वास्थ्य तथा वनस्पति स्वास्थ्य उपायहरूसम्बन्धी विषयमा आवश्यक सूचना प्रवाहको लागि) | वि.सं. २०६० सालदेखि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा SPS Inquiry Point स्थापना भई कार्य गर्दै आएको । | खाद्य तथा गुण नियन्त्रण विभाग |
| ३ | सम्पर्क बिन्दु (सेवा व्यापारसम्बन्धी विषयमा आवश्यक सूचना प्रवाहको लागि) | मिति २०६०।१।८ देखि वाणिज्य तथा आपूर्ति मन्त्रालयमा Service Inquiry Point स्थापना भई कार्य गर्दै आएको । | वाणिज्य तथा आपूर्ति मन्त्रालय |

**अनुसूची-३**

## कानूनी सुधारसम्बन्धी कार्ययोजना (Legislative Action Plan) बमोजिम प्रतिबद्धता कार्यान्वयनको संक्षिप्त झलक

| क.सं. | विवरण | जम्मा | पूरा भएका | पूरा हुन बाँकी |
|---|---|---|---|---|
| १. | ऐन | २७ | १४ | १३ |
| २. | नियमावली | ६ | २ | ४ |
| ३. | अन्तर्राष्ट्रिय सन्धि/ सम्झौता/ महासन्धि | ४ | ३ | १ |
| ४. | नीति | २ | १ | १ |
| ५. | सम्पर्क बिन्दु | ३ | ३ | ० |
| | **कुल** | ४२ | २३ | १९ |

## प्रतिबद्धता पूरा गर्न बाँकी विषय र सम्बन्धित निकायहरू

| क.सं | मन्त्रालय | नीति | ऐन | नियमावली | सम्झौता/ महासन्धि | कुल |
|---|---|---|---|---|---|---|
| १. | वाणिज्य तथा आपूर्ति मन्त्रालय | - | १ | १ | १ | ३ |
| २. | उद्योग मन्त्रालय | १ | ४ | ३ | - | ८ |
| ३. | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | - | २ | - | - | २ |
| ४. | वन तथा भू-संरक्षण मन्त्रालय | - | २ | - | - | २ |
| ५. | कानून तथा न्याय मन्त्रालय | - | १ | - | - | १ |
| ६ | श्रम तथा रोजगार व्यवस्था मन्त्रालय | - | १ | - | - | १ |
| ७. | अर्थ मन्त्रालय | - | १ | - | - | १ |
| ८. | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | - | १ | - | - | १ |
| | कुल | १ | १३ | ४ | १ | १९ |

# NOTE